महेन्द्र माला

कक्षा ९ र १०

भाग २



लेखक तथा सम्पादक
डा. तारानाथ शर्मा

महेन्द्र माला

कक्षा ९ र १०

भाग २

लेखक तथा सम्पादक
डा. तारानाथ शर्मा

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनकं शिक्षा सामग्री केन्द्र लिमिटेडमा

पाठ्यक्रम (२०३८)
पहिलो संस्करण २०४०
दोस्रो संस्करण २०४१
तेस्रो संस्करण २०४२
चौथो संस्करण २०४३
पाँचौं संस्करण २०४३
छैटौं संस्करण २०४५
सातौं संस्करण २०४६
आठौं संस्करण २०४७
नवौं संस्करण २०४८
संशोधित दशौं संस्करण २०४९

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सकुहुनेछ ।

ज. शि. सा. के. लि.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।

विषयसूची

२०. यात्री (कविता) : लक्ष्मीप्रसाद देवकोटा १३७
२१. जननेता सन यात्सेन (जीवनी) १४६
२२. दुई मीतको कथा (लोककथा) १५७
२३. नेपालका जनता र नेपाली भाषा (प्रबन्ध) १७१
२४. नीतिका कुरा (कविता) : भानुभक्त आचार्य १८२
२५. गलहत्ती (नाटक) : बदरीनाथ भट्टराई १८९
२६. महान् नाटककार विलियम शेक्स्पियर (जीवनी) १९८
२७. गौंथली बोल्यो चिरिबिरी च्यार (कविता) : लेखनाथ पौड्याल २०९
२८. शत्रु (कथा) : विश्वेश्वरप्रसाद कोइराला २२१
२९. ध्रुव वन जान्छन् (मनोवाद) : बालकृष्ण सम २२९
३०. मेरो सानू साथी (कथा) : भवानी भिक्षु २३५
३१. पृथ्वी तल भरिमा (निबन्ध) : कमल दीक्षित २४६
३२. अन्तिम भोज (कथा) : विजय मल्ल २५७
३३. जीउँदो मान्छे (लोककथा) २६४
३४. वैशाख (कविता) : माधवप्रसाद घिमिरे २७३
३५. जय भोलि ! (निबन्ध) : भैरव अर्याल २८०
३६. विलक्षण प्रतिभाका प्रतिमूर्ति लिओनार्दो दा भिन्ची (जीवनी) २८८
३७. कक्षागत गीत २९८

२०. यात्री

कुन मन्दिरमा जान्छौ यात्री,
कुन मन्दिरमा जाने हो ?
कुन सामग्री पूजा गर्ने,
साथ कसोरी लाने हो ?
मानिसहरूको काँध चढी
कुन देवपुरीमा जाने हो ?

हाडहरूका सुन्दर खम्बा,
मांसपिण्डका दिबार !
मस्तिष्कको यो सुनको छाना,
इन्द्रियहरूका द्वार !
नसा नदीका तरल तरंग
मन्दिर आफू अपार !
कुन मन्दिरमा जान्छौ यात्री,
कुन मन्दिरको द्वार ?

मनको सुन्दर सिंहासनमा
जगदीश्वरको राज !
चेतनको यो ज्योति हिरण्मय
उसको शिरको ताज !
शरीरको यो सुन्दर मन्दिर
विश्वक्षेत्रको माझ !

भित्र छ ईश्वर बाहिर आँखा
खोजी हिंड्छौ कुन पुर ?
ईश्वर बस्तछ गहिराइमा,
सतह बहन्छौ कति दूर ?
खोजी गर्छौं ? हृदय लगाऊ
बत्ती बाली तेज प्रचुर !

साथी यात्री बीच सडकमा
ईश्वर हिंड्दछ साथ,
चुम्दछ ईश्वर काम सुनौला
गरिरहेको हात,
छुन्छ तिलस्मी करले उसले
सेवकहरूको माथ ।

सडक किनारा गाउँछ ईश्वर
चराहरूको तानामा,
बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुःखको गानामा,
दर्शन किन्तु कहीं दिंदैन
चर्म चक्षुले कानामा ।
कुन मन्दिरमा जाने यात्री,
कुन नवदेश बिरानामा ?

फर्क फर्क हे ! जाऊ समाऊ
मानिसहरूको पाउ
मलम लगाऊ आर्तहरूको
चहराइरहेको घाउ
मानिसहरू भई ईश्वरको त्यो
दिव्य मुहार हँसाऊ ।

(लक्ष्मीप्रसाद देवकोटा)

अभ्यास

अप्ठ्यारा शब्दहरू

यात्री - यात्रा गर्ने मान्छे, पर्यटक, घुमन्ते
सामग्री -सरसामान

कसोरी	- कसो गरेर, कसरी
देवपुरी	- देवताको सहर
खम्बा	- खाँबो
मांसपिण्ड	- मासुको थुप्रो
दिबार	- भित्तो
मस्तिष्क	- गिदी, टाउको
द्वार	- ढोका
तरल	- बग्ने
तरंग	- छाल
अपार	- पार पाई नसक्नु, ठूलो
सिंहासन	- सिंह कुँदिएको बस्ने ठाउँ, राम्रो कुर्सी
जगदीश्वर	- जगत्का ईश्वर, परमेश्वर
चेतन	- मनको उज्यालो, भित्री बुद्धि
ज्योति	- उज्यालो, प्रकाश
हिरण्मय	- सुनले भरिएको
ताज	- श्रीपेच, मुकुट
पुर	- नगर, सहर
सतह	- बाहिरी र छिपछिपे ठाउँ
प्रचुर	- धेरै
तिलस्मी	- जादुले भरिएको
कर	- हात
सेवक	- सेवा गर्ने
माथ	- शिर, टाउको
ताना	- लय
किन्तु	- तर
चर्म	- छाला
चक्षु	- आँखा
कानो	- एकआँखे
नवदेश	- नयाँ मुलुक
बिरानो	- नौलो, अनौठो
आर्त	- दुःखी, पीडित, रोगी
दिव्य	- दैवी, देवताको
मुहार	- अनुहार, मुख

कविको चिनारी- लक्ष्मीप्रसाद देवकोटाको जन्म १९६६ सालमा काठमाडौंमा भएको थियो । पचास वर्ष पुग्दा नपुग्दै उनको मृत्यु २०१६ सालमा भयो । उनले जति धेरै कविता अरू कुनै नेपाली कविले पनि लेखेको छैन । उनी ज्यादै ठूला कवि थिए । त्यसै हुनाले उनलाई हामी महाकवि भन्छौं ।

यस कवितामा महाकवि देवकोटाले ईश्वर मान्छेभित्रै हुन्छन् र बाहिर खोजिरहनुपर्दैन भनेका छन् । मानिसका शरीरभित्र नै ईश्वरको चेतना रहने हुनाले र ईश्वर त्यहीं बस्ने हुनाले महाकवि देवकोटाले हाम्रो शरीरलाई मन्दिर मानेका छन् र उनका विचारमा दरिद्र, दुःखी र अभावमा परेका मानिसहरूको सेवा गर्नु नै ईश्वरलाई खुशी पार्नु हो ।

प्रश्नहरू

(क) उदाहरणमा देखाए झैं तलका प्रश्नहरूका पूरा वाक्यमा जबाफ लेख्नुहोस्-

उदाहरण : प्रश्न- यो कविता कसले लेखेको हो ?
उत्तर- यो कविता लक्ष्मीप्रसाद देवकोटाले लेखेको हो ।

(१) यात्री कहाँ जाँदै छ ?
(२) यात्री कसको काँधमा चढेको छ ?
(३) हाडहरूलाई कवि के भन्छन् ?
(४) कविले देखेको मन्दिरमा केको दिबार छ ?
(५) कवि केलाई सुनको छाना मान्छन् ?
(६) मनको सुन्दर सिंहासनमा कसको राज छ ?
(७) यो सुन्दर मन्दिर केको हो ?
(८) ईश्वर कहाँ छन् ?
(९) ईश्वर कहाँ बस्छन् ?
(१०) कवि यात्रीलाई कसको पाउ समाऊ भन्छन् ?

(ख) तलका प्रश्नहरूका उत्तर दुईमा एक छानी पूरा वाक्यमा दिनुहोस्-

(१) मन्दिरमा यात्री जाँदै छ कि कवि ?
(२) यात्री हिंड्दै छ कि काँध चढ्दै छ ?
(३) कवि नसालाई कि मन्दिरलाई नदी भन्छन् ?
(४) ईश्वर छालाका आँखाले देखिन्छन् कि भित्रका आँखाले ?
(५) कवि यात्रीलाई मन्दिरमा जाऊ भन्छन् कि दुःखी मानिसहरूकोमा ?

(ग) दोस्रो भागमा दिएका भनाइहरूमध्ये एउटा अशुद्ध छ । त्यसलाई पत्ता लगाई किन अशुद्ध भएको हो कारण दिनुहोस्-

(१) ईश्वर
- चराहरूको तानामा गाउँछन्
- सेवकहरूको माथ छुन्छन्
- सुनौला काम गर्ने हातलाई म्वाइँ खान्छन्
- बीच सडकमा हिंड्छन्
- मन्दिरभित्र ठाँटिएर बस्छन्

(२) ईश्वर खोज्नेले
- मानिसहरूको पाउ समाउनुपर्छ
- पूजा गर्न मन्दिर जानुपर्छ
- आफैंभित्र हेर्नुपर्छ
- घाउमा मलम लगाउनुपर्छ
- दिव्य मुहार हँसाउनुपर्छ

(घ) तलका लहरहरूको अर्थ खुलाई लेख्नुहोस्-

बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुःखको गानामा
दर्शन किन्तु कहीं दिंदैन
चर्म चक्षुले कानामा

(ङ) तलका पंक्तिहरूको प्रसङ्ग खुलाएर व्याख्या गर्नुहोस्-

भित्र छ ईश्वर बाहिर आँखा
खोजी हिंड्छौ कुन पुर ?

व्याकरण

(च) तलका **वाक्यपद्धति** वा **तुक्काहरूलाई** अर्थ स्पष्ट हुने गरी प्रयोग गर्नुहोस्-

(१) जहाज डुब्नु (सारा काम बर्बाद हुनु)
(२) टाउकामा टेक्नु (हेप्नु, माथिएर मान्य मान्छेलाई नगन्नु)
(३) टेरपुच्छर नलाउनु (नटेर्नु)
(४) डाडुमा पानी तताएर मर्नु (पानीमरुवा हुनु, लाछी हुनु)
(५) तातो लाग्नु (उत्सुकता जाग्नु)
(६) थाङ्नामा सुताउनु (छक्याउनु)
(७) दलिन गन्नु (आलस्यमा समय बिताउनु)

(छ) तलका उखानहरूका आधारमा एक-एक सस्याना अनुच्छेदहरू (वाक्यहरू मिलेर अनुच्छेद बन्छ) लेख्नुहोस् :

(१) छन् गेडा सबै मेरा छैनन् गेडा सबै टेढा (पैसा हुन्जेल साथी हुन्छन्)
(२) कि पढेर जानिन्छ कि परेर जानिन्छ
(३) जो होचो उसका मुखमा घोचो (गरीबलाई सबैले हेप्छन्)
(४) बाँदरको हातमा नरिवल (अयोग्यलाई उत्तरदायित्व दिनु बेकार छ)
(५) पशुपतिको जात्रा सिद्राको बेपार (एक प्रयत्नबाट दुई काम फत्ते गर्नु)

संक्षिप्त शब्द- धेरै चल्तीका कति पद, स्थान, संस्थान, कार्यालय इत्यादिका नाउँ छोटकरीमा भत्रे चलन छ । 'नेपाली भाषा प्रकाशिनी समिति' लाई हरेक शब्दको अघिल्लो अक्षर मात्र लिएर **ने. भा. प्र. स.** भनिन्थ्यो । अरू केही संक्षिप्त शब्दहरूका उदाहरण :

गो. प.	- गोरखापत्र
रा. स. स.	- राष्ट्रि सम्वाद समिति
का. स.	- काज सरकारी
पं.	- पण्डित
प्रो.	- प्रोफेसर
प्रा.	- प्राध्यापक
डा.	- डाक्टर
त्रि. वि. वि.	- त्रिभुवन विश्वविद्यालय
का. जि.	- काठमाडौं जिल्ला
गो. द. बा.	- गोर्खा दक्षिण बाहु
ने. रा. प्र. प्र.	- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान
शा. अ.	- शाखा अधिकृत
लो. से. आ.	- लोक सेवा आयोग
सं.	- संवत्
शा. ने. च. सं.	- शाही नेपाल चलचित्र संस्थान
शा. ने. वा. नि.	- शाही नेपाल वायुसेवा निगम
वा. अ.	- वाग्मती अञ्चल
ज. ब. रा.	- जङ्गबहादुर राणा
ना. सु.	- नायब सुब्बा
मी. सु.	- मीर सुब्बा
प. नि. का.	- परीक्षा नियन्त्रण कार्यालय
रा. से. द.	- राष्ट्रिय सेवा दल

रा. वि. से. - राष्ट्रिय विकास सेवा
नि. से. नि. - निजामती सेवा नियमावली
भू. पू. - भूतपूर्व

मिलित क्रिया:- एक भन्दा बढी क्रिया एकै ठाउँ भेला भएर वाक्यमा एउटै सिङ्गो अर्थ दिए भने तिनलाई **मिलित क्रिया** भन्न सकिन्छ । जस्तो-

बाटुलीका बाबुले भात **खाइसकिहालेछ** ।

माथिको वाक्यमा **खाइसकिहालेछ** भन्ने क्रियासमूह भित्र **खानु, सक्नु, हाल्नु** र **छ** गरी चार बेग्लाबेग्लै क्रियाहरूले मिलेर **मुख्य क्रिया खानु**को अर्थलाई अझ विशेष रूपले छर्लङ्ग पारेका छन् । त्यस्ता **मिलित क्रिया**मा पहिलो सदस्य **इ, न, नु,** र **ने**मा टुङ्गिन्छ र पछिल्लो चाहिं लिङ्ग, वचन र पुरुष अनुसारका रूपहरूमा देखा पर्छ । यस्तो **मिलित क्रिया**को पहिलो सदस्यलाई **मुख्य-क्रिया** भन्नुपर्छ, किनभने वाक्यमा त्यसै क्रियाको अर्थ रहन्छ । पुछारको सदस्य **सहायक क्रिया** हो । **सहायक क्रिया**ले आफ्नो शाब्दिक (शब्दबाट आउने, कोशमा पाइने) अर्थलाई केही छाडेर **मुख्य क्रिया**लाई अनेकौं प्रकारका अर्थहरूको छनक दिंदै तर्कारीमा नून र मसला हाले झैं काम गर्छ । क्रिया समूहमा पछिल्ला सदस्यका रूपमा प्रयोग हुने चल्तीका **सहायक क्रिया**हरू बीस वटा छन् ।

सक्नु, दिनु, माग्नु, छाड्नु, हाल्नु, रहनु, राख्नु, आउनु, हेर्नु, टोपल्नु, बक्सिनु, गर्नु, लाग्नु, थाल्नु, पाउनु, खोज्नु, लगाउनु, पर्नु, छ र **हुनु** ।

माथिका बीस क्रियाहरू मध्ये **टोपल्नु**लाई छोडेर अरू एक्लै पनि वाक्यमा आउन सक्छन् । तर **मुख्य क्रिया**सित मिलेर र गाँसिएर देखा पर्दा ती **मुख्य क्रिया**का सहयोगी मात्र हुन पुग्छन् ।

सहायक क्रिया भन्दा पहिले आउने **मुख्य क्रिया**का रूप :
इमा टुङ्गिने- खाइ, गइ, पढि, बसि, दिइ, रोइ, पाइ, नुहाइ
नमा टुङ्गिने- खान, जान, पढ्न, बस्न, दिन, रुन, पाउन, नुहाउन
नुमा टुङ्गिने- खानु, जानु, पढ्नु, बस्नु, दिनु, रुनु, पाउनु, नुहाउनु
नेमा टुङ्गिने- खाने, जाने, पढ्ने, बस्ने, दिने, रुने, पाउने, नुहाउने

इमा टुङ्गिने **मुख्य क्रियाका** पछि लाग्ने **सहायक क्रिया** :

सक्नु, दिनु, माग्नु, छाड्नु, हाल्नु, रहनु, आउनु, हेर्नु,
टोपल्नु, बक्सिनु

नमा टुङ्गिने **मुख्य क्रियाका** पछि लाग्ने **सहायक क्रिया** :

सक्नु, दिनु, माग्नु, लाग्नु, थाल्नु, पाउनु, खोज्नु, लगाउनु

नुमा टुङ्गिने **मुख्य क्रियाका** पछि लाग्ने **सहायक क्रिया** :

पर्नु, छ, हुनु

नेमा टुङ्गिने **मुख्य क्रियाका** पछि लाग्ने **सहायक क्रिया** : गर्नु

केही प्रयोग :

सक्नु	(मुख्य क्रिया) -	म काम चाँडै **सक्छु** (सिध्याउँछु)
	(सहायक क्रिया) -	अ. म एक दिनमा यो उपन्यास पढि **सक्छु** (सिध्याउँछु)
		आ. म अब उपन्यास पढ्न **सक्छु** (योग्य छु)
दिनु	(मुख्य क्रिया) -	म माग्नेलाई दुई पैसा **दिन्छु** (प्रदान गर्छु)
	(सहायक क्रिया) -	अ. म आज भात **खाइदिन्छु** (अर्कालाई खुशी पार्न)
		आ. म आज उसलाई भित्र पस्न **दिन्छु** (अनुमति)
छाड्नु	(मुख्य क्रिया) -	उसले चुरोट **छाड्यो** (गर्न बन्द गऱ्यो)
	(सहायक क्रिया) -	उसले घर **बनाइछाड्यो** (निश्चित रूपले पूर्ण गऱ्यो)
गर्नु	(मुख्य क्रिया) -	मैले काम **गरें** (कार्य सम्पादन गरें)
	(सहायक क्रिया) -	मैले बेलुका बेलुका पढ्ने **गरेको छु** (बानी)
पर्नु	(मुख्य क्रिया) -	पानी **पर्छ** (खस्छ)
	(सहायक क्रिया) -	मान्छेले आफ्नो काम **गर्नुपर्छ** (अनिवार्यता)
छ	(मुख्य क्रिया) -	छोरो घरमै **छ** (अवस्थिति)
	(सहायक क्रिया) -	मलाई आज बजार जानु **छ** (भित्री आकांक्षा)
हुनु	(मुख्य क्रिया) -	मेरो भाइ भोलि प्रधान अधिकृत **हुन्छ** (बनिन्छ)
	(सहायक क्रिया) -	अ. बुबा घरमै **बस्नुहुन्छ** (आदर)
		आ. जरो आउँदा सुन्तला **खानुहुन्छ** (औचित्य)

इ र ने को पछि लाग्ने **सहायक क्रियालाई** लेख्ना **मुख्य क्रियासितै** जोड्नुपर्छ, नको पछि लाग्ने **सहायक क्रियालाई** भने **मुख्य क्रिया** भन्दा छुट्टै लेख्नुपर्छ र नुको पछि लाग्ने **सहायक क्रियाहरू पर्नु** र **हुनु मुख्य क्रियासितै** जोडिन्छन्, तर **छ** चाहिं बेग्लै लेखिन्छ ।

विशेष गरी **इको** पछि लाग्ने क्रिया सहायक हो कि होइन विचार पुऱ्याउनुपर्छ, किनभने जोड्दा र नजोड्दा अर्थ फरक पर्छ । पछिल्लो क्रिया सहायक नभएर मुख्य नै हो भने अर्थात्

पछिल्लो क्रियाले पनि आफ्नो मौलिक अर्थ छाडेको छैन भने अघिल्लाको **ई** दीर्घ हुन्छ र दुवैलाई छुट्याएर लेख्नुपर्छ । त्यसरी नै **नु** पछिको हुनुलाई जोड्दा एउटा अर्थ र नजोड्दा अर्कै अर्थ हुने कुरो छर्लङ्ग छ । उचित छ भन्ने अर्थ बुझाउँदा **नु** र **हुन्छ** लाई छुट्याएर लेख्नुपर्छ भने आदर बुझाउँदा चाहिं जोडेरै लेख्नुपर्छ । जस्तै,

म चुरोट **खाइछाड्छु** (खान्छु खान्छु)
म चुरोट **खाई छाड्छु** (पहिले खान्छु अनि बन्द गर्छु)
बुबाले रक्सी **खानु हुन्छ** (उचित छ)
बुबा रक्सी **खानुहुन्छ** (खाने कार्य गर्नुहुन्छ)

(ज) तलको अनुच्छेदबाट **मुख्य क्रिया** र **सहायक क्रिया**छुट्याई आफ्ना वाक्यमा प्रयोग गर्नुहोस् :

जसलाई म यस्तो नाथे काम त गर्न सकिहाल्छु नि भन्ने आँट हुन्छ त्यस्ताले तुरुन्तै गरेर देखाइदिन सक्नुपर्छ र मात्र हामी सन्तुष्ट हुन सक्छौं । ढाँटको निम्तो खाई पत्याउनू भन्ने उखानलाई यहाँ सम्झनु उचित हुनेछ । चुरोट छाड्नुहोस् न भनेर हजुर आमाले कति बिन्ती गर्नुभयो, तर हाम्रा हजुरबुबा कानमा तेल हालेर बस्नुभयो । आज डाक्टर दीक्षितले चुरोट खान छाड्नु भएन भने म तपाईंलाई हेर्दै हेर्दिन, हेर्न सक्दिनँ भनेर ढिब्री कस्तै हजुरबुबालाई बाबुको बिहे देखाइदिएछन् । सुन्ने बित्तिकै हाम्रो घरभरि खुशी फैलिइहाल्यो । हजुरआमा 'लागिसकेको बानी कहाँ सजिलै छुट्न सक्छ र ?' भन्दै हुनुहुन्थ्यो चुरोट खानेगरेको मुखले पानै चबाएर भए पनि हजुरबुबाले डाक्टरको अगाडि आफ्नो इज्जत धान्न सक्नुभएकै छ ।

(झ) तलका शब्दहरूलाई अर्थ स्पष्ट हुने गरी आफ्ना वाक्यहरूमा प्रयोग गर्नुहोस् :

पढी छाड्नु, पढिछाड्नु, बोल्नु हुन्छ, बोल्नुहुन्छ, बोल्न सक्छु, खाइदिनु, खाई दिनु,

खान दिनु, पढी राख्नु, पढिराख्नु, पढ्न राख्नु, खाई आउनु, खाइआउनु, खान आउनु

(ञ) तलका क्रियाहरूलाई **मुख्य** र **सहायक** रूपमा प्रयोग गरी वाक्य बनाउनुहोस् :

सक्नु	हेर्नु
माग्नु	हाल्नु
रहनु	लगाउनु
पाउनु	पर्नु
छाड्नु	खोज्नु

२१. जननेता सन यात्सेन

आधुनिक चीनका निर्माता सन यात्सेन विक्रमाब्द १९२३ मा मकाउ टापुको, नजिकैको गाउँमा साधारण किसानका छोरा भएर जन्मेका थिए । आफ्ना दुई दाजुहरूका प्यारा कान्छा भाई सन यात्सेन बालक कालमा माटाको भित्ता भएको आफ्नो झुप्राका वरिपरि खेल्दा समेत आफ्नो समाजका नचाहिंदा कुराहरूतिर तीखा आँखा हुत्याउँथे ।

हजारौं वर्षदेखि चीन अन्याय मुनि पिंधिदै आएको थियो । आफ्ना छोराछोरीहरूलाई चाकर बनाएर ठूलाठालुहरूको सेवामा नपठाई जनताले छाक टारूँला भनेर नचिताए पनि हुन्थ्यो । चीन सभ्यता र संस्कृतिको प्राचीन स्थल हो; तर यस्तो देशमा समेत प्रान्तीय शासकहरूका स्वार्थ पूर्ण लडाइँ र काटमारले गर्दा महामारी रोगहरू फैलिएर, डरलाग्दा खडेरी र बाढीहरूले गर्दा अनिकालको हाहाकार भएर तथा गरीबी, व्यथा र अभावको त्रासले गर्दा अशान्ति फैलिएर सामान्य जनाताका लागि बसी नसक्नु भएको थियो । यसरी चीनमा त्यस ताकको जनजीवन अत्यन्त कष्टप्रद थियो । एकातिर धनीमानीहरू आफ्ना भव्य भवनहरूमा विलासको जीवन व्यतीत गर्थे भने अर्कातिर जीवनभरि हाड घोट्ता पनि जनता चाहिं आफ्नो पेटसम्म पनि पाल्न नसकी अकालै मृत्युका मुखमा पुग्न बाध्य हुन्थे ।

सानै उमेरदेखि सन यात्सेन आर्थिक शोषण, मान्छेको किनबेच र सामाजिक असमानता देख्दा असाध्यै चिन्तित हुन्थे । समाजका यस्ता नराम्रा चलनहरूको उनी विरोध गर्थे । बालक सन यात्सेनले गाउँमा चलिआएका प्रथाहरूलाई हटाउन र फेर्न खोजेको देखेर समाजले उनलाई सहन सकेन । त्यसैले उनी आफ्ना दाजु आह्मेइलाई भेट्न अमेरिकाको हवाईतर्फ गए । आह्मेई हवाईमा पसल थापेर बसेका थिए । उनले भाइलाई क्राइस्ट्धर्मीहरूको धार्मिक विद्यालयमा पढ्न पठाए । त्यहाँ सन यात्सेनले बाइबलको अध्ययन गरेर अङ्ग्रेजी भाषा सिके । उनले अङ्ग्रेजीमा राम्रो दक्खल गरेको देखी आह्मेइले आफ्नो संस्कृति छाडेर पश्चिमा पारामा डुब्ने भयो भन्ने डरले आफ्नो भाइलाई चीनतिरै फर्काइदिए ।

चीनमा फर्केपछि सन यात्सेनले विभिन्न अन्धविश्वासहरू तथा प्रचलित मूर्तिपूजाको ठूलो विरोध गरे । गाउँलेहरूले उनलाई बिद्रोही भनेर त्यहाँबाट निकालिदिएकाले उनले हङ्गकङ्गतर्फ जानुपर्‍यो । अठार वर्ष पुगेकाले उनले गाउँमा फर्केर नजिकैको गाउँमा बस्ने एउटा किसानकी छोरीसित बिहे गर्नुपर्‍यो । तर विहे सकिने बित्तिकै नयाँ बुहारीलाई आमाका जिम्मामा छाडेर उनी लगत्तै हङ्गकङ्ग फर्किहाले ।

हङ्गकङ्ग पुगेपछि उनका अगाडि दुई बाटा स्पष्ट रूपले देखा परे । 'पहिलो बाटामा लागेमा उनी बाइबलका ज्ञाता भई क्राइस्टेली धर्म प्रचारक हुन सक्थे र दोस्रातिर हिंडेमा उनले आफ्नो देशलाई हजारौं वर्षको दासताबाट मुक्त गर्न सक्थे । उनले दोस्रो बाटो रोजे ।"

विक्रम संवत् १९४४ मा जेम्स क्यान्ट्ली भन्ने डाक्टरले हङ्कङ्गमा एउटा अस्पताल खोलेर औषधी विज्ञान पढाउन थाले । एक्काईस वर्षीय सन यात्सेन त्यस अस्पतालमा भर्ना हुने पहिला छात्र थिए, जो पाँच वर्षको लगनशील अध्ययनपछि त्यस विद्यालयबाट निस्कने पहिलो समूहका डाक्टर भए । आफू छात्र छँदा उनी गोप्य क्रान्तिकारी संस्थाका सदस्य भएका थिए र पछि उनले **ज्यान अर्पन आँट गर्नेहरू** भन्ने सचेत युवकहरूको विप्लवी दलको संगठन समेत गरी एउटा क्रान्तिकारी योजना बनाएका थिए, तर एक जनाले विश्वासघात गरेकाले उनका सारा मित्रहरू थुनामा परेर झुन्ड्याइए । उनी मात्र संयोगवश भाग्न पाए । भागेर उनी हवाई पुगे । सारा संयुक्त राज्य अमेरिकाभरि र बेलाइततिर घुम्दै उनले चीनबाट पुरानो शासनलाई हटाउने आन्दोलनका लागि चन्दा बटुले ।

त्यस बेला चीनमा मन्चु वंशको शासन थियो । मन्चु सरकारले सन यात्सेनको जीउँदो वा मरेकै भए पनि टाउको ल्याइपुऱ्याउनेलाई पच्चीस लाख रुपियाँको इनाम दिने घोषणा गऱ्यो । धन देखेपछि महादेवका तीन नेत्र भने जस्तो संवत् १९५३ मा उनलाई लन्डनमा केही फटाहाहरूले झ्याप्झुप्प पारेर चिनियाँ दूतावासमा पुऱ्याए । [तर सन यात्सेनका परम मित्र डाक्टर क्यान्ट्लीले र अरू स्वतन्त्रताप्रेमी ठूलाठूला मानिसहरूले होहल्ला गरेपछि बेलाइती सरकारले धेरै प्रयास गरेर उनलाई छुटायो]।

सन यात्सेन त्यस्ता कुराहरूबाट पछि हट्ने खालका मान्छे थिएनन् । उनी त त्यस्तो बलियो मुटु भएका र त्यस्तो आँटिलो र दह्रो विश्वास भएका मान्छे थिए, जसले सामन्तवाद र दास प्रथामा निसास्सिइरहेको मातृभूमिलाई अन्याय, शोषण र कुशासनका साङ्लाहरू चुँडालेर फुक्न पारे । उनले आफ्नो क्रान्तिकारी कार्यक्रममा तीनवटा मौलिक विचारहरूलाई अघि सारेका थिए । ती तीन विचारहरू थिए राष्ट्रियता, जनतन्त्र र समाजवाद । राष्ट्रियताको चेतना जगाएर उनी बेग्लाबेग्लै स्वार्थी प्रशासकहरूद्वारा जबर्जस्ति टुक्र्याइएको चीनलाई एउटै केन्द्रीय शासन मुनि ल्याउन चाहन्थे । यसरी राष्ट्रमा एकीकरणको भावना फैलाएर उनी जनताको भलो हुने शासन चलाउन चाहन्थे । त्यसरी जनतन्त्रको स्थापना गरेपछि समाजका गरीबहरूले समेत बराबर हक र सुविधा पाऊन् भन्ने उनको उद्देश्य थियो । त्यसै उद्देश्यलाई ध्यानमा राखेर उनी समाजवादको प्रचार गर्थे ।

देश बाहिरबाट जतिसुकै क्रान्तिकारी र देशप्रेमका विचारहरू प्रचार गरे पनि सन यात्सेनले चीनलाई मन्चु वंशका शासकहरूबाट मुक्त गर्न सकेनन् । संवत् १९५७ मा एउटा विद्रोह उठेको थियो, तर त्यसले समेत मन्चु शासनका अगाडि घुँडा टेक्नुपऱ्यो ।

सन यात्सेन जीउज्यान दिएर क्रान्तिका धारणाहरू चीनभित्र अनेकौं गुप्त सहयोगीहरूद्वारा फिंजाउन थाले । यसका लागि उनले युरोप र जापानमा चिनियाँ क्रान्तिकारी संगठन खोलेर प्रवासी चिनियाँहरूलाई आफ्ना समर्थक बनाए । यस्तै समर्थकहरू मध्ये चार्ली सुङ भन्ने अमेरिकामा पढेका उद्योगपति प्रमुख थिए । उनले सन यात्सेनका सचिव भएर क्रान्तिकारी विचारहरूलाई छपाई चीनभरि फिंजाउन ठूलो मद्दत गरे ।

चार्ली सुङका तीन जना छोरीहरू थिए । जेठीले एक जना कुङ भन्ने धनाढ्य उद्योगपतिसित बिहे गरिन्, कान्छी चाहिं चियाङ काइशेककी पत्नी भइन् र माहिलीले चाहिं सानैदेखि सन यात्सेनलाई मनमनै रोजेकी थिइन् । चार्ली सुङकी माहिली छोरीको नाउँ चिङ लिङ थियो । उनी अमेरिकाको जार्जिया भन्ने ठाउँमा पढ्दै थिइन् । सन यात्सेन चिङ लिङका बाबुको उमेरका थिए तर बीस वर्षकी चिङ लिङ पचासवर्षीय सन यात्सेनलाई बिहे नगरी छाड्दिनँ भनेर अड्डी कस्न थालिन् । सन यात्सेनको देशप्रेम, क्रान्तिकारी दर्शन र प्रभावशाली व्यक्तित्वलाई हृदयदेखि पूजा गर्ने चिङ लिङलाई उनको परिवारले सन यात्सेनसित बिहे गर्ने अनुमति पटकै दिएन । कारण के थियो भने सन यात्सेन र चिङ लिङ दुवै जना क्राइस्टधर्मी थिए अनि त्यस धर्मका अनुसार एउटी पत्नी हुँदाहुँदै सन यात्सेनले अर्की पत्नीलाई बिहे गर्न मिल्दैनथ्यो । चिङ लिङले अनेक अनुरोध गरिन् । उनी रोइन् कराइन् र केही नलागेपछि विद्रोह गरेर अमेरिकाबाट भागेर सन यात्सेन भएका ठाउँमा एक्लै गइन् र उनले आफ्नो हृदयका देवतालाई बिहे गरेरै छाडिन् ।

यस्तैमा संवत् १९६८ को भदौतिर ह्यान्चाउ भन्ने सहरमा एउटा बम पड्क्यो । त्यो एउटा निउँ मात्र थियो । भित्रभित्रै सल्केका जनताको रिसले गर्दा जनक्रान्ति नै थालियो पनि । ह्यान्चाउमा चियाङ काइशेकलाई क्रान्तिकारीहरूले दलका नेता नियुक्त गरे । चियाङ काइशेक सन यात्सेनका विश्वासी प्रशंसक र समर्थक थिए । जुनबेला क्रान्तिकारीहरू सरकारी सेनाहरूलाई सिध्याउँदै थिए त्यस बेला सन यात्सेन भने अमेरिकाको कोलोर्‍याडोमा थिए । उनी अमेरिका छँदै विजयी जनक्रान्तिकारीहरूले आफ्ना प्रिय नेता सन यात्सेनलाई नयाँ चीन गणतन्त्रका प्रथम राष्ट्रपतिका रूपमा स्थापना गरेर सम्मान गरे । सन यात्सेनले मातृभूमि फर्केर नान्किन भन्ने नगरमा राष्ट्रपति पदको शपथ ग्रहण गरे । यसरी वर्षौंदेखि खप्पुरेका बेथिती र अन्यायबाट सन यात्सेनकै प्रेरणाले विराट् चीनले मुक्ति पायो । बल्ल चीनका साधारण जनताले शान्ति र स्वतन्त्रताको सास फेर्न पाए ।

तर हजारौं वर्षदेखि चलेको कुव्यवस्थालाई एकैचोटि हटाउन सकिँदैनथ्यो । सन यात्सेनका समर्थकहरू मध्ये सबै जना राम्रो नियत भएका थिएनन् । हो, उनको व्यक्तित्वका अगाडि सबै जना श्रद्धापूर्वक झुक्थे तर ती आफ्नाआफ्नै स्वार्थ पूरा हुने आशामा क्रान्तिमा लागेका थिए । मन्चु शासनलाई हुत्याउने क्रान्तिमा सन यात्सेनलाई सघाउने समूह तीन खालका थिए । पहिलो खालमा त्यस्ता बुद्धिजीवीहरू, श्रमिकहरू र किसानहरू थिए जो समान सुविधा हुनुपर्छ र समाजवाद ल्याउनुपर्छ भनी भन्थे । दोस्रो खालमा चीनमा अमेरिकाको जस्तै जनतन्त्र हुनुपर्छ भनी विश्वास गर्नेहरू थिए । तर तेस्रो खालमा धेरै मान्छेहरू थिए जो राष्ट्रवादी त थिए तर मन्चु सरकारको पतन भएपछि आफैंले शक्ति हत्याएर मोज लुट्न पाइने लोभले सन यात्सेनको पछि लागेका थिए ।

सन यात्सेन अत्यन्त प्रभावशाली नेता थिए तर उनी तालिम पाएका शासक थिएनन् । केही दिनपछि नै उनले युआन शिह्काइ भन्ने राजनीतिज्ञ र सुधारकलाई राष्ट्रपतिको काम जिम्मा लगाए । तर युआन शिह्काइले विश्वासघात गरे । उनी अवसरवादी रहेछन् । संवत् १९७२ मा उनले आफैंलाई चीनका सम्राट् घोषित गरे । सन यात्सेनका समर्थक र युआनका सेनाको लडाइँ हुँदा सन

यात्सेनले हार्नुपऱ्यो र जापानतर्फ भाग्नु पनि पऱ्यो । चीनमा फेरि अशान्ति फैलियो र गृहयुद्ध मच्चियो । युआनको शासनमा भ्रष्टाचार बढ्यो । तर यसै बीच युआनको मृत्यु भयो र सन यात्सेनले राष्ट्रमा फर्केर फेरि सरकार सम्हाल्न पाए ।

देशबाट जनताले नरुचाएको पुरानो व्यवस्थालाई हुत्याउन सफल भए तापनि शान्ति कायम गर्न भने सन यात्सेन आफ्नो जीवन कालमा सफल हुन सकेनन् । आफ्नो महान् दायित्व उनले पूरा गरिसकेका थिए । उनले मुलुकलाई आधुनिक राजनीतिक स्वतन्त्रता प्रदान गरेरै छाडे । सुव्यवस्था र शान्ति कायम गर्ने प्रयत्नमा पेकिङको जनसभामा भाग लिन भनेर बाटामा जाँदाजाँदै उनी थलिए र संवत् १९८२ मा उनले देहत्याग गरे ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

आँखा हुत्याउनु	– आँखा लगाउनु, हेर्नु
विक्रमाब्द	– विक्रम संवत्
टापु	– चारैतिर पानीले घेरेको ठाउँ, द्वीप
पिंधिनु	– धूलो पारिनु, दबिनु, हेपिनु, किचिनु
चाकर	– दास, नोकर, सेवक, टहलुवा
प्राचीन स्थल	– पुरानो ठाउँ, उहिल्यैको थलो
प्रान्तीय	– प्रान्तको, अञ्चलको
जनजीवन	– जनताको जीवन, साधारण मानिसहरूको जीवन
कष्टप्रद	– दुःख दिने
विलास	– मोजमज्जा
प्रथा	– चलन
पारा	– चाल, किसिम, पद्धति
लगत्तै	– झट्टै, तुरुन्तै
ज्ञाता	– ज्ञानी, विद्वान्, जान्ने
प्रचारक	– प्रचार गर्ने, फिंजाउने
क्रान्तिकारी	– क्रान्ति गर्ने, लडाइँ गरेर स्वतन्त्रता ल्याउन खोज्ने
विप्लवी	– विद्रोही, क्रान्तिकारी
विश्वासघात	– धोका
थुना	– झ्यालखान, पक्राउ

संयोगवश	- भाग्यले, मौकाले
घोषणा गर्नु	- झ्याली पिट्नु, भनेर सुनाउनु
झ्याप्झुप्प पार्नु	- सुटुक्क पक्रनु, थाहै नपाई समालु
एकीकरण	- एउटै हुने भावना, एउटै पार्ने काम
प्रवासी	-विदेशमा बस्ने
धनाढ्य	- धनी, सम्पन्न
नियुक्त गर्नु	- भर्ना गर्नु
शपथ गर्नु	- प्रतिज्ञा गर्नु
कुव्यवस्था	- नराम्रो बन्दोवस्त
नियत	- भित्री विचार
राष्ट्रवादी	- राष्ट्रको भलो हुनुपर्छ भन्ने
प्रभावशाली	- अरूमाथि असर पार्न सक्ने
राजनीतिज्ञ	- राजनीति जान्ने
अवसरवादी	- ताकछोपुवा, मौका हेर्ने
दायित्व	- भार, अभिभारा
थलिनु	- बिरामी पर्नु

प्रश्नहरू

(क) तल दिएका हरेक उत्तर समूहमा पाठसित ताल नखाने खालको एउटै मात्र छ । त्यसलाई छान्नुहोस् :

(१) सभ्यता र संस्कृतिको प्राचीन स्थल चीन

अ. अन्यायको जीउँदो उदाहरण थियो

आ. अत्याचारको जीउँदो उदाहरण थियो

इ. भुइँचालाले ध्वस्त भएको थियो

ई. अनिकाल र माहामारीको केन्द्र थियो

उ. साधारण जनताका लागि नरक जस्तो भएको थियो

(२) चीनका धनीमानी साहूहरू

अ. पशुले जस्तो जीवन बिताउँथे

आ. अरूलाई भोकभोकै पार्थे

इ. मान्छेको किनबेच गर्थे

ई. दरिद्र किसानका छोरीहरूलाई नोकर्नी बनाउँथे

उ. आफ्ना भवनहरूमा मोज लुट्दथे

(३) चीनका दरिद्र किसानहरू

अ. छोराछोरीहरूलाई आफूसित राख्न पाउँदैनथे

आ. जीवनभरि हाड घोट्थे

इ. पेट पाल्न नसकी भुतुभुतु मर्न बाध्य हुन्थे
ई. अनेकौं युद्ध गर्थे
उ. काठका देवताहरू बनाएर पूजा गर्थे

(४) ज्यान अर्पन आँट गर्नेहरू त्यस्ता युवक थिए जसले
अ. विप्लवी दलको संगठन गरेका थिए
आ. क्रान्तिकारी योजना बनाएका थिए
इ. गोप्य रूपले काम गरेका थिए
ई. थुनामा पर्नुपर्‍यो र झुन्डिनुपर्‍यो
उ. आफैंलाई विश्वासघात गरे

(५) सन यात्सेनले आफ्नो क्रान्तिकारी कार्यक्रममा
अ. राष्ट्रियताको विचारलाई अघि सारेका थिए
आ. जनतन्त्रको विचारलाई अघि सारेका थिए
इ. समाजवादको विचारलाई अघि सारेका थिए
ई. साम्यवादको विचारलाई अघि सारेका थिए
उ. एकीकरणको विचारलाई अघि सारेका थिए

(ख) तलका प्रश्नहरूको एक-एक वाक्यमा उत्तर दिनुहोस् :

(१) सन यात्सेनका कति जना दाजु थिए ?
(२) सन यात्सेनले हवाईमा के पढेर अङ्ग्रेजी सिके ?
(३) सन यात्सेनले किन हङकङतर्फ जानुपर्‍यो ?
(४) दाजु चाहिंले सन यात्सेनलाई किन चीनतिर फर्काइदिए ?
(५) लन्डनमा सन यात्सेनलाई कसले झ्याप्झुप्प पारे ?
(६) लन्डनमा सन यात्सेनलाई किन झ्याप्झुप्प पारेको ?
(७) लन्डनमा सन यात्सेनलाई झ्याप्झुप्प पार्नेहरूले अनि कहाँ लगे ?
(८) १९६८ सालको भदौतिर ह्यान्चाउ भन्ने सहरमा के भयो ?
(९) चीन क्रान्तिकारीहरूका हात पर्दा सन यात्सेन कहाँ थिए ?
(१०) सन यात्सेन प्रभावशाली नेता थिए तर के चाहिं थिएनन् ?

(ग) तलका खाली ठाउँमा कोष्टक भित्र दिइएकाबाट छानेर पाठसित मिल्दा शब्दहरू भर्नुहोस् :

(१) सन यात्सेनका दाजुको नाउँ..... **(आह्मेइ, चियाङ, युआन)** थियो ।
(२) सन यात्सेनका ससुराको नाउँ ..... **(मन्चु, चार्ली सुङ, कुङ)** थियो ।
(३) बाबुको उमेरका सन यात्सेनसित बिहे गर्दा चिङ लिङ ..... **(पच्चीस, बाईस, बीस)** वर्षकी थिइन् ।

(४) सन यात्सेनले आफ्ना ससुराका तीन छोरीहरू मध्ये ..... **(जेठी, माहिली, कान्छी)** सित बिहे गरे ।

(५) जनक्रान्ति सफल भएपछि मातृभूमि फर्केर सन यात्सेनले ..... **(नान्किन, पेकिङ, ह्यान्चाउ)** मा राष्ट्रपतिको शपथ लिए ।

(घ) चीन गणतन्त्रका पहिला राष्ट्रपति भएपछि किन सन यात्सेनले अर्का मान्छेलाई त्यो पद दिए ? ती को र कस्ता खालका मान्छे थिए ? पछि तिनसित सन यात्सेनले किन लडाइँ गर्नुपऱ्यो ? अन्त्यमा के भयो ? विस्तारपूर्वक लेख्नुहोस् ।

(ङ) दसवटा गहकिला वाक्यमा सन यात्सेनको **प्रशंसा** गर्नुहोस् ।

(च) यस लेखको विवेचनात्मक चर्चा गर्नुहोस् ।

व्याकरण

भाषाको लेखाइमा लगाइने चिह्नहरू- जसरी बोल्दा थामिई थामिई बोल्यो भने सुन्नेले राम्ररी बुझ्न सक्छ र भन्नेले पनि सबै कुरा पुऱ्याएर आफ्ना कुरा अघि सार्न सक्छ, उसरी नै लेख्ता पनि अर्थ नगिजोलियोस् र प्रकाश गर्न खोजेका कुराहरू सिलसिलाबद्ध रूपले लेखियून् भन्ने उद्देश्यले बीच बीचमा नियमपूर्वक चिह्नहरू प्रयोग गर्नुपर्छ । त्यस्ता चिह्नहरू मध्ये नेपालीमा **अल्पविराम (,) योजक (-), लामो धर्को (-), निर्देशक विराम (:), विराम (।), प्रश्नसूचक (?), आश्चर्य र विस्मयसूचक (!), कोष्टक (), उद्धरण ("") विलोप (')** मुख्य छन् ।

अल्पविराम- दुइटा भन्दा बढी एकै खाले शब्द वा वाक्यका अंश वा आधी वाक्यहरू एउटै वाक्यमा छन् भने हरेकका बीचमा र, **वा, अनि** जस्ता संयोजकहरू प्रयोग गर्दा नमीठो सुनिन्छ र नराम्रो देखिन्छ । त्यस्तालाई छुट्याउन अल्पविरामको चिह्न (,) लगाउनुपर्छ र पछिल्ला दुईका बीचमा मात्र संयोजक राख्नुपर्छ । जस्तै-

नराम्रा प्रयोग-

(१) म पाल्पा पोखरा स्याङ्जा कुन्छा गोर्खा सबैतिर घुमेको छु बसेको छु रमाएको छु ।

(२) म पाल्पा र पोखरा, स्याङ्जा र कुन्छा र गोर्खा सबैतिर घुमेको छु र बसेको छु र रमाएको छु ।

राम्रो प्रयोग-

म पाल्पा, पोखरा, स्याङ्जा, कुन्छा र गोर्खा सबैतिर घुमेको छु, बसेको छु र रमाएको छु ।

योजक- योजक सस्यानो तेर्सो धर्को (-) हो । **योजक** लामो धर्को (-) भन्दा धेरै छोटो हुन्छ । **योजक** अथवा छोटो धर्काले दुई शब्द जोड्ने, जोडी शब्द चिनाउने वा लेख्ता वा छाप्ता लामो शब्द पाताको दाहिने छेउमा पूरा अटाएन भने एउटै शब्द हो भनी सूचना गर्ने काम गर्छ । जस्तै,

बाबु-आमा, शिव-पार्वती, अर्द्ध-वार्षिक, साना-साना, साना-ठूला, सिपाही-हरूले ।

लामो धर्को- लामो धर्कालाई निर्देशन भने पनि हुन्छ, किनभने यो उदाहरण दिनुपर्दा प्रयोग गरिन्छ । कसै कसैले यसलाई दुई थोप्लाहरू पछि (:-) पनि प्रयोग गर्छन्: जस्तै,

(१) म भन्छु:- नेपाल उन्नतिमा अब पछि पर्नेछैन ।
(२) नेपालमा तल लेखिए बमोजिम अञ्चलहरू छन्:-

मेची, कोशी, सगरमाथा, जनकपुर, वाग्मती, नारायणी, गण्डकी, लुम्बिनी, धौलागिरि, राप्ती, कर्णाली, भेरी, सेती र महाकाली ।

निर्देशक विराम- यो चिह्न दुई थोप्ला (:) ले बनेको हुन्छ । यो शब्दभन्दा केही टाढा लेखिन्छ, विसर्ग जस्तो छेवैमा लेखिंदैन । शब्दको छेवैमा राखेको विसर्ग जस्तै देखिए पनि यो बेग्लै चिह्न हो । जस्तै.

विसर्ग- छि: के गरेको ?
नेपाल साना दुःखले आर्जेको मुलुक कहाँ हो र ?

निर्देशक विराम- नेपालमा तीन भौगोलिक क्षेत्र छन् : हिमाल, पहाड र तराई । यसले लामो धर्काले जस्तै काम गर्छ । उदाहरण प्रस्तुत गर्नुपर्दा यसको प्रयोग हुन्छ ।

विराम- यो चिह्न (।) सबै भन्दा महत्त्वपूर्ण छ । कुनै भनाइ टुङ्गिने बित्तिकै अर्थात् वाक्य सकिने बित्तिकै यसलाई प्रयोग गर्नुपर्छ । जस्तै, भुन्टीबज्यै माइत गइन् । पानी पऱ्यो । अब मकैका बोटहरू सप्रने भए ।

प्रश्नसूचक- कुनै वाक्यले प्रश्न सोधेको छ भने त्यसको पुछारमा विराम चिह्न नलागेर **प्रश्नसूचक (?)** लाग्छ । जस्तै,

कता गयौ त हो रामलाल ? तिमीले जुत्ता पनि किन्यौ ? साहिंलाले के किन्यौ नि ? गाँथली भोलि के गर्छे रे ? सोध्यौ ?

आश्चर्य र विस्मयसूचक- छक्क पर्दा, साहै प्रसन्न हुँदा, घिन लाग्दा, रिस उठ्ता वा दुःखमा सुस्केराहरू छोड्दा शब्द वा वाक्यको पछि **आश्चर्य र विस्मयसूचक (!)** लगाउनुपर्छ । कसैलाई बोलाउँदा पनि यो चिह्न लगाउने चलन छ, तर कसैलाई बोलाउँदा उत्तेजना नदेखाई साधारण प्रकारले बोलाइएको छ भने सम्बोधन पछि अल्पविराम लगाए पनि पुग्छ । जस्तै,

अल्पविराम- ए राम, कति बज्यो हँ ?

आश्चर्य र विस्मयसूचक- ए राम ! झन्नै किच्यो बसले !!
राम ! राम ! कस्तो फसाद पऱ्यो !
आम्मम ! के साह्रो मोटाएछ त्यो माथ्लाघरे माइलो !

कोष्टक- वाक्यको बीचमा कुनै अर्थको विस्तार गर्नुपऱ्यो अथवा उदाहरण दिनुपऱ्यो भने त्यस वाक्यबाट त्यस्ता अर्थ विस्तार वा उदाहरणलाई छर्लङ्ग बुझिने गरी अलग्ग राख्न र वाक्यलाई समेत बाधा नपुऱ्याउन कोष्टक () को प्रयोग गर्नुपर्छ । जस्तै,

(१) प्रत्यय (शब्दको पुछारमा लाग्ने फुर्को) लगाएपछि बनेको शब्द हुनाले सदरिया (केन्द्रमा बस्ने, सदरको, सभ्य) व्युत्पन्न मानिन्छ ।
(२) मेरा छोराहरू (अनल र सलिल) सिद्धार्थ वनस्थली विद्यालय (काठमाडौं) मा पढ्दै छन् ।

उद्धरण- कसैले भनेका वाक्य वा वाक्यांशलाई जस्ताको त्यस्तै सार्नुपर्दा यस चिह्नलाई लगाउनुपर्दछ । यसका दुई भाग छन्- थालनीको (") र पुछारको (") । कसैले भनेको कुरा थालिनु अघि **अल्पविराम** वा **लामो धर्को** लगाई यस चिह्न (") पछि जस्ताको त्यस्तै सार्नुपर्ने कुरा सारी त्यो भनाइ सकिएपछि वाक्यको पुछारमा जुन चिह्न उपयुक्त हुन्छ त्यो दिएपछि यस चिह्न (") लाई टुङ्ग्याउनुपर्छ । **उद्धरण चिह्न** थालेर पुछारको नदिनु अशुद्ध हो ।

दुवै थालनी र पुछारमा चिन्हहरू हुनैपर्छ । जस्तै,
(१) रामले भन्यो, "अब म गणित पढ्ँ है ?"
(२) **सीताले भनिन्-** "हामीले हिजो राष्ट्रिय गीत गाउँदा तिमीलाई देखेका थियौं ।"

यी चिन्ह दुइटा नदिएर सजिलो र छरितो गराउन एउटा एउटा दिने पनि चलन छ जस्तै,

रामले भन्यो 'अब म गणित पढ्ँ है ?'

खास गरी वाक्यमा विशेष ध्यान तान्नुपर्ने शब्द वा शब्दहरू अथवा विदेशी शब्द वा पहिलो चोटि प्रयोग भएको चिनारी दिनुपर्ने शब्द परेमा त्यस्तालाई एउटा एउटा उद्धरण चिह्न भित्र राख्ने चलन छ । जस्तै,

'क्याफिन' भन्ने शब्द नानीहरूले सुनेका छैनौ होला । यो चिया, कफी, कोकाकोला, बीयर आदिमा पाइन्छ । अमिलो पानीले छाती पोल्ने वा आन्द्रामा घाउ हुनेहरूलाई यसले असाध्यै पिर्छ । त्यसैले मलाई डाक्टर मार्शा ओरले 'ट्यागामेट, भन्ने ओखती खान भनी लेखिदिएकी छिन् । अस्ति नयाँ सडकमा त्यो ओखती किन्न गएको त 'ट्यागामेट' भन्न नजानेर पसलेले 'तङ्गमीट' पो भन्यो ।

विलोप- यो चिह्न (') **उद्धरण**कै पछिल्लो चाहिं एक्लो चिह्न हो । यसले शब्दमा कुनै अक्षर छिटो छिटो बोल्दा लोप भएको सङ्केत गर्छ । जस्तै,

म भर्खर क्यारोललाई भेटेर **आ'को** (आएको) । उनीहरू अलास्का जाने **भा'छन्,** (भएका छन्) **भन्या** ,(भनेको) हो **र'छ** (रहेछ) ।

पर्यायवाची शब्द- यी **पर्यायवाची** शब्दहरू हुन् भन्ने यिनले एउटै अर्थ बुझाउँदा रहेछन् भन्ने बुझिन्छ । यस्ता एउटै अर्थ बुझाउने शब्दहरू भाषामा प्रशस्त पाइन्छन् । उदाहरणका लागि केही **पर्यायवाची** शब्दहरू यहाँ दिइएका छन् :

पिता	-बुबा, बा, बाबु
माता	-आमा, मुमा, जननी
लोग्ने	-पति, श्रीमान्, पोइ
स्वास्नी	-पत्नी, श्रीमती, जोइ
लोग्नेमान्छे	-पुरुष, नर, मर्द
स्वास्नीमान्छे	-महिला, नारी, आइमाई, स्त्री
सूर्य	-घाम, रवि, आदित्य, भास्कर, भानु दिवाकर, प्रभाकर
वायु	-हावा, बतास, पवन
जल	-पानी
राजा	-नरेश, नृप
चतुर	-चलाख, बाठो, छट्टु
अन्दाज	-अड्कल, अनुमान
थालनी	-आरम्भ, प्रारम्भ, सुरु
प्रयत्न	-प्रयास, जमर्को, कोसिस
भिन्न	-बेग्लै, फरक, अलग
साधारण	-मामुली, सामान्य
बल	-तागत, पाइन, शक्ति
प्रेम	-माया, स्नेह

पर्यायवाचीलाई **समानार्थी** पनि भन्ने चलन छ ।

(छ) तलका शब्दहरूलाई आफ्ना वाक्यमा प्रयोग गर्नुहोस् र तिनका एउटा एउटा पर्यायवाची शब्द पनि दिनुहोस् :

मानिस, मुलुक, गोडा, धन, स्कूल, पुस्तक, दीन, राक्षस, भोजन गर्नु; धेरै, पर्वत, बथान, शंकर, उदेक, साथी, प्रसिद्ध, कमजोर, जन्तु, जून, धर्ती, पिट्नु, स्नान गर्नु, अध्ययन गर्नु, रडाको, युद्ध ।

(ज) तल कुनै पनि चिह्न नलगाई एउटा अनुच्छेद (धेरै वाक्यहरू मिलेर एउटा अनुच्छेद बनिन्छ) दिइएको छ । चाहिने ठाउँमा सुहाउँदो चिह्नहरू लगाई सार्नुहोस्:

जति जति उनी बोल्दै जान्थे उति उति उनका अनुहारमा ज्योति झल्कन्थ्यो उनले हामीलाई नेपालीलाई एसियालीलाई र विश्वलाई वाल्ल पार्दै भने नेपालमा चिनीको कार्खाना नबनेसम्म म धुनी बेसीकै सक्खर खान्छु म जुत्ता घडी र चुरोट बाहेक केही विदेशी वस्तुको प्रयोग गर्दिन बुझ्नुभयो कि भएन नेपाललाई विदेशी वस्तुहरूले कङ्गाल गराए यसो भन्दा मलाई बडामहाराजको सम्झना हुन्छ जसको दिव्योपदेश मेरो जीवनको गीता नै हो भने पनि हुन्छ एउटा चुरोट छ, छ भने पाऊँ न

(झ) **अल्पविराम** र **आश्चर्य** र **विस्मयसूचक** चिह्नहरू लगाई दस दस वाक्य लेख्नुहोस् ।

(ञ) लामो धर्को र छोटो धर्कामा के फरक छ ? उदाहरण सहित तिनका प्रयोगहरूको राम्ररी बयान गर्नुहोस् ।

२२. दुई मीतको कथा

अन्दाजी दस हजार वर्ष जति भयो होला । त्यति वेला पशुपक्षीहरू पनि मानिसले जस्तै बोलेर आफ्ना मनका विचारहरू साटासाट गर्थे रे । उनीहरू मानिसले जस्तै व्यवहार पनि गर्थे रे । त्यसै वेलाको एउटा घतलाग्दो कथा छ ।

अचेलको हेटौंडा नगरको दक्षिणपट्टि घनघोर जङ्गल थियो । अहिले जुन ठाउँमा भुटनदेवीको मन्दिर छ ठीक त्यही ठाउँमा त्यस ताक एउटा विशाल रूख थियो । त्यस रूखलाई दुई मीतहरूले आफ्नो घर बनाएका थिए । ती दुईमा एउटा लाटकोसेरो थियो र अर्को चाहिं हात्ती थियो । उनीहरू एका अर्कासित मान्छेको भाषामा कुरा गर्थे र मान्छेले जस्तै मित्रताको व्यवहार पनि गर्थे । आफ्ना मीतलाई बोलाउन सजिलो होस् भनी तिनले नाउँ पनि मान्छेकै जस्ता राखेका थिए । लाटकोसेराको नाउँ नेत्रलाल थियो भने हात्तीको नाउँ चाहिं कर्णकान्त थियो ।

नेत्रलाल पक्षी हुनाले रूखका हाँगामा चढेर सुले गर्थ्यो र कर्णकान्त चाहिं रूखको फेदमै रात बिताउँथ्यो । दिनभरि ती आफ्ना आफ्ना आहारका खोजमा एक्ला एक्लै एका एकातिर लाग्थे, तर साँझ पर्दा नपर्दै ती आफ्ना घरतिर फर्किसक्थे र एक अर्कालाई दिनभरि आफूले देखे भोगेका कुराहरूको बेलीबिस्तार लगाउँथे । तिनीहरू यसरी बिनबिच्चमा कुरा मात्र दोचार्दैनथे, परेका वेलामा आफ्ना मीतका लागि ज्यानै समेत दिनुपरे पनि खुशीसाथ द्विन्थे, कहिल्यै पछि हट्तैनथे । आज भोलि जताततै स्वार्थको जगजगी भएकाले हामीलाई यस्तो मित्रताको उल्लेख हुँदा आश्चर्य लाग्न सक्ला, तर नेत्रलाल लाटकोसेरो र कर्णकान्त हात्ती भने साँच्चैनै पाई नसक्नुका मीत थिए ।

रहँदा बस्ता एक दिन यी दुई मित्रलाई ठूलो आपत आइपरेछ । के भएछ भने नेत्रलाल सधैं जस्तै घाम अस्ताउने अस्ताउने वेलामा आफ्नो दिउँसोको काम सिध्याइसकेपछि भुर्रर उड्दै 'चुच्चे दुङ्गो उही टुङ्गो' भने झैं आफ्नो रूखमा आइपुगेछ । तर कर्णकान्तले भने त्यस दिन ढिलो गरेको देखेर नेत्रलाल चिन्तित भएछ । चिन्तित हुनु पनि स्वाभाविकै थियो, किनभने कर्णकान्त कहिल्यै पनि घर फर्कन ढिलो गर्दैनथ्यो । हो, नेत्रलाल उड्ने जन्तु हुनाले ऊ टाढा टाढा घुम्न पुगे पनि वेगसित उडेर समयमै घर फर्कन्थ्यो, तर कर्णकान्त उड्न नसके पनि ऊ आफ्नो एमानको जीउलाई जताबाट र जसरी भए पनि त्यस रूखका फेदमा घाम अस्ताउँदा नअस्ताउँदै ल्याइपुऱ्याउँथ्यो । त्यस दिन भने अचम्मै भएछ हुन पनि । घाम अस्ताइसकेछ र पनि कर्णकान्त फर्केनछ । बिस्तारै कीराहरूको एकोहोरो किरिरी बढ्दै गएछ, अँध्याराले चारैतिरबाट इवाप्प छोप्दै ल्याएछ र झमक्क साँझ परेछ । नेत्रलालको मन आतेसले छट्पटाउँदै गएछ । उसको छाती कत्ति थिच्ता पनि बुरुकबुरुक उफ्रन छाडेनछ । बाबै नि ! के भएको नि यस्तो ! यतिका वर्षसम्मन् यी दुई मीतले एका अर्काका साथमा जीवन बिताएका थिए । यस्तो कहिल्यै पनि भएको थिएन । कुनै ऊ जस्तै ठूलो जीउकी ढोई नै पो उसले भेट्यो

कि ? त्यसै मोरीले पो उसको अभिन्न मित्रलाई उसबाट चटक्क चुँडाएर लगी कि ? हरे ! कर्णकान्तले आफ्नो मीतलाई बिहान भनेरै गएको भए उसको मुटु यसरी ढुकढुक त हुनेथिएन, उसलाई यस्तो असाध्य वेदनाले खग्रास त पार्नेथिएन ।

हेर्दा हेर्दै आकाशभरि ताराहरू ढकमक्क मकैका फूल जस्तै बररर उदाए । तर कर्णकान्तको भने कतै पत्तोफाँट थिएन । ऊ त्यसरी नै बिलायो जसरी दिन बिलाएर गएको थियो, उज्यालो बिलाएर गएको थियो र साँझ बिलाएर गएको थियो ।

टहटह जून लाग्दा कम्ती रमाइलो हुँदैनथ्यो त्यो फाँट, ताराहरू त्यसरी सगरै ढाकेर टल्कँदा कम्ती स्वादिलो हुँदैनथ्यो त्यो वन, तर हरे कर्णकान्त नै नभएपछि नेत्रलाललाई अब त्यस जूनको के काम, ती ताराहरूको के महत्त्व ! साथी नै नभएपछि नेत्रलालले त्यस रूखलाई छाडे पनि भयो, कर्णकान्तले उसलाई माया मारे जस्तै उसले पनि त्यस वनलाई माया मारे पनि भयो ।

रात छिप्पिंदै गयो, तर कर्णकान्तको सुइँकोसम्म पनि नेत्रलालले पाएन । हो, ऊ उडेर खोज्न जान सक्थ्यो, तर त्यसै वेला कर्णकान्त लमक र झमक गर्दै त्यहाँ आइपुग्यो भने ? उसले पखेटा भ्याटभ्याट गऱ्यो, विरहको उलुलुलु स्वर उराल्यो र नरमाइलोसित आङ मर्कायो । अहँ, उसको मीत कतै देखा परेन ।

जून उसरी नै पर देखिने नदीको पानीमा टलल्ल टल्किरह्यो, ताराहरू चीसै चम्किरहे र रात सुलुलु चिप्लिरह्यो । कर्णकान्त हराएको थियो, तर त्यस्तो ठूलो कुराले पनि तिनमा कुनै बिरह ल्याउन सकेन । एउटा नेत्रलाल मात्रै त्यसै त्यसै भुटभुटिइरहेको थियो ।

अब आइपुगि पो हाल्छ कि भन्ने अन्योलमा पीङ खेल्दा खेल्दै नेत्रलालले आधा रात छर्लङ्ग बिताएछ । उसका आखाँ यस्सो के लाग्न मात्र लागेका थिए कर्णकान्त साह्रै मन्द गतिमा लोथ्याकलोथ्याक मरेको बिरालो काखी च्यापेर ठिमीको उकालो लागे जस्तै गरेर आउँदा छेवैमा आइपुगेपछि मात्र उसले देखेछ ।

"के भयो मीत कर्णकान्त, आज तपाईंलाई के भयो ?" साह्रै आत्मीयतासाथ हाँगाबाट तल झरेर नेत्रलालले सोधेछ ।

"म त तपाईंसित सदाको लागि बिदा माग्न आएको, मेरा परमप्रिय मित्र नेत्रलाल ! मबाट अन्जानमा वा ख्यालख्यालमा कुनै नराम्रो बोलीवचन वा व्यवहार भएको भए मीत जानी क्षमा दिनुहोला, भूलचूक भएको भए माफ दिनुहोला !" मायालु स्वरमा कर्णकान्तले भनेछ ।

नेत्रलालको मनमा चसक्क परेछ । होइन, कर्णकान्तले साँच्चै कुनै ढोई भेटे जस्तै छ, नत्र ऊ किन यति ढिलो फर्कन्थ्यो, किन मसित बिदा माग्थ्यो र किन भूलचूकमा माफ दिनुहोला भन्थ्यो भन्ने उसलाई परेछ ।

तर कर्णकान्तको अनुहारमा आनन्दको उज्यालो थिएन । त्यस्तो चहकिलो रातमा पनि ऊ औंसी जस्तो वेदनामा चुर्लुम्म डुबेको जस्तो देखिन्थ्यो । नेत्रलालका खप्पिस आँखाले हात्तीलाई पक्का पनि डरलाग्दै समस्या आइपरेको हुनुपर्छ भन्ने ठम्याए । त्यसैले अत्यन्त स्नेहसाथ उसले भन्यो, "तपाईंलाई कुनै आपत आइपरे जस्तो म देख्तै छु । के भयो ? आज कहाँ जानुभयो ? कसकससित तपाईंको भेट भयो ? कसैले बोलीवचन पो लगायो कि ? अथवा तपाईंलाई कुनै रोगले पो भेट्यो कि ?"

कर्णकान्तले सूँढ लत्र्याएको लत्र्यायै भन्यो, "म मर्ने भएँ, मेरो यो विशाल जीउ चोक्टा चोक्टा हुने भयो ।"

नेत्रलालले पक्क पर्दै सोध्यो, "कसरी ?"

कुरो के रहेछ भने त्यस दिन बिहान कर्णकान्त नदीको किनारै किनार उत्तरतिर लागेछ । ऊ जीवनमा कहिल्यै पनि त्यस दिशातिर लागेको थिएन । जाँदा अग्ला अग्ला पहाडहरूको बीचमा ऊ पुगेछ । गडतीरै गडतीर हिंड्दा डाँडाहरूको अग्लाइ बढ्दै गएछ, ती नागबेली पर्दै गएछन् र मैदानबाट ओझेल परेर ऊ यस्तो डरलाग्दो ठाउँमा पुगेछ जहाँ अचम्मको शान्ति फैलिएको रहेछ । भएन, अब फर्किनुपर्‍यो भनेर कर्णकान्तले सूँढ उचालेर आफ्नो शरीरलाई यसो दक्षिणतिर घुमाउनै आँटेको थियो उसका कानमा अनौठो कल्याङबल्याङ ठोक्किन आइपुगेछ । यस्तो सूनसान ठाउँमा पनि को बस्ता रहेछन् ? हेर्नुपर्‍यो, भरे मीत नेत्रलाललाई छक्क पार्दै तिनका विषयमा भन्न पाइनेछ भन्ने विचारले कर्णकान्त त्यस होहल्लातिर गएछ । सर्प गुँडुल्किए जस्ता डाडाँहरूको फेदतिर जङ्गलको बीचमा एउटा सस्यानो खुला चौर रहेछ जसमा ठूल्ठूला रूखका मूढाहरू जोतेर आगो बाली त्यसका ओरिपरि राक्षसहरू नाचिरहेका रहेछन् । त्यो चौर एउटा असाध्यै राम्रो र ठूलो ओढारमा गएर ठोक्किएको रहेछ । राक्षसहरू त्यस ओढारको मुखबाट ह्वाताता पानी बगेजस्तै चौरतिर निस्कँदा रहेछन् ।

बडेमानको हात्ती एक्कासि त्यहाँ आइपुग्दा राक्षसले उफ्रँदै त्यसको छेउमा गएर हर्ष प्रकट गरेछ, "हाम्रा राजाले हिजो राति सपनामा हात्तीको मासु खाएको देखेका थिए, आज साँच्चै खान पाउने भए । हामीले पनि हात्तीको मासु चाख्न पाउने भयौं !"

"सपनामा जे देख्यो बिपनामा त्यही कहाँ पुग्छ र ?" कर्णकान्तले विरोध जनाएछ ।

"हामीले ढाँटेको होइन । हिंड, हाम्रा राजाको छेउमा गएर आफैं सोध" भन्दै बीस पच्चीस राक्षसहरूले कर्णकान्तलाई ठेलेर ओढारकै मुखतिर लगे ।

हात्ती देख्ने बित्तिकै राल चुहाउँदै सारा राक्षस केटाकेटीहरू तिघ्रा ठटाई ठटाई कराउन थाले, " आज हात्तीका चोक्टा चाख्न पाइने भयो, आज हात्ती खान पाइने भयो !"

राक्षसहरूको राजा पनि उज्यालो अनुहार लगाएर ओढार बाहिर आयो । हात्तीलाई धाप दिंदै उसले भन्यो, "संयोगको कुरो हो । म मेरा कर्मचारीहरूलाई हात्ती समातेर ल्याउन लगाउँदै थिएँ ।

तँ अफैं आइपुगिछस् । कुरो के भने मैले सपनामा हात्तीको मासु खाएको थिएँ र मेरो सपना जहिले पनि मिल्छ । तँलाई म अब काटकुट पार्न लगाएर खान्छु, बुझिस् नाङ्लाकाने !"

"मेरो नाउँ कर्णकान्त हो । मलाई कर्णकान्त भनेर बोलाउनुहोस् ।" कर्णकान्तले भन्यो ।

"कर्णकान्त होस् कि नाङ्लाकाने होस्, के फरक भयो र ? अब तैंले हाम्रा राजाको सपना पुऱ्याउनैपर्छ !" एउटा राक्षसले बीचैमा टिप्पणी गऱ्यो ।

"तबैतारे ! तैंले अब स्वादिलो चोक्टै चोक्टा हुनैपर्छ !" अर्काले थप्यो ।

"सपना त सपना हो, त्यो बिपना कसरी हुन्छ नि ?" कर्णकान्तले सोध्यो ।

"मैले देखेपछि सपना पनि बिपना हुन्छ, बुझिस् । मेरो सपना कहिल्यै खेर जाँदैन ।" राक्षसको राजाले जबाफ दियो ।

कर्णकान्तले धेरै तर्क गऱ्यो, धेरै बिन्ती गऱ्यो र धेरै बुझाउन खोज्यो, तर ढुङ्गा जस्तो हृदय भएका राक्षसहरूले पटकै मानेनन् । ती उसलाई मारेर खान्छौं खान्छौं भनेर कराइ नै रहे, उफ्री नै रहे ।

लाख बिन्ती गर्दा पनि कर्णकान्तको केही लागेन । उसले मनैंपर्ने भयो । अन्तिम अवस्थामा उसलाई आफ्ना परम स्नेही मीत नेत्रलालको सम्झना भयो । उसले भन्यो, "उसो भए मलाई मेरा मीत नेत्रलालसित गएर अन्तिम बिदा माग्न दिनुहोस् । उनसित बिदा भएर म सोझै यहीं फर्कन्छु, फरक पर्नेछैन ।"

राक्षसहरू मानेका थिएनन्, तर राक्षसको राजाले भनेछ, "हुन्छ, मर्नु भन्दा अगाडि तेरो साथीलाई भेटेर आइज । तर फर्कनु चाहिं पर्छ नि !"

"हवस् !" भनेर कर्णकान्त आफ्नो वासस्थानतिर लागेछ ।

धेरै तल आइपुगेपछि उसको जम्का भेट एउटा जरायोसित भएछ । त्यस जरायोसित कर्णकान्तले सोधेछ, "के सपना पनि बिपना जस्तै साँचो हुन सक्छ ?"

जरायोले कुरै नबुझी प्याच्च जबाफ दिएछ, "हुन्छ, किन नहुनु ?"

निकै बेरपछि उसले एउटा अर्नालाई चर्दै गरेको देखेछ र त्यसका छेउमा गएर भनेछ, "मलाई एउटा कुरो सोध्नु थियो ।"

"के ?" मुन्टो जुरुक्क उचालेर नाकका पोरा फुलाउँदै अर्नाले सोधेछ ।

"सपनामा देखेको कुरो बिपनामा पाइन्छ ?" कर्णकान्तले आफ्नो समस्यालाई अघि सारेछ । "किन नपाउनु नि ?" बोल्दा पनि पैसा पर्ला जस्तो गर्दै अर्नाले घाँस चबाउँदै भनेछ ।

यसरी कर्णकान्त हात्तीले जस जससित सोधेछ ती सबैले उसलाई निराशै पारेछन् । कसैले पनि सपना सपनै हो, त्यो पूरा हुन सक्तैन भनेर भनेनछन् ।

कर्णकान्तलाई बाँच्ने आशा नभएकाले उसको सम्पूर्ण फुर्ती सेलाएछ । नेत्रलाललाई आफ्ना मीतको दयनीय स्थिति देखेर असाध्यै माया लागेछ । उसले भनेछ, "मेरा प्यारा मीत, त्यसरी मर्नु भन्दा अगाडि नै खुट्टा तान्न तपाईं जस्ता वीरलाई सुहाउँदैन ।"

कर्णकान्तले आँखाभरि आँसु पारेर सुनाएछ, "म त अब जाने नै भएँ, मलाई त अब टुक्रा टुक्रा पारेर ती अलच्छिन राच्छेसहरूले हसुर्ने नै भए । तर तपाईं भने मलाई सम्झेर चिन्ता नगर्नुहोला । म अब जान्छु पनि ।"

नेत्रलाल कति चोटि कर्णकान्तको टाउकामाथि बसेर त्यस जङ्गलमा घुमेको थियो । एक ताकको कुरो हो । हाँगामा अड्किएर उसको पखेटाको फेदमा चोट लागेको थियो । कर्णकान्त लम्पसार परेर सुतिदिन्थ्यो र नेत्रलाल आफ्ना खुट्टाले बिस्तारी टेक्तै उसको टाउकामा चढ्थ्यो । अनि कर्णकान्त जुरुक्क उठेर साथीलाई यता र उता घुमाउन लान्थ्यो । नेत्रलालको पखेटाको फेदमा दुखिरहन्थ्यो, तर कर्णकान्तका मीठा मीठा कुराले गर्दा ऊ आफ्नो घाउलाई बिर्सन्थ्यो । दुई तीन महिना यसरी दुई मीत सँगसँगै घुमेपछि नेत्रलालको घाउ राम्रैसित निको भएको थियो ।

नेत्रलालले त्यसै कुरालाई सम्झेर भन्यो, "मीतज्यू, उडेर जाऊँ भने मैले राच्छेसहरू बस्ने ओढार देखेको छैनँ । देखिहालेंछु भने पनि तपाईं भन्दा अगावै म त्यहाँ पुगेर के काम ? हिंडेर जाऊँ भने चम्केको घोडाले त लम्केको हात्तीलाई भेट्न सक्तैन भने म जाबो लाटकोसेराले कसरी सार मिलाउन सक्नु ? मेरो घाउ हुँदा तपाईंले कसरी मलाई टाउकामा राखेर डुलाइहिंड्नुहुन्थ्यो ? सम्झना छ ? म त्यसै गरी तपाईंको टाउकामाथि थपक्क बस्छु र हामी दुवै ती राच्छेसहरूलाई भेट्न जाऔं । कसो ?"

"मैले पो फर्कने वाचा बाँधेको छु र म फर्कन्छु । तपाईं किन जाने हँ त्यहाँ ? मलाई जस्तै तपाईंलाई पनि तिनले काटेर खाए भने ? अहँ, मीतज्यू पर्दैन । तपाईं यहीं बस्नुहोस् । म मात्रै जान्छु ।" कर्णकान्तले लाटकोसेरालाई रोक्न खोज्यो ।

नेत्रलाल के मान्थ्यो ? उसले भन्यो, "एक त तिनले तपाईंलाई नै पनि खान पाउँदैनन् र तपाईंलाई खान नपाएपछि मलाई खाने कुरै उठ्तैन । लौ, तिनले तपाईंलाई खान पाएछन् रे । तपाईंलाई त्यसरी खाइसकेपछि मैले यस संसारमा किन बाँचिरहने ? बाँच्यौं भने दुवै बाँचौंला, मऱ्यौं भने पनि सँगसँगै दुवै मरौंला ।"

त्यसपछि ती दुई मीत आफ्नो प्यारो रूखलाई छाडेर राक्षसहरूको ओडारतिर लागेछन् । घन्टौं लगाएर ती दुई जना ओडारको मुखमा पुगेछन् । नेत्रलाल कर्णकान्तका टाउकामा झोक्राएर बसिरहेकाले त्यति लामो बाटोमा पनि ती दुईले कुनै बात मारेनछन् ।

हात्तीलाई लुरुलुरु फर्केको देखेर राक्षसहरूले घेरेछन् । राक्षसको राजाले बाहिर निस्केर भनेछ, "तैं त वचनको पक्का रहिछस् ।"

यतिन्जेल कर्णकान्तका टाउकामा नेत्रलाल मस्त निद्रामा परे जस्तो स्वाङ गरिरहेको रहेछ । राक्षसका राजाको आवाजले झसङ्ग भएर बिउँझे जस्तो गर्दै आँखा उघारेर उसले उच्च स्वरमा भनेछ, "खोइ, राक्षस राजकुमारी कहाँ छिन् ? यहाँ ल्याउनुपऱ्यो ।"



"किन ? किन हाम्री राजकुमारीलाई तेरा अगाडि ल्याउने हैं ?" एउटा भुस्तिघ्रे राक्षसले गर्जँदै सोधेछ ।

मसित बिहे गर्न नि, किन हुन्थ्यो ? भखरै मैले सपनामा तिमीहरूकी राजकुमारीलाई बिहे गरेको देखें ।" नेत्रलालले कुरा बनाएछ ।

"सिल्ली लाटकोसेरा ! सपनामा खोले खाएको भनेको यही हो । सपनामा तैंले हाम्री राजकुमारीलाई बिहे गरेको देख्तैमा बिपनामा बिहे गर्न पाउँछस्, मोरा !" राक्षसका राजाले राता राता आँखा पार्दै भनेछ ।

"उसो भए तपाईंले सपनामा हात्तीको मासु खाएको देख्नुभयो भन्दैमा मेरो मीतको मासु खान पाउनुहुन्छ त ? तपाईंले मेरा मीतको मासु खान पाउनुहुन्छ भने मैले पनि तपाईंकी छोरीसँग बिहे गर्न पाउनुपर्छ, बुझ्नुभो ?" उस्तै आँखा पारेर नेत्रलालले आफ्नो बलियो तर्क उभ्याएछ ।

सारा राक्षसहरू निल्ल भएछन् । 'हात्ती आयो हात्ती आयो, फुस्स !' भनेको यही हो भन्दै ती ओडार भित्रतिर गुरुरु पसेछन् ।

कर्णकान्त अब लमकलमक आफ्नो वासस्थानतिर आफ्ना मीत नेत्रलाललाई टाउकामा चढाएर फर्केछ । दुई मित्रहरू त्यसपछि धेरै धेरै वर्षसम्म सँगसँगै दुःख सुख बाँडेर बसेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेलामा तात्तातै मुखमा आइजाला ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

मित्रता	– साथीको व्यवहार
आहार	– भोजन, खानेकुरा
बेलीबिस्तार लगाउनु	– जम्मै बयान गर्नु
जगजगी	– बढ्ती
उल्लेख	– भनाइ
एमानको	– ज्यादै ठूलो, विशाल, अजङ्गको, बडेमानको
आतेस	– डर, त्रास
ढोई	– पोथी हात्ती
अभिन्न	– ज्यादै नजिकको र प्यारो
खग्रास पार्नु	– उडाउनु, खतम पार्नु
माया मार्नु	– बिर्सनु
छिप्पिनु	– बढ्दै जानु
सुईँको	– भेउ, पत्तो
अन्योल	– दोधार, दोमन
आँखा लाग्नु	– झपक्क निदाउनु
भुट्भुटिनु	– छट्पटिनु, व्यथित हुनु
गति	– वेग, चाल
आत्मीयता	– प्रेम, स्नेह
क्षमा	– माफी
वेदना	– पीडा, व्यथा, विरह
खप्पिस	– अनुभवी
गडतीर	– नदीको किनार
नागबेली	– सर्प झैं गुडुल्किएको
ओझेल पर्नु	– छेलिनु, छायामा पर्नु
कल्याङबल्याङ	– खैलाबैला, हल्ला, होहल्ला
मूढा	– बडेमानका रूखका टुक्राहरू
जोतेर	– ठोसेर, एकै ठाउँ भेला पारेर
बडेमानको	– औंघि ठूलो, विशाल
संयोग	– मौका, भाग्य
नाङ्लाकाने	– नाङ्ला जत्रा कान हुने
टिप्पणी गर्नु	– विचार पोख्नु, मत भन्नु

तबैतारे	- अँ, त्यो कुरो साँचो हो
स्नेही	- मायालु, प्यारो
अन्तिम	- पछिल्लो, पुछारको
जम्का भेट	- एकासिको भेट
वासस्थान	- बस्ने ठाउँ, घर
अर्ना	- जङ्गली भैंसी
नाकका पोरा	- नाकका प्वाल
चिन्ता गर्नु	- शोक मान्नु
अगावै	- अगाडि नै, पहिले नै
खुट्टा तान्नु	- लत्तो छोड्नु, हरेस खानु
वाचा बाँध्नु	- प्रतिज्ञा गर्नु, किरिया खानु
वचन	- दिएको बोली
जाबो	- महत्त्वहीन व्यक्ति, पाजी
राजकुमारी	- राजाकी छोरी
सार मिलाउनु	- नक्कल गर्नु, त्यसै त्यसै गर्नु
भुस्तिघ्रे	- ठूलठूला तिघ्रा भएको, बलियो न बलियो
सिल्ली	- फटाहा, धूर्त
निल्ल	- वाल्ल, जिल्ल, पक्क, जवाफै दिन नसक्ने स्थिति
तात्तातै	- झट्ट, तुरुन्तै

प्रश्नहरू

(क) तलका दुई मध्ये कुन चाहिलाई छानेर खाली ठाउँमा भर्नाले यस लोकथासित मेल खान्छ ?

(१) उहिले नेपाल तराई ..... भरिएको थियो ।
- अ. राक्षसै राक्षसले
- आ. घनघोर जङ्गलले

(२) वनदेवीको मन्दिरको छेउमा एउटा विशाल ..... थियो ।
- अ. रूख
- आ. चौर

(३) लाटकोसेराको नाउँ ..... थियो ।
- अ. कर्णकान्त
- आ. नेत्रलाल

(४) ..... ले राक्षसहरूको आहारा हुनुपर्ने भयो ।

अ. कर्णकान्त

आ. नेत्रलाल

(५) तर ..... जस्तो हृदय भएका राक्षसहरूले पटकै मानेनन् ।

अ. ढुंगा

आ. फलाम

(६) बोल्दा पनि पैसा पर्ला जस्तो गर्दै ..... ले घाँस चबाउँदै भनेछ ।

अ. अर्ना

आ. जरायो

(७) लाख ..... गर्दा पनि कर्णकान्तको केही लागेन ।

अ. बिन्ती

आ. प्रयत्न

(८) ती दुई मीत राक्षसहरूको ..... तिर लागेछन् ।

अ. वन

आ. ओढार

(९) लाटकोसेराले राक्षसहरूकी ..... लाई बिहे गर्छु भनेछ ।

अ. रानी

आ. राजकुमारी

(१०) लाटकोसेराको तर्क सुनेर सारा राक्षसहरू ..... भएछन् ।

अ. निल्ल

आ. आगो

(ख) तलका उखानहरूको अर्थ यस लोककथाको सहायताले लेख्नुहोस्-

(१) सपनामा खोले खाएको भनेको यही हो ।

(२) 'हात्ती आयो, हात्ती आयो, फुस्सा !' भनेको यही हो ।

(३) चम्केको घोडाले लम्केको हात्तीलाई भेट्न सक्तैन ।

(४) मर्नु भन्दा अगाडि नै खुट्टा तान्न सुहाउँदैन ।

(५) ऊ मरेको बिरालो काखी च्यापेर ठिमीको उकालो लागे जस्तै गरेर आएछ ।

(ग) लाटकोसेरो र हात्तीमा तपाईंलाई कुन चलाक जस्तो लाग्छ ? तर्क दिएर लेख्नुहोस् ।

(घ) यस कथाका राक्षसहरूको र तिनका वासस्थानको राम्रो बयान आफ्नै भाषामा गर्नुहोस् ।

(ङ) यस लोककथामा राक्षसहरूबाट आफ्नो मीतलाई बचाउन कस्तो बुद्धि कसले र कसरी लगायो भन्ने बारेमा एउटा लेख लेख्नुहोस् ।

निपात- ल, लौ, न, नि, नै, पो, र, रे, त, ता, है, खोइ, चाहिं, भने जस्ता शब्दहरूको खास माने हुँदैन । यी यस्ता शब्दहरू हुन् जसले वाक्यको अर्थलाई झन छर्लङ्ग पार्छन् र भनाइलाई स्वादिलो तुल्याउँछन् । यस्ता शब्दहरूलाई चिनाउँदा **निपात** भन्ने चलन छ । बात मार्दा यस्ता शब्दहरूले औधि नै काम दिन्छन् । नाटक, कथा, उपन्यास र हास्यव्यङ्ग्यमा यी नभई नहुने शब्द हुन् ।

नैले आफू भन्दा पहिलेको शब्दलाई जोड दिन्छ । जस्तै,

म **नै** घर जान्छु	(घर म जान्छु, अरू होइन)
म घर **नै** जान्छु	(म घर जान्छु, अरूतिर होइन)
म घर जान्छु **नै**	(म घर जान्छु, अरू केही गर्दिनँ)

नै लेख्ता पहिलो शब्दसित नटाँसी छुट्टै लेख्नुपर्छ, तर कति शब्दहरूसित यो छुट्टिनै नसकिने गरी गाँसिएको हुन्छ । जस्तै,

(१) पुछारमा व्यञ्जन हुने वा **अ, आ, ओ** र **नु** मा टुङ्गिने शब्दमा **नै** को रूप **ऐ** हुन्छ-

यस + नै = यसै	पोखरा + नै = पोखरै
हात + नै = हातै	खानु + नै = खानै
सँग + नै = सँगै	सानु + नै = सानै
बाट + नै = बाटै	बाटो + नै = बाटै
भान्सा + नै = भान्सै	कान्छो + नै = कान्छै

(२) **ए** मा टुङ्गिने शब्दमा **नै** को रूप **यै** हुन्छ-

भान्से + नै = भान्स्यै

मान्छे + नै = मान्छ्यै

ले + नै = ल्यै

(३) उमा टुङ्गिने शब्दमा **नै** को रूप **वै** हुन्छ-

गाउँ + नै = गावै

छेउ + नै = छेवै

तर, उ मा टुङ्गिने शब्दपछि कहिलेकाहीं र **इ, ई** र **ऐ** मा टुङ्गिने शब्दका पछि सधैं नै **नै** टाँसिदैन, जस्ताको त्यस्तै रहन्छ-

मासु नै रामु नै दिदी नै यति नै सधैं नै

बाबु नै साधु नै यहीं नै मति नै

पोले आशा गरे भन्दा बेग्लै भन्ने अर्थको छनक दिन्छ । जस्तै,
राम **पो** पहिले पुगेछ (आशा चाहिं अरू कोही पहिले पुग्ला भन्ने थियो)
रेले मलाई पछा त थाहा छैन तर यस्तो भनाइ छ भन्ने अर्थ बुझाउँछ ।
जस्तै, धनकुटामा अस्ति हिउँ पऱ्यो **रे** । भोजपुरमा कोशीको बाढीले सखाप पाऱ्यो **रे** ।

रे लोककथामा साहै राम्रो सुनिन्छ । **अज्ञात भूत** कालको प्रयोगसित ठाउँ ठाउँमा रे मिसाउँदा सुन्नेलाई कथा औघि चखिलो हुन्छ ।

खोइ वा **खै**ले कुनै कुराको खोजी गरेको तर नपाउँदा असन्तुष्टि भएको देखाउँछ । **त** वा **ताले** र **चाहिं** वा **भने**ले आफ्ना आफ्नै प्रकारले शब्दहरूलाई जोड दिने काम गर्छन् । र प्रश्नवाक्यको पुछारमा प्रयोग गर्दा शंका वा आश्चर्यको अर्थ लाग्छ । **न, है** र **लले** अनुरोध र **निले** चेतावनी वा दुःख प्रकट गर्छन् ।

अपूर्ण कालहरू- एको प्रत्ययले पूर्णता जनाए जस्तै **दै** (दो + नै) प्रत्ययले **अपूर्णता** वा भइरहेको भन्ने अर्थ जनाउँछ । **अपूर्ण वर्तमान** कालका रूपहरूँ धातुमा **दै** जोडेर **छ** का रूप चलाएपछि, **अपूर्ण भूत** कालका रूपहरू धातुमा **दै** जोडेर **थि**का रूप चलाएपछि र **अपूर्ण भविष्य काल**का रूपहरू धातुमा **दै** जोडेर **होला**का रूप चलाएपछि बनिन्छन् । जस्तै,

अपूर्ण वर्तमान-	म खेल्दै छु		हामी खेल्दै छौं
	तँ खेल्दै छस्	तँ खेल्दै छेस्	तिमीहरू खेल्दै छौ
	तिमी खेल्दै छौ	तिमी खेल्दै छ्यौ	
	ऊ खेल्दै छ	ऊ खेल्दै छे	उनीहरू खेल्दै छन्
	उनी खेल्दै छन्	उनी खेल्दै छिन्	
	तपाई (हरू) वा उहाँ	(हरू) खेल्दै हुनुहुन्छ	वा खेल्नुहुँदै छ
	हजुर (हरू) वा उहाँ	खेल्दै होइबक्सिन्छ	वा खेलिबक्सिंदै छ

अपूर्ण भूत-	म खेल्दै थिएँ		हामी खेल्दै थियौं
	तँ खेल्दै थिइस्		तिमीहरू खेल्दै थियौ
	तिमी खेल्दै थियौ		
	ऊ खेल्दै थियो	ऊ खेल्दै थिई	उनीहरू खेल्दै थिए
	उनी खेल्दै थिए	उनी खेल्दै थिइन्	
	तपाई (हरू) वा उहाँ	(हरू) खेल्दै हुनुहुन्थ्यो	वा खेल्नुहुँदै थियो
	हजुर (हरू) वा उहाँ	(हरू) खेल्दै होइबक्सिन्थ्यो	वा खेलिबक्सिंदै थियो

अपूर्ण भविष्य- म खेल्दै हुँला म खेल्दै हुँली हामी खेल्दै हौंला
तँ खेल्दै होलास् तँ खेल्दै होलिस् तिमीहरू खेल्दै हौला
तिमी खेल्दै हौला तिमी खेल्दै हौली
ऊ खेल्दै होला ऊ खल्दै होली उनीहरू खेल्दै होलान्
उनी खेल्दै होलान् उनी खेल्दै होलिन्
तपाईं (हरू) वा उहाँ (हरू) खेल्दै हुनुहोला वा खेल्नुहुँदै होला
हजुर (हरू) वा उहाँ (हरू) खेल्दै होइबक्सिएला वा खेलिबक्सिंदै होला

अकरण- माथिका **छ, थि** र **होला**का रूपहरूका उपयुक्त ठाउँमा **न** जोडेमा अपूर्ण वर्तमान, अपूर्ण भूत र अपूर्ण भविष्यका अकरण बन्छन् । जस्तै,

म खेल्दै छैनँ
हामी खेल्दै थिएनौं
तँ खेल्दै नहोलास्

यस पाठमा वर्णन गरिएका अपूर्ण कालहरूका क्रियाका कर्तासित **ले** लाग्दैन ।

वाक्पद्धति- कुनै शब्दहरूले सोझो अर्थ नबताएर विशेष अर्थको छनक दिए भने तिनलाई **वाक्पद्धति** वा **तुक्का** भन्ने चलन छ भनी हामीले चौथो पाठमै थाहा पाइसकेका छौं । यस पाठमा तलका **वाक्पद्धति** र **उखानहरू** परेका छन्-

उखान-
(१) हात्ती आयो, हात्ती आयो, फुस्सा !
(के के न होला भनेको त ह्वास्साक्क पर्नुपऱ्यो, केही भएन)
(२) सपनाको खोले खाएको भनेको यही हो ।
(औकातले नभ्याउने कुरा पाउन खोज्नु)
(३) चुच्चे ढुंगो उही टुंगो ।
(जे गरे पनि र जता गए पनि आफ्नो पदमा वा घरमा नफर्की धरै छैन)
(४) चम्केको घोडाले लम्केको हात्तीलाई भेट्न सक्तैन ।
(साधारण मान्छेले विशिष्ट व्यक्तिसित टेक लिन सुहाउँदैन)
(५) मरेको बिरालो काखी च्यापेर ठिमीको उकालो लाग्नु ।
(महत्त्वपूर्ण कामलाई पन्छाएर नचाहिंदो कुरो गर्नु)

वाक्पद्धति- कुरा दोचार्नु (बढीचढी गफ हाँक्नु) **वाचा बाँध्नु** (प्रतिज्ञा गर्नु), **कुरो उठ्नु** (प्रसंग चल्नु), **ज्यान दिनु** (सकेसम्म गर्नु), **माया मार्नु** (बिर्सनु), **रात छिप्पिनु** (रात बित्तै जानु), **सुईंको पाउनु** (पत्तो पाउनु), **अन्योलमा पीङ खेल्नु** (दोधारमा पर्नु), **आँखा लाग्नु** (निद्रा पर्नु), **बोलीवचन लगाउनु** (भनेर चित्त दुखाइदिनु), **बोल्दा पनि पैसा पर्ला जस्तो गर्नु**

(पटकै बोल्न नचाहनु), **फुर्ती सेलाउनु** (घमण्ड वा जोश घट्नु), **मर्नु भन्दा अगाडि खुट्टा तान्नु** (लत्तो छोड्नु, निराश हुनु), **माया लाग्नु** (मन पराउनु, प्रेम गर्नु), **सार मिलाउनु** (उसै उसै गर्नु, नक्कल गर्नु), **बात मार्नु** (बोल्नु, कुरा गर्नु) र **सपनामा खोले खानु** (हुनै नसक्ने र पुग्नै नसक्ने कुराको कल्पनामा मक्ख पर्नु)

(च) तल लेखिएका वाक्यद्धतिलाई राम्ररी अर्थ खुल्ने गरी आफ्ना वाक्यहरूमा प्रयोग गर्नुहोस्-
मर्नुभन्दा अगाडि खुट्टा तान्नु, माया मार्नु, बात मार्नु, ज्यान दिनु, कुरा दोचार्नु

(छ) तल लेखिएका शब्दहरूमा **नै** कसरी शब्दैमा गाँसिन्छ ? कि गाँसिदैन ? गाँसिनेमा शब्दैमा गाँसेर र नजोडिनेमा छुट्टै लेखेर **नै** सहित तलका शब्दहरू लेख्नुहोस्-

रगत	उत्साह	स्कूल	राजा
आमासित	बाजा	खाजा	आशा
टाउको	चोखो	काले	गोरे
मा	भोटे	जान्नु	मानु
सडक	ओखती	आमा	नाति
फोटो	जति	भनेको	रोएको
अमेरिका	मोहोर	रुपियाँ	जापान
च्याउ	चिली	जर्मनी	डोटी
भेउ	दार्चुला	धनकुटा	मोरङ
मीत	सुर्खेत	कोदारी	जसरी

(ज) तलका वाक्यहरूलाई पूरा गर्न शुद्ध उत्तर चाहिं छान्नुहोस्-

(१) हिजो अनल पाठशालामा
अ. पढेको छ
आ. पढेको थियो
इ. रोएको थियो
ई. रोएको छ

(२) आज सलिलले घरमा
अ. पढ्दै छ
आ. पढेको छ
इ. पढ्दै थियो
ई. पढ्दै होला

(३) हिजो मेरी आमाले भात
अ. पकाउँदै हुनुहुन्थ्यो
आ. पकाउँदै हुनुहुन्छ
इ. पकाउनु भएको थियो
ई. पकाउनु भएको होला

(४) आज चन्द्रलाल स्कूलको काममा

अ. लागेको थियो
आ. लागेको छ
इ. लाग्दै छ
ई. लागेको होला

(५) अचेल धेरै असिना

अ. परेको थिएन
आ. परेको होला
इ. पर्दै होला
ई. परेको छ

(झ) नमूना देखाए बमोजिम तलका प्रश्नका उत्तरहरू लेखी वाक्यहरू बनाउनुहोस्-

नमूना : प्रश्न - हिजो तिमीले भात किन खाएनौ ?
कपाल दुख्नु - मेरो कपाल दुखेको थियो
रोटी खानु - मैले रोटी खाएको थिएँ

राम अस्ति राति किन रोयो ?
अ. उसलाई रविले कुट्नु
आ. ऊ कामबाट निकालिनु
इ. उसको रेडियो हराउनु
ई. उसकी प्रेमिका मर्नु
उ. ऊ फेल हुनु
ऊ. उसको किताप च्यातिनु
ए. उसलाई विरह चल्नु
ऐ. उसको हात मर्किनु
ओ. उसले चिताएको कुरो नपुग्नु
औ. उसको घर भत्कनु

(ञ) तलका मुख्य क्रियाहरूलाई **अपूर्ण वर्तमान**, **अपूर्ण भूत** र **अपूर्ण भविष्य**का **करण** र **अकरण** दुवै रूपहरूमा फेर्नुहोस्-

दस बज्छ । अनल कुर्सीबाट उठ्छ र आङ तान्छ । उसलाई भोक लाग्छ । ऊ हतार हतार मुख धुन्छ, कपाल कोर्छ र लुगा फेरेर बाहिर निस्कन्छ । ऊ सरासर भोजनालयतिर जान्छ । भोजनालयभित्र पसेर एउटा कुर्सीमा बस्तै ऊ फुल, पाउरोटी र चिया मगाउँछ अनि कुपुकुपु खान्छ । खाइसकेपछि पैसा तिरेर ऊ सटासट पुस्तकालय जान्छ । पुस्तकालयमा उसको भेट आफ्नै भाइ सलिलसित हुन्छ । सलिल र ऊ मिलेर नेपालीका शिक्षकलाई भेट्छन् । शिक्षक तिनलाई पढाउन राजी हुन्छन् । ती दाजुभाइ अति खुशी हुन्छन् ।

२३. नेपालका जनता र नेपाली भाषा

नेपालको क्षेत्रफल झन्नै छपन्न हजार वर्गमाइल छ । यसको धेरजसो उत्तरी भाग हिउँले ढाकिएको छ । मध्य भाग पहाड र उपत्यकाहरूले बनेको छ । दक्षिणमा तराई क्षेत्र छ । भौगोलिक कारणले गर्दा उत्तरपट्टि उति मानिसहरू बसेका छैनन् । दक्षिणको तराई सम्म भूमि हो । त्यहाँ ज्यादै गर्मी हुन्छ । चारकोसे झाडी पनि त्यहीं छ । पहिले पहिले त्यहाँ औलाको ठूलो डर हुन्थ्यो । तर अब औलो उन्मूलन भएकाले त्यस क्षेत्रको जनसङ्ख्या बढ्न थालेको छ । त्यसो भए तापनि नेपालका बढी जनता बीच भागमै बसोबास गर्छन् । धेरजसो भाग पहाड छ । यस देशको जनसङ्ख्या अन्दाजी पौने दुई करोड मात्र छ । तर जतिसुकै सानो मुलुक र थोरै जनता भए पनि यहाँ थरी थरीका वर्गहरू परस्परमा असाध्य मिलेर बसेका छन् ।

बाहुन र छेत्रीहरू मुलुकैभरि छरिएर बसेको पाइन्छ । यस वर्गलाई पहिले खस भन्ने चलन थियो । त्यसै हुनाले तिनले बोल्ने भाषालाई खस भाषा भनिन्थ्यो । अचेल यस भाषाको नाउँ नेपाली रहेको छ । यो वर्ग वर्णाश्रम धर्ममा अडिएकाले यसमा हिन्दू जातभातको प्रथा पाइन्छ । बाहुनहरू पुरेत्याइँ गर्छन्, खेतीपाती गर्छन् र अड्डाअदालतमा नोकरी गर्छन् । ठकुरीहरू पहिलेका राजारजौटाहरूका सन्तान हुन् । ती सेनामा, निजामती जागिरमा र खेतीपातीमा लागेका छन् । छेत्रीहरू सेनामा, प्रहरीमा र सरकारी नोकरीमा लागेका, खेतीपातीमा डुबेका र कतै कतै बेपारतिर झुकेका पनि भेटिन्छन् । सन्यासीहरू खेतीपाती गर्छन् । ती वर्षको एक पल्ट माग्न पनि निक्लन्थे । अचेल शिक्षा, यातायात र बेपारको उन्नति हुँदै गएकाले बाहुन, ठकुरी, छेत्री र सन्यासीहरू उद्योगधन्दा, बन्दबेपार र शिक्षण व्यवसायमा पनि पसेका छन् । कामी, दमाई, सार्की र गाइने जस्ता समाजका अति महत्त्वपूर्ण अंगलाई उचित सम्मान गरिंदैनथ्यो ।

तर नयाँ मुलुकी ऐन लागू भएपछि जातका आधारमा कुनै नेपालीलाई पनि होच्याउन पाइँदैन । सबै नेपाली बराबर हुन् भन्ने विचार बिस्तारी बिस्तारी बढ्दै गएको छ । कामीहरू फलाम, चाँदी, सुन आदि धातुका हातहतियार र गरगहना बनाउँछन् । दमाईहरू लुगा सिउने र बिहेबटुलामा बाजा बजाउने गर्छन् । सार्कीहरू छालाका काम गर्छन् भने गाइनेहरू सारंगी रेट्तै गीत गाएर जीविका चलाउँछन् ।

नेपालको अर्को वर्ग तराईमा बस्छ । यस वर्गले मैथिली, भोजपुरी, अवधी, बंगाली आदि भाषाहरू बोल्छ । यो पनि हिन्दू धर्म मान्ने वर्ग हो र यसमा पनि जातविभाजन हुन्छ । ब्राम्हण, राजपूत, वैश्य र शूद्रका चार जातभित्र सस्याना उपजातहरू यसमा पनि पाइन्छन् । ब्राम्हण, राजपूत र वैश्य खेतीमा, बेपारमा र नोकरीमा तथा शूद्र ज्यालादारी काममा लागेका छन् ।

शेर्पाहरू पूर्वउत्तरमा बस्छन् । शेर्पाहरूको आफ्नै भाषा छ । जो तिब्बतबर्माली शाखामा पर्छ । शेर्पाहरू हिउँका चुचुराहरू चढ्नामा संसारभरि प्रख्यात छन् । ती बेपार गर्नामा पनि निपुण छन् । उनीहरू बौद्ध धर्मी हुन् ।

मगरहरू पश्चिम पहाडी क्षेत्रमा छन् । उत्तरका मगर बौद्ध धर्म मान्छन् भने दक्षिणकाहरू हिन्दू धर्मद्वारा प्रभावित छन् । तिनको आफ्नै भाषा छ । खसहरूसित मगरहरू नै बढी मिसिएका छन् । त्यसैले मगर र छेत्रीका धेरै थर मिल्छन् । थापा र बूढाथोकी थर मगर र छेत्री दुवैमा पाइन्छन् । मगरहरू नेपाली सेनामा मात्र होइन बेलाइती र भारतीय सेनामा पनि जागिर खान्छन् ।

गुरुङहरू पनि पश्चिममै छन् । ती पनि बौद्ध र हिन्दू दुवै धर्म मान्छन् । तिनको आफ्नै भाषा छ । गुरुङहरू र मगरहरू सेनामा समान रूपले प्रख्यात छन् । मगर र गुरुङहरू पूर्वी नेपालतिर पनि पाइन्छन् ।

तामाङहरू पहाडी नेपाली जातिमा खसहरू पछि सबै भन्दा बढी सङ्ख्यामा छन्, तर तिनको स्थिति अरूको भन्दा नराम्रो छ । शिक्षा र बेपारमा ती अरू भन्दा धेरै पछि परेका छन् । काठमाडौं उपत्यकाको छेवैमा भए पनि तामाङहरूले आफूलाई उँभो उठाउन सकेका छैनन् । तिनको पनि आफ्नो भाषा छ । ती बौद्ध धर्म मान्दछन् र आफ्नो गुम्बालाई घ्याङ भन्छन् ।

नेवारहरू काठमाडौं उपत्यकाका निवासी हुन् । आर्य र मंगोलका अनेकौं हाँगासित इतिहासमा तिनको प्रशस्त सम्पर्क भएको देखिन्छ । तिनमा जातविभाजन पनि छ । तिनको भाषा पनि गुरुङ, तामाङ र मगरहरूका भाषाहरू जस्तै तिब्बतबर्माली शाखाभित्र नै पर्छ । धर्म भने आधाले हिन्दू र आधाले बौद्ध मान्छन् । नेवारहरू कलाकौशलका लागि विख्यात छन् । ती चतुर बेपारी पनि भएकाले देश भरिका बेपार केन्द्रहरूमा छरिएका छन् ।

पूर्वी पहाडको मध्यमा राईहरू र सुदुर क्षेत्रमा लिम्बूहरू छन् । यी दुवै किराँती हुन् । राईहरूका गावैपिच्छेका भाषा छन् । लिम्बूहरूको आफ्नै भाषा छ । राईलिम्बूहरू सोझा र बलिया हुन्छन् । खेतीपाती र सेनामा ती राम्रो काम गर्न सक्छन् ।

अरू सस्याना वर्गहरूमा तराईका थारू, धिमाल, सतार, कोचेमेचे र झाँगड तथा पहाडका सुनुवार, थकाली, जिरेल, क्रागते, लेप्चा, चेपाङ, हायु, दनुवार, तिब्बती, थामी, माझी, कुसुन्डा र राउट्या पर्छन् । कुसुन्डा र राउट्या जंगली अवस्थामा पश्चिमी पहाडमा छन् । धेरजसो तराईमा र थोरजसो पश्चिमी पहाड र काठमाडौंमा केही मुसलमानहरू पनि छन् ।

यी सबै जातिले आफ्ना मातृभाषा बोले पनि नेपाली भाषा चाहिँ सबैजसोले जान्दछन् ।

नेपाल भाषाका दृष्टिले धनी छ । यहाँ विश्वका चार ठूलाठूला भाषिक परिवारभित्र पर्ने भाषाहरू बोलिन्छन् ।"ती चारलाई भारोपेली (वा आर्य) परिवार, द्रविड परिवार, तिब्बतचिनियाँ परिवार र आग्नेली (वा आग्नेय) परिवार भन्ने चलन छ ।"

द्रविड परिवारको मूल थलो दक्षिण भारत हो । तेलुगु, तामिल, मलयालम र कन्नड जस्ता सम्पन्न भाषाहरू दक्षिण भारतमा बोलिन्छन् । तिनको एउटा सानो हाँगो नेपालमा पनि छ र त्यो हो पूर्वी तराईस्थित झाँगडहरूले बोल्ने भाषा । झाँगड भाषा बोल्नेहरू दस हजार जति छन् ।

आग्नेली परिवारको सानो हाँगो नेपालका सतारहरूले बोल्ने भाषा पनि हो । सतारहरू झापा र मोरङमा थोरै संख्यामा छन् ।

तिब्बतचिनियाँ महत्त्वपूर्ण भाषिक परिवार हो जसको तिब्बतबर्माली शाखा नेपालमा पाइन्छ ! यसभित्र नेवारी, मगराँती, किराँती भाषाहरू (राई, लिम्बू, क्रागते, लेप्चा), सुनुवार, तामाङ, गुरुङ, जिरेल, थामी, चेपाङ, शेर्पा, तिब्बती, थकाली आदि पर्छन् । नेपालभित्र यस शाखाका भाषा बोल्नेहरूको संख्या पुग नपुग तेह्र प्रतिशत छ ।

भारोपेली परिवार युरोपदेखि भारतको पूर्वी कुनासम्म फैलिएको छ । यसमा अंग्रेजी, फ्रान्सेली, जर्मनेली, ग्रीसेली, रुसी, इरानी, हिन्दी जस्ता भाषा पर्छन् । नेपालका संस्कृत, प्राकृत जस्ता प्राचीन भाषा र नेपाली, मैथिली, भोजपुरी, अवधी, राजवंशी आदि आधुनिक भाषाहरू भारोपेली वा आर्य परिवारका हुन् । हाम्रो मुलुकमा भारोपेली वा आर्य परिवारका भाषा बोल्ने जनता त्रियासी प्रतिशत छन् । यस परिवार भित्रको नेपाली भाषालाई मातृभाषाका रूपमा बोल्ने मात्रै जनता पनि नेपालभित्र साठी प्रतिशत छन् । विभिन्न समुदायको माध्यम भाषा पनि नेपाली नै छ । "यसरी नेपाली भाषा सबैको साझा भएकाले नै राष्ट्रभाषा मानिएको हो" ।

नेपालको राष्ट्रभाषा नेपालीको विकास संस्कृतका विभिन्न भाषिकाहरूबाट हुँदै आएको हो । आजको नेपाली भाषामा विज्ञान, प्रविधि, साहित्य, प्रशासन, उद्योग र वाणिज्य जस्ता अनेकौं नयाँ नयाँ क्षेत्रहरूका लागि संस्कृतबाट प्रशस्त शब्दहरू लिइएका छन् । विश्वसित सम्पर्क बढ्दै जाँदा अंग्रेजी जस्तो अन्तर्राष्ट्रिय भाषाको समेत नेपालीमा प्रभाव पर्न थालेको छ । रेडियो, टेलिभिजन, टेलिफोन, क्यासेट, कोट, टाई, भीडियो, इन्च, ड्राइभर, मोटर, ट्रक, स्कूल, कलेज, फोटो, मास्टर जस्ता अनेकौं शब्द अंग्रेजीबाट नेपालीमा आएका छन् । अंग्रेजी वा हिन्दी जस्ता बाहिरी भाषाहरूबाट होस् वा संस्कृत वा प्राकृत जस्ता हाम्रै पुराना भाषाहरूबाट होस् अथवा नेवारी, गुरुङ, राई, लिम्बू, मैथिली, भोजपुरी, तामाङ, आदि जस्ता हाम्रै देशभित्रका जनताका मातृभाषाहरूबाट होस् नेपालीले आफ्ना आवश्यकता पूरा गर्न शब्दहरू सापटी लिनैपर्ने हुन्छ र लिएको पनि छ । अरू भाषाहरूबाट शब्द सापटी नलिई कुनै भाषा पनि सम्पन्न हुन सक्तैन । त्यसो भए तापनि यसको भित्री स्वरूप वा व्याकरण भने उही नै रहन्छ, फेरिदैन ।

नेपालमा विभिन्न समुदायहरू भए झैं ती समुदायका बेग्लाबेग्लै मातृभाषाहरू पनि छन् । हाम्रो मुलुकमा समृद्ध साहित्य भएका र लेखिएका भाषाहरूमा नेपाली, नेवारी, मैथिली, तिब्बती र संस्कृत प्रसिद्ध छन् । नेपालमा आज बोलिने मातृभाषाहरूमा नेपाली, मैथिली, भोजपुरी, तामाङ, अवधी, नेवारी, गुरुङ, मगर, राई, लिम्बू, चेपाङ, राजवंशी (कोचेमेचेको भाषा), सुनुवार, जिरेल, लेप्चा, झाँगड आदि अनेकौं छन् । भित्री तराईमा यथेष्ट संख्यामा बसोबास गरेका थारूहरू मैथिली, भोजपुरी, अवधी भाषाहरू र तिनका भाषिकाहरू बोल्छन् । राईहरूका गावैंपिच्छेका बेग्लाबेग्लै भाषा भए जस्तै वा पूर्वमा बस्ने मगर र पश्चिममा बस्ने मगरका दुई बेग्लै भाषा भए जस्तै झापाको थारूले दाङको थारूसित भेट्ता वा पाँचथरको लिम्बूले पाल्पाको मगरसित बोल्नुपर्दा नेपालीको प्रयोग गर्नैपर्छ । नेवारहरूको नेवारी मातृभाषा छ, तर तिनले महोत्तरीका मैथिलीभाषीसित, गोर्खाका गुरुङसित र झापाका झाँगडसित बेपार गर्नुपर्दा नेपालीमै बोल्नुपर्ने हुन्छ । यसरी नेपाली भाषा इतिहासको धेरै अघिदेखि नै विभिन्न मातृभाषा हुने नेपालीहरूको सम्पर्कको, सद्भावनाको र स्नेहको सूत्र हुँदै आएको छ । यसरी राष्ट्रिय एकताको सर्वोपरि साधन भएकैले नेपाली नेपालको राष्ट्रभाषाका रूपमा प्रतिष्ठित भएको हो ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

क्षेत्रफल	- ढाकेको सम्पूर्ण इलाका
मध्य	- बीच
क्षेत्र	- इलाका
भौगोलिक	- भूगोलको, जमीनको
झाडी	- बाक्लो जङ्गल
औलो	- लामखुट्टेले ओसार्ने साह्रै डरलाग्दो जरो, तराईका बाक्ला जङ्गलहरूका छेउछाउको गर्मीमा हुने रोग
उन्मूलन हुनु	- हटाइनु, निर्मूल गराइनु
परस्परमा	- आपसमा, आफू आफूमा
वर्णाश्रम धर्म	- हिन्दूहरूको पुरानो चालचलन जसमा पच्चीस वर्षको हुन्जेल बिहे नगरी पढ्ने, त्यसपछि बिहे गरेर घरगृहस्थी चलाउने, अलिक बूढो भएपछि हरिभजनमा लाग्ने, दान दिने र मर्ने मर्ने वेलामा वनतिर लाग्ने गरिन्थ्यो
रजौटा	- सस्याना राजा
यातायात	- आवतजावत
शिक्षण	- पढाउने, सिकाउने, शिक्षा दिने
व्यवसाय	- पेशा, काम
जीविका	- पेटपालो
वर्ग	- समूह, सम्प्रदाय
विभाजन	- बाँडफाँट
उपजात	- जात भित्रको जात
प्रख्यात	- प्रसिद्ध, नाउँ चलेको
निपुण	- दक्ष, चलाक
बौद्ध धर्मी	- बुद्धले चलाएको धर्म मान्ने
प्रभावित	- असर परेको
स्थिति	- अवस्था, हालत
प्रशस्त	- धेरै
सम्पर्क	- हेलमेल, भेटघाट
कलाकौशल	- कालिगढी

विख्यात	- प्रख्यात, प्रसिद्ध
केन्द्र	- पाइक पर्ने बीचको ठाउँ
प्रधानता	- धेरै प्रभाव, राम्रो स्थिति
सुदूर	- निकै टाढा
गावैंपिच्छेका	- हरेक गाउँका
प्रतिशत	- सयकडा
भाषिका	- एउटै भाषाभित्रको उपभेद
वाणिज्य	- बेपार
सम्पर्क	- भेटघाट, सम्बन्ध, बसउठ
अन्तर्राष्ट्रिय	- समस्त विश्वसित सम्बन्ध राख्ने, राष्ट्र राष्ट्रका बीचको
सापटी	- ऋण, रिन, पैंचो
सम्पन्न	- धनी, समृद्ध
स्वरूप	- आकृति, अनुहार, चित्र, नक्सा
विभिन्न	- बेग्लाबेग्लै, विविध, थरी थरीको
समुदाय	- वर्ग, सम्प्रदाय, जाति
सद्भावना	- राम्रो भावना, शुभकामना, असल धारणा
माध्यम	- साधन, बीचमा काम गर्ने, हेलमेल गर्न सघाउने
सूत्र	- धागो, डोरी
मूल थलो	- मुख्य ठाउँ, माउथलो
शाखा	- हाँगो, विभाग
सर्वोपरि	- सबै भन्दा बढी, सबैभन्दा माथिको
प्रतिष्ठित	- सम्मान पाएको, आदर गरिएको

(क) तलका वाक्यहरूमध्ये कुन साँचा र कुन चाहिँ झूटा हुन् ? हरेक वाक्य सारेर उदाहरणमा देखाएकै तरीकाले साँचो वा झूटो लेख्नुहोस् ।

उदाहरण- वाक्यः नेपालको उत्तरी भाग हिउँले ढाकिएको छ ।
-साँचो ।

वाक्यहरू

(१) नेपालको उत्तरी भागमा धेरै मानिस बस्छन् ।
(२) तराईमा औलाको डर हुन्थ्यो ।
(३) मगरहरूलाई खस भन्ने चलन छ ।
(४) सार्कीहरू छालाका जुत्ता बनाउँछन् ।
(५) बाहुनहरू लुगा सिउने काम गर्छन् ।

(६) दमाईहरू पुरेत्याईं गर्छन् ।
(७) पश्चिम पहाडी क्षेत्रमा मगरहरू बस्छन् ।
(८) तामाङहरू बेपार र कलाकौशलका लागि प्रख्यात छन् ।
(९) शिक्षामा नेवारहरू अघि बढेका छन् ।
(१०) तराईका नेपालीहरू सेनामा काम गर्छन् ।

(ख) प्रश्न (क) का केही वाक्य झूटा छन् । ती झूटा वाक्यलाई तलको उदाहरण जस्तै साँचा पार्नुहोस्-

उदाहरण- **झूटो वाक्य :** सन्यासीहरू हिउँका चुचुराहरू चढ्नामा संसारभरि प्रख्यात छन् ।
साँचो वाक्य : शेर्पाहरू हिउँका चुचुराहरू चढ्नामा संसारभरि प्रख्यात छन् ।

(ग) तलका प्रश्नहरूका छोटा उत्तर लेख्नुहोस्-

१. बाहुनछेत्रीहरू कुन भागमा बसेका छन् ?
२. ठकुरीहरू को हुन् ?
३. वर्षको एकपल्ट माग्न भनेर को निक्लन्थे ?
४. शेर्पाहरू पहाड चढ्नु बाहेक के कुरामा निपुण छन् ?
५. तराईका राजपूत के गरेर जीविका चलाउँछन् ?
६. झन्नै आधाजसोले हिन्दू धर्म र आधाजसोले बौद्ध धर्म मान्ने नेपाली वर्गहरू कुन कुन हुन् ?
७. नेपालमा बोलिने चार भाषिक परिवारहरू कुन कुन हुन् ?
८. चेपाङ भाषा कुन परिवारमा पर्छ ?
९. नेपाली र राजवंशीमा कुन चाहिं भारोपेली परिवारमा पर्दैन ?
१०. सतार र झाँगड समुदायका मिल्दा कुराहरू के के हुन् ?

(घ) नेपाली भाषालाई हाम्रो राष्ट्रभाषा मान्ने कारणहरू राम्रोसित खुलाई एउटा विवेचनात्मक लेख लेख्नुहोस् ।

(ङ) नेपाली भाषाका विशेषताहरूको बखान गर्नुहोस् ।

व्याकरण

कारक- वाक्यमा भएका मुख्य क्रियासित सम्बन्ध राख्ने संज्ञा वा सर्वनाम नै **कारक** हुन् । यी संज्ञा वा सर्वनामसित **ले, लाई, बाट, देखि, को, मा** जस्ता **अनुसर्गहरू** पनि ठाउँ र अर्थ हेरी लाग्छन् । यस्ता अनुसर्गलाई **विभक्ति बुझाउने शब्द** भन्ने चलन छ । **अनुसर्गहरू** जहिले पनि संज्ञा वा सर्वनामका पछिल्तिर एकै ठाउँ जोडाएर लेखिएका हुन्छन् ।

एक थरी विद्वान् अष्टमी विभक्ति (सम्बोधन- हे, ए !) लाई समेत लिएर आठ प्रकारका कारक मान्छन् । तर धेरैजसोका मतमा भने कारक सात प्रकारका छन् : **कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध** र **अधिकरण** । यिनलाई पालैसँग **प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी** र **सप्तमी** भन्ने विभक्तिहरूद्वारा चिनाइन्छ । जस्तै,

कारक	विभक्ति	अनुसर्ग
कर्ता	प्रथमा	ले
कर्म	द्वितीया	लाई
करण	तृतीया	ले, बाट
सम्प्रदान	चतुर्थी	लाई
अपादान	पञ्चमी	देखि, बाट
सम्बन्ध	षष्ठी	को, का, की
अधिकरण	सप्तमी	मा

माथि हेर्दा **कर्ता** हुने संज्ञा वा सर्वनामसित **ले** र **कर्म**सित **लाई** लाग्ने कुरो बुझिन्छ । तर **कर्ता**सित सधैं नै **ले** र **कर्म**सित सधैं नै **लाई** लाग्दैन ।

कर्ता- कर्ता भनेको मुख्य क्रियासित लिङ्ग, पुरुष, वचन र कालसित मिल्ने संज्ञा वा सर्वनाम हो । वाक्यमा कर्ताको मुख्य भूमिका हुन्छ । जस्तै,

(१) **राम** बजार जान्छ ।
(२) **हरि** सुत्यो ।
(३) **सीताले** सुन्तला किनिन् ।

माथिका वाक्यहरूमा **राम, हरि** र **सीता** कर्ता हुन्, तर **ले** भने **सीता**सित मात्रै लागेको छ ।

कर्म- जे काम भएको छ, त्यो बुझाउने **कर्म** कारक हुन्छ । जस्तै,

रामले **गीत** गायो ।

करण- कर्तालाई सहयोग दिने वा कर्ताको हतियार बुझाउने **करण** हो । **करण**मा पनि **ले** लाग्छ । जस्तै,

मैले **कलमले** लेखें ।

सम्प्रदान- जसका लागि केही काम गरिन्छ, त्यो **सम्प्रदान** हुन्छ । यसमा **लाई** लाग्छ । जस्तै,

मैले **भाइलाई** कलम दिएँ ।

यस वाक्यमा **भाइ** सम्प्रदान र **कलम** कर्म हुन् ।

अपादान- कुनै ठाउँ, वस्तु वा प्राणीसित छुट्टिएर आएको भन्ने बुझाउनुपर्दा अपादान प्रयोग गरिन्छ । जस्तै,

रूखबाट फल खस्यो ।

सम्बन्ध- यसमा एउटा संज्ञा वा सर्वनामको अर्का संज्ञासितको सम्बन्ध देखाइन्छ । **को** (स्त्रीलिङ्गी एक वचनमा **की** र उभयलिङ्गी बहुवचनमा **का**) प्रयोग गरिने हुनाले पहिलो संज्ञा वा सर्वनामको सोझो सम्बन्ध क्रियासित हुँदैन । जस्तै,

मेरो छोरो
रामको किताप

अधिकरण- वाक्यमा आधार बुझाउने संज्ञालाई **अधिकरण** भन्ने चलन छ । जस्तै,

घरमा पैसा छ ।
काठमाडौंमा जाडो छ ।

केही अनुसर्गहरू

ले- लेलाई पाँच किसिमले प्रयोग गर्न सकिन्छ । जस्तै,

(१) **सकर्मक** क्रियाको **साधारण भूत** र **एको**मा टुङ्गिने सबै **पूर्ण काल**हरूमा लाग्ने कर्तासित **ले** सधैं नै लाग्छ । (अरू कालमा भने पहिलो र दोस्रो पुरुषमा बाहेक अरू ठाउँमा सकर्मक क्रियाको कर्तासित **ले** लगाए पनि हुन्छ, नलगाए पनि हुन्छ ।) जस्तै,

रामले धेरै सुन्तलाहरू **खायो** ।
रामले धेरै **पढेको छ** ।

(२) हतियार वा काम गर्न सहयोग गर्ने वस्तुसित पनि **ले** लाग्छ-

हरिले **चम्चाले** भात खाए ।
म **कलमले** नै लेख्छु ।

(३) भाववाची संज्ञासित **कारणले** भन्ने अर्थ बुझाउँदा पनि **ले** लाग्छ-

हरिमाया **खोकीले** ग्रस्त भइन् ।
हीरालाल बिचरो असीम **वेदनाले** धुरुधुरु रोयो ।

(४) **कारणले** भन्ने अर्थ बुझाउन **ना** र **एका** (वा **एको**) मा टुङ्गिने असमापक क्रियासित पनि **ले** लाग्छ-

पानी **पर्नाले** हिलो भयो ।
आज शनिवार **हुनाले** स्कूल बन्द छ ।
हरिहर बाहुन **भएकाले** मासु खाँदैनन् ।

(५) भाववाची संज्ञासित तरीका बुझाउने क्रियाविशेषण (अव्यय) बनाउँदा **ले** लाग्छ-

मजाले बोल्नुहोस् न ।

म **आरामले** बसेको छु ।

यस खालका प्रयोगमा **ले**का ठाउँमा **सित** वा **सँग** लगाए पनि हुन्छ-

मजासित बोल्नुहोस् न ।

म **आरामसँग** बसेको छु ।

बाट र **देखि**- दुवै अनुसर्गले कुनै स्रोत देखि छुट्टिएर आएको अर्थ बताउँछन्, तर **बाट** र **देखि** दुवैले **ठाउँ** छाडेर आएको बताए पनि **देखि**ले मात्र **समय** छाडेर आएको बुझाउँछ । **समय** छाड्ने काममा **बाट** लाग्दैन । जस्तै,

(१) अ. म हिजो यहाँ **विराटनगरबाट** आएँ ।

आ. म हिजो यहाँ **विराटनगरदेखि** आएँ ।

(२) **आइतवारदेखि** पढ्न थाल्छु । (**बाट** लाग्दैन)

(३) हरि **हिजोदेखि** कपाल दुखेर सुतेको छ । (**बाट** लाग्दैन)

(४) भरे पाँच **बजेदेखि** जात्रा शुरु हुन्छ । (**बाट** लाग्दैन)

बाट कर्मवाच्यमा पनि प्रयोग हुन्छ । जस्तै,

कर्तृवाच्य- **म** भात खान्छु ।

कर्मवाच्य- **मबाट** भात खाइन्छ ।

(च) तलका खाली ठाउँमा **बाट** र **देखि**मा जुन उपयुक्त हुन्छ लगाउनुहोस्-

(१) मीठा गीतहरू सिद्धहस्त गायक ..... मात्र गाइन्छन् ।

(२) म पोखरा ..... धुनीबेंसीसम्म बस ..... आएँ ।

(३) पाँच वर्ष ..... मेरो भाइ पाल्पामा बसेको छ ।

(४) हरिले उसका खित्रिङमित्रिङ रेल ..... पठायो ।

(५) उस ..... आँप खाइँदैन ।

(६) छ बजे ..... अनल पढेको पढ्यै छ ।

(७) इलाम ..... हिंडेको यात्री डँडेलधुरासम्म पुगेछ ।

(८) जस ..... जे हुन सक्छ त्यस ..... त्यही हुनुपर्छ भन्ने भनाइ उहिल्यै ..... चलिआएको छ ।

(९) छ ..... पाँच झिक्यो भने कति रहन्छ ?

(१०) अस्ति ..... पानी परेको छ परेको छ ।

(छ) तलका हरेक वाक्यमा दिइएका अनुसर्गहरू मध्येबाट सुहाउँदा चाहिं छानेर रित्ता ठाउँ भर्नुहोस्-

(१) देवीदत्तले यो किताप हरिलाल ..... लिए । (**लाई, बाट, को**)

(२) म सबै मित्रहरू ..... सल्लाह गर्छु । (**लाई, बाट, सित**)

(३) तिमी आफ्नो भाइ ..... कथा सुनाऊ ।(**देखि, ले, लाई**)

(४) मीना बाघ ..... डराउँछे । (**बाट, देखि, ले**)
(५) शुक्रवार ..... लामो बिदा छ । (**देखि, बाट, लाई**)

(ज) तलका मोटा अक्षर भएका शब्दहरूको कारक पत्ता लगाउनुहोस्–

(१) **लेखकको छोरो** लेखकै हुन्छ र ?
(२) पन्ध्र **दिनमा** यो **काम** बन्छ, नभए **मेरो कान** काटिदिनू ।
(३) **मैले बाटो** देखाएपछि **त्यस पाजीले** उन्नति गरेको न हो ।
(४) **उसलाई मैले** के दिइनँ ?
(५) **धरानबाट** ल्याएको **नोकर केटो** एकदम फुर्तिलो छ ।
(६) **रामकी बहिनीले खसीको** मासुसित तीन थाल **भात** ठटाई ।
(७) **तैंले हातैले** खानुपर्थ्यो र ?
(८) **हातले** खाए पनि मैले **मजाले** खाएँ ।
(९) **त्यो केटी वेदनाले** धुरुधुरु रोई ।
(१०) **ह्रासामा सुन** छ, **ढाकामा माछा** छ र **सहारामा बालुवा** छ, तर **म** भने तीनचित खाएर **खाटमा** उत्तानो परिरहेको छु ।

२४. नीतिका कुरा

कस्लाई हो शत्रु भनेर जान्नू ?
आफ्ना दशै इन्द्रिय शत्रु मान्नू ।
कस्लाई खूब् मित्र भनेर मान्नू ?
जीत्या तिनै इन्द्रिय मित्र मान्नू ।

दरिद्र नाऊँ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को ।
कुन् हो धनी सब् नरले कह्याको ?
सन्तोषले जो छ खुशी रह्याको ।

ज्यूँदै मऱ्याको भनि नाउँ कस्को ?
उद्यम् विना बित्तछ काल जस्को ।
कुन् हो सबैले गुरु भन्नुपर्न्या ?
जो हो हितैको उपदेश गर्न्या ।

कुन् धन्य हो ? जुन् छ परोपकारी ।
कुन् पूज्य हो ? तत्व लिन्या विचारी ।
कौनै बखत्मा पनि के नगर्नू ?
पाप्का अगाडी कहिल्यै नसर्नू ।

कुन् हो जगत्को गहना बन्याको ?
विद्यै छ सब्को गहना बन्याको ।
कुन् सत्य हो, सत्य कसोरी जान्नू ?
जुन् प्राणीको हित् छ उ सत्य मान्नू ।

शोभायमान भई बस्छ सभा विषे को ?
सब्को प्रसन्न मन गर्दछ शास्त्रले जो ।
मातासरी सुख दिन्या कुन चिज् छ जान्नू ?
विद्यै छ त्यस्तो अरू कौन खोज्नू ?

कुन् हो जती जति दियो उति बढ्न जान्या ?
विद्यै रहेछ बुझि निश्चय तेहि मान्या ।
कुन् काम हो अति डरायर दूर सार्नू ?
लोकापवाद् छ घटिया कहिल्यै नधार्नू ।

(भानुभक्त आचार्य)

अभ्यास

अप्ठ्यारा शब्दहरू

तृष्णा	- तीर्खा, लोभ, इच्छा
उद्यम	- इलम, परिश्रम
हित	- भलाइ, उपकार, कल्याण
उपदेश	- अर्ती, आज्ञा
परोपकारी	- अर्काको भलो गर्ने, अरूको उपकार गर्ने
पूज्य	- पूजनीय, पूजा गर्न योग्य, सम्मान गर्न लायक
तत्व	- सार वस्तु, सारांश, मूल कुरो
विचारी	- विचार गरेर
कौनै	- कुनै पनि
बखत	- वेला, अवसर, समय, मौका
कसोरी	- कसरी, कुन किसिमले, कसो गरेर
शोभायमान	- राम्ररी सुहाएको, धेरै सुहाएको, शोभा बढाइरहेको
विषे	- मा
मातासरी	- आमा जस्तै, आमासमान
लोकापवाद	- लोकनिन्दा, लोकमा भएको बदनामी
नधार्नु	- नलिनु, धारण नगर्नू

'नीतिका कुरा' का सात श्लोक 'प्रश्नोत्तर' बाट छानेर निकालिएका हुन् । संस्कृत छन्दमा लेखिएकाले र धेरै पहिले नेपाली भाषाको हिज्जेसम्बन्धी नियम बनिनसकेका वेलाका श्लोकहरू भएकाले यहाँ ह्रस्वदीर्घ र हलन्तका प्रयोग बेग्लै पाइन्छन् । 'ए' उच्चारण हुने ठाउँमा 'या' पनि यहाँ भेटिन्छन् ।

यस कवितामा पाइने हिज्जे	आधुनिक लेखाइमा शुद्ध मानिने हिज्जे
कस्लाई	- कसलाई
जान्नू	- जान्नु
मान्नू	- मान्नु
जीत्या	- जिते, (जितेमा)
नाऊँ	- नाउँ
कस्को	- कसको
जस्को	- जसको
कुन्	- कुन
सब्	- सब
कह्याको	- कहेको (भनेको)
रह्याको	- रहेको
ज्यूँदै	- जीउँदै
मऱ्याको	- मरेको
भनि	- भनी
उद्यम्	- उद्यम
भन्नुपर्न्या	- भन्नुपर्ने
गर्न्या	- गर्ने
जुन्	- जुन
बखत्	- बखत
नगर्नू	- नगर्नु
नसर्नू	- नसर्नु
बन्याको	- बनेको
कसोरि	- कसरी (कसो गरी)
हित्	- हित
चिज्	- चीज
खोज्नू	- खोज्नु
जती	- जति
जान्या	- जाने (जानेमा)
बुझि	-बुझी
तेहि	- त्यही
मान्या	- माने (मानेमा)
डरायर	- डराएर
सार्नू	- सार्नु

लोकापवाद् - लोकापवाद
नधार्नू - नधार्नु

कविको चिनारी- भानुभक्त आचार्यको जन्म तनहुँ जिल्लामा पर्ने रम्घाको चुँदी बेंसीमा १८७१ सालमा भएको थियो । उनको मृत्यु पनि आफ्नै घरमा १९२५ मा भयो । नेपाली भाषामा सरल र सरस रामायणको अनुवाद गरेर नेपाली भाषी जनतालाई ठूलो गुण लगाउने जातीय कवि भानुभक्त आचार्यलाई उनको जीवनी लेखेर मोतीराम भट्टले चिनाएका हुन् । रामायण बाहेक 'भक्तमाला', 'प्रश्नोत्तर', 'वधूशिक्षा' र अनेकौं फुटकर कविताहरू लेख्ने भानुभक्त आचार्य हामी सबै नेपालीले मानेका साहित्यिक विभूति हुन् ।

यहाँ छानिएका श्लोकहरूमा हाम्रा धार्मिक नीतिहरू पाइन्छन् जुन कहिल्यै पनि पुराना हुँदैनन् ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूलाई एक एक वाक्य लेखेर उचित उत्तर दिनुहोस्-

(१) शत्रु भनेर हामीले कसलाई मान्नु ?
(२) मानिसहरूमा दरिद्र भन्ने नाउँ कसको छ ?
(३) सन्तोषसाथ खुशी रहनेलाई सबैले के भन्छन् ?
(४) जीउँदै मरेको भनेर तपाईं कसलाई भन्न सक्नुहुन्छ ?
(५) सबैले गुरु भन्नुपर्ने कसलाई हो ?
(६) पूज्य को हुन्छ ?
(७) जगत्को गहना के हो ?
(८) सत्यलाई कसरी जान्नु ?
(९) आमाले जस्तै सुख के वस्तुले दिन्छ ?
(१०) हामीले टाढा पन्साउनुपर्ने कुरो के हो ?

(ख) तलका हरफहरूलाई दस वाक्यसम्म बढाउनुहोस्-

कुन् हो जती जति दियो उति बढ्न जान्या ?
विद्यै रहेछ बुझि निश्चय तेहि मान्या ।

(ग) प्रसङ्ग बताई व्याख्या गर्नुहोस्-

ज्यूँदै मऱ्याको भनि नाउँ कस्को ?
उद्यम् विना बित्तछ काल जस्को ।

(घ) तलका विषयमा एक सय शब्दहरू भित्र एउटा निबन्ध लेख्नुहोस्-

कुन् धन्य हो ? जुन् छ परोपकारी ।

(ङ) विद्यालाई चोरले चोर्न सक्तैन, दाजुभाइहरूले अंशमा फोरेर लान सक्तैनन् र त्यसलाई बेचेर पनि बेच्न सकिंदैन । यस बारेमा एउटा राम्रो प्रबन्ध लेख्नुहोस् ।

(च) तलका वाक्यहरूमा निकै ठाउँमा **ले** लगाउनुपर्छ । जुन जुन ठाउँमा **ले** लाग्छ ती ती ठाउँमा मात्र **ले** लगाएर वाक्यहरूलाई शुद्ध पारी सार्नुहोस्–

मान्छे साँचो बोल्नु र गाई घाँस खानु ईश्वर रचेको सृष्टिमा स्वाभाविक कुरा हुन् । मुख भन्दैमा हुने भए हात नै घर बनाउनु किन पर्थ्यो ? रावण सीतालाई नहरेको भए हनुमान समुद्र फड्किनु किन पर्थ्यो ? न राम छाती पिटी पिटी रुनुपर्थ्यो, न बाली मर्नुपर्थ्यो र न रावण नै मास छर्न त्यति चाँडो कम्मर कस्नुपर्थ्यो । जीवन हामी देखाएको बाटोमा हिंड्दैन । राम रोएर सीतालाई भेटे वा राम सीता भेटेर मख्ख परे कसै आजसम्म बुझेको छैन । कलम आफैं लेख्ने भए लेखक मगज पगाल्नु किन पर्थ्यो ?

(छ) नेपाली भाषामा प्रयोगका हेराइले शब्दका दुई रूप हुन्छन्– (१) **सरल** र (२) **तिर्यक्** । **सरल** रूप अनादरवाची एकवचनको पुलिङ्गमा मात्र लाग्छ, **तिर्यक्** रूप चाहिं आदरवाची पुलिङ्ग वा बहुवचनमा मात्र होइन, अनुसर्गसित वाक्यमा प्रयोग भए पनि लाग्छ । **सरल** रूपका पुछारमा **ओ** वा **उ** छ भने त्यसको **तिर्यक्** रूप **आ** हुन्छ । जस्तै,

सरल	**तिर्यक्**
घोडो	घोडा
पैसो	पैसा
खुट्टो	खुट्टा
घुँडो	घुँडा
तिघ्रो	तिघ्रा
मुसो	मुसा
बिरालो	बिराला
कीरो	कीरा
फट्याङ्ग्रो	फट्याङ्ग्रा
कुरो	कुरा
चूह्लो	चूह्ला
केटो	केटा
ठिटो	ठिटा
छोरो	छोरा
भेडो	भेडा
गोडो	गोडा
दुलो	दुला
ब्वाँसो	ब्वाँसा
चरो	चरा
कमिलो	कमिला

बोको	बोका
डोको	डोका
पोको	पोका
फोको	फोका
मानु/मानो	माना
छानु/छानो	छाना
कानु/कानो	काना
सानु/सानो	सानः

अपवाद- मुटु, धनु, बाबु, टापु, साधु, गुरु, दाजु, फुपाजु, भिनाजु, जेठाजु, रेडियो, फोटो, टोकियो, मेक्सिको, आदिका तिर्यक् रूप मुटा, धना, बाबा, टापा, साधा, गुरा, दाजा, फुपाजा, भिनाजा, जेठाजा, रेडिया, फोटा, टोकिया, मेक्सिका, नभई आफ्नै प्रारम्भिक रूप नै रहन्छन् अर्थात् सरल र तिर्यक् दुवै रूपमा मुटु, धनु, मेक्सिको आदि नै हुन्छन् ।

सर्वनाम- सर्वनामका पनि **सरल** र **तिर्यक्** रूप हुन्छन् । जस्तै,

सरल	**तिर्यक्**
यो	यस
त्यो	त्यस
को	कस
जो	जस
ऊ	उस
यी	यिन
ती	तिन
म	मै (ले)
तँ	तैं (ले)

प्रयोग-

मेरो छोरो गीत गाउन सिपालु छ ।
मेरा छोराले वा मेरो छोराले गीत गायो ।
यो कुरो असल हो ।
यस कुरामा म सहमत छु ।

ले, **लाई**, **बाट**, **देखि**, **को**, **मा** जस्ता अनुसर्गहरू लागेमा **सरल** रूप नराखी **तिर्यक्** रूप नै लगाउनुपर्छ त्यसै हुनाले छोरोले, घोडोको, बोकोलाई, डोकोमा, योबाट, त्योदेखि जस्ता प्रयोग अशुद्ध हुन् तिनका शुद्ध रूप **छोराले**, **घोडाको**, **बोकालाई**, **डोकामा**, **यसबाट**, **त्यसदेखि** हुन् ।

(ज) तलका वाक्यहरूमा उपयुक्त सरल वा तिर्यक् रूप प्रयोग गर्नुहोस्-

मेरो छोरोलाई सबैले चनाखो केटा भनेर चिनेका छन् । ऊले धेरै मिहिनेतले आफूलाई चनाखा पारेका हो भन्ने कुरा सबैलाई थाहो छ । उका आँखाहरूमा राम्रा दृष्टिशक्ति भएको कुरोको बारेमा उसको गुरुले पनि लेखेको थिए । ऊले धेरै चरोहरू दुईचार धनाहरू प्रयोग गरी मारेका पनि छ । को कोसित ऊको सम्बन्ध छ ¯यस कुरा मलाई थाहो छैन । यो कुरोमा मेरो चासो पनि छैन । मेरो माटोमा म जन्में, मेरो बाटोमा म हिंडें र यस स्थिति बुझेपछि बुझ्ने कुरा बाँकी पनि रहँदैन ।

२५. गलहत्ती

स्थान- साँगाको थोत्रो एकतले पाटी ।

समय- वि. सं. १९५८ आषाढ १४ गते बिहान ।

(एक तलामाथि सुकुलमा बसेका देवशमशेर कपालमा हात लगाई झोक्रा-इरहेका) ।

देवशमशेर- **(गहभरि आँसु गरेर रुन्चे स्वरमा)** हरे शिव ! नेपाललाई स्वर्ग बनाउन खोज्ने ती मेरा योजनाहरू सब हावामा उडे । पाँच वर्षमात्र अडिन पाएको भए पनि धेरै नै उन्नति गराउने थिएँ । तर के गर्नु ? मनको कुरा मनमै रह्यो । कस्तो अनर्थ । **(आँसु पुछेर दाह्रा किट्दै)** देशको उन्नति गराउन खोज्नु के कसुर ? जताततै पाठशाला खोलेर शिक्षा प्रचार गराउँदा दुनियाँको आँखा खुल्छ र राणा राज्य खतम हुन्छ भन्ने भाइहरूको भनाइ के मानिसले भन्ने कुरा हो ? बेईमानहरूको कस्तो कालो स्वार्थ ! मातृभूमिको रगत चुसेर अरूले विदेशको भूँडी भर्दा कसैले चुँक पनि बोल्न सकेनन् । देशको पुष्ट्याइँका लागि मातृभूमिमां नै बीउ छर्ने म चाहिं जथाभावी खर्च गर्ने ठहरिएँ । गोरखापत्र निकाल्नु के मेरो कसुर ! दासत्व हटाउन खोज्नु यदि दोष हो भने मनुष्यले आफ्नै दाजुभाइको हात घोट्नु के गुण ? कस्तो कुरो ! अघिदेखि चलेको भनेर खराब प्रथाको सुधार नगर्ने हो भने समाजको उन्नति कसरी होला ! के नेपालमा मात्र मैले गर्न आँटेको हो र ? एक पटक विदेशतिर पनि त यिनीहरूले आँखा लगाउनुपर्ने । देशोन्नतिका लागि योजना अथवा राय देओ भनी ठाउँ ठाउँमा चिठी-बाकस राख्नु के यो पनि खराब ! गुण यदि दोष ठहरिन्छ भने कसको के लाग्छ । साँच्चिकै भन्ने हो भने नागरिक हक दुनियाँलाई नदिनु क्रान्तिलाई निम्त्याउनु न हो । तर दुनियाँ पनि भेडै रहेछ । आँखा खुलेको भए जरुर मेरो साथ दिने थियो ।

(नेपथ्यमा जुत्ताको आवाज सुनिन्छ, देवशमशेर समालिएर बस्छन् ।)

गेहेन्द्रशमशेर- **(बसेर हात जोडी)** तुरुन्त आउनू भन्ने खबर आयो, म बिदा हुँ कि ?

देवशमशेर- तिमी साथमा हुनाले मलाई केही भरोसा लागेको थियो । अब यो दुर्गाशमशेर त मलाई सताउँछ कि ?

गेहेन्द्रशमशेर- धन्दा मानिबक्सनुपर्दैन, म सबै कुरा सम्झाएर जान्छु ।

देवशमशेर- हेर जेठा, म जनै छोएर फेरि पनि किरिया हाल्छु । तिमीहरूलाई बाहिर पठाउने कुरा मेरो मनमा उब्जेको मात्र भए पनि पशुपतिनाथले मेरो सत्यानाश गरून् । यति त भन, तिमीलाई यो हुँदै नभएको कुरो कल्ले सुनायो ?

गेहेन्द्रशमशेर- पहिले धनञ्जय सुब्बाले, त्यसपछि डाक्टर अनि ठाहिला बुवाले र मेरा नोकरचाकरहरूले पनि ।

देवशमशेर- **(सानु स्वरमा)** यो सबै ठाहिलाको जाल हो भन्ने अब त बुझ्यौ कि ?

गेहेन्द्रशमशेर- **(मुन्टो हल्लाउँछन् ।)**

देवशमशेर- **(सानो स्वरमा)** तिमीहरूले भूल त गरेकै हो । निकाल्ने भए फत्तेलाई हजुरिया जर्नेल बनाउँदो हुँ त ? भैगो, हुने कुरा भैसके तापनि माया नमार भन्ने मेरो भनाइ हो ।

गेहेन्द्रशमशेर- **(देवशमशेरलाई ढोगेर सानो स्वरमा)** माफ पाउँ ।

देवशमशेर- **(उठाएर शिर सुँघी कानेखुशी गर्दै)** ठाहिलादेखि होश खूब राखे । **(गेहेन्द्रशमशेर लिस्नुबाट ओर्लन लागेपछि)** ए जेठा हेर, तिमी चढेर आएको च्यान्टे घोडा मलाई देऊ न ।

गेहेन्द्रशमशेर- हस्, चढेर सवारी भए हुन्छ । तर लैजान् भनेको थिएँ फर्काइसक्यो कि ? **(जान्छन्)** ।

[(नेपथ्यमा)
ए बूढाथोकी, च्यान्टे घोडा लगिसक्यो ?
'- लग्यो प्रभु !'
लौ झट्टै फर्काएर लेरा ।]

देवशमशेर- "आफ्नो हातमा बागडोर पऱ्यो भन्दैमा राजा र दुनियाँको आँखा छोपी मातृभूमिको छातीमा लात हानेर रजाइँ गर्नुभन्दा छाप्राको वास धेरै वेश"। के यी बेइमान भाइहरू कहिल्यै नमर्ने रहेछन् ? (भविष्यतिर दृष्टि नदिनु यिनीहरूको कत्रो भूल) । आफूलाई निकाले भनेर अफसोस त जरुरै लाग्यो, तर देश झन् जब्बर बन्धनमा पऱ्यो भनेर मलाई बढ्ता खोप लागिरहेछ । (पार्लियामेन्ट् राख्न खोज्नु नै मेरो मुख्य दोष

ठड्याउने भाइहरूले के देश स्वतन्त्र हुन देलान् ? हिन्दुस्तान स्वतन्त्र नहुँदै नेपालमा प्रजातन्त्र ल्याउने र हिन्दुस्तानीहरूलाई मद्दत दिने मेरो कल्पना अब बिल्कुल सपना भयो । हरे, कस्तो अभागी रहेंछु ! **(आँसु पुछेर)** तर नेपालकै भाग्य फुटेको रहेछ । नेपालको उन्नति गराउन खोज्ने बहादुर शाह, दामोदर पाँडे, भीमसेन थापा इत्यादि कसको पो असल परिणाम भयो र ! तर दोष कसैलाई पनि दिन्नँ । मेरो भूल छैन भन्न पनि म सक्दिनँ । दुनियाँको हृदय बुझ्नाको लागि ठाउँ ठाउँमा सिन्दुरे जात्रा गरे पनि धेरै पटक जुवा फुकाउन नपर्ने नै हो । फेरि भाइहरूमाथि अति विश्वास गरें । प्राकृत शत्रुसँग मीत लगाउन खोज्ने कसको अवनति भएको छैन र ?

(नेपथ्यमा खोकेको आवाज सुनिन्छ)

चुच्चे- **(पसेर)** यो चिठी पठाइबक्सेको रहेछ । **(खाम हातले दिन खोज्छ ।)**

देवशमशेर- कल्ले पठाएको, महारानीले ?

चुच्चे- हैन ।

देवशमशेर- कल्ले त ? **(हेलाको भावमा)** ठाहिंलाले ?

(रातो मुख लाएर खोपातिर औंल्याई) त्यहीं राख, भरे हेरौंला । **(चुच्चे चिठी राखेर गएपछि चिठी हेरेर धुजाधुजा पारी)** रुने काम केही छैन, किनभने न्याय र अन्यायको जितहार चक्र जस्तै घुम्दो छ । सृष्टिकालदेखि नै घाम र बादलको क्रिया प्रतिक्रिया चलिरहेछ । निर्धालाई बलियाले दबाउनु स्वाभाविक हो, तर साथमा बल हुँदाहुँदै पनि म दबें ।

(नेपथ्यमा खासखुस गरेको र सुँक्क साँक्क सुनिन्छ ।)

(महारानी लिस्नुबाट उक्ली देवशमशेरको अगाडि घोप्टिएर डाँको छोड्छिन् । नेपथ्यबाट पनि स्वास्त्रीमानिसहरू रोएको सुनिन्छ । देवशमशेर महारानीलाई सम्झाउन कोशिश गर्छन् । उनी चाहिं झन् लडीबडी गरेर रुन्छिन् ।)

देवशमशेर- के गरेकी महारानी, तिमीले यो ? मलाई के भएको छ र ? उठ, रुनु छैन । **(आँसु पुछिदिन्छन्)**

महारानी- **(रुँदै)** अब यहाँभन्दा बढी के हुनु नि ?

देवशमशेर- हेर, रोएर केही हुने हैन, उठ । **(उठाएर मुख पुछिदिई)** हेर, राजकाज यस्तै हो । बुझ्यौ, इतिहास पढ्यौ भने यस्ता हजारौं दृष्टान्त तिमी पाउनेछ्यौ । रामचन्द्र जस्ताले त वनवास जानुपर्‍यो भने हाम्रो के कुरो ? **(एकछिन सन्नाटा)**

महारानी- **(सुँक्क सुँक्क गर्दै)** चन्द्रेले यस्तो गर्न आँटिरहेछ, याद गर भन्ने वेनामी चिठी आएपछि गुप्ती तवरसँग बुझिबक्सनुपर्छ भनेर मैले बिन्ती गरेकी नै हुँ, झन् त्यो जाहेरी उही चन्द्रेकहाँ पठाइबक्स्यो । अनि तुरुन्तै आई निर्दोषी छु भनी हजुरको पाउ छोएर किरिया हाल्यो । मनले चिताएको मात्र भए पनि पशुपतिनाथले भस्म गरून् भन्दै रोयो । हाम्रो फाटो पार्नाका लागि कुनै दुश्मनले जाल रचेर लेखेको हो भनी हात जोर्‍यो । त्यत्तिकैमा हजुरले पत्याइबक्सियो ।

देवशमशेर- खड्ग दाइका साथसाथै यल्लाई पनि निकाल्न लाग्दा मैले बचाइदिएको थिएँ ! उसमाथि एउटै पेटको भाइ, अनि यसरी धितधरान छोड्ला भने जस्तो लाग्दै लागेन । हिजो रानीपोखरी पाठशालामा पुरस्कार दिन जाउन्जेलसम्म पनि मेरो कोटमा परेको अबीर टक्टक्याउँदै थियो । के जान्नु ।

महारानी- सबभन्दा रिस त मलाई फत्येदेखि पो उठिरहेछ । कहाँसम्मको कृतघ्न त्यो ? हजुरिया जर्नेल तुल्याएर राखेकोमा पनि यत्रो धोका दिनु हुन्छ ? कहाँसम्मको बेईमान ! बरु नारायण महत र बहादुर कर्नेललाई नगरकोट नखटाएको भए हाम्रो यो गत हुने थिएन कि ?

देवशमशेर- खै के भन्नु ? नातादार भनेर हजुरिया कर्नेल बनाएको इन्द्रबहादुरले यस्तो बेईमानी गर्‍यो, हस्ते गुरुङ उस्तै रहेछ । गारतको अफिसर उस्तै । अब कल्लाई भन्ने ?

महारानी- सुनिबक्सियो ? चालीस हजार घूस खाएको रे त्यो इन्द्रेले । के गर्नु ससुराले बीच बाटामा नै रोकिदिए भनी कान्छा पण्डितसँग भन्थ्यो रे ।

देवशमशेर- कान्छा पण्डित हरिहर आएनन् ?

महारानी- आउँछु त भन्थे । **(खोकिलाबाट जुहारको पोको झिकेर)** पछि कामलाग्छ लगिबक्सियोस् भनी उनले भनेको हुँदा पो ल्याएँ ।

देवशमशेर- ऐले लुकाएर नै राख ।

महारानी- **(खोकिलाभित्र लुकाई)** हिजो सेतो दरबारमा के के भयो ?

देवशमशेर- के हुन्थ्यो । लाल कौसीनेर कोठामा पुऱ्याएपछि दुर्गाशमशेर र अर्को एक जनाले मलाई चप्प समाते, भित्र हतियार छ कि भनेर आङ खोले, तर मसँग के थियो र ..... **(बीचैमा टक्क रोकिन्छन्)**

महारानी- धिराजसँग हजुरले क्यै पनि हुकुम भएन ?

देवशमशेर- धिराजको मुखै देख्न पाइन मैले । आज के भन्ने ? मैले त झलक्क रणोद्दीप बुबालाई सम्झें । अनि ज्यान रहने आशै देखिनँ । 'तिमीहरूले भनेको के मानिन र यसो गऱ्यौ' भन्दा 'यस्ता गाईजात्रे चालबाट राजकाज चल्न सक्दैन' भनी उनीहरू गड्किए । त्यसपछि ज्यान बचाउने आशाले राजीनामा गरिदिएँ ।

महारानी- कस्तो राजीनामा गरिबक्स्यो ?

देवशमशेर- जस्तो उनीहरूले लेखेर ल्याए उस्तै ।

महारानी- त्यसो नगर्नु पर्ने । अँ, हजुरको पक्ष लिएर कसैले पनि त्यहाँ बोलेनन् त ?

देवशमशेर- को बोल्थ्यो ? पछिबाट काहिंलो (रुद्रशमशेर) आएको थियो । ऊ भन्थ्यो के गर्नु, मैले त क्यै पनि पत्तो पाइनँ ।

चुच्चे- **(पसेर)** लौ अब सवारी होस् । धनकुटामा पुगेर रातदिन कुरा गरिबक्सेला ।

(बदरीनाथ भट्टराई)

अभ्यास

अप्ठ्यारा शब्दहरू

अनर्थ	- नराम्रो र नसोचेको फल
देशोन्नति	- देशको उन्नति
नेपथ्य	- नाटकको मञ्चदेखि बाहिरपट्टि, मञ्चमा नदेखिने ठाउँ
लिस्नु	- बाँस या काठ कपेर बनाएको साँघुरो भऱ्याङ
बागडोर	- राज्यको अधिकार, राज्यसत्ता
रजाइँ	- राज, मोजमज्जा

पार्लियामेन्ट्	- संसद, ऐन बनाउने सभा
प्राकृत शत्रु	- जन्मजात शत्रु
अवनति	- उँधौली, उन्नतिको उल्टो
क्रिया	- कार्य, गरेको काम
प्रतिक्रिया	- एउटा काम गरेपछि त्यसको प्रभावले भएको अर्को काम
दृष्टान्त	- नमूना, उदाहरण
सन्नाटा	- शान्ति
जाहेरी	- जाहेर गरेको कुरो, निवेदन पत्र
धितधरान छाड्नु	- चिताउँदै नचिताएको व्यवहार गर्नु
कृतघ्न	- गुणको बदला अवगुणले तिर्ने
गत	- हालत, अवस्था
जुहारत	- हीरामोती, दामी मणिमाणिक्य
धिराज	- श्री ५ महाराजाधिराज
सवारी हुनु	- जानु
गाईजात्रे चाल	- लथालिङ्गे व्यवहार

लेखकको चिनारी:- बदरीनाथ भट्टराईको जन्म १९६५ सालमा काठमाडौंमा भएको हो । संस्कृतका विद्वान् भट्टराईले प्रशस्त कथा र लेखहरू लेखेका छन् । उनका रचनामा सुधारको चेत हुन्छ र राष्ट्रप्रेमको भावना पाइन्छ ।

यस नाटकमा देवशमशेरलाई प्रधान मन्त्री पदबाट उनका भाइहरूले हटाउने बित्तिकैको घटनालाई औधि राम्ररी देखाइएको छ ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूका छोटकरी उत्तर लेख्नुहोस् :

(१) पाँच वर्ष अडिन पाएका भए देवशमशेरले के गर्ने थिए ?
(२) देवशमशेरका भाइहरूका विचारमा केले राणाराज्य खतम हुन्छ भन्ने थियो ?
(३) दुनियाँलाई नागरिक हक नदिनु भनेको के हो ?
(४) उनका भाइहरूको दृष्टिकोणमा देवशमशेरको मुख्य दोष के थियो ?
(५) हिन्दुस्तान स्वतन्त्र नहुँदै देवशमशेर नेपालमा के ल्याउन चाहन्थे ?
(६) केको जितहार चक्र जस्तै घुम्दो रहेछ ?
(७) रानीपोखरीको पाठशालाको पुरस्कार दिन जाउन्जेल देवशमशेरको कोटको अबीर कसले टक्टक्याउँदै थियो ?

(८) देवशमशेरले कसको मुख देख्न पाएनन् ?

(९) ज्यान बचाउने आशाले देवशमशेरले के गरे ?

(१०) देवशमशेर कतातिर धपिंदै थिए ?

(ख) तलका खाली ठाउँहरूमा छानेर उपयुक्त ठहरिएका शब्दहरू हाल्नुहोस् :

(१) अगिदेखि चलेको भनेर खराब प्रथाको .... नगर्ने हो भने समाजको उन्नति कसरी होला ! **(सुधार, बन्दोबस्त, नाश)**

(२) तर दुनियाँ पनि .... रहेछ **(ब्राँसै, सोझै, भेडै)**

(३) हेर जेठा, म .... छोएर फेरि पनि किरिया हाल्छु । **(जनै, मुटु, गीता)**

(४) यो सबै .... कै जाल हो भन्ने अब त बुझ्यौं कि ? **(जेठा, ठाहिला, काहिला)**

(५) के यी बेईमान भाइहरू कहिल्यै पनि .... रहेछन् ? **(नहट्ने, नमर्ने, नबुझ्ने)**

(६) .... शत्रुसँग मीत लगाउन खोज्ने कसको अवनति भएको छैन र ? **(प्राकृत, चिप्लो, दुष्ट)**

(७) सृष्टिकालदेखि नै घाम र .... को क्रिया प्रतिक्रिया चलिरहेछ । **(बादल, पानी, छाया)**

(८) मैले त झलक्क .... बुबालाई सम्झें । **(चन्द्रशमशेर, देवशमशेर, रणोद्दीप)**

(९) हजुरको पक्ष लिएर कसैले पनि त्यहाँ .... त ? **(सोधेनन्, बोलेनन्, हेरेनन्)**

(१०) लौ अब सवारी होस् । .... मा पुगेर रातदिन कुरा गरिबक्सेला । **(दरबार, भक्तपुर, धनकुटा)**

(ग) यस नाटकबाट देवशमशेरको राजकाज गाईजात्रे चालबाट चलेको बुझिन्छ कि बुझिंदैन ? आफ्नो राय प्रकट गर्नुहोस् ।

(घ) देवशमशेरका गुणहरू के थिए र अवगुणहरू के थिए ? लेखाजोखा गर्नुहोस् ।

व्याकरण

(ङ) तलका **वाक्यद्धति**लाई अर्थ छर्लङ्ग हुने गरी आफ्ना वाक्यहरूमा प्रयोग गर्नुहोस् :

(१) **मुख सिउनु** (चूप लागेर बस्नु)

(२) **मुख टाल्नु** (चूप लगाउनु)

(३) **मुख देखाउनु** (देखा पर्नु, उपस्थित हुनु)

(४) **मुख फोर्नु** (अघि सरेर बोल्नु)

(५) **मुख लुकाउनु** (लजाउनु)

(६) **कान काट्नु** (किरिया खानु, मरे पनि गर्दिन भन्नु)
(७) **नाक काट्नु** (बेइज्जत हुनु, बेइज्जत पार्नु)
(८) **कानमा तेल हाल्नु** (अल्छी मानेर काम नगरी बस्नु)
(९) **चिसो पस्नु** (शङ्का उठ्नु)
(१०) **पाउ मल्नु** (सेवा गर्नु, चाकरी गर्नु)

(च) तलका उखानहरू मध्ये हरेकका विषयमा चार पाँच वाक्यहरू लेखेर सुहाउँदो उदाहरण समेत दिई अर्थ छर्लङ्ग पार्नुहोस् :

(१) अचानाको पीर खुकुरीले जान्दैन (जसलाई मर्का परेको छ उसलाई मात्र दुःखको राम्रो अनुभव हुन्छ)
(२) अघिको तीतो पछिको मीठो (पहिले दुःख गऱ्यो भने पछि राम्रो फल पाइन्छ)
(३) एकले थुकी सुकी सयले थुकी नदी (एक्लैले गरेर केही हुँदैन, सबै जना मिलेर गरेमा भने जे पनि सम्भव हुन्छ)
(४) आफू भलो त जगत् भलो (आफू असल भए सबै जना मित्र हुन्छन्)
(५) नमच्चिने पीङका सय झङ्का (अयोग्य मान्छेले फुइँ गर्छ)

(छ) तलका वाक्यहरूका **काल** बताउनुहोस् र तिनलाई **अकरण**मा फेर्नुहोस् :

(१) मनुष्य मात्रले गर्नुपर्ने काम परोपकार नै हो ।
(२) आफ्ना साथीभाइ र छरछिमेकीहरूलाई भलो गरेपछि पुग्छ, किनभने सबैले यसो गरेमा राष्ट्रसेवा हुन्छ ।
(३) हाम्रो प्यारो मातृभूमि पनि विकसित हुँदो हो ।
(४) हाम्रा घरघरमा मोटरका बाटा पुग्दा हुन् र हाम्रा जनता पौष्टिक आहार खाँदा हुन् ।
(५) बडामहाराज पृथ्वीनारायण शाहले यस देशलाई सबै जातको साझा र रमणीय फूलबारी भनेका थिए ।
(६) हाम्रो विद्यालयले एउटा सूचना निकालेको छ ।
(७) हामी वनभोज खान जाँदैछौं ।
(८) वनभोजमा अत्यन्त रमाइलो होला किनभने हामी मीठामीठा खानेकुरा खाऔंला, गीत गाऔंला र नाचौंला ।
(९) पोहोर पनि त हामी वनभोज गएका थियौं ।
(१०) भने जस्तो लुगा सिउने दर्जी कहाँ पाइएला ?
(११) असनमा त यति बेला पाइला राख्ने ठाउँ पाइँदो हो र ?
(१२) म अब मासु र फलफूल टन्न खान्छु र फुटबल खेल्छु ?

(१३) म आज पनि त्यसरी नै पढ्दै छु जसरी राम हिजो पढ्दै थियो ।

(१४) धेरै पढेर म वैज्ञानिक हुँला र नेपाललाई विज्ञानले चिरिच्याँट्ट पारूँला ।

(१५) यो मुलुक नमूना हुँदो हो, आदर्श हुँदो हो ।

(ज) तलका वाक्यहरूलाई क्रियाका काल, पुरुष, लिङ्ग र वचन ठीक छैनन् भने ठीक गरेर तथा ह्रस्वदीर्घ नमिलेका भए मिलाएर सम्पूर्ण रूपले शुद्ध गर्नुहोस् :

उहीँल्यै नै एउटी चीटीक्क परेकी राजकुमारी पसूपतिनाथको दर्सन् गरयो भन्ने वीचार्ले मन्दीरतीर आफ्ना सखीहरूलाई लिएर गएछन् । जाँदा जाँदा बाटामा तीन्ले बाँदरहरूको हुल देख्लान्, तर बाठी राज्कुमारीले एउटी सेवीकालाई एकपोको सेल्रोटी बोकाएको छ । रोटीहरूको पोको उ खोल्छ र राज्कुमारी फेरी आफैं बाँदरहरूलाई मायाले बाँडेछ । अनी त्यो केटीहरू पसूपतिनाथको वीसाल्मन्दीर्भीत्र पूगेछ । राज्कुमारीले आफूले पनि जूत्ता फूकाल्नुभइछीन् र आपना सखीहरूलाई पनी फूकाल्न लगाइछीन् फूल्माला र प्रसाद्लीएर राज्कुमारीको समुह मन्दीरैभित्र प्रबेस्गरीछे र पूजारीसीत भेटेर राम्री सीवजीको आराधना गरी प्रसन्न चीत्तले फर्कीछीन् । मैले पूजा गरेकी हुनाले अब यस्मूलूक्मा सबैको यूग्यूरसम्म उद्धार्हुनेछ र यो सतीले सरापेका देस्हो भन्ने भनाई हट्नेछीन् भनी तपाई अत्यन्त दयालु र औधी राम्री राजकुमारीले भनीछिन् ।

२६. महान् नाटककार विलियम शेक्स्पियर

बेलाइतको राजधानी लन्डनदेखि नब्बे माइल जति उत्तरपश्चिम दिशामा एउटा सस्यानो चिटिक्क परेको नगर छ । यस नगरको नाउँ मात्र उच्चारण गर्दा पनि सारा अङ्ग्रेजहरू श्रद्धाले झुक्छन्, स्नेहले पग्लन्छन् र गर्वले फुल्छन् । यो नगर कुनै ठूलो उद्योगधन्दाले गर्दा महत्त्वपूर्ण भएको होइन । यहाँ नीलो आकाशसित मीत लाउने गाढा नीलो समुद्र आफ्ना अनेकौं नाचका हाउभाउमा बटारिदै छुन आइपुगेको पनि छैन । साँच्चै भन्ने हो भने यो ठाउँ समुद्रदेखि निकै टाढा छ । रमाइला डाँडाकाँडाले भरिएको वा कुनै खेलकुद र मेला प्रदर्शनीले प्रसिद्ध भएको ठाउँ पनि यो होइन । यस नगरका घरहरू पुरानो पाराका छन् । ती धेरैजसो काला र सेता सस्याना काठहरू त्रिकोण पारेर सिंगारेका भित्ता देखाउँदै आफ्नो इतिहास हामीलाई बताउँछन् । नगरको पश्चिम छेउतिर त परालले छाएका झुप्राहरू पनि देखिन्छन् । त्यति भएर पनि बेलाइतका अरू ठाउँहरू भन्दा यो शहर भिन्नै छ, प्यारो छ र महान् छ । सेता कुङ्लिङे घाँटी लिएर जब रजहाँसहरू यसका छातीबाट बग्ने शान्त, सफा र सुन्दर एभन नदीमा तरङ्गिन्छन् । हामीलाई तिनले चार सय वर्ष अगाडिको सम्झना गराउँछन् । त्यतिवेला पनि यो अमर नदी यसरी नै टल्कन्थ्यो । "यसका काखमा रजहाँसहरू यसरी नै दर्शकहरूलाई मख्ख पार्दै बग्थे र यहाँका मानिसहरू लाम्चा, साँगुरा नाउहरूलाई यसरी नै चिप्ल्याउँथे; तर फरक कति थियो भने यहाँ एक महामानव थिए जो एभनका यी सारा दृश्यलाई हेर्थे; वरिपरिका रूख र झारपात, फल र फूलहरूसित रमाउँथे र त्यस्तै पाराले छाप्राकी युवतीलाई सम्पूर्ण हृदय ओइराएर माया गर्थे ।"

ती प्रतिभाशाली व्यक्ति विलियम शेक्स्पियर थिए । आजसम्म पनि यो नगर उसरी नै उभिरहेको छ र तपाईं यहाँ पुग्नुभयो भने यसलाई मानिसहरूले स्ट्र्याट्फोर्ड अपन एभन (अर्थात् एभन नदीका किनारमा अवस्थित स्ट्र्याट्फोर्ड नगर) भनेको सुन्न सक्नुहुन्छ, यसलाई आफैं छुन सक्नुहुन्छ र यसलाई आफैं माया पनि गर्न सक्नुहुन्छ तर ती महामानव भने असङ्ख्य पुस्तकहरूमा आफ्ना समस्त सौन्दर्य, कला र बुद्धिलाई मनुष्य जातिकै उपभोगका निम्ति खन्याएर कहिल्यै नफर्कने गरी गइसकेका छन् ।

विलियम शेक्स्पियरले सन् १५६४ को अप्रिल २३ का दिन यस पृथ्वी ग्रहमा आफ्ना आँखा पहिलोचोटि खोलेका थिए । उनले आफ्ना ती कलिला शारीरिक आँखालाई ५२ वर्ष बुढ्याएर सन् १६१६ को अप्रिल २३ कै दिनमा चिम्ले । यसरी उनी जुन सहरमा जन्मेका थिए त्यसै सहरमा र जुन दिन जन्मेका थिए त्यसै दिन देहत्याग गर्न पुगे ।

पिता जन शेक्स्पियर र माता मेरी आर्डनका कोखबाट जन्मेका विलियम शेक्स्पियरका चार दिदीबहिनीहरू र तीन दाजुभाइहरू थिए जसमध्ये धेरैजसो सानैमा मास छर्न गए । विलियम शेक्स्पियर आफैं पनि बर्सीका पनि नभई झन्नै खुस्केका थिए जब सारा स्ट्र्याट्फोर्ड्लाई प्लेगको महामारीले छोपेको थियो ।

शेक्स्पियरका पिता के गर्थे भन्नेबारेमा धेरै अडकलहरू गरिन्छन् । कोही भन्छन् ती बगरे थिए रे, कसाई थिए रे अनि छोराले पनि बाबुको बिंडो थाम्न धेरैचोटि गाईका बाछाहरू गिंडेका थिए रे, तर छोराचाहिं प्रतिभाशाली कवि भएकाले बाछाको घिन्नो अत्यन्त आकर्षक शैलीमा छप्काउँथे रे र छप्काउनु अघि लामो कवितामय भाषण छाँट्थे रे । जीसस क्राइस्ट्लाई मात्रे अङ्ग्रेजहरूले गोरुको मासु खानु जसरी अचम्मको कुरो होइन, उसरी नै अङ्ग्रेज सेक्स्पियर र उनका पिताले गोरु काटेर मासु बेच्नु पनि उदेकको विषय होइन । त्यति मात्र होइन, कति जनाले त शेक्स्पियरलाई उनको सहरदेखि उत्तरतर्फ पर्ने वरिक दुर्गभित्रको बगैंचामा सुटुक्क पसेर मृगका पाठाहरू चोर्थे भन्ने आरोपसम्म पनि लगाएका छन्, तर धेरै विद्वान्हरूले भने शेक्स्पियरका पिता बगरे थिएनन्, बरु उनी त ऊन र अरू खिच्रिङमिच्रिङ कुरा बेच्ने बेपारी थिए भनी अडकल गरेका छन् । वास्तवमा शेक्स्पियरका पिता नगरपालिकाका सदस्य थिए र एक वर्ष त उनी त्यसका अध्यक्ष पनि भएका थिए ।

शेक्स्पियर सानै छँदा स्ट्र्याट्फोर्ड्मा देशभरिका नाटकमण्डलीहरू आएर बराबर आफ्ना रमाइला-रमाइला नाटकहरू देखाउँथे ।"यिनै नाटकहरू हेरेर बालक शेक्स्पियरमा नाटकतर्फ कहिल्यै नमेटिने प्रेम टुसाएको थियो जुन प्रेम उनको उमेर सँगसँगै बढ्दै र झ्याँगिदै गयो"।

उनले न त अक्स्फोर्ड् विश्वविद्यालयमा नाउँ लेखाउन पाए न केम्ब्रिज विश्वविद्यालयमा नै पढ्न पाए । उनले त खालि आफ्नै सहरको ग्र्यामर स्कूलमा मात्र अध्ययन गरेका थिए । बेलाइतमा माध्यमिक विद्यालयलाई ग्र्यामर स्कूल भन्ने चलन छ । त्यस स्कूलमा पढेपछि केही समयसम्म उनी वरिक भन्ने सहरमा शिक्षक पनि भएका थिए ।

उनका चौधहरफे कविताहरू पढ्दा एउटी कठोर हृदय भएकी आइमाईसित उनको प्रेम परेको थाहा पाइन्छ । त्यो कालो हृदय भएकी आइमाई को थिई हामीलाई थाहा छैन, तर त्यसले शेक्स्पियरलाई असाध्यै पिरेकी थिई । कहाँसम्म भने शेक्स्पियरलाई धोका दिएर त्यस स्त्रीले पछि उनका मित्रसित चोचोमोचो बढाएकी थिई । शेक्स्पियरले आफ्ना कविताहरूमा त्यस नारीप्रति निकै गुनासाहरू पोखेका छन्, तर त्यस नारीको प्रेममा भुतुक्क हुनु अगावै जब उनी अठार वर्षमात्र पुगेका थिए आफूभन्दा आठ वर्ष जेठी यान ह्याथवे भन्ने युवतीसित उनी प्रेममा चुर्लुम्म भएका थिए । यान ह्याथवेसितै उनको बिहे पनि भयो । यानले सूज्याना र जुडिथ नाउँका दुई छोरी र ह्याम्नेट नाउँको छोरो जन्माए तापनि ह्याम्नेटको एघार वर्ष पुग्दा नपुग्दै मृत्यु भएकाले, जुडिथका कुनै सन्तान नभएकाले र सूज्यानाकी छोरी एलिजबेथ पनि निसन्तान भएकीले शेक्स्पियरकी नातिनी एलिजबेथ सन् १९७० मा मरेपछि महान् शेक्स्पियरको रगत यस पृथ्वीबाट सधैंको निम्ति मासिएर गयो ।

बिहे त शेक्स्पियरले यानलाई नै गरे र उनका सन्तान पनि भए, तर उनी भावुक भएकाले र उनको मन सानैदेखि कविता र नाटकतर्फ एकोहोरिएकाले उनी स्ट्र्याट्फोर्ड बाट भाग्ने दाउ खोजिरहेका थिए । घुम्ते नाटकमण्डलीहरू मध्ये एउटासित भागेर उनी लन्डन गए । लन्डनमा पुगेपछि उनले धेरै हन्डर र ठक्कर खानुपर्‍यो । कोही भन्छन् उनी नाटक हेर्न आउने भलाद्मीहरूका घोडाका लगाम समातेर नाटक नसिद्धिउन्जेल बाहिर कुरिरहन्थे रे । कोही भन्छन् उनी नाटकमा लगाइने पर्दाका डोरीहरू तान्थे रे । बिस्तारी-बिस्तारी उनले नाटकमा सस्याना काम पाउँदै गए । पछि अभिनय कलामा उन्नति गर्दै आफैं नै नाटकमण्डलीहरूलाई नाटक लेखेर उनले खेलाउन थाले । जे होस् शेक्स्पियरको जीवनकालमा उनका नाटकहरू लेखिए र खेलिए मात्रै, पुस्तकका रूपमा छापिएनन् । उनको मृत्युभन्दा सात वर्षपछि सन् १६२३ मा उनका नाटकहरू पहिलोचोटि छापिएका थिए । सन् १६६४ मा उनका सबै कृतिहरू भेला पारेर छापिएको ग्रन्थमा उनका सैंतीस नाटकहरू, एघार लामा-छोटा कविताहरू र एक सय चवन्न चौधहरफे कविताहरू परेका छन् ।

शेक्स्पियरका ऐतिहासिक, संयोगान्त र वियोगान्त गरी तीन खालका नाटकहरू छन् ।

आफ्ना दसवटा ऐतिहासिक नाटकहरूमा उनले राष्ट्रका वीर पुरुषहरूका विषयमा लेखेर जनताको उत्साहलाई बढाउने काम गरेका छन् ।"देशभक्ति, राष्ट्रिय गौरव र जातीय स्वाभिमानलाई उभार्ने 'राजा रिचर्ड द्वितीयको वियोगान्त नाटक', 'राजा हेन्री चतुर्थ' का दुई भाग, 'राजा हेन्री पञ्चमको जीवन', 'राजा रिचर्ड तृतीयको वियोगान्त नाटक' जस्ता ऐतिहासिक नाटकहरू अङ्ग्रेजी भाषा बोल्ने बेलाइती जनताका गर्विला सम्पत्ति हुन् ।"

उनले चौधवटा संयोगान्त नाटक लेखेका छन्, जसमध्ये 'बाह्रौं रात', 'भेनिसको बेपारी', 'तपाईंलाई जस्तो मन पर्छ', 'आँधी', 'हिउँदको कथा' र 'मुखाले स्वास्नीको तालीम' धेरै प्रसिद्ध छन् । शेक्स्पियरका संयोगान्त नाटकहरूमा कल्पनाको सुन्दर संसार हुन्छ जहाँ मानिसहरू नाच्छन्, गाउँछन्, खान्छन्, ठट्टा गर्छन् र रमाइलो मनाउँछन् । दर्शकहरूलाई मनोरञ्जन दिनु नै ती नाटकको मूल उद्देश्य हो । आफ्नो परिचय लुकाई भेष बदल्ने पात्रहरूले गर्दा एउटा मानिसलाई अर्कैं ठानेर झुक्किइने हुनाले यस्ता नाटकहरू औधि रोचक हुन्छन् ।

यसरी सेक्स्पियरले एकातिर ऐतिहासिक नाटकहरू लेखेर अङ्ग्रेज जातिमा आत्मसम्मानको भावना जगाए भने उनले अर्कातिर संयोगान्त नाटकहरू लेखेर आलस्य, थकाइ र झर्को लागेर खिन्न भएका जनतालाई प्रशस्त मनोरञ्जन दिई प्रसन्न तुल्याए, तर त्यतिमात्र गरेर उनले सन्तोष मानेनन् । उनले तेह्रवटा वियोगान्त नाटक पनि लेखेका छन्, जसभित्र मानव जीवनको विराट् चित्र खिचिएको छ ।

संयोगान्त नाटक जतिसुकै बाझो भए तापनि मेलमिलापमा, जस्तोसुकै विछोड भए पनि मिलनमा र जेसुकै समस्या भए पनि चित्त बुझ्दो समाधानमा टुङ्गिन्छ । वियोगान्त नाटकमा भने मुख्य पात्रहरूको बिछोड मात्र होइन, मुटु नै चुँडाउने मृत्यु पनि हुन्छ । शेक्स्पियरका मुख्य पात्रहरूको

मृत्यु उनीहरूकै चरित्रको कमजोरी बिस्तारै बढ्दै गएर हुन्छ । यसरी कमजोरी झ्याँगिदै जाँदा मनुष्यका असल र खराब चरित्रको राम्रो र स्वाभाविक विकास भएको नाटककारले देखाएका छन् ।

"शेक्स्पियरका वियोगान्त नाटकहरूमा असल र खराबको द्वन्द्व देखाइएको हुन्छ" । उनका नाटकको थालनीमा असल र शान्त संसार उभ्याएको हुन्छ, तर त्यस्तो रमाइलो संसारमा खराब सुटुक्क कीरा लागे झैं पस्छ । त्यो नराम्रो कीरो बढ्दै जान्छ र त्यसले सुन्दर संसारलाई भताभुङ्ग र लथालिङ्ग पारिदिन्छ । नाटकको मुख्य अंश यसै खराब र असलको झगडाले भरिएको हुन्छ ।

शेक्स्पियरका धेरैजसो असल पात्रहरूले राम्रो काम गरेबापत् पुरस्कार पाउनुपर्ने हो, तर कसुरै नगरी पनि उनीहरू कष्ट झेल्न पो पुग्छन् वा मारिन पो पुग्छन् । तर शेक्स्पियरले रचना गरेको वातावरणलाई घमिल्याउने हरेक नराम्रा कुराको पुछारमा गएर हार हुन्छ र फेरि रमाइलो र राम्रो संसारको स्थापना हुन्छ ।

"व्यथा र वेदनाको माथिल्लो चुलीमा पुऱ्याउने शेक्स्पियरका वियोगान्त नाटक संसारमा बेजोड मानिन्छन् "। 'मक्बेथ', 'ह्याम्लेट', 'ओथेलो' र 'राजा लियर' शेक्स्पियरका चार महान् वियोगान्त नाटक हुन् । उनका 'रोमियो र जुलियट' र 'जुलियस सिजर' पनि औधि जनप्रिय छन् ।

शेक्स्पियर महान् कवि हुन् उनका प्रमुख पात्रहरूले बोल्ने भाषामा असाध्यै राम्रा कविता पाइन्छन् । ती कविताले मानव जीवनको साह्रै तारीफ लाग्दो बयान गरेका छन् ।"मान्छेले आफ्नो भाग्य आफैं बनाउँछ भन्ने विचार शेक्स्पियरका वियोगान्त नाटकहरूले देखाएका छन्" । अरू कुनै नाटककारले पनि शेक्स्पियरले जस्तो असङ्ख्य पात्रहरूलाई उभ्याएर मनुष्य समाजको विराट् व्याख्या र इर्ष्या, घृणा, प्रेम र सहानुभूतिका भावनाहरूको सूक्ष्म चित्रण गरेका छैनन् ।

शेक्स्पियरले आफ्ना कविता र नाटक लन्डनमा बसेर लेखे । जनताले उनका नाटकहरू असाध्य रुचाए । उनले आफ्ना नाटक खेलाएर प्रशस्त पैसा पनि कमाए । पैसा र प्रसिद्धि कमाएपछि उनी आफ्नो जन्मस्थान स्ट्र्याट्फोर्ड् फर्केर **'नयाँ ठाउँ'** भन्ने घर किनी बसे । त्यसै घरमा उनको मृत्यु भयो ।

स्ट्र्याट्फोर्ड्को हेन्ली सडकमा शेक्स्पियर जन्मेको घर अझसम्म पनि जस्ताको त्यस्तै सुरक्षित छ । उनकी आमाको माइतीघर नगरदेखि तीन माइल जति पश्चिमको विम्कोट गाउँमा र उनकी प्यारी पत्नी यानको चिटिक्क परेको झुप्रे माइतीघर नगरदेखि आधा माइल पर शटरी भन्ने ठाउँमा आजसम्म उस्तै अवस्थामा राखिएका छन् । छोरी सूज्याना र उनका लोग्ने डाक्टर जन हलको घर र नातिनी एलिजबेथका घरहरू पनि नगरको पुरानो भागमा अझै छँदै छन् । शेक्स्पियर र उनका नातेदारहरूका नाउँसित गाँसिएका यी सबै घरहरू राष्ट्रिय स्मारक मानिन्छन् । उनको **'नयाँ ठाउँ'** चाहिं घर भत्काइएकाले फूलबारीका रूपमा सुरक्षित छ । शेक्स्पियरको चिहान भएको ट्रिनिटी गिर्जाघर, एभनको

किनारमा बनाइएको ठूलो शेक्स्पियर नाट्यशाला, हेन्ली सडकको शेक्स्पियर केन्द्र, उनी पढेको ग्र्यामर स्कूल आदिले गर्दा स्ट्र्याट्फोर्ड अङ्ग्रेजहरूका लागि मात्र होइन साहित्य भनेपछि हुरुक्क हुने सबै जातिका मानिसहरूका लागि तीर्थस्थल जस्तै भएको छ । शेक्स्पियर जन्मेको २३ अप्रिलका दिन बर्सेनि देशविदेशका असङ्ख्य नरनारीहरू त्यस सहरमा भेला भएर उनको जन्म दिवसको उत्सवमा भाग लिन्छन् ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

उच्चारण गर्नु	- मुखले आवाज निकाल्नु
गर्व	- स्वाभिमान, चाहिंदो घमण्ड
प्रदर्शनी	- रमाइलो मेला
पारा	- किसिम, शैली
त्रिकोण	- तीनकुने
कुङ्लिङे	- छाताको समाउने घुमे जस्तै घुमेको
अमर	- कहिल्यै नमर्ने
दर्शक	- हेर्ने
महामानव	- ठूला मान्छे
ओइराउनु	- खन्याउनु, पोख्नु
प्रतिभाशाली	- प्रतिभा भएको, बुद्धिको धनी
असङ्ख्य	- धेरै, गनी नभ्याइने
उपभोग	- प्रयोग, भोगचलन
देह त्याग गर्नु	- मर्नु, आत्माले जीउ छाडेर जानु
बर्सीको	- एक वर्षका उमेरको
खुस्कनु	- बिलु, मर्नु, सिद्धिनु
बगरे	- मासु बेच्ने
कसाई	- पशु मारेर त्यसको मासु बेच्ने
बिंडो थाम्नु	- इज्जत राख्नु
गिंड्नु	- उन्क्याउनु, छिनाल्नु, च्वाट्टै काट्नु
कवितामय	- कविताले भरिएको
खिच्रिडमिच्रिड	- सस्याना कुराहरू
नगरपालिका	- सहरको शासन गर्ने संस्था
मण्डली	- समूह, दल

चोचोमोचो बढाउनु	- सम्बन्ध राख्नु
निस्सन्तान	- सन्तान नभएको
भावुक	- भावनामा डुब्ने
दाउ	- मौका
संयोगान्त	- मिलनमा टुङ्गिने, पुछारमा गएर मिलन हुने
वियोगान्त	- बिछोडमा टुङ्गिने
स्वाभिमान	- आफ्नो चाहिंदो घमण्ड, आफ्नो सुहाउँदो सम्मान
गर्विला	- गर्व गर्न लायकका
मनोरञ्जन	- रमाइलो, मन बहलाउ
परिचय	- चिनारी चिनाजानी
रोचक	- चखिलो, रुचि उमार्ने, चाख उमार्ने
आत्मसम्मान	- आफ्नो इज्जत
आलस्य	- अल्छेपना
प्रसन्न	- खुशी
तुल्याउनु	- बनाउनु, पार्नु
विराट्	- ठूलो, भव्य
बाझो	- झगडा
स्वाभाविक	- सुहाउँदो
द्वन्द्व	-संघर्ष, झगडा, लडाइँ
पुरस्कार	- इनाम
सूक्ष्म	- मिहिन, गहिरो
स्मारक	- सम्झनाका लागि बनाइएका कुरा
गिर्जाघर	- क्राइस्टेली धर्मको मन्दिर
नाट्यशाला	- नाटक देखाउने ठूलो घर

प्रश्नहरू

(क) तलका प्रश्नहरूलाई दिइएका उत्तरहरूबाट छानेर लेख्नुहोस् :

(१) शेक्स्पियर जन्मेको ठाउँ लन्डनदेखि कति टाढा छ ?

अ. नब्बे माइल जति

आ. सय माइल जति

इ. उनी लन्डनमै जन्मेका थिए

(२) एभन नदीमा बग्ने रजहाँसहरूले केको सम्झना गराउँछन् ?

अ. शेक्स्पियरको जन्मथलाको

आ. शेक्स्पियरकी प्रेमीकाको

इ. चार सय वर्ष अगाडिको

(३) शेक्स्पियरका बाबु के गर्थे ?

(अ) नाटक लेख्थे र खेलाउँथे

(आ) बेपार गर्थे

(इ) धर्म प्रचार गर्थे

(४) वरिक दुर्गभित्र पसेर मृगका पाठाहरू को चोर्थे रे ?

अ. शेक्स्पियरका पिता

आ. शेक्स्पियर आफैं

इ. शेक्स्पियरका भाइहरू

(५) शेक्स्पियरलाई धोका दिने कालो हृदयकी युवती को थिई ?

अ. हामीलाई थाहा छैन

आ. मेरी आर्डन

इ. यान ह्याथवे

(६) शेक्स्पियरको रगत यस पृथ्वीबाट कसरी मासियो ?

अ. उनी निस्सन्तान भएकाले

आ. उनकी नातिनी एलिजबेथ निस्सन्तान भएकीले

इ. उनको ह्याम्नेट भत्रे छोरा एघार वर्षमै मरेकाले

(७) शेक्स्पियरले के लेखेर अङ्ग्रेज जातिमा आत्मसम्मानको भावना जगाए ?

अ. विश्वप्रसिद्ध वियोगान्त नाटकहरू लेखेर

आ. उच्च कोटिका चौधहरफे कविताहरू लेखेर

इ. ऐतिहासिक नाटकहरू लेखेर

(८) वियोगान्त नाटकमा के देखाइएको हुन्छ ?

अ. कल्पनाको सुन्दर संसार

आ. असल पात्रले पाउने पुरस्कार

इ. असल र खराबको द्वन्द्व

(ख) तलका खाली ठाउँमा उचित शब्द वा शब्दहरू भर्नुहोस् :

(१) शेक्स्पियर नाटक हेर्न आउने भलाद्मीहरूका ..... समातेर नाटक नसिद्धिउन्जेल बाहिर कुरिरहन्थे रे ।

(२) शेक्स्पियर नाटकमा लगाइने ..... डोरीहरू तान्थे रे ।

(३) शेक्स्पियरका ऐतिहासिक, ... र वियोगान्त गरी तीन खालका नाटकहरू छन् ।

(४) शेक्स्पियरका प्रमुख पात्रहरूले बोल्ने भाषामा असाध्यै राम्रा ..... पाइन्छन् ।

(५) मान्छेले आफ्नो भाग्य आफैं बनाउँछ भन्ने विचार शेक्स्पियरका ..... नाटकहरूले देखाएका छन् ।

(६) शेक्स्पियरले आफ्ना कविता र नाटक ..... मा बसेर लेखे ।

(७) शेक्स्पियर आफ्नो जन्मस्थल फर्केर ..... भन्ने घर किनी बसे । त्यसै घरमा उनको मृत्यु भयो ।

(८) शेक्स्पियर र उनका नातेदारहरूका नाउँसित गाँसिएका यी सबै घरहरू राष्ट्रिय ..... मानिन्छन् ।

(९) साहित्य भनेपछि हुरुक्क हुने सबैका लागि शेक्स्पियरको जन्मस्थान ..... जस्तै भएको छ ।

(१०) आफ्ना ..... वटा ऐतिहासिक नाटकहरूमा शेक्स्पियरले राष्ट्रका वीर पुरुषहरूका विषयमा लेखेर जनताको उत्साहलाई बढाउने काम गरेका छन् ।

(ग) स्ट्र्याट्फोर्ड् अपन एभन कस्तो सहर हो ? यस सहरको बयान आफ्नै भाषामा गर्नुहोस् ।

(घ) शेक्स्पियरले घरबाट भागेर लन्डनमा गई नाउँ नकमाउन्जेल कस्तो अनुभव गरे होलान् ? दस वाक्यमा नघटाई त्यसको आकर्षक चित्र खिच्नुहोस् ।

(ङ) शेक्सपियरले गरेका योगदानका विषयलाई लिएर एउटा विवेचनात्मक टिप्पणी लेख्नुहोस् ।

व्याकरण

विपरीतार्थक शब्द- उल्टा अर्थ भएका दुई शब्दहरूको जोडीलाई विपरीतार्थक शब्द भन्नुपर्छ । जस्तै-

असली	- नक्कली	आस्तिक	- नास्तिक
राम्रो	- नराम्रो	थालनी	- पुछार
आकाश	- पाताल	उदार	- संकीर्ण
अघि	- पछि	गुण	- दोष
सेतो	- कालो	ठूलो	- सानो
जन्मनु	- मर्नु	अग्लो	- होचो
प्रेम गर्नु	- घृणा गर्नु	दाहिने	- देब्रे
उच्च	- नीच	पाप	- धर्म
तल	- माथि	हाँस्नु	- रुनु
चोर	- साधु	स्वर्ग	- नरक

श्रुतिसमभिन्नार्थक- उच्चारण गर्दा उस्तै उस्तै सुनिने तर अर्थ चाहिं बेग्लै भएका जोडी शब्दलाई **श्रुतिसमभिन्नार्थक** भन्नुपर्छ । यस्ता शब्दको अर्थ हिज्जेको अलिकति फरक पऱ्यो भने पनि अर्कै लाग्न सक्छ । त्यसैले हिज्जेको शुद्धिमा ध्यान दिनुपरेको हो । भाषामा जसरी **पर्यायवाची** र **विपरीतार्थक** शब्दहरू प्रशस्त छन्, उसरी नै **श्रुतिसमभिन्नार्थक** शब्दहरू पनि मनग्गे छन् । केही यी हुन् :

कोट	- बाहिरी लुगा	तोप	- ठूलो बन्दूक
कोत	- मार हान्ने ठाउँ	टोप	- अङ्ग्रेजी टोपी
दिन	- चौबीस घण्टा	अन्न	- खानेकुरा

दीन	- गरीब, दरिद्र	अन्य	- अरू
आँट	- साहस	आदि	- थालनीको
आँत	- भित्री भाग (शरीरको)	आधी	- आधा
देखि	- बाट	आइन	- उसबाट आउने काम भएन
देखी	- देखेर	आइन्	- उनबाट आउने काम भयो
बाजि	- पल्ट, पटक, चोटि	तार	- फलामको डोरी
बाजी	- होड	टार	- सम्म परेको खेत वा बारी
पाइन	- तागत, शक्ति	खालि	- मात्र, केवल
पाइन्	- उनबाट पाउने काम भयो	खाली	- रित्तो
जाति	- जात	फेरि	- अर्को पल्ट पनि
जाती	- असल, राम्रो	फेरी	- (१) जोगीले राति बजाउने कुरो (२) त्यस आइमाईले परिवर्तन गरी
देश	- मुलुक	बन्चरो	- काट्ने हतियार
द्वेष	- ईर्ष्या	बनचरो	- जङ्गली चरो
सिता	- पाकेको भातको गेडा	शीत	- पानीको थोपो, ओस
सीता	- आइमाईको नाउँ	सित	- सँग
पाश	- डोरी	फुल	- चराको अण्डा, डिम्बा
पास	- छेउ, उत्तीर्ण	फूल	- पुष्प
गर्भ	- पेट	तिर	- तर्फ
गर्व	- अहंकार	तीर	- किनार, काँड
विष	- बिख	विना	- बाहेक
बीस	- २०	वीणा	- बाजा

अनेकार्थक शब्द- एउटै शब्दबाट एकभन्दा बढी अर्थ लाग्न सक्छ भने त्यो **अनेकार्थक शब्द** हो । यस्ता शब्दको अर्थ वाक्यमा प्रयोग नगरेसम्म यही चाहिं हो भन्न सकिंदैन । जस्तै,

चल्नु- (१) नानीको गोडा **चल्दै छ** । बिउँझ्यो क्यारे ! (चटपटाउनु)
(२) सीताको पानी **चल्छ** । (जात मिल्नु)
(३) केटाहरू **चल्दैछन्** । (जिस्किनु, खेल्नु)
(४) दुई हजारले **चल्छ** । (निर्वाह हुनु)

माने- (१) 'स्नेह' को **माने** 'प्रेम' हो । (अर्थ)
(२) जीवन **माने**को पातको पानी जस्तै छ । (पिडालु जस्तै पात हुने झार)
(३) सोलुखुम्बुमा जताततै **माने** भेटिन्छन् । (बौद्धधर्मीहरूको स्मारक वा चौतारो)

केही अनेकार्थक शब्दहरू

खाग- (१) गैंडाको नाकको हाड
(२) खरानी

फुल- (१) भुटेको मकै फुलेको
(२) कुखुराको वा हाँसको अण्डा, डिम्बा

दर- (१) तीजमा खाने भोजन
(२) भाउ

ताल- (१) पल्ट, पटक, खेप
(२) पोखरी
(३) संगीतको लय

मास- (१) महिना
(२) कालो दाल
(३) खर्च गर, मास्ने वा नाश गर्ने काम गर

नाना- (१) बालकको लुगा
(२) विभिन्न

हार- (१) माला
(२) लाम, लहर
(३) पराजय

तर- (१) त्यसो भए तापनि, किन्तु, परन्तु
(२) खोलापारि जाऊ
(३) तताएको दूध माथि लाग्ने बाक्लो पत्र
(४) पानी माथि जमेको ठाँटो

(च) तलका शब्दहरू **विपरीतार्थक** हुन् कि **पर्यायवाची** हुन् छुट्याउनुहोस् र आफूले छुट्याए अनुसारको अर्थ बुझाउन हरेक शब्दलाई वाक्यमा प्रयोग गरेर देखाउनुहोस् :
सुल्टो-उल्टो, फूल-कुसुम, दानव-दैत्य, शिक्षक-गुरु, शिष्य-चेलो, विस्तृत-संक्षिप्त, दिन-रात, वर्ष-साल, जिलु-हार्नु, जन्म-मृत्यु, स्वतन्त्र-परतन्त्र, असल-खराब, उज्यालो-अँध्यारो, अहिले-उहिले, हिजोआज-आजभोलि ।

(छ) तलका शब्दहरू **अनेकार्थक** हुन् भने तिनका एकभन्दा बढी अर्थहरू खुलस्त पारेर वाक्यहरू बनाउनुहोस् :
कल, साँचो, तर, तान, खरी, सक्नु, पाटी, पेटी, गोल, जग ।

(ज) तलका **श्रुतिसमभिन्नार्थक** शब्दहरूको भेद वाक्यमा प्रयोग गरेर छुट्याउनुहोस् :
व्यसन-बेसन, चरो-चारो, मोति-मोटी, मान्-मान, किन्-किन, भनिन्-भनिन, फेरि-फेरी, खालि-खाली, जुन-जून, रोज्-रोज, पाइन्-पाइन, खोल्-खोल, टाप-ताप, डाम-दाम, कम्मी-कामी, डामी-दामी, कोश-कोस, होस्-होश, छिन-छिन्, मास्-मास, यश-यस, भोक-भोग, शीत-सित ।

(झ) तलका **वाक्यपद्धतिहरूलाई** अर्थ स्पष्ट पारेर वाक्यमा प्रयोग गर्नुहोस् :

मुखमा पानी आउनु (एकदम आकर्षित हुनु)

श्री गणेश गर्नु (थाल्नु)

इतिश्री हुनु (सकिनु)

चन्द्रमा दाहिने हुनु (पक्षमा हुनु)

आँखाको कसिंगर हुनु (बढी भइदिनु, कसैको बाटाको बाधा भइदिनु)

बात लाग्नु (दोष लाग्नु)

दिन फर्कनु (भाग्य सप्रनु)

ओरालो लाग्नु (अवनतितिर खस्कनु)

डाँडो काट्नु (भाग्नु, सुईंकुच्चा ठोक्नु)

मुख सह्याल्नु (सोचविचार गरेर मात्र बोल्नु)

२७. गौंथली बोल्यो चिरिबिरी च्यार

उपर दलिनमा गौंथली बस्ता
तलतिर उसको मैला खस्ता
म उठें सहसा रिसले जागी
त्यो गुज भत्काउनका लागि १

मेरो चुरिफुरि जोश विचारी
मसिनू तीखो चञ्चु उघारी
भ्रमको पर्दा च्याती ध्यार
गौंथलि बोल्यो चिरिबिरी च्यार- २

तिमिले भन्छौ यो घर मेरो
म पनि कहन्छू यै घर मेरो
वास्तव तिम्रो हो वा मेरो
खूब लगाऊ मनमा फेरो ३

ईंट काठको बटुली राश
यो घर ठाडो पार्नें खास
सकल बिलाए कर्मी ज्यामी
ओत बसेका छौं अब हामी ४

छोड सबै त्यो रीस र राग
पुछिद्यौ दिलको कालो दाग
मिलिजुलि सबले घाम र पानी
छल्नैपर्दछ आखिर नानी ५

अघि कति भन्थे यै घर मेरो
कति कति घस्थे रंग कमेरो
अब सब तिनको नाता परभो
विधिवश अहिले हाम्रो घर भो ६

पछि कति कतिको यो हुन जाला
कति कति जीवन यसले खाला
कति छौं अहिले यसमा हामी
हेर कलेजा भरसक छामी ७

शब्द तलामा सुन अझ चर्को
चाँचाँ चूँचूँ गर्दछ अर्को
जब तिमि सुत्छौ अनि उफ्रन्छ
घरको मालिक मैं हूँ भन्छ ८

खनिखनि चारैतिर ओडार
पार्दछ खाना रहित भँडार
सजिलो बाटो झिकि तल माथि
खेल्छ हजारौं बटुली साथी ९

चतुरो त्यो पनि तिमि जस्तै छ
घरको ममतावश मस्तै छ
न त त्यो सर्दछ न त क्यै दिन्छ
तिमिसित उल्टो भाडा लिन्छ १०

मालिकपनको झिक्तै भाउ
आउँछ अर्को गर्दै ङ्याउँ
"उसकन झटपट झापट दिन्छ
दूध दही सब चाटी लिन्छ" ११

तिमि जब हान्छौ धुरिमा चढ्छ
ताउ जुँगामा दिन्छ र लड्छ
मनमन मेरै घर हो भन्छ
तिमिकन सेवकसरि सम्झन्छ १२

*"यो सब रमिता जानीजानी
किन तिमि गर्छौं मुफत रिसानी
बस तिमि तेही आसनमाथि
मकन पियारो मानी साथी"* १३

त्यत्ती आसन तिम्रो ठान
यो गुण मेरो बिर्ता जान
अरू सब बाँकी सेरोफेरो
बैठक साझा तिम्रो मेरो, १४

त्यो पनि थोरै दिनका लागि
आखिर जानै पर्दछ त्यागी
बटुवासरि छौं सब तिमिहामी
अगुवा एकै अन्तरयामी, १५

तिमिले खर्च्यौं रुपियाँ धेर
जानिरहेंछु त्यो पनि हेर
तर रुपियाँको रूप विचार
सम्झ भयङ्कर त्यो तरवार १६

जुन रुपियाँले गर्दा आज
सब दुनियाँको मगज मिजाज
शुष्क गरायो, उसका लागि
किन तिमि बन्छौ दुच्छर दागी १७

मानिस रुपियाँ जपिजपि मर्छन्
रुपियाँ छिनछिन डेरा सर्छन्
उपियाँको झैं सरुवा बानी
यिनको सम्झनुपर्दछ नानी १८

जति जति रुपियाँ सञ्चय गर्छौं
उति उति तिमि सङ्कटमा पर्छौं
यो सब मनमा नहुँदा थाह
मुफत निकाल्यौ तेत्रो डाह १९

शिरमा सञ्चय रोग लगाई
नभएदेखी आज मलाई
सुरनगरीको सुर सम्झन्थ्यौ
जन्म चराको पाऊँ भन्थ्यौ २०

ममता गरि जड मट्टीमाथि
कति दिन भुल्छौ व्यर्थै माती
मानिस तिमि छौ, खोली छाती
होउ चराको चेलो जाती २१

उन्नति तिम्रो आध्यात्मिक हो
भवसागरको जुन नाविक हो
उसतिर देख्ता तिम्रो पीठ
बहुत मलाई लाग्यो टीठ २२

भौतिक सम्पति अरब कमाऊ
जल थल नभ सब टम्म जमाऊ
त्यसमा तिम्रो उन्नति छैन
त्यो सब सपनाको हो चैन २३

बिन्ति छ नानी अझ पनि बिउँझ
यस चिडियाको बोली सम्झ
मस्त नीदमा यसरी गम्की
कति दिन गर्छौ लम्कीझम्की २४

दीन दुखीमा करुणा राख
प्रेम सुधारस भरसख चाख
होउ चराको चेलो, आऊ
चेतन चोला सफल गराऊ २५

यो सब धारो कर्णविवरमा
बहँदा बहँदै अद्भुत सुरमा
बाहिर पानी बर्स्यो स्यार्र
गौंथलि बोल्यो चिरिबिरी च्यार्र २६

देखी तिमिकन लायक पात्र
आज बनाएँ मैले छात्र
अब कति पारौं घाँटी घ्यार्र
सबसित भन यो चिरिबिरी च्यार्र २७

(लेखनाथ पौड्याल)

अभ्यास

अप्ठ्यारा शब्दहरू

उपर	- माथि, मास्तिर
दलिन	- सिलिङको तेर्सो काठ
सहसा	- अकस्मात्, एक्कासि, अपर्झटमा, अचानक
जागी	- जङ्गिई, रिसाई, रन्किई
चुरीफुरी	- फुर्तीफार्ती, ताउरमाउर
चञ्चु	- चुच्चो, चराको तीखो मुख, टुँडो
कहन्छू	- भन्छु (कहना' हिन्दी क्रिया हो र यसको झर्रो नेपाली रूप हो 'भन्नु')
राश	- थुप्रो
बिलाए	- हराए, अल्पे, अलप भए
कर्मी	- काठको वा भित्ताको काम गर्ने कालिगढ
ज्यामी	- ज्यालादार, खेतालो, श्रमिक, मजदुर
ओत	- आश्रय, घामपानीबाट जोगिने ठाउँ
राग	- लोभ, लालसा, झुकाउ, मोह
छल्नैपर्दछ	- छेक्नैपर्दछ
कमेरो	- घरका भित्ता पोले सेतो माटो
विधिवश	- भाग्यवश, भाग्यले गर्दा
चाँचाँ चूँचूँ	- मूसाको बोली
ओढार	- गुफा, जमीनमा बस्न हुने खोपा वा भ्वाङ जस्तो खाली ठाउँ
खानारहित	- भोजनरहित, खानेकुरा नभएको
बटुली	- भेला पारी, जम्मा गरी, थुपारी
चतुरो	- बाठो, चनाखो, चलाक, चतुर
ममतावश	- लोभले, मोहले
मस्तै	- सन्तुष्ट, मत्त, मस्त, तृप्त, मख्ख
भाउ	- हाउभाउ, नक्कल, अभिनय
उसकन	- उसलाई
झटपट	- तुरुन्त, झट्ट
झापट	- थप्पड, चड्कन
हान्छौ	- हिर्काउँछौ, कुट्छौ
ताउ दिन्छ	- फुर्तीसित जुँगा मुसार्छ
लड्छ	- लडाइँ गर्छ, झगडा गर्छ
तिमीकन	- तिमीलाई

सरि	- झैं, जस्तै
मुफ्त	- व्यर्थ, बिर्थैमा, बिनसित्ती
बिर्ता	- तिरो तिर्नु नपर्ने जग्गा, आफ्नो पूरा हक भएको जमीन
सेरोफेरो	- चारैतिर, सर्वत्र, वरिपरिको क्षेत्र
बैठक	- भेटघाट गर्ने साझा कोठा
साजा	- साझा, सबैको, धेरैको हिस्सा भएको
बटुवा	- पथिक, यात्री, बाटो हिंड्ने मान्छे
अगुवा	- नेता, मार्गदर्शक
अन्तर्यामी	- आत्माभित्रका कुरा जान्ने, परमात्मा, परमेश्वर
मिजाज	- मिजास, बानी, स्वभाव
शुष्क	- सुकेको, नीरस, खस्रो
दुच्छर	- छुच्चो, मुखाले, दुष्ट स्वभावको
दागी	- दोषी, खोटो
सञ्चय	- जम्मा, जोहो, जोरजाम, बटुल्ने काम
सङ्कट	- आपत्ति, कठिनाइँ, कष्ट
थाह	- थाहा, चेत, ज्ञान
डाह	- ईर्ष्या, डाढो
सञ्चयरोग	- धन बटुल्ने नराम्रो बानी, पैसा थुपार्ने रोग
सुरनगरी	- देवपुर, देवताको सहर, अमरावती, स्वर्ग
सुर	- देवता
ममता	- अनुराग, मोह, लोभ
जड	- निर्जीव, अचेत, चेतनाशून्य
मट्टी	- माटो
माती	- गम्की, घमण्डले फुली, पात्तिई
जाती	- असल, राम्रो, गुणी
आध्यात्मिक	- अध्यात्मसम्बन्धी, आत्मासम्बन्धी
भवसागर	- संसाररूपी समुद्र
नाविक	- नाउ खियाउने, डुङ्गा चलाउने, माझी
पीठ	- पिठिउँ, डँडाल्नु, शरीरको पछिल्लो भाग
बहुत	- (हिन्दी) धेरै
भौतिक	- शारीरिक, पृथ्वीका तत्त्वसम्बन्धी
गम्की	- घमण्डले मत्त भई, फुली, पात्तिई
लम्कीझम्की	- हमला गर्ने तालसुर, झम्टाइ
करुणा	- दया, माया

सुधारस	- अमृतको रस
चेतन	- चेत, चेतना, बुद्धि
चोला	- जुनी, जन्म
कर्णविवर	- कानको प्वाल

'गौंथली बोल्यो चिरिबिरी च्यार्' संस्कृत छन्दमा लेखिएको कविता हो। यो मात्रिक छन्दमा छ अर्थात् यसमा छन्द वा लय मिलाउन मात्रा गन्नुपर्ने हुन्छ । आवश्यक भन्दा बढी वा कम मात्रा भएमा लय मिल्दैन । त्यसै हुनाले ह्रस्व हुनुपर्ने ठाउँमा दीर्घ र दीर्घ हुनुपर्ने ठाउँमा ह्रस्व मात्राहरू केही शब्दमा पाइन्छन् । कहीं कहीं शब्द छोट्याइएका र तन्काइएका पनि भेटिन्छन् ।

यस कवितामा प्रयोग भएका हिज्जे	**गद्यमा शुद्ध मानिने हिज्जे**
गौंथलि	- गौंथली
चुरिफुरि	- चुरीफुरी
तिमि	- तिमी
कहन्छू	- कहन्छु
रीस	- रिस
पुछिद्यौ	- पुछिदेऊ
मिलिजुलि	- मिलीजुली
यै	- यही
भो	- भयो
हूँ	- हुँ
खनिखनि	- खनीखनी
झिकि	- झिकी
क्यै	- केही
धुरिमा	- धुरीमा
मुफत	- मुफ्त
तेही	- त्यही
पियारो	- प्यारो
त्यत्ती	- त्यत्ति
अरु	- अरू
अन्तरयामी	- अन्तर्यामी
जानिरहेंछू	- जानिरहेंछु
जपिजपि	- जपीजपी
थाह	- थाहा

तेत्रो	त्यत्रो
गरि	- गरी
होउ	- होऊ
बिन्ति	- बिन्ती

कविको चिनारी- लेखनाथ पौड्यालको जन्म १९४१ सालमा पोखराको अर्घौं अर्चले भन्ने ठाउँमा भएको थियो । उनले काठमाडौं आएर संस्कृतको अध्ययन गरे र आफ्नो जीवन पनि काठमाडौंमै बिताए । उनको मृत्यु २०२२ सालमा नारायणी अञ्चलको देवघाटमा भयो ।

संस्कृत छन्दमा असाध्यै मीठा कविता लेख्ने लेखनाथ पौड्याललाई २००८ सालमा **कविशिरोमणि** भन्ने पदले सम्मान गरियो । उनले हिन्दूधर्मका नीतिहरूलाई र वैदिक आचरणहरूलाई आफ्ना कविताहरूमा औंधि राम्ररी प्रकट गरेका छन् । उनको शैली अत्यन्त मीठो छ । **ऋतुविचार** र **तरुण तपसी** उनका अमर कृति मानिन्छन् ।

'गौंथली बोल्यो चिरिबिरी च्यार्र' संस्कृत मात्रिक छन्दमा लेखिएको अति सरल र राम्रो कविता हो । यसमा कविले गौंथलीलाई आफ्नो आध्यात्मिक विचार बोल्न लगाएका छन् । यस संसारमा कमाइने धनसम्पत्ति सधैं रहने कुरा होइनन् । त्यसै हुनाले पैसा थुपार्ने कामतिर मात्र एकोहोरिनु राम्रो होइन भन्ने कविशिरोमणिको भनाइ छ ।

प्रश्नहरू

(क) तलका हरेक प्रश्नको उत्तर एक एक वाक्यमा दिनुहोस्-

१. तलतिर मैलो कसले खसायो ?
२. मानिस किन रिसायो ?
३. रिसले फुलेको मानिस के गर्न तम्सियो ?
४. गौंथली कसरी बोल्न थाल्यो ?
५. त्यो घर गौंथलीको हो कि मानिसको ?
६. खास घर बनाउने को हुन् ?
७. घर बनाउनेहरू अहिले कहाँ छन् ?
८. सबले कसरी र के छल्नुपर्छ त ?
९. 'कति कति जीवन यसले खाला' भनेको के हो ?
१०. मानिस सुतेपछि फुर्ती देखाउने को हो ?
११. घरको मालिक को हो त ?
१२. कसले हजारौं साथी बटुल्छ र के गर्छ ?

१३. त्यसले मानिससित कसरी र के भाडा लिन्छ ?
१४. झापट उझाउँदै अघि सर्ने चाहिंको हो नि ?
१५. मानिसलाई सेवक ठान्ने को हो ?
१६. हामी बटुवासरि कसरी हौं ?
१७. मानिसको मनमा डाहा केले उमार्छ ?
१८. साँचो उन्नति केमा पाइन्छ ?
१९. चराको चेलो हुँदा के फाइदा छ ?
२०. कसले कसलाई छात्र बनायो ?

(ख) यस कवितामा भएका कुनै कुरा पनि नछुटाई आफ्नै भाषामा सारांश लेख्नुहोस् ।

(ग) यस कविताबाट तपाईंले के सिक्नुभयो ? दस वाक्य भित्र उत्तर लेख्नुहोस् ।

(घ) 'मस्त नीदमा यसरी गम्की' भनेर कविशिरोमणिले हामीलाई भौतिक सुखको मोहमा नभुलिने सङ्केत गरेका छन् । के पैसा कमाउनु र थुपार्नु निदाउनु नै हो त ? के पैसालाई त्यागेर 'दीनदुःखीमा करुणा' राख्नाले नै बिउँझिएको मानिन्छ ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

(ङ) सप्रसङ्ग व्याख्या गर्नुहोस्-

ममता गरि जड मट्टीमाथि
कति दिन भुल्छौ व्यर्थै माती

(च) तलका पङ्क्तिहरूका आधारमा आफ्नो विचार बढाई एउटा राम्रो लेख तयार पार्नुहोस्-

मानिस रुपियाँ जपिजपि मर्छन्
रुपियाँ छिनछिन डेरा सर्छन्
उपियाँको झैं सरुवा बानी
यिनको सम्झनुपर्दछ नानी

(छ) हामीले पन्ध्रौं पाठमा वादविवादका विषयमा पढिसकेका छौं । यस कवितामा पनि भौतिक सुख र आध्यात्मिक सुखका कुरा परेका छन् । कविशिरोमणि लेखनाथ पौड्यालका विचारमा जति पैसा कमाएर थुपार्दै लग्यो उति नै त्यस मान्छेलाई कष्टले घेर्छ, तर कतिपय मानिसहरू यस कुरालाई मान्दैनन् । कविशिरोमणिका विपक्षमा पनि तर्कहरू छन् ।

त्यसो हुनाले कविको विचारलाई समर्थन गर्ने एक जना र उनको विचार नमान्ने अर्को एक जना अर्थात् कविको विचारको पक्षमा एक जना र विपक्षमा एक जना सोचेर ती दुईका मुखबाट आफ्नो आफ्नो पक्षमा बोल्न हुने किसिमले दस दस वाक्य बनाई एउटा राम्रो विवाद लेख्नुहोस् ।

पारिभाषिक शब्द- खास खास विषयमा लाग्ने आफ्नै किसिमका विशेष शब्दहरू हुन्छन् । साहित्य, राजनीति, विज्ञान, प्रशासन, व्यापार, शिक्षा जस्ता विषयहरूमा यस्ता विशेष शब्दहरू प्रयोग गरिन्छन् । त्यस्ता शब्दले विशेष अर्थ बुझाउँछन् । जस्तै,

साहित्यमा :	मूल्याङ्कन	- पुस्तक वा लेख कत्तिको महत्त्वको छ भनी तोक्ने काम
	समीक्षा	- लेखको गुण देखाउने काम
	समालोचना	- लेखका गुण र दोषहरू तौलने काम
	अनुभूति	- लेखकको भित्री भावना
	व्याख्या	- बुझ्ने गरी बयान गर्ने काम
	छन्द	- कविताको लय
	कृति	- रचना, लेख वा कविता
राजनीतिमा :	सहवरण	- सर्वसम्मतिबाट प्रतिनिधिको निर्वाचन
	निर्वाचन	- जनताले छान्ने काम
	मतदान	- छनोट
	बहुमत	- धेरैको छनोट, धेरैको मत
	अल्पमत	- थोरैको छनोट, थोरैको मत
	मनोनयन	- आधिकारिक व्यक्तिको निजी छनोटबाट नियुक्ति
	वैधानिक	- विधानमा मिल्दो,कानूनी
	अवैधानिक	- विधानमा नमिल्ने
	संविधान	- राज्य सञ्चालन गर्ने मूल नियमहरूको समूह
	निर्दलीय	- राजनैतिक दलहरू नभएको
	दलीय	- राजनैतिक दलहरू भएको
	आक्रामक	- अर्काको देशमा लडाइँ गर्ने
	निरस्त्रीकरण	- हतियारहरू नष्ट गर्ने काम
	असंलग्न	- कुनै ठूलो राष्ट्रको पक्षमा नलागेको, सबै राष्ट्रसित मित्रता गर्ने
विज्ञानमा :	संक्रामक	-महामारी भएर फैलने, सरुवा
	परीक्षण	- साँचो हो कि होइन भनी जाँच्ने काम
	निरीक्षण	- साँचो हो कि होइन भनी हेर्ने काम
	अनुकल्पना	- यस्तो नियम जसका आधारमा परीक्षण र निरीक्षण गरिन्छन्
गणितमा :	त्रिकोण	- तीनवटा कोण भएको रेखा चित्र
	चतुर्भुज	- चारवटा रेखा भएको, चारपाटे रेखा चित्र

	समानान्तर	- बराबर दूरी भएका रेखाहरू
	वृत्त	- गोलो
भूगोलमा :	नातिशीतोष्ण	- बढी गर्मी वा जाडो नहुने
	ध्रुवप्रदेश	- हिउँ नै हिउँले ढाकेको उत्तरी वा दक्षिणी प्रदेश, पृथ्वीको उत्तरी वा दक्षिणी क्षेत्र
	विशुवत् रेखा	- पृथ्वीका मध्य भागको काल्पनिक रेखा

उपसर्ग लागेका शब्दहरू- नेपालीमा संस्कृतका उपसर्गहरू लागेका प्रशस्त शब्दहरू चलेका छन् । तीमध्ये **प्र, सु, कु, उप, नि, प्रति, दुर्, परि, अभि, वि, सा, अव, सम्, अनु, अप** आदिका एक दुई उदाहरण तल दिइएका छन् :

उपसर्ग	शब्द
प्र	- प्रचार, प्रभाव, प्रबल, प्रहार, प्राध्यापक, प्रसार, प्रगति, प्रमाण, प्रमद, प्रभेद, प्रदूषण, प्रदर्शन, प्रबन्ध
सु	- सुकर्म, सुपुत्र, सुपरिचित, सुशिक्षित, सुगम, सुमार्ग, सुगन्ध, सुबुद्धि, सुबोध, सुरक्षा, सुदिन, सुदर्शन, सुदूर, सुदृढ, सुप्रसिद्ध, सुपात्र, सुदृष्टि, सुप्रबन्ध
कु	- कुकर्म, कुमार्ग, कुपुत्र, कुरीति, कुदिन, कुमति, कुलत, कुचाल, कुपात्र, कुदृष्टि, कुरूप, कुप्रबन्ध, कुप्रभाव, कुबुद्धि, कुलच्छिन, कुसाइत, कुसाख
उप	- उपदेश, उपहार, उपनाम, उपकुलपति, उपप्राध्यापक, उपसचिव, उपमन्त्री, उपवन, उपकार, उपकरण, उपहास, उपनायक, उपदान, उपनियम, उपाध्यक्ष, उपसभापति, उपसर्ग, उपलक्ष्य, उपसागर, उपस्थिति, उपलब्ध, उपयोग, उपयुक्त, उपधारा, उपचार,
नि	- निधन, नियम, निवास, निवारण, नियोग, नियात्रा, नियुक्ति, नियोजन, निबन्ध, निगूढ, निगम, निमन्त्रण
प्रति	- प्रतिकूल, प्रतिवाद, प्रतिफल, प्रतिक्रिया, प्रतिगामी, प्रतिकार, प्रतिच्छाया, प्रतिकृति, प्रतिपादन, प्रतिपालन, प्रतिनिधि, प्रतिबन्ध, प्रतिलिपि, प्रतिपक्ष, प्रतिद्वन्द्विता, प्रतिध्वनि, प्रतिविम्ब, प्रतियोगिता, प्रतिलिपि, प्रतिवाद, प्रतिवेदन, प्रतिशोध
दुर्	- दुर्गम, दुर्बुद्धि, दुर्गति, दुर्दशा, दुरुपयोग, दुर्जन, दुराचार, दुर्गुण, दुर्घटना, दुर्गन्ध, दुरात्मा, दुर्नाम, दुर्लभ, दुर्व्यवहार
परि	- परिक्रमा, परिभाषा, परिवार, परिमार्जन, परिताप, परिपूर्ण, परिपाटी, परिप्रेक्ष्य, परियोजना, परिवर्तन, परिवहन, परित्याग, परिचर्चा, परिचालन, परिपत्र, परिशिष्ट, परिस्थिति
अभि	- अभिरुचि, अभिनय, अभिमान, अभियान, अभिनन्दन, अभिप्राय, अभियुक्त, अभियोग, अभिवादन, अभिवन्दना, अभिभावक, अभिशाप, अभिवृद्धि, अभिव्यक्ति
वि	- विदेश, विभाग, वियोग, विनाश, विवाद, विलुप्त, विज्ञान, विहार, विसर्ग, विशिष्ट, विशुद्ध, विद्वेष, विद्रोह, विगत, विकार, विचार, विकृति
आ	- आजीवन, आगमन, आहार, आजन्म, आमूल, आयोग, आयोजना, आकृति, आवरण, आवास, आवेग, आदेश, आघात

अव - अवनति, अवगुण, अवहेलना, अवशेष, अवगत, अवरोध, अवरुद्ध, अवलोकन, अवधारणा, अवमूल्यन

सम् - सम्मान, संस्कृत, संहार, संवाद, संस्कार, संकल्प, संयोग, संयम, संरक्षण, संलग्न, संशोधन, संशय, संस्मरण, सम्भावना, सम्बोधन, सम्मिलित, सम्मुख, सम्प्रेषण, सम्प्रदाय, सम्प्रदान

अनु - अनुकरण, अनुशासन, अनुसरण, अनुमान, अनुवाद, अनुरूप, अनुसर्ग, अनुसूची, अनुगमन, अनुकल्पना,अनुकम्पा, अनुशीलन, अनुसार, अनुबन्ध, अनुरोध, अनुसन्धान, अनुहार

अप - अपमान, अपकार, अपराध, अपव्यय, अपहरण, अपशब्द, अपमृत्यु, अपवाद, अपशकुन, अपयश, अपहत्या

(ज) तलका पारिभाषिक शब्दहरूलाई आफ्ना वाक्यमा अर्थ खुल्ने गरी प्रयोग गर्नुहोस्-
न्यायालय, कविता, उपन्यास, निर्वाचन, एजेन्सी, शल्यचिकित्सा, निरीक्षण, अनुकल्पना, सहवरण, निरस्त्रीकरण, चतुर्भुज

(झ) तलका शब्दहरूमा कुन कुन उपसर्ग लागेका छन् ? ती शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस्-
अपहरण, निरपराध, प्रत्युपकार, दुश्चरित्र, अधिपति, प्रतिदिन, परिपूर्ण, निष्कपट, विहार, विकार

(ञ) तलका तुक्का वा वाक्यपद्धतिलाई आफ्ना वाक्यमा सुहाउँदोसित प्रयोग गरेर देखाउनुहोस्-
दुनो सोझ्याउनु (आफ्नो भलो हुने काम गर्नु)
धोती खुस्कनु (आफ्नो गोप्य अरूले थाहा पाएको पत्तो नहुनु)
धोती न टोपी हुनु (सर्वस्व गुमाउनु)
नेटो काट्नु (डाँडो काट्नु, अदृश्य हुनु)
बाटो तताउनु (सुईंकुच्चा ठोक्नु, सुटुक्क भाग्नु)

२८. शत्रु

'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान कसैको निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायको निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । तिनले यता १०/१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन्, यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनको मत अनुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी ल्याउँछ । "तर दुख परेको बखतमा, "राजद्वारे श्मशाने च," तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । जनककुमारीको एक्लो छोरो मर्दा जनककुमारीको पीरभन्दा यिनको सान्त्वनाले त्यहाँ भएका मान्छेहरूका आँखामा आँसु ल्यायो । गाउँलेहरूमा झगडा पऱ्यो भने यिनी नै मध्यस्थ हुन्थे । यिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिंदैनथ्यो । आफ्नो घरबाट तिनी कम निस्कन्थे, निस्केको दिन कि त कसैकहाँ मृत्यु छ, कि झगडा भएछ भनी ठान्नुपर्थ्यो । सडकमा सबै जना अदबसँग यिनको अभिवादन गर्थे ।

कृष्ण रायलाई सब प्रकारको सुख थियो- धनको, यशको र सम्मानको । सन्तान थिएन तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजालाई पाली पूर्ति गरेका थिए ।

एक रात तिनी खाइपिई सुत्ने यत्न गरिरहेका थिए । उनको मनमा धेरै धेरै प्रकारको विचार आउन थाल्यो । तिनको जीवन कसैले असफल भन्न सक्तैन । सानोतिनो पूँजी पनि कमाइहालेका थिए, रुपियाँ जम्मा गर्दा अरूहरूले गरेजस्तो रैतीहरूलाई पीर पनि पारेनन् । तिनको कोही वैरी थिएन, यही तिनको सन्तोषको ठूलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेका वेलामा तिनीमाथि लट्ठीको प्रहार पऱ्यो । संयोगवश लट्ठीको मुख्य चोट तिनमाथि परेन । प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि, यो छुट्याउन गाह्रो थियो ।

कृष्ण राय जुर्मुराउँदै उठे; तबसम्म आक्रमणकारी भागिसकेको थियो । 'मलाई कसले यसरी आक्रमण गऱ्यो होला' तिनी विचार गर्न थाले । 'यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ ।' कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा नै विश्वास भएन । सब तन्द्रावस्थाको भ्रम जस्तो; तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रो त भ्रम हुन सक्तैन, कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर फेरि भन्न थाले, 'को मेरो शत्रु हुन सक्छ ?'

धेरै घोरिंदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो । आजै बिहान एउटा काम बिगार्दा रामे भन्ने नोकर माथि तिनी रिसाएका थिए । नोकरको के ठेगाना झोंक उठ्यो होला र

मालिकलाई हात्र हिड्यो होला । नोकरसित झगडा पर्दा तिनले नोकरको मुख रातो भएको देखेका थिए । उनलाई के थाहा ? रिसले रातो भएको रहेछ । तर उनी केही अचाक्ली भएर रिसाएका थिएनन् । यति पुरानो नोकरले त्यति हप्की पाउँदा मालिकलाई मार्न नहिंड्नुपर्ने । रामेले योभन्दा ठूलो ठूलो गाली सहेको थियो र आजको झटनीले त्यसको धैर्यको अन्त्य नगर्नुपर्ने । तर मनुष्यको स्वभाव कसले जात्र सक्छ र ? रामे नभए अरू को मेरो शत्रु होला ? अथवा यो सबै काम बलभद्रको हो । कारण, अस्ति हिसाब गोलमाल गरेर मालिकलाई ठग्न खोज्दा कृष्ण रायले तिनीलाई फेला पारी लज्जित पारेका थिए । आखिर बलभद्रको समाजमा आदर थियो; गाउँलेहरू तिनलाई मान गर्थे । कृष्ण रायले तिनीलाई बेइज्जती गरेको तिनले सहन सकेनन् होलान् र आज राति बदला लिन आएका होलान् । कृष्ण राय विचार गर्दैगए । अस्तिको नोकरी खोज्दैआएको युवकको ध्यान तिनलाई आउन थाल्यो । बिचरो खान नपाएर तिनीकहाँ आएको थियो, काममा लाउन छाडेर तिनी उसलाई उपदेश दिन थाले । कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भने, त्यस युवकले यो निश्चय मन पराएन होला । त्यो बडो स्वाभिमानी होला जस्तो थियो । त्यसलाई कठोर शब्द असाध्य बिझ्छ र धेरै दिनसम्म ईख लिइरहन्छ । कृष्ण रायको एउटा अत्यन्त नराम्रो बानी छ । आफूलाई अकलुषित र दुर्गुणरहित भनी ठान्ने कृष्ण रायलाई आफ्नो एउटा ठूलो दोषको सम्झना भयो । समय समयमा तिनी अर्कालाई उपदेश र सल्लाह दिइरहन्छन् । नाहक कृष्ण राय यस दुर्गुणलाई गुण ठानेर अङ्कमाल गरिरहेका थिए ।

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरो हो । गाउँले तिनीमाथि नै विश्वास गरी तिनीलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि गाउँमा तिनको धेरै सम्मान थियो । तर निश्चय नै यस कामले तिनलाई धेरैको मन नपरेको बनायो होला । एक दिनको घटना उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो, तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन । कृष्ण राय सधैंको जस्तै मध्यस्थ भएर बानीले प्रेरित भए झैं ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले- 'हेर, गोविन्द पण्डित ! हेर, गोरे जमदार ! झगडा गरेर के लाभ ? आपसमा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर ।' यति उपदेशमै तिनीहरू झगडा गर्न छाड्ने भए, तिनीहरू कहिले पनि झगडा गर्ने थिएनन् । तिनीहरू मिल्न मानेनन् र विचरा मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनुपर्‍यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पण्डितलाई आफ्नो शत्रु बनाए होलान् । फेरि एउटा मास्टरको र कैयौंको झगडामा न्याय कैयौंकै पक्षमा हुँदा मास्टरले रिसाएर भनेका थिए- 'हेर्नुहोस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयौं कैयौं नै हुन्, काम लाग्ने छैनन् ।' एउटा झगडामा सबभन्दा निर्दोष काम हो त्यस झगडाको मध्यस्थ हुनु, तर कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्तैन । मध्यस्थले एउटा न एउटाको शत्रु हुनैपर्छ- कृष्ण रायले बिउँझे झैं यो ज्ञान आर्जन गरे ।

विचार गर्दागर्दै कृष्ण रायले रेलको डब्बामा भएका झगडा सम्झे; हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झे; तिनले निकालिदिएका नोकरलाई सम्झे; गरीब तर इखालु

दाजुभाइलाई सम्झे; जो यिनको उन्नति देखिसहँदैनथे । अरूको त के कुरा, आफ्नै पोष्यपुत्रमाथि पनि उनलाई भरोसा थिएन । चाँडै नै सम्पत्तिको मालिक हुन उसले जे पनि गर्न सक्छ । आखिर आफैंले जन्माएको छोरो त ....

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बुङ्ग लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ! 'दुनियाँमा कोही पनि मित्र हुँदैन, सबै शत्रु, सबै बैरी नै हुन्छन्' ! कसैले भन्छ अकारण नै कोही शत्रु हुँदैन, माने अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ, कृष्ण रायले धेरैसँग संगत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप बैरी साँघ्रे' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म !"निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको हुन्छ '।'

भोलिपल्ट यस घटनाको जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनीलाई सोध्यो- 'तपाईंलाई कसैमाथि शङ्का हुन्छ ?'

कृष्ण रायले गम्भीर भएर उत्तर दिए- 'रामे, बलभद्र, केदार युवक, गोविन्द पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली ....

(विश्वेश्वरप्रसाद कोइराला)

अभ्यास

अप्ठ्यारा शब्दहरू

उपयुक्त	- सुहाउँदो, ठीक, उचित
भद्र	- सज्जन, सभ्य, शिष्ट
राजद्वारे श्मसाने च	- राजाको ढोकादेखि लिएर मसानसम्म, जताततै
प्रस्तुत	- तयार, उद्यत
मध्यस्थ	- तटस्थ, दुई पक्षमा कतै नलागी कुरा मिलाइदिने
अदब	- शिष्टाचार, मानमर्यादा, ठूलाबडाको आदरभाउ
अभिवादन	- ढोग, नमस्कार, प्रणाम
वैरी	- शत्रु, विरोधी
तन्द्रा	- झप्काइ, उँघाइ, निद्रा लाग्नु अघिको आँखाको लट्ठ्याइ
संयोगवश	- भाग्यले, अकस्मात्
प्रहारकर्ता	- हात्रे, प्रहार गर्ने, हिर्काउने
आक्रमणकारी	- हमला गर्ने, आक्रमण गर्ने, धावा गर्ने, जाइलाग्ने
तन्द्रावस्था	- तन्द्राको स्थिति, उँघेको वेला, निद्राले लद्विएको अवस्था
सुइँको	- सुराक, सूत्र, धुइरो, पत्तो
झटनी	- हप्काइ, फड्कानें काम, गाली गराइ
स्वाभिमानी	- आफ्नो प्रतिष्ठा र महत्त्व भएको
बिज्छ	- चित्त दुख्छ, नराम्रो व्यवहारबाट नराम्रो लाग्छ
अकलुषित	- निर्मल, स्वच्छ, सफा हृदयको
नाहक	- बिनसित्ति, बिर्थै, व्यर्थै
अङ्कमाल गर्नु	- अँगाल्नु, अँगालो मार्नु, स्वीकार गर्नु
गर्व	- उचित अहं भावना, सुहाउँदो घमण्ड
उदाहरणस्वरूप	- नमूनाका लागि, उदाहरणार्थ, उदाहरणका निम्ति
प्रेरित	- प्रेरणा गरिएको, प्रोत्साहन पाएको, उत्तेजित, ठेलिएको
दुष्परिणाम	- नराम्रो फल, खराब परिणाम
कैयाँ	- पूर्वी नेपालमा माडवारीलाई प्रयोग गरिने शब्द, कन्जुस
आर्जन गर्नु	- कमाउनु, आमदानी गर्नु
डब्बा	- रेलभित्र बस्ने कोठा
पोष्यपुत्र	- धर्मपुत्र, पालेको छोरो
निहुँ	- बहाना, स्वाङ, झगडाको उपाय
बाप वैरी साझु	- पूरा खलकर्कै विरोध गर्नु, बाबुकै पालादेखिको शत्रुता देखाउनु

लेखकको चिनारी- विश्वेश्वरप्रसाद कोइरालाको जन्म १९७१ सालमा भएको थियो । उनको देहान्त चाहिं २०३९ सालमा भयो । नेपाली प्रजातन्त्रका महासेनानी विश्वेश्वरप्रसाद कोइराला मानवतावादी थिए । उनका कथाहरूको सङ्ग्रह 'दोषी चश्मा' सात सालको क्रान्ति अगावै छापिएको थियो । २०१७ सालमा थुनामा परेपछि आठ वर्षको थुनुवा जीवनमा नै उनका 'तीन घुम्ती', 'नरेन्द्र दाइ', 'सुम्रिमा', 'मोदी-आईन' जस्ता उपन्यासहरूको र 'श्वेतभैरवी' जस्तो कथा सङ्ग्रहको पनि रचना भएको हो । प्रजातान्त्रिक महानिर्वाचनबाट प्रथम प्रधान मन्त्री हुने जननेता विश्वेश्वरप्रसाद कोइराला नेपाली इतिहासका राजनैतिक र साहित्यिक विभूति हुन् ।

कोइरालाका कथामा मनका पत्रपत्र केलाएर जीवनको सत्य पत्ता लगाउने विशिष्ट योग्यता पाइन्छ । साना कुरा, पात्र वा घटनालाई अघि सारेर सूक्ष्म मानवीय सत्यलाई प्रस्तुत गर्नु उनका कथाको विशेषता हो । यस कथामा मान्छेको स्वाभाविक कमजोरीलाई अत्यन्त सरलतासाथ तर रोचक पाराले देखाइएको छ । शत्रु नै नभएको मान्छे कोही हुन सक्तैन भन्ने कुराको उद्घाटन यस कथामा भएको छ ।

सरल र रोचक भाषा, भित्रसम्म पस्न सक्ने प्रतिभा र स्वाभाविक अभिव्यक्तिका धनी कोइरालाका कथा अन्तर्राष्ट्रिय उच्चस्तरका छन् ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूको भरिसक्ने एक वाक्यमा र नभए तीन वाक्यभन्दा बढी ननघाई छोटा उत्तर दिनुहोस् :

१. कृष्ण राय किन कसैलाई कर्जा दिंदैनथे ?
२. गाउँलेहरूमा झगडा पर्दा को र किन मध्यस्थ हुन्थ्यो ?
३. कृष्ण रायको जीवनलाई कसैले पनि असफल भन्न नसक्नाको कारण के हो ?
४. रामेको मुख किन रातो भएको थियो ?
५. कृष्ण रायले कुन दुर्गुणलाई बिर्थैमा गुण ठानेर अँगालिरहेका थिए र किन ?
६. कृष्ण रायले बिउँझे झैं के ज्ञान आर्जन गरे र किन ?
७. कृष्ण रायलाई आफ्नै पोष्यपुत्रमाथि पनि किन भरोसा थिएन ?
८. अकारण कोही कसैको किन शत्रु हुँदैन ?

(ख) 'शत्रु' शीर्षक कथामा कथाकार विश्वेश्वरप्रसाद कोइरालाले देखाउन खोजेको मुख्य कुरो के हो ? यस कथालाई विवेचना गरेर एउटा प्रबन्ध तयार पार्नुहोस् ।

(ग) तपाईंका अङ्ग्रेजी शिक्षक रामबाबु अति स्नेही व्यक्ति छन् । आफ्ना छात्रछात्राहरूलाई सधैं उनी सहयोग गर्छन् र सबै जना राम्ररी उत्तीर्ण भइदिऊन् भन्ने उनको ठूलो इच्छा हुन्छ । उनी राम्रो पढाउँछन् र कमजोरलाई खूब घोटाएर योग्य बनाउने प्रयास गर्छन् । तर हिजो राति एघार

बजे उनको झ्यालका ऐना फुटाएर कोही भित्र पसेछ र उनको रेडियो फुटाइदिएछ । उनी उठेर कराउन खोज्दा उनलाई खाटका खुट्टामा बाँधेर त्यस आक्रमणकारीले उनका मुखमा रुमाल कोचिदिएछ । आज बिहान दस बजे उनी कक्षामा नआएकाले तपाईं साथीहरूसित गई हेर्दा हातखुट्टा बाँधेर लडाइएका रामबाबुलाई तपाईंले भेटेर मुक्त गर्नुभयो । उनको कुनै माल पनि चोरी भएको रहेनछ । अब उनलाई कसले त्यसो गऱ्यो होला त ? कल्पना गरी एउटा आफ्नै कथा तयार पार्नुहोस् ।

(घ) तलका भनाइहरूको सप्रसङ्ग व्याख्या गर्नुहोस् :

१. निर्दोष कुरामा पनि विषालु साँप जस्तो वैरी बनाउने साधन लुकिरहेको हुन्छ ।

२. दुनियाँमा कोही पनि मित्रु हुँदैनन्, सबै शत्रु, सबै वैरी नै हुन्छन् ।

३. आफ्नो घरबाट तिनी कम निस्कन्थे, निस्केको दिन कि त कसैकहाँ मृत्यु छ, कि झगडा भएछ भनी ठान्नुपर्थ्यो ।

(ङ) 'कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ सजिलै पाइन्छ' भनी कथाकार विश्वेश्वरप्रसाद कोइरालाले कृष्ण राय भन्ने पात्रका बारेमा भन्नाको कारण के हो ? तपाईं यस कुरामा सहमत हुनुहुन्छ कि हुनुहुन्न ? किन ?

(च) तलका तुक्काका आधारमा एक प्रबन्ध लेख्नुहोस् :

आँखामा राखे पनि नबिझाउने

व्याकरण

वाक्य परिवर्तनः- एकवचनलाई बहुवचनमा फेऱ्यो भने वा बहुवचनलाई एकवचनमा लग्यो भने वचन परिवर्तन हुन्छ । वचन फेरे जस्तै लिङ्ग पनि पुलिङ्गलाई स्त्रीलिङ्ग र स्त्रीलिङ्गलाई पुलिङ्गमा लगेर फेर्न सकिन्छ । उसरी नै काल पनि बदल्न सकिन्छ । यसरी वचन, लिङ्ग, पुरुष र काल फेऱ्यो भने वाक्य परिवर्तन हुन्छ । जस्तै,

मूल वाक्य- मैले मासु खाएको थिएँ ।

(१) हामीले मासु खाएका थियौं । (वचन फेर्दा)

(२) मैले मासु खाएकी थिएँ । (लिङ्ग फेर्दा)

(३) तैंले मासु खाएको थिइस् । (पुरुष फेर्दा)

(४) मैले मासु खाएको छु । (काल फेर्दा)

(छ) तलका वाक्यहरू एकवचनमा भए बहुवचनमा र बहुवचनमा भए एकवचनमा लगेर शुद्ध रूपहरू दिनुहोस् :

(१) त्यस केटाले दिनभरि आलु पोलेर खाएछ ।

(२) कान्छी आज दिउँसो माछा मार्न खोलातिर गएकी थिई

(३) बहाँहरू आफ्नो कर्तव्यप्रति सधैं सचेत हुनुहुन्छ ।
(४) नेपालीहरू असध्यै सोझा हुन्थे ।
(५) म गाईहरू लिएर गोठतिर लागें ।
(६) तैंले डन्डीबियो खेलेर गर्नु गरिस् ।
(७) उनी पनि उस्तै थिइन् ।
(८) उनी पनि उस्तै थिए ।
(९) ऊ पनि उस्तै थिई ।
(१०) हामी पनि उस्तै थियौं ।
(११) राजाले राष्ट्रको मर्यादामा ध्यान दिएका हुन्छन् ।
(१२) मन्त्रिगण जनताको सेवा गर्छन् ।

(ज) तलका वाक्यहरू वर्तमान कालमा भए भूत कालमा र भूतमा भए वर्तमानमा लगी पुलिङ्गी भए स्त्रीलिङ्गीमा र स्त्रीलिङ्गी भए पुलिङ्गीमा फेर्नुहोस् :
(१) आमाहरू रातदिन घरको काममा जोतिनुहुन्छ ।
(२) म कालो छु, पुड्को छु, तर सबैको प्यारो छु ।
(३) तपाईं बिछट्टै राम्रो हुनुहुन्थ्यो ।
(४) सरलालाई नदेखेको पनि धेरै भयो ।
(५) ऊ रुन्छे, कराउँछे र थकित भएर थेचारिन्छे ।

सिङ्गो शब्द- धेरै शब्द लगाएर मात्र अर्थ खुल्ने कुरालाई एउटै शब्दले बतायो भने त्यो सिङ्गो शब्द भनिन्छ । केही सिङ्गा शब्दहरू तल दिइएका छन्-

आँखा नदेख्ने	- अन्धो	एउटा आँखो नभएको	- कानो
कान नसुन्ने	- बहिरो	एउटा हात नभएको	- डुँडो
पछिको विचार गर्न सक्ने	- दूरदर्शी	एउटा गोडो नभएको	- लँगडो
खाएर बाँकी रहेको	- पुग	सय वर्षको समय	- शताब्दी
विद्यार्थीहरूलाई पढाउने घर	- विद्यालय	दस वर्षको समय	- दशक
खेतमा बढी भएको पानी फाल्ने बाटो	- निकास	घाममा सुकाउन फिंजाएको अन्न	- बिस्कुन

सानो बुझाउने शब्द- कुनै चीजको सानो रूपलाई बुझाउने शब्दमा विशेष गरेर 'ई' प्रत्यय लाग्छ । जस्तै,

कोदालो - कोदाली
चरो - चरी
चिम्टा - चिम्टी

टीका	- टीकी
कीरो	- कीरी
डालो	- डाली
थाल	- थाली
कुचो	- कुची
चुरा	- चुरी

बेग्लै शब्द भएका-

खुकुरी	- कर्द
पानी	- थोपा
घर	- छाप्रो, झुप्रो
पुस्तक	- पुस्तिका

(झ) तलका चार उखानहरूमा बाघको उल्लेख भएको छ । तिनमा बाघको कस्तो चित्र पाइन्छ ? के तपाईं चार वटै उखानसित सहमत हुनुहुन्छ ? आफ्नो विचार दिल खोलेर लेख्नुहोस्-

१. बाघ बूढो र स्याल तन्नेरी ।
२. बाघको मुख खाए पनि रातै, नखाए पनि रातै ।
३. मरेका बाघको जुँगा उखेल्न सजिलो हुन्छ ।
४. बाघको छालामा स्यालको रजाइँ ।

२९. ध्रुव वन जान्छन्

[कुटीभित्र सुनीति सुतिरहेकी, ध्रुव पल्टिरहेका, पानसमा मधुरो दीप बलिरहेको । बाहिर गड्याङ्गुडुङ र हुरी ।]

ध्रुव- (सुस्तरी) निद्रा पऱ्यो ? मुमा ! (सुनीतिको आफूमाथिको हात बिस्तारै पन्छाउँछन्)
कस्तो शून्य निद्रा ! अवश्य यो
कालको भाइ हो । (टुकुक्क बसेर) छोड्यो मलाई अब बाहुले
चाहे जतासुकै जाऊँ, चाहे जस्तोसुकै कडा
भाग्यको म कमारो हुँ । (उठेर) ध्रुवलाई बिदा मिल्यो ।
(हुरी चलेको आवाज आउँछ । ध्रुव ढोका खोल्छन्, बाहिरबाट सुकेका पातहरू उडेर भित्र पस्तछन् । ध्रुव ढोका बन्द गर्दछन् ।)
(एउटा पात टिपेर) मैले पनि यही पात जस्तै उड्न पऱ्यो भने
हा ! फिरायो भने फेरि हुरीको झोकले यहीं !
(पात फ्याँकेर) त्यो आँखा नलिई फिर्नुपरे जान्नँ त्यसै त्यहाँ
गएपछि म फर्कन्नँ त्यो आँखा नलिई यहाँ !
पठायो जसले मेरो मनलाई निमन्त्रण
खाली हात मलाई त्यो उसै फर्काउला कहाँ !
(फेरि ढोका खोल्दछन् । बिजुली चम्कन्छ, फेरि ढोका लाउँछन् ।)
मैले यस्तो सुनेको छु- वनका बाघभालुले
त्यसै हामीहरूलाई पिउँछन् सजिलैसँग
दूध पानी पिए जस्तै, म पनि निलिएँ भने !
(उच्च स्वरले) हानि के ? जब त्यो जन्तु पेटभित्र पुऱ्याउला
ठूलो दया गरी निर्घो मलाई, तब जन्तुको
त्यहाँ हृदयमा फेरि नारायण म पाउँछु
(अझ ठूलो स्वरले) दाँतको बीचमा केही गरी म पिह्रिए पनि
मेरो हृदय यो बेग्लै आँखा बेग्लै भएपछि
आफ्नै हृदयका चाहिंलाई झन म देख्तछु,
फिरेन भित्र पो आँखा यो बाहिर त देख्तछु ।

(गड्याङ्गुडुङको शब्द आउँछ ।)

ओहो ! यो बाघको भन्दा ठूलो आवाज गर्दछ,
मलाई डर देखाई मेघ त्यो रोक्न खोज्दछ ।

थाहा छैन तँलाइ के भय भन्दा भयङ्कर
मुटुमा रोपिएको छ तीखो वचनवाण नै
मेरी कान्छी मुमाको ! तँ डर, मेरो वरै नआ,
यो देखे तँ पनि भाग्छस् । जान लागिरहेछु म
उसैकहाँ बिझेको यो बाण जो झिक्न सक्तछ ।
डराउँ त्यसदेखिन् जे देखेर डर भाग्दछ !
(लामो सास फेरेर सानो स्वरले)
सुकला, होस् मुमा, राम्रोसँग, रात बितेपछि
अवश्य आउला भोलि फेरि अर्को सफा दिन ।
(सुनीतिलाई ढोगिदिन्छन्, गालामा म्वाइँ खान खोज्दछन्, रानी चल्दछिन्)
(अझ सानो स्वरले) भइहाल्यो मुमा, जाने बेलामा एक चुम्बन
मैले हजुरको प्यारो गालामा दिन पाइन
यसको बदला फर्कै भने जङ्गलबाट म
कोटी भन्दा पनि बढ्ता चोटि टक्र्याउँला अनि
(पानसनेर गई घुँडा टेकेर रुन्चे स्वरले)
दीप ! दीप ! मुमालाई तिम्रो जिम्मा म लाउँछु,
मुमाको आँसुको थोपा तेल जस्तै सुकाउनू,
रातमा रहनू जागा, पूर्व सेतो भएपछि
सुती त्यो रातको निद्रा दिनमा नै पुऱ्याउनू,
उठ्नू पश्चिममा फेरि त्यो उज्यालो डुबेपछि
मुमालाई सबै रात यसरी पहरा दिनू,
मैले यो हात जोडेको मनले नित्य सम्झनू,
ननिभ्नू रातमा । **(उठेर)** होला मुमाको कुन हालत ?
मैले जस्तै गरी मीठो निद्राले जब छोड्दछ ।
प्राण आएर अड्केला मेरो त्यो प्रिय कण्ठमा ?
"पृथ्वी भित्र अडे मात्र पुग्यो शिशिरमा जरा,
पालुवा यसमा अर्कै त्यो वसन्त चढाउला,"
के नारायणलाई यो थाहा छैन पुरा पुरा ?
हेराइ आखिरी यो हो अब मेरो मुमातिर ।

(ढोका खोल्दछन् ।)

(केही ठूलो स्वरले)
ओहो ! त्यो सान ! आएँ म आएँ म, परमेश्वर !
त्यो गोल्सजन् उज्यालोले खिंच्यो मन उतैतिर ।
(नेपथ्यमा गड्याङगुडुङको आवाज । बिजुली चम्कन्छ ।)

नारायण ! नारायण !
"सूर्य के आउने छैन्न् उज्यालो जब आउँछ ?
(एकछिनपछि) खोला पानी दिनेछैन जब मानिस धाउँछ ?'
मलाई अझ बक्सिन्न के नारायण, दर्शन ?
उसो भए त्यहीं आई ध्रुव नै गर्छ दर्शन ।
(ढोका बिस्तारै बन्द गरी निस्कन्छन् ।)

(बालकृष्ण सम)

अभ्यास

अप्ठ्यारा शब्दहरू

कुटी	- छाप्रो	कान्छी मुमा	- सौतेनी आमा
पानस	- तेलमा बल्ने बत्ती	सुकला होस्	- सुलुहोस्
मधुरो	- कम उज्यालो, चहकिलोको उल्टो	चुम्बन	- म्वाइँ
दीप	- दीयो, बत्ती	कोटि	- करोड
हुरी	- आँधी, पानी र बतास	टक्न्याउँला	- दिउँला
सुस्तरी	- बिस्तारै	पहरा दिनु	- रखवाली गर्नु, पालो बस्नु
मुमा	- आमा, जननी, माता	नित्य	- सधैं, सदैव
बाहु	- हात	कण्ठ	- गला, घाँटी
झोक	- प्रहार	पुरा	- पूरा, पूर्ण, सबै
निमन्त्रण	- निम्तो	सान	- बोलाहट
पिह्रिए	- पिंधिए	गोल्सजन्	- बैजनी रङ्गको फूल, बैजनी रङ
मेघ	- बादल	नेपथ्य	- मञ्चदेखि बाहिरपट्टि, दर्शकहरूले नदेख्नेपट्टि
भय	- डर		
वचनवाण	- नमीठो बोली, दिल दुखाउने बोली	बक्सिन्न	- दिनुहुन्न

लेखको चिनारी- यस लेखका लेखक बालकृष्ण समको छोटो चिनारी चौधौं पाठमा दिइसकिएको छ । यो लेख **मनोवाद** हो । यसलाई समको **ध्रुव** भन्ने नाटकबाट झिकिएको हो । मान्छे एक्लै छँदा मनभित्रका भुटभुटी र छटपटीहरूलाई मुखबाट निकाल्छ । यसरी अरू कसैले सुनुन् भन्ने विचार नराखी एक्लै बोलेका कुरालाई नै **मनोवाद** भन्ने चलन छ । यस **मनोवादमा** बालक ध्रुवले सौतेनी आमाका काँड जस्ता बिझ्ने वचन खप्न नसकी जङ्गलतर्फ जान लाग्दा बोलेका कुराहरू छन् । यसरी मन खोलेर मान्छेले अरूका अगाडि बोल्न गाह्रो पर्छ । **मनोवादमा** कुनै कुरा नलुकाई हृदय खन्याइन्छ । बदरीनाथ भट्टराईको **गलहत्तीमा** पनि चन्द्रशमशेरबाट धपाइएका देवशमशेरको राम्रो **मनोवाद** पाइन्छ । **गलहत्तीका** जुन ठाउँमा देवशमशेरले आफू एक्लै छँदा बोलेका

छन् ती **मनोवाद**का उदाहरण हुन्, तर अरू ठाउँमा चाहिं **संवाद** पाइन्छन् । भीमनिधि तिवारीको **टीका** भने **संवाद** हो । **संवाद**मा दुई वा दुईभन्दा बढी मानिसहरूले कुनै विषयमा छलफल गरेका हुन्छन् । **विवाद** भनेको चाहिं त्यस्तो छलफल हो, जसमा कुराहरू बाझेका हुन्छन् र त्यस्ता नमिल्दा कुरा बोल्नेहरूले आफ्नो कुरालाई माथि पार्न भए नभएका तर्कहरू अघि सारेका हुन्छन् ।

प्रश्नहरू

(क) ध्रुवले बत्तीलाई भनेका कुराहरू आफ्नै भाषामा लेखेर देखाउनुहोस् ।

(ख) मानिलिनुहोस् बत्तीको ठाउँमा रामदास भन्ने बूढो नोकर थियो । ध्रुवले जे जे कुरा बत्तीलाई भने त्यही कुरा रामदासलाई भने । अब ध्रुव र रामदासका बीचमा भएको **संवाद** लेखेर देखाउनुहोस् ।

(ग) ध्रुव वन्तिर कसलाई भेट्न र किन जाँदै छन् ?

(घ) के ध्रुव आफ्नी आमा सुनीतिलाई मायै गर्दैनन् ? गर्छन् भने किन उनी तिनलाई दुष्ट सौताको मार खुवाउन एक्लै छोड्दै छन् ?

(ङ) जापानसित हाम्रो मुलुकको साह्रै राम्रो सम्बन्ध छ । त्यो असाध्य उन्नतिशील मुलुक पनि हो । श्री ५ को सरकारले नेपालका आठौं श्रेणीमा उत्तीर्ण हुने औंधि मिहिनेती र जेहेन्दार दस जना छात्रछात्राहरूलाई छानेर जापानमा पठाई छात्रछात्रा आफैंले रोजेको, रुचाएको र राम्रो गर्न सक्ने विषयमा उच्च अध्ययन गर्न पाउने छात्रवृत्तिको व्यवस्था गऱ्यो । ती भाग्यमानी दस जनामा तपाईं पनि पर्नुभयो । यो रमाइलो खबर तपाईंले अघि दिउँसो मात्र थाहा पाउनुभयो । तपाईंलाई रातभरि निद्रा लागेन । त्यस अवस्थाको चित्र खिचेर तपाईं एउटा राम्रो **मनोवाद** बनाउनुहोस् ।

(च) माथि (ङ) मा लेखिएको खबर तपाईंको साह्रै मिल्ने साथीले पनि सुन्यो । तर बिचरा ऊ भने छानिएनछ । भोलिपल्ट तपाईंहरू दुई जनाको भेट भयो । त्यस भेटलाई एउटा **संवाद** लेखेर बयान गर्नुहोस् ।

व्याकरण

समास- दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर एउटै सिङ्गो अर्थ दिने शब्द बनेमा त्यो **समस्त शब्द** हुन्छ र यस्तो मेललाई **समास** भन्ने चलन छ ।

समस्त शब्दहरू धेरै किसिमले बनिन्छन्, तर तिनमा छ प्रकारका चाहिं मुख्य मानिएका छन् । तिनका नाउँ हुन्- **अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु, बहुव्रीहि** र **द्वन्द्व** ।

अव्ययीभाव- अव्ययसित अव्यय मिसिएर अथवा अव्ययसित अरू शब्द मिसिएर बनेको **समस्त शब्द अव्ययीभाव** भनिन्छ ।

पछि	+	तिर	=	पछिल्तिर
अघि	+	तिर	=	अघिल्तिर

डाँडाको	+	पारि	=	डाँडापारि
हरेक	+	घडी	=	हरघडी
विना	+	पैसाको	=	विनापैसा
वारि	+	पारि	=	वारिपारि
भोलि	+	पर्सि	=	भोलिपर्सि
यता	+	उति	=	यताउति
रात	+	दिन	=	रातदिन

तत्पुरुष- **'राजाको दरबार'** बाट **राजदरबार, 'भैंसीको गोठ'** बाट **भैंसीगोठ, 'वचनले बद्ध'** बाट **वचनबद्ध, 'राजाको दूत'** बाट **'राजदूत'** जस्ता शब्दहरूमा बीचको विभक्ति चिह्न (अनुसर्ग) लोप भई समस्त शब्द बनेका छन् । केही अरू उदाहरण :

पूजाको कोठा	- पूजाकोठा
राष्ट्रको निर्माता	- राष्ट्रनिर्माता
भित्ताको घडी	- भित्ताघडी
पूजालाई सामग्री	- पूजासामग्री
आफूलाई मिल्दो	- आफूमिल्दो
मेचीदेखि पूर्व	- मेचीपूर्व
पथबाट भ्रष्ट	- पथभ्रष्ट
कामलाई चोर	- कामचोर
डरले छेरुवा	- डरछेरुवा
चारले गुनिएको	- चारगुना
कपडाले छानेको	- कपडछान
बुद्धिले हीन	- बुद्धिहीन
वनमा भोज	- वनभोज
रातमा अन्धो	- रतन्धो

कर्मधारय- विशेषणको विशेषणसित वा संज्ञासित वा संज्ञाको संज्ञासित समास भई एउटै अर्थ बुझाएमा **कर्मधारय** हुन्छ । जस्तै-

गाढा	+	नीलो	=	गाढानीलो
जेठो	+	बाठो	=	जेठोबाठो
रातो	+	हरियो	=	रातोहरियो
सानी	+	आमा	=	सानीमा, सानीआमा
ठूला	+	दाइ	=	ठूल्दाइ

साना	+	दाइ	=	सान्दाइ
भानिज	+	दाइ	=	भानिजदाइ, भान्दाइ
भलो	+	आदमी	=	भलाद्मी
सानी	+	नानी	=	सान्नानी
कालो	+	माटो	=	कालीमाटी
कान्छो	+	औंला	=	कान्छीऔंला

द्विगु- निश्चित सङ्ख्या बुझाउने विशेषण समूह बुझाउने संज्ञासित समास भएमा द्विगुको जन्म हुन्छ । जस्तै,

एक आना (चार पैसा) को समूह	- एकआना, एकन्नी
दुई वटा आनाको समूह	- दुई आना, दुवाना
दुई वटा साँधको समूह	- दोसाँध
चार वटा बाटाको समूह	- चौबाटो
दुई धाराको समूह	- दोधार
चार मासको समूह	- चौमास
नौ वटा रत्नहरूको समूह	- नवरत्न

(छ) तलका उखानहरूलाई छर्लङ्ग हुने गरी आफ्ना वाक्यहरूमा प्रयोग गरेर देखाउनुहोस् :

(१) बाघका छालामा स्यालको रजाइँ (अयोग्य व्यक्तिलाई ठूलो मौका)
(२) सुनारको सय चोट लोहारको एक चोट (निपुण मान्छेले आफ्नो पाइन तुरुन्तै देखाउनु)
(३) अर्कालाई खनेका खाल्डामा आफैं परिन्छ ।
(४) राजाको काम कहिले जाला घाम (जार्गीरहरूको अल्छे स्वभाव)
(५) हात्तीको मुखमा जीरा (अत्यन्त थोरै र सानो काम)

(ज) तलका शब्दहरू कस्ता खालका **समस्त शब्द** हुन् ? छुट्याउनुहोस् र सुहाउँदोसित तिनलाई वाक्यमा प्रयोग गरेर देखाउनुहोस् :

'चौखम्बा, त्रिपासा, सातघुम्ती, पाँचाना, 'भान्दिदी ठूल्यामा,' कुकाठ, श्रमजीवी, राजशक्ति, घोडचढी, हकमारा, ओछ्यानमुतुवा, रतन्धो, राष्ट्रपिता, भंडारघर, भाँडापसल, लखपति, पेटपूजा, हावाघर, बाढीपीढित, मन्तिर, मास्तिर, पर्तिर, आजभोलि, साँझबिहान '।

३०. मेरो सानू साथी

रेलको यात्रा गर्नु थियो- पैसा भने कम्ती र जानुपर्ने चाहिं टाढा । नगई पनि सुख नपाइने ! काम नै त्यस्तै आइपरेको थियो । एउटाबाट ओर्लीं अर्को रेलमा चढ्दै जानुपर्ने भएकाले यात्रा रमाइलै हुने भए तापनि चालीस घण्टा जतिको त्यो रेलयात्रा पट्टाइ लाग्ने नै थियो । जे भए पनि आखिरमा तेस्रो दर्जाको टिकट किनेर रेल चढें ।

साँझ पर्ने बेलामा जुन रेल बदलें, भाग्यले त्यसको एउटा कोठामा सिङ्गै बेन्च रित्तै भेट्टाएँ । हतपत्त त्यसमा ओछ्यान लगाई बाकस र साथका अरू मालताल बेन्चमुनि घुसारेर म पल्टिई पनि हालें । त्यो रेल त्यसै स्टेशनबाट सुरु हुने र रेल हिंड्न अहिले निकै टाइम भएको हुनाले नै मैले त्यो सिङ्गै बेन्च भेट्टाएको थिएँ ।

बिस्तारै बिस्तारै त्यस रेलकोठामा अरू यात्री पनि थपिन थाले । म सुतेको पल्लापट्टिको बेन्चमा एउटी आइमाईले आफ्नो ओछ्यान लाएकी थिइन् । तिनका साथमा सानू, राम्रो, गोरो, भरिलो आङजीउको लोभलाग्दो एउटा बच्चो पनि थियो । बच्चाका बाबु पनि सँगै थिए । उनले आफ्नी पत्नीका सामुन्नेतिरका बेन्चमा ओछ्यान लगाएका थिए । रेलमा उतिसारो घुइँचो नभएको हुनाले रातभरि नै सुत्न पाइन्छ भन्ने आश गरेर निश्चिन्त भई म सुत्ने तरखरमा लागें । मेरो बेन्चको पल्लापट्टिका बेन्चकी आइमाई र तिनका पति पनि आ-आफ्नो ओछ्यानमा पल्टिरहेका थिए । निदाउनचाहिं कोही निदाएका थिएनन् ।

रेल हिंड्यो । त्यसमा बसे-पल्टेका यात्रीहरूमध्ये कोही उँघ्न थाले, कोही आँखा चिम्लेर निदाउनतिर लागेका थिए । कोठामा बोल्ने, कुरो गर्ने कोही पनि भएन । क्रमशः सबै जना अब निदाउनैतिर लागेका थिए । त्यसले गर्दा रेल चलेको आवाज झन टङ्कारो सुनिन लाग्यो । त्यो एकनासे छक्-छक् आवाज पनि अब त्यहाँका नीरवताकै एउटा अङ्गजस्तो बन्न गएको थियो ।

सुलुअघि केही पढ्ने मेरो अघिदेखिकै बानी थियो । पल्टेर म एउटा पुस्तक पढ्न थालें । रेलमा बिजुलीको उज्यालो छँदै थियो । बीच-बीचमा पल्लापट्टिका बेन्चमा रहेको बच्चाचाहिं हाम्रा बीचमा पर्ने बेन्चको पिठ्यूँ अड्याउने काठेभित्ताको भर लिएर घरिघरि उभिन्थ्यो र आफ्नू अनुहार मतिर फर्काएर साना-साना नरम हातले मेरो मुख र विशेष गरी नाक समाल्ने कोसिस गर्थ्यो । उता पल्टेकी उसकी आमाचाहिं ऊ उभिएको चाल पाएर उसलाई तानी छेउमा पल्टाउने गर्थिन् । तर एकै छिनपछि ऊ फेरि त्यसै गरी उभिन्थ्यो । कुरो के भने किताबका जिल्लामा रङ्गीचङ्गी तसवीर थियो ।

जिल्लाको कागत टल्कने पालिसदार भएको हुनाले बिजुलीको उज्यालामा त्यो अझै टल्केर झन लोभलाग्दो देखिन्थ्यो । बच्चालाई कदाचित् त्यो साह्रै मन परेर होला- ऊ आफ्ना साना-साना हात मेरो अनुहारतिर ल्याउँथ्यो । त्यसो हुँदा सायद किताब च्यातिने डरले नै किताब समातेको मेरो हात आफैं एकातिर सर्थ्यो र बच्चाको हात किताबको सट्टा मेरो नाक समात्न पुग्थ्यो । मलाई पनि यो खेल रमाइलै लागिरहेको थियो । तसर्थ अब किताब पढ्नमा मेरो मन लागेन । अरूले देखेर खिसी गर्ने अथवा अप्ठेरो लाग्ने नभएमा बच्चाहरूसित खेल्नमा मलाई पनि निकै रमाइलो लाग्छ । त्यसै बखत पनि म त्यस बालकसित जिस्किने थिएँ । तर त्यस बखत त त्यहाँ उसका आमा-बाबु नै थिए, र रेलकोठामा अरू यात्रीहरू पनि थिए । अपरिचित मानिसका बच्चासित चल्न-जिस्किन केही अप्ठेरै लागिरहेको भए तापनि अन्त्यमा मैले धेरै बेरसम्म मन थाम्न सकिनँ र किताब थन्क्याएर बच्चो उभिएका बखत कहिलेकाहीं बिस्तारै उसको हात समातेर म आफ्नू जिभ्रो देखाएर त्यसलाई गिज्याउने खेल खेल्न लागें । "उसका गोरा, राता, पाक्कल-पुक्कल परेका हात समात्दा मलाई भन्नै नसकिने किसिमको साह्रै आनन्द लाग्यो"। मैले बिस्तारै समात्दा पनि आफ्नू हात फुस्काउन त्यसलाई आफ्नू भएभरिको बल लगाउनुपर्थ्यो । कुनै किसिमले हात फुस्काउनासाथ ऊ तुरुन्तै मेरा नाकतिर झम्टिहाल्थ्यो । तिनताक मलाई चश्मा लगाएर पढ्नुपर्दैनथ्यो । तसर्थ अचेलजस्तो चश्मा फुट्ने-भाँचिने डरै थिएन, र म खुशीसाथ उसलाई आफ्नू नाक समात्न दिन्थें । बिजुलीको चर्को प्रकाशमा मेरो नाकको टुप्पो टल्केको हुनाले हो वा किन हो कुन्नि, उसलाई मेरो नाक साह्रै मन परेछ ।

खेलका क्रममा बालक दङ्ग परी उफ्रँदा आफ्नू जीउ कुल्चिएको हुनाले तन्द्रैमा भए पनि उसकी आमा उसलाई बीच-बीचमा तानेर सुताउँथिन् । मचाहिं बच्चाले फेरि उभिएर जिस्कन आउने अवसर पर्खिरहन्थें । केही छिनपछि नै ऊ फेरि उभिन्थ्यो र म पनि उसका खेलमा शामिल हुन्थें । यसरी एक घन्टा जति हाम्रो खेल चल्यो । त्यसपछि ऊ पनि सुत्यो र म पनि एक छिनसम्म किताब पढेर निदाएँ ।

पातलो ओढ्ने ओढी म कोल्टे फर्केर मस्तसित ब्याहानको निद्रामा थिएँ, त्यत्तिकैमा कुनै नरम चीज मेरो कानमाथि दुई चार चोटि सुस्तसित चल्यो । मैले टाउको फर्काई त्यतातिर हेरें । मेरो त्यही साथी उभिएर मलाई बिउँझाइरहेको रहेछ; मेरा कानमाथि त्यसरी सकसकाउने कुरो उसैको नरम हात रहेछ । ऊ मलाई खेलमा निम्त्याइरहेको थियो ।

उज्यालो भइसकेको थियो । झ्यालमा लगाएको काँचबाहिर उषाको प्रकाश मुस्कुराइरहेको थियो । रेलका लीकका छेउमा फलामे खम्बाहरूमा तन्किएका तारहरूमा चराहरू बसेर उषाको स्वागत गरिरहेका थिए । मसित खेल्ने मेरो सानू साथीको अनुहार रातभर आनन्दसाथ सुतेकाले गुलाबझैं फक्रिएको थियो । बिहानको स्वच्छ हावाले कमल-पत्रजस्तै ताजा हुन गएका उसका गुलाबी गाला देख्दा मेरो मन प्रसन्नताले भरियो । अनि मासुका नरम लोलाले बाङ्गाटिङ्गा देखिने उसका पुक्क परेका कोमल हात आफ्ना हातमा लिएर बिस्तारै हल्लाउँदै मैले भने- "गुड मोर्निङ्ग माइ डियर लिटिल फ्रेन्ड !" (नमस्कार, मेरा साना साथी) ।

त्यत्तिकैमा बिउँझिसकेकी उसकी आमाले उसलाई अघिजस्तै तानेर आफ्नो काखमा पल्टाइन् । म पनि उठेर बिहानको नित्यकर्ममा लागें ।

यतिन्जेल घाम राम्ररी लागिसकेको थियो । केही बेरमा एउटा ठूलै स्टेसनमा रेल थामियो । मैले रेलबाट ओर्लेर आफ्ना लागि जलपानका केही चीजका साथै अलिकति मोहनभोग पनि किनेर ल्याएँ । त्यतिन्जेल बच्चाका आमाबाबु पनि जलपान गरिसकी गफगाफ गर्न लागेका रहेछन् ।

रेल फेरि हिंड्यो । आफ्नी आमालाई बाबुचाहिंसित कुरा गरिरहनुमा केही असावधान देखेर होला, मेरो सानू साथीले एकैछिनमा बेन्चको पिठ्यू समाती उभिएर फेरि मेरो ध्यान आफूतिर आकृष्ट गर्न कोसिस गऱ्यो । उसको निर्दोष, निश्छल, सोझो र सुन्दर एवं विनासुरको पवित्र हाँसोको उपहार पाएर म प्रसन्न भएँ । मैले आफूले ल्याएका मोहनभोगको कोसेलीबाट अलिकति आफ्ना चोर औलामा लिएर त्यस बोल्नै नसक्ने सानू मित्रका गुलाबको भर्खर फक्रन लागेको कोपिलाजस्तो मुखमा हालिदिएँ । उसले एक पटक मुख चेब्र्यायो । अनि गुलियो स्वादको आनन्द लिंदै उसले तुरुन्तै मुखभित्रै जिभ्रो चलाएर आफ्नो मुख मिठ्यायो । त्यसपछि त श्रीमान्को मुहार आफैं मतिर बढेर आयो । मैले फेरि उस्तै गरी उहाँलाई अलिकति मोहनभोग चटाइदिएँ । यस पटकको मोहनभोग उहाँका पेटमा दाखिला हुन बेर लागेन । अनि त उहाँ आँ-आँ गर्दै हाम्रा बीचको भित्तै उक्लेर मतिर आइपुग्न हत्पताउन लाग्नुभयो । यसपालि मैले अलि बढी मोहनभोग उहाँका मुखमा हालिदिएँ । उहाँचाहिं मोहनभोग ओसार्न मेरो औंलै आफ्ना दाँत नभएका गिजाले चेपी त्यसलाई त्यहीं रोकिराख्ने कोसिसमा पो लाग्नुभयो ।

ऊ त्यसरी हत्पताएर उफ्रेकाले उसकी आमालाई पनि उसका चालामालाको केही बोध हुन गएछ र उनले उसलाई तानेर आफ्ना काखमा बसालिन् । मैले अनुभव गरें- आमाको त्यस अँठ्याइबाट उम्केर फेरि उभिने बल पनि उसले गऱ्यो, तर आमाचाहिंको सावधानीले गर्दा अन्त्यमा उसको केही लागेन । माया र मोहको सुखका साथै व्यवस्था पनि भएको आमाको त्यस काखले उसलाई रुन-कराउन पनि दिएन । कदाचित् त्यसै सुखका लोभले मोहनभोगको गुलियो र मसित खेल्ने रमाइलोलाई समेत उसले केही छिनलाई बिर्सनुपऱ्यो । म पनि केही बेरलाई उसतिरबाट ध्यान हटाएर दगुरिरहेको रेलबाहिरका खेत, रूख र कहिलेकाहीं गाउँका बगैंचा र घरहरूका दृश्यमा आफूलाई भुलाउने प्रयत्नमा लागें । बिहानका सूर्यका सुनौला घाममा टाढाटाढासम्म पसारिएका खेत, रूख र घरहरूमा विलक्षण किसिमको रोगन झैं चढेको थियो र ती विलक्षण किसिमले टल्किरहेका थिए । ठाउँठाउँमा जातजातका वराहरू रूख र खेतहरूमा बसिरहेका थिए; केही फुत्रुक्क फुत्रुक्क उडिरहेका थिए र केही भुइँ र केही ग्रावैबाट समेत कीटपतङ्गका आफ्ना आहारा टिपिरहेका थिए । ती सारा दृश्य मलाई साह्रै राम्रा लागिरहेका थिए ।

केही बेरपछि मैले आफ्ना अबोला साना साथीलाई हेर्न यसो आँखा घुमाएँ । त्यस बखत ऊ आफ्नो खाने टेबुल अर्थात् आफ्नी आमाको नरम र मायालु काखमा बसी मजासित दूध खाइरहेको रहेछ । मनमनै उससित प्रश्न गरें "आमाको दूध मीठो छ कि मोहनभोग ?" हामी दुवैको आँखा जुधाइमा उसको उत्तर स्पष्ट थियो- आमाको दूधको स्वादले जन्मेदेखि उसका जीब्रा र घाँटीमा घर बनाइसकेको हुनाले नै त यस बखत ऊ मोहनभोगलाई बिर्सी दूधै खानमा मग्न थियो । फेरि त्यो

दूध मात्रै त थिएन नि, आमाको काख र चाहिनेबित्तिकै आफैंले चुस्न पाउने आमाको दूधको जरिया भन्न नसकिने तर प्राकृतिक रूपले पाइने सानू अधिकारको गौरवको अनुभव पनि त उसका अबोला मनले यस बखत गरिरहेको थियो, जो मजस्ता परचक्रीले खुवाउने मोहनभोगमा कहाँ पाइन्छ ! कहिलेकाहीं ऊ दूध चुस्न छोडेर तर पल्टेको पल्ट्यै आफ्ना बाटुला-बाटुला हलुका नीला आँखाले मतिर हेर्न कोसिस गर्थ्यो । त्यस बखत उसका अनुहारैबाट म प्रस्टै बुझ्थें ऊ आफ्ना त्यस मुक भाषाले अहङ्कारपूर्वक बताइरहेको छ- ("हेर, म जो खाइरहेको छु, त्यो मैंरै हो । तिम्रो मोहनभोगभन्दा यो कुनै हालतमा कम छैन ।")

पेटको थैलो मजासित भरिसकेपछि ऊ फेरि मसित जिस्किने तरखरमा लाग्यो । म पनि मौकै पर्खिरहेको थिएँ । आमाको दूध चुस्ताखेरि उसले आफ्नो हेराइले नै मेरा मोहनभोगको जुन बेवास्ता देखाएको थियो, म उसको त्यस निश्छल दुष्ट्याइँको कुनै त्यस्तै रमाइलो सजाय दिने दाउ हेरिरहेको थिएँ । एकै छिनपछि आमाको काखबाट आफूलाई उम्काएर ऊ अघिजस्तै बेन्चको पिठिउँ समातेर फेरि उभियो । यस पालि जानी-जानीकनै मैले उसतिर हेरिनँ, बाहिरतिरै हेरिरहें । तर आफ्नू जीउ भने मैले उसका साना साना हात पुग्ने ठाउँमै राखेको थिएँ । यसरी उसतिर नहेरेकैले होला मेरो ध्यान आफूतिर आकृष्ट गर्ने कोसिसमा ऊ एक पटक आफ्नू अनौठो भाषामा कराय्यो । मलाई हाँसो उठ्यो; तर म त्यसको एकै बोलाइमा लुरूक्कै पर्ने पो कहाँ थिएँ र ? मैले उसतिर हेर्दै हेरिनँ । तर ऊ मात्रे भएन । अलि बेरमै आफ्नू नाङ्गो टाउकामा उसले नरम र हलुका किसिमले छामेको अनुभव गरें । मैले त्यसको त्यो निमन्त्रण पनि स्वीकार गरिनँ । अनि त उसलाई पनि रिसै उठेछ कि क्या हो- उसले मेरो कपालमा लामा-लामा रौं पक्रेर तान्यो । अनि बल्ल मैले उतातिर हेरें । आँखा जुध्नासाथ ऊ खिसिक्क हाँस्यो । उसको सानू टाउको प्रसन्नतासाथ हल्लियो र हामी दुवैमा फेरि मेल भयो । अनि अलिकति मोहनभोग फेरि चटाइदिंदा त साथीज्यू राम्ररी नै रमाए । मोहनभोगको गुलियो र आमाको दूधको स्वादमा केही फरक अवश्यै हुँदो रहेछ भन्ने कुरा सम्झेरै होला मुखको मोहनभोग चटपट निली मुख बाएरै उसले आफ्नू अनुहार मतिर ल्याइपुऱ्यायो । यसपालि मैले उसका मुखमा निकै मोहनभोग हुलिदिएँ । गाला पुक्क पारेर चपाई-चपाई ऊ त्यसलाई मुखभित्रै पाकमपुकम गर्दै पगालेर निल्ने काममा फुर्सत लिन बस्यो । उसकी आमा त्यसबखत उसका बाबुसित कुनै कुरामा अल्मलिइरहेकी थिइन् र उनी बच्चातिरबाट असावधान नै थिइन् । बच्चालाई पेटभरि दूध खुवाइसकेकी हुनाले पनि उनी सायद उसतिरबाट निश्चिन्त नै थिइन् र उनले उसलाई अब खेल्नै भनी छोडिदिएकी थिइन् । बच्चातिर उनको विशेष ध्यान थिएन ।

यसै गरी अलिअलि गरी उसलाई मोहनभोग खुवाउँदै र उससित खेल्दै जाँदा मलाई त्यो रेलयात्रा अलिकति पनि पट्टाइलाग्ने भएन । कहिलेकाहीं म उसको चिउँडो समातेर हल्लाउँथें, कहिलेकाहीं उसका नरम हात समातेर अङ्ग्रेजहरूले जस्तै हात मिलाउँथें । त्यसो गर्दा मलाई साह्रै आनन्द लाग्थ्यो ।("शुद्ध हृदय भएको एउटा मानिसको आत्मैदेखिको मित्रता पाएर त्यस समय मेरो आत्मा बहुतै खुशी थियो")।

मैतिर मुख फर्काई बसेका बाबुले केही पछि हामी दुईको हाँसखेलको चाल पनि पाए । तर उनलाई पनि रमाइलै लागेकाले होला उनले हामी दुई जनाका त्यस खेलमा कुनै किसिमको रोकटोक गर्ने विचार गरेनन्; हामी दुवै साथीका खेलबहाडमा कुनै किसिमको बाधा परेन ।

रेल दगुरिरहेको थियो र बिस्तारै-बिस्तारै बाटाको टाढापन घट्दै गइरहेको थियो; केवल दिन अथवा सूर्य भने चढ्दै गइरहेको थियो । मध्यान्ह पनि भयो र सारा यात्री र मेरा साथीका बाबु-आमाले पनि बिहानको भोजन सिध्याए । मैले पनि एउटा ठूलो स्टेसनबाट केही किनेर खाएँ । यसपालि मोहनभोगका सट्टा मैले आफ्ना साथीका लागि दुई वटा अलिक नरम किसिमको टफी किनेर ल्याएँ । उसले पनि आमाका काखको आफ्नू उही खाने टेबुलमा बसी दुग्धपान गऱ्यो । एक छिन ऊ सुत्यो पनि । लगभग एक बजेतिर बिउँझी चल्मलाएर आमा चाहिको काखबाट आफूलाई उम्काई ऊ फेरि मतिर आएर अघिजस्तै उभियो । मैले उसका मुखमा टफीको एउटा बहुतै सानू टुक्रो हालिदिएँ । मुख चेब्याउँदै भए पनि उसले त्यसलाई मुखभित्रै पगालेर निल्यो र अलिक हाँस्यो पनि । त्यस हँसाइले कदाचित् उसले यो प्रकट गऱ्यो- "यस पालि के खुवाएको हैं ? तर जे भए पनि मीठो त मीठै छ !" अनि हात लम्काएर ऊ मेरो कपाल तान्ने चेष्टा गर्न लाग्यो । उसको नरम हातको स्पर्श मलाई निकै रमाइलो लाग्ने हुनाले मैले आफ्नू टाउको उसका हातका नजिकै पुऱ्याइदिएँ । मनमनै भने पनि- 'लौ तान्, हेरूँ त कत्तिको बलियो रहिछस् ।" तर उसले मेरो कपाल त्यसरी तानेको देखेर उसका बाबुले हतपताउँदै उसकी आमालाई सावधान हुने इसारा गरे र उनले बच्चालाई तानी काखमा बसालिन् । किन्तु, दस-पन्ध्रै मिनेटपछि आमाबाबुलाई कुरा गर्नमा अलिक असावधान देखेर टाउको हल्लाई-हल्लाई उसले केही बोल्ने कोसिस गर्दै मलाई फेरि खेल्न निम्त्याइहाल्यो । मैले उसको गाला मुसारिदिएँ र पहिलेकै झैं टफी पनि खुवाइदिएँ । यसरी हामीले सजिलैसित फेरि आफ्नू खेल सुरु गऱ्यौं । बीच-बीचमा ऊ आमाको तनाइमा पर्थ्यो र उसलाई उनका काखमा एक छिन अडिन करै लाग्थ्यो ।

दिउँसो दुई बजेतिर मैले उसका आमा-बाबुले आफ्ना मालताल सँगाल्न लागेको थाहा पाएँ । सम्झें अब उनीहरूको रेल छोड्ने समय हुन लाग्यो होला । तर यता भने आमा-बाबुलाई मालताल मिलाउन उतैतिर लाग्नु परेकाले मेरो त्यस सानू साथीलाई निकै फुर्सद भयो र उसले मौका पाई मेरो कपाल बेसरी तान्यो । मैले आफ्नू मुख झन उसैतिर फर्काइदिएँ । उसले मेरो नाक पनि समात्न पायो र मेरो टफीको सट्टा उसले मलाई आफ्नो सानू र मोज लाग्दो नरम हत्केलाको चड्कनको एउटा उपहार पनि दिइहाल्यो, जसको स्वाद वर्णन गर्न नसकिने थियो । म भित्रभित्रै तर्सिरहेको थिएँ- अब यो जानेछ र बाँकीको यात्रा मैले एक्लै नै पूरा गर्नुपर्ने छ ।(मेरो यात्राभरिको साथ यसले दिने होइन, कदाचित् कसैले पनि कसैको पूरै यात्राभरि साथ दिंदैन)। भित्रभित्रै मेरो मन गहुँगो हुन थाल्यो र कुन्नि कस्तो-कस्तो पीरको चिसोपनाले घरिघरि मेरा आँखासम्म पुग्ने र बाहिर पनि निस्कने जोड गर्न लाग्यो । म आफ्नू मन कतै अन्तैतिर लगाउन बाहिरतिर हेर्न लागें ।

एउटा स्टेशनमा रेल अडिएपछि आमा चाहिंले उसलाई काखमा बोकिन् र बाबु चाहिंले केही मालताल आफैं ओह्रालेर बाँकीका लागि कुल्ली डाके । तिनीहरूलाई जान लागेको देखेर मैले

आफ्नू त्यस बाल साथीतिर हेरें । ऊ पनि आफ्नी आमाको कुममाथिबाट मैतिर हेरिरहेकाले हाम्रा आँखा जुधे । मेरा आँखामा टम्म भरिएका आँसुलाई देखेरै होला, ऊ भएभरको जोडले घोक्रो सुकाई-सुकाई रुन थाल्यो । के भयो भनी हेर्न आमा चाहिंले उसलाई आफ्ना अगाडि ल्याइन् । ऊ झन जोडले कराउन लाग्यो । रेलबाट ओह्रेंका र त्यही प्लेटफार्ममै रहेका यात्रीहरू मध्ये पनि कसै कसैको ध्यान उसको त्यस्तो रुवाइतिर गयो । तर आमा चाहिं त्यसलाई अझै जोडले अँठ्याएर बिस्तारै अगाडितिरै बढिन् । रुवाइ झन चर्क्यो । त्यसको घोक्रै चिरिन्छ कि भन्ने डरले मैले आफूलाई थाम्न सकिनँ । रेलबाट ओर्लेर उसकी आमाका नजिक पुगी मैले लाजशरम छाडेर बिन्ती गरें- "बच्चो रोइरहेछ, यतिन्जेल यो मसित खेलिरहेको थियो । मलाई बोक्न दिनुहोस्, बाहिर निस्कने ढोकासम्म म यसलाई पुऱ्याइदिन्छु ।"

उनले छक्क पर्दै बच्चो मलाई दिइन् । मेरो काखमा आउँदा नआउँदै उसको रुवाइ बन्द हुन लाग्यो । आँसुले भिजेको उसको सानू मुहारलाई मैले आफ्नो रुमालले पुछिदिएँ । ऊ चूप लाग्यो, बीच-बीचमा एक-दुई पटक उसले निःशब्द हिक्क-हिक्क मात्र गऱ्यो ।

उसलाई बोकेर म रेलको टिकट कलेक्टर उभिएको ढोकासम्म पुगें र बिदाइको एउटा प्यारो म्वाइँ खाएर मैले उसलाई उसकी आमाका जिम्मा लगाइदिएँ । अनि यतिन्जेलको आफ्नो त्यस प्यारो साथीतिर अन्तिम एक पटक हेर्न पनि नसकी म फरक्क फर्केर आफ्नो रेलको कोठातिरै लम्कें, तुरुन्तै मेरा कानले सुने पनि- मेरो त्यो बन्धु, केही घन्टाको साथी, मुटु नै फुट्ने गरी कराइरहेको छ । रेलको कोठा अगाडिको ढोका खोलेर पनि म भित्र गइनँ, थामिएको रेलको ढोका समाती बाहिरै उभिइरहें । मेरा कान उसको क्रमशः टाढा र पातलो हुँदै गएको चिच्याटतिरै लागेका थिए, तर भित्रको मुटुले भने भनिरहेको थियो- मेरो त्यस निष्कपट बन्धुको कराइ, उसको मायाको मुक अन्तर्वेदना कसैले पनि बुझेन । ऊ बोल्न सक्तैन, भन्न सक्तैन, केवल पीर मात्र भोग्न थालेको छ र सह्य नभएर चिच्याउँदै गइरहेको छ । "जगत्मा वेदना भन्नका लागि कुनै भाषा हुँदैन, त्यो कसैका लागि गम्य छैन, छ भने केवल आफ्नै प्राणका लागि मात्रै छ, अथवा त्यस प्राणको परिपूर्णांश कुनै अन्तर्यामी भए त्यसैका लागि मात्र सम्भव छ"।

रेल फेरि हिंड्यो । म भित्र पसें । आफ्नै सिटमा बसेर अनुभव गरें, रेलको दगुराइको कर्कश स्वर अब कहिल्यै पनि भेट्न नपाइने मेरो त्यस सानू साथीको चिच्याहटमा परिणत भएको छ । कान भने त्यसैको चिच्याट सुनिरहेका थिए र मन भने सम्झिरहेको थियो- अब यात्राका अन्तसम्म यो कोठा रित्तै रहनेछ । म एक्लै रहनेछु । यात्रा एक्लै गर्नुपर्नेछ । "कसैको यात्रामा कोही पनि साथ दिन सक्तैन, चाहेर पनि दिने होइन ।" यात्रा भने सारालाई एक्लै सिध्याउनुपर्छ- एक्लै ... एक्लै ..... एक्लै ..... !

(भवानी भिक्षु)

अप्ठ्यारा शब्दहरू

स्टेशन	- (अङ्ग्रेजी शब्द) रेल अडिने ठाउँ, रेल बिसौंनी
बच्चो	- बालक, नानी
निश्चिन्त	- दुक्क, निस्फिक्री
क्रमशः	- अलिअलि गरेर, पालैपालो गरेर, क्रमैसित, क्रमैले
नीरवता	- शान्ति, मौनता, निश्शब्द भएको स्थिति
जिल्ला	- खोल, आवरण
कदाचित्	- कहिलेकाहीं, केही गरी, कुनै कारणले
तसर्थ	- त्यसै कारणले
शामिल	- सामेल, भेला, उपस्थित, हाँजिर
ब्याहान	- बिहान, सबेरै
लीक	- रेल कुद्ने फलामको पातो ओछ्याइएको बाटो
कमलपत्र	- कमल फूलको पत्ता
लोला	- मासुको लुँदो, मासुको डल्लो
जलपान	- खाजा, चियासिया, चमेना
मोहनभोग	- हलुवा, मनभोग, सुजी घिउमा पकाएर चिनी र दूध फिटेको बाक्लो लेदो
असावधान	- सतर्क नभएको, लापर्बाही भएको, होसियार नभएको
आकृष्ट	- तानिएको, आकर्षित, प्रभावित भएको
निश्छल	- छलकपट नगर्ने, स्वच्छ हृदयको, निष्कपट, अरूलाई धोका नदिने
उपहार	- कोसेली, सौगात
विलक्षण	- अद्भुत, असाधारण, अलौकिक
रोगन	- रँगाउने पदार्थ, चम्काहट
कीटपतङ्ग	- कीराफट्याङ्ग्रा, कीरासिरा
अबोला	- नबोल्ने, मौन, बोल्न नचाहने स्वभावको
जरिया	- कारण, हेतु
परचक्री	- अर्को, पराई
मूक	- निमुखा, बोल्न नसक्ने, लाटो
अहंकारपूर्वक	- घमण्डसाथ, फुइँ गर्दै
निमन्त्रण	- निम्तो, निमन्त्रणा
टफी	- ससानो मीठाई, कागतमा बेरेको मिठाई वा चकलेट
प्लेट्फार्म	- (अङ्ग्रेजी शब्द) रेल अडिने ठाउँको अग्लो भुइँ
निःशब्द	- निश्शब्द, मौन, चूपचाप, आवाज वा शब्द ननिकाल्ने

चिच्याट	– चिच्याइ, चिच्याहट, चिच्याउँने काम वा पारा, कराइ
निष्कपट	– निश्छल, छलकपट नगर्ने, अरूलाई धोका नदिने
अन्तर्वेदना	– मनको बह, मनको पीर, आन्तरिक वेदना
गम्य	– ज्ञान गर्नुपर्ने, जान्नबुझ्न लायकको, जान सकिने
परिपूर्णांश	– पूर्णभएको भाग, पुष्ट अंश
अन्तर्यामी	– परमात्मा, परमेश्वर, अर्काका भित्री मनको रहस्य जान्ने
कर्कश	– रूखो मिजास भएको, खस्रो

कथाकारको चिनारी– भवानी भिक्षुको जन्म तौलिहवामा १९७१ सालमा भएको थियो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सदस्य भएका भिक्षु अत्यन्त प्रसिद्ध र जनप्रिय कथाकार हुन् । उनको मृत्यु २०३८ सालमा काठमाडौंमा भयो ।

भिक्षुका 'गुनकेसरी', 'मैयाँसाहेब', 'आवर्त' र 'अवान्तर' शीर्षकमा चार कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । 'मेरो सानू साथी' भन्ने बालकथा 'आवर्त' बाट झिकिएको हो । कथाका साथै उपन्यास र कवितामा पनि भिक्षु सफल थिए ।

नारीहरूका भावना, वेदना र व्यवहारलाई साह्रै राम्ररी मनभित्रसम्म केलाएर आफ्ना कथा र उपन्यासहरूमा भिक्षुले देखाएका छन् । यस कथामा लेखकको सहज र स्वाभाविक स्नेहको सागर ओर्लेको छ । बालकप्रतिको आकर्षण प्रेममा परिणत भएको विश्लेषण लेखकद्वारा भएको छ । बोली पनि नफुटेको बालकको निश्छल स्वभाव जति मन खिच्ने खालको छ, लेखकको त्यसप्रतिको स्नेह उस्तै सहृदय छ । सद्व्यवहार नै स्नेहको आधार हो र स्नेहले नै मान्छेलाई बाँच्ने प्रेरणा मिल्छ भन्ने कुरालाई भिक्षुको यस कथाले साकार तुल्याएको छ । (स्नेहको आवेग रोक्न नसकेर कथाकारले कतै कतै त्यस सानू शिशुलाई 'श्रीमान्', 'उहाँ' वा 'उनी' पनि भनेका छन् ।)

बालमनोविज्ञानको श्रेष्ठ विश्लेषण यस कथाको विशेषता हो ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूको एक एक वाक्यमा ठीक उत्तर दिनुहोस् :

१. कथाकार भिक्षुले कति लामो रेल यात्रा कुन दर्जामा गरे ?
२. सुलुभन्दा अघि लेखकको के गर्ने बानी कहिलेदेखि थियो ?
३. लेखकले यात्रा गरेका कोठामा अरू कति जना थिए र कोको थिए भनी उनले उल्लेख गरेका छन् ?
४. रेल यात्रामा भेटिएको शिशु लेखकप्रति सर्वप्रथम के कुराले आकर्षित भयो ?
५. बालकका हातले घरिघरि लेखकको नाक किन समात पुगेको ?

६. कथाकार भिक्षुलाई आफ्नो नाक अपरिचित शिशुले समात्न झम्टँदा केको डर थिएन ?
७. लेखकले सर्वप्रथम त्यस शिशुलाई के खुवाए ?
८. शिशुका दाँत कस्ता थिए ?
९. शिशुका बाबुले आफ्नी पत्नीलाई के हुने इसारा किन गरे ?
१०. अन्त्यमा त्यो सानू बालक किन घोक्रो फुटुन्जेल रोएको ?

(ख) 'मेरो सानू साथी' शीर्षक कथामा भवानी भिक्षुले देखाउन खोजेको मूल कुरो के हो ? एक विवेचनात्मक टिप्पणी लेख्नुहोस् ।

(ग) के तपाईंलाई साना बालकहरू मन पर्छन् ? आफूले पहिले नचिनेको एक सानू शिशुलाई कसरी एकै पल्ट तपाईंले पनि साथी बनाई आफूतिर आकर्षित तुल्याउनु भएको भन्ने रमाइलो बयान लेखेर देखाउनुहोस् ।

(घ) लेखकले लाजशरम कति वेला र किन छोडे ? अन्त्यमा त्यस शिशुसित सधैंका लागि बिछोड हुन्छ नै भनेर जान्दाजान्दै पनि उनले किन त्यस बालकलाई बोकेर रेल बिसौंनीका मूलढोकासम्म पुऱ्याए ? तपाईं लेखकका ठाउँमा भएको भए के गर्नुहुन्थ्यो ? सारा कुराको विवेचना गर्नुहोस् ।

(ङ) तलका भनाइहरूको राम्ररी प्रसङ्ग खुलाई व्याख्या गर्नुहोस् :

१. उसको निर्दोष, निश्छल, सोझो र सुन्दर एवं विनासुरको पवित्र हाँसोको उपहार पाएर म प्रसन्न भएँ ।

२. हेर, म जो खाइरहेको छु, त्यो मैरै हो । तिम्रो मोहनभोगभन्दा यो कुनै हालतमा कम छैन ।

३. शुद्ध हृदय भएको एउटा मानिसको आत्मैदेखिको मित्रता पाएर त्यस समय मेरो आत्मा बहुतै खुसी थियो ।

४. म भित्रभित्रै तर्सिरहेको थिएँ– अब यो जानेछ र बाँकीको यात्रा मैले एक्लै नै पूरा गर्नुपर्नेछ ।

(च) यात्रामा कोही पनि साथ दिन सक्तैन र यात्रा यस्तो कुरो हो जसलाई हरेकले एक्लै सिध्याउनुपर्छ भन्ने कथाकार भिक्षुको निक्यौंल छ । के तपाईं यस निष्कर्षलाई मान्नुहुन्छ ? आफ्ना मतको पुष्टिमा तर्कहरू दिंदै एउटा प्रबन्ध लेख्नुहोस् ?

व्याकरण

बहुव्रीहि दुई वा बढी शब्दहरू समास भएर विशेषणको अर्थ दिएमा **बहुव्रीहि** समास हुन्छ । जस्तै,

तीन कुना भएको	– तीनकुने
लामो पुच्छर भएको	– लाम्पुछ्रे
पाँच हात भएको	– पाँचहाते

लामा कान भएको	- लामकाने
दुई पाउ हुने	- दोपाया
लामा खुट्टा हुने	- लाम्खुट्टे
नौ तला भएको	- नौतले
दुई जिब्रा भएको	- दुईजिब्रे
छ औंला भएको	- छऔंले
मख्खी झैं बुट्टा भएको	- मख्खीबुट्टे
चन्द्रमाको जस्तो मुख हुने	- चन्द्रमुखी
माछाको जस्तो पुच्छर हुने	-माछापुच्छे
कागको जस्तो खुट्टा हुने	- कागखुट्टे
चराको जस्तो चुच्चो हुने	- चरिचुच्चे
लच्छिन नभएको	- अलच्छिनी
नपढेको	- अपढ
मुख नभएको	- निमुखा
कसूर नभएको	- बेकसूर
कालो जिब्रो भएको	- कल्जिब्रे
चार कुना भएको	- चार कुने
नाक काटिएको	- नकटो
पानका जस्ता बुट्टा भएको	- पानबुट्टे
बाघको जस्तो मुख भएको	- बाघमुखे
मूल्य नभएको	- अमूल्य

द्वन्द्व- जोडिएका दुवै शब्द समान अर्थ भएका छन् भने **द्वन्द्व** समास हुन्छ । जस्तै,

आमा र बाबु	- आमाबाबु
बाबु र छोरा	- बाबुछोरा
राम र रावण	- रामरावण
छाता र जुत्ता	- छाताजुत्ता
न रुनु न हाँस्नु	- रुनु न हाँस्नु
न आमा न बाबु	- आमा न बाबु
दुई वा तीन	- दुईतीन
चार वा पाँच	- चारपाँच
गाई र गोरु	- गाईगोरु
अघि र पछि	- अघिपछि
सीता र राम	- सीताराम
लोग्ने र स्वास्नी	- लोग्नेस्वास्नी

(ङ) तलका शब्दहरू कस्ता **समस्त** शब्द हुन् ? पत्ता लगाएपछि तिनलाई शुद्धसित वाक्यमा प्रयोग गर्नुहोस् :

चरीनङ्ग्रे, दाजुभाइ, गुरुचेला, पञ्चरङ्गी, दोबाटो, मूसाकाने, नाङ्लाकाने, राताआँखे, त्रिवेणी, त्रिभुज, अठन्नी, रजहाँस, मामाघर, मामाबाजे, माझीऔंला, कुबाटो, बस्तु न जानु, मुनामदन, करोडपति, तिहुनचखुवा

(च) तलका वाक्यहरूलाई शुद्ध पारी लैखेर देखाउनुहोस् :

१. मेरो बाबुले हिजो तरकारी किन्न जाँदा मूलाको सागपातहरू ल्यायो ।
२. मेरो आमाको फूपु हिजैदेखि शिक्षण अस्पतालमा भर्ना भएको छन् ।
३. दिदीको पतिले मेरो भाइलाई आफुसित बजार लानुभइन् ।
४. ह्रस्वदीर्घको नियमहरू केटाकेटीहरूले मान्नु पर्छन् ।
५. नेपालको पानीहरू स्वादिला छन् ।
६. राता रगत सिम्रिक जस्तै छिन् ।
७. आज बहिनी घर जान सक्छ कि सक्तैन ।
८. हाम्रो दिदी बजार गइन ।
९. हाम्रो बाबुआमा चाँडै दिल्ली जानुहुन्छन् ।
१०. हामीले हिजो मच्चीमच्ची हाँस्यो तर राम र उसको श्रीमतीले मुटुमा गाँठो पारी पारी रोए ।
११. रामले हिंडेर स्कुल गयो ।
१२. श्यामले खाएर हँदै गयो ।

(छ) तलका शब्दहरूको हिज्जे मिलाउनुहोस् :

ततकाल, रुपरेखा, रूनु, परिक्षाप्रणालि, इस्सोर, काठमाडौं, भक्तपूर, ललीतपूर, बिरबहादुर, चाम्लीङ, धन्कुटा, ईलाम, तापलेजुङ्ग, सितादेवी, हुञ्छ, म खाँदिन, रमा जान्नै, उनी यी कामहरू गरुन्, त्रीभूवन, विध्यालय, उपरोक्त, सर्कार, दर्वार, हल्दार, राष्ट्रीय, मनोनित ।

३१. पृथिवी तल भरिमा

मलाई शिरानी अलि अग्लो चाहिन्छ । घरमा दुईटा तकिया राखिदिन्छन् । तर यहाँ भने एउटै पनि थिएन । भानुभक्तको गाउँ भएकोले उनैको अर्ती मानी 'हात्को तकिया लियौं' भने जस्तो भएको थियो । 'भोक मीठो कि भोजन मीठो महाराज ?' भन्दा भोक मीठो रे । 'निद्रा ठूलो कि बिछ्यौना ?' भन्यो भने निद्रा भन्नुपर्ला । किनभने विना ओड्ने, विना ओछ्यान राडीकै भरमा निदाउन सकिंदो रहेछ- मेहनत गरेको छ भने ।

मेहनत त गरेकै हो हामीले त्यस दिन श्री ५ को सरकारले व्यवस्था गरिदिएको मिनीबसमा चढेर हुरूरूरू सजिलै डुम्रे पुगियो । त्यहाँबाट चाहिं आफ्नै खुट्टाको भर ! तीन घन्टामा तीन ठाउँमा त जँगार तर्नुपर्‍यो । डुम्रेमा, बाह्रे रह र सेपा बगैंचामा तीन पटक चुँदीलाई नपछारी रम्घा प्राप्त हुँदो रहेनछ । त्यो चुँदीलाई पछार्ने भनेको त आफ्नै सन्तोषलाई मात्र हो, साँच्चै चाहिं चुँदीमा नपछारिई रम्घा पुग्नु खास गरेर बर्सातमा असम्भव ! प्यान्ट, सुरुवाल फुकालेर काँधमा, जुत्ता फुकालेर हातमा झुन्ड्याई काई परेका चिप्ला ढुङ्गाहरूमा थिरीथिरी गर्दै जँगार तर्दा चिप्लिनु, पछारिनु मामुली कुरो । मन्त्री र अञ्चलाधीशले पनि भित्रपट्टि लगाएको सानो कट्टुको भरमा चुँदी तरेको देखेपछि भने सन्तोष लाग्दो रहेछ- चुँदीले सानो ठूलोको भेद राख्दो रहेनछ भनेर !

त चुँदी तरियो तीन पटक । बेंसी पुगियो । अब आलीको पालो । सिनित्तै धान रोपिएको छ । जमीनका कति लोभी त्यहाँका किसान- गराको आली एकै बित्ताभन्दा चौडा छाडेका छैनन् कतै । बाटो पनि त्यही- कान्ला पनि त्यही- आली पनि त्यही ! पचास हात बाटो पार गर्नलाई तीनोटा अर्ध चन्द्राकार आली ताती गर्दै छिचोल्नुपर्ने- झन्नै सय हात चिप्लो डाकेर ।

रम्घालीहरू माथि गाउँ छाडेर तल 'बेंसी' मा झरिसके सबै । माथि कोही छैन- भत्केका, पाताल भएका गाह्रा र भित्ताहरू मात्र छन् । एक जना भानुभक्त बाजेचाहिं मूर्तिमा कुँदिएर कुँजिएर पिंजरा कुरिरहेका भेटिन्छन् । उनकी नातिनी विष्णुमायाले रानीपोखरीमा स्थापित आफ्ना बाजेको सालिक 'हातै नभएको' भनेर हल्लाखल्ला गरेपछि- हात भएका, पलेंटी मारेर बसेका भानुभक्त रम्घामा प्रादुर्भाव भएका थिए । अनुहार पनि नाति शिवभक्तलाई हेरिएकाले दुरुस्तै उत्रेको हुनुपर्छ बाजेको यस मूर्तिमा । सबै आफ्ना सन्तान तल बिसीमा झरेपछि बाजेले मलाई पनि तलै लैजाओ भनेर कराएका थिए रे । तपाईंलाई लगे त यो गाउँ मरिहाल्छ नि- भनेर नातिहरू मानेनछन् । बाजे माथि नै छन् । रोजिन्दै गाउँबेंसी गर्ने कोही नभएकोले त्यहाँको बाटै पनि मासिइसकेछ । अब जानेले आफैं बाटो बनाउँदै हिंड्नुपर्छ । जान पनि वर्षैंवर्ष असारको २९ एक दिन मात्र जाँदारहेछन् (भानु) भक्तहरू त्यहाँ । पानी बग्दा हरियो जमेको रातो माटोको त्यो ओरालो बानी नपरेका सहरियालाई मात्र होइन, रैथानेहरूलाई पनि धराप थापे जस्तै रहेछ । आफ्नो लमाइ नाप्ने गरी उत्तानो पर्नु त्यहाँको चलनचल्ती नै हो भने हुने । "बाउले गाली गरेको र हिलोमा लडेको के लाज ?" अरे । आफूले पनि त्यसै भनियो ।

लुगा पनि रातामाटाले रातै, सालका बुटा समाउँदै झर्दा हात पनि रातै । बिहानैको भए पनि घामका रापले मुख पनि रातै, माथि शिवभक्तले लगाइदिएका अबीरका छापले पसीना पनि रातै सर्वाङ्ग रातो भएर प्रभात फेरिसकियो । बाटामा सालका नयाँ चिल्ला हरिया पात देखेर राममणिलाई टपरी र दुना-बोहोतामा भात खान पाइएला भन्ने रहेछ । तर- काँ भन्नुहुन्छ, यो असारको वेला, घरका आइमाईलाई पर्म, खाजा, अर्नी गर्दै फुर्सत नाई- दुना-टपरीको मेलो गर्नै सकिएन- अरे ! जिल्ल पर्नुपर्‍यो राममणिले । अनि त पितल र चरेसका थाल अनि आलुमिनियम र स्टीलका बटुकामा पस्केर दिंदा दिक्क लागेको थियो सबैलाई ।

रम्घालीले हामीलाई गाउँभित्र ढिम्कनै दिएनन् भन्यो भने अन्याय हुन्छ । नआऊ भनेका थिएनन् बरा ! तर पाउ बढी आली हिंडेर कसैका घरदैलामा पुग्ने आँटै आएन । हाम्रो डेरा पर खेततिर परेको थियो गोपाल पाण्डेले हातपाउ जोरेर सरकार गुहारेर खडा गराएको भानुस्मृति भवन अहिले बस्न हुने रहेनछ । त्यहाँको अतिथी कक्ष चुही भत्की बिग्रिसकेकोले वास गर्ने कुरै भएन । अनि त त्यही दिन उद्घाटन हुने भनेर निम्तामा छापिएको तर उद्घाटित हुन नसकेको नि. मा. वि. भवनमा शरण लिनुपरेको थियो । दुईतले स्कूल- माथिल्लो तलामा हामीलाई सुत्न मिलाइदिएको रहेछ । तर माथि उक्लिने भन्याङ हाल्न नपाएर बार्दलीको सुरमा लिस्रो जस्तो खुड्कीलो ठड्याइएको रहेछ । त्यो चढेर उक्लेपछि ओर्लिन मन नलाग्ने, अनि तल ओर्लेपछि उक्लिनै मन मरेर आउने । बार्दलीको अर्को सुरचाहिं उदाङ्गै थियो । राति निद्राको सुरमा ब्यूँझने मान्छे दाहिनेको सट्टा देब्रेतिर हानियो भने एकैं पटक तल पुगिने त्रास । घरगाउँलेले त गर्नुसम्म गरेका हुन् । पाइएसम्मका राम्रा सत्रन्जा र राडी ओछ्याइदिएका थिए कोठामा । तर त्यो भरखर छापिएको भुइँ अलिकति हिंड्दा पनि थर्कन्थ्यो । बानी नपरेकालाई त गर्ल्याङगुर्लुङ जान्छ कि भन्ने डर । थाकेर गएका हामीहरू, डर न सर डङ्रङ्ग डङ्रङ्ग त्यहाँ लडेका थियौं । स्वर्ग जस्तो भएको थियो ।

अनि, माननीयले मानमनितो गर्दा हामी मख्ख परेका थियौं । रसिक मन्त्रीले गीत गाएर दोहोरी खेलिदिंदा रमाएका थियौं । अञ्चलाधीशले चाहिं गार्डलाई पनि पर पठाएर हामीसँग घुलमिल गर्दा धन्य भएका थियौं । साहित्यिक हुनु पनि केही रहेछ, कवि पनि सम्मानकै दर्जा रहेछ भनेर फुर्किएका थियौं । आदिकविले मन्त्र दान गरेको त्यहाँको हावा नै कवितामय लागेको थियो, माटामा पनि कविताकै वास्ना आएको थियो । त्यसैले होला हामीलाई लाग्यो- अञ्चलाधीशभन्दा जनकविकेसरी बढी भी. आई. पी. हुँदा रहेछन् त्यहाँ । माननीयले बोलेको भन्दा भरतराज पन्तले हृदय खोलेको सुत्र मन पराउँदा रहेछन् सुत्रेहरू । अनि मन्त्रीले विकासको मूल फुटाएको भन्दा पनि साहित्यकारले चुँदी बेंसी सभ्यताको कुरा जुटाएकोमा बढी रस लिंदा रहेछन् जनता । भरतराज पन्त र मन्थलीय- जसलाई पन्थ र मन्थ भन्न थालेका थियौं हामीले- दुई जनाले दोहोरी खेले जस्तो एकपछि अर्को श्लोक भट्ट्याउँदै जाँदा त्यहाँ रसको समुद्रै लहराएको थियो । दुवैको स्मरणशक्ति अचम्मकै रहेछ । अझ पन्त भरतराज त पत्याउनै नसकिने ! आफूले लेखेका हजारौं पङ्क्ति मात्र होइन, अरूको पनि उनलाई कण्ठस्थ थियो । कविशिरोमणिदेखि महाकविसम्म, समदेखि घिमिरेसम्म । मोतीराम र लक्ष्मीदत्त,

शम्भुप्रसाद र हरिभक्त, भीमनिधि, भूपी कोही छुटेनन् । अरू छाडूँ, नयराज र पिनाकीप्रसादका कविता पनि उनलाई मुखाग्र । नेपाली कविता मात्र हुनुपर्थ्यो- त्यो उनलाई आउँथ्यो । कति आएको ! यो रम्घायात्रालाई हामीले त्यसैले भरतराज-यात्रा भन्ने न्वारन गरेका थियौं । रम्घावासी पनि रद्द- भानुभक्तका श्लोकहरू उनीहरूलाई भन्दा यिनलाई बढी आएको देख्ता ।

रम्घाका मान्छेहरू मलाई रसिक पनि असाध्य रहेछन् जस्तो लाग्यो । कविता मन पराउने । नत्र त्यो गर्मीमा ६-६ घन्टाको कवि सम्मेलन कसरी चल्न सक्थ्यो ? अजङ्ग अजङ्गका वरपीपलका बोट, त्यसमुनि चौतारोमा कविता भन्ने र सुन्नेहरूको भीड ।। वटवृक्ष आफैं पनि बोल्ला जस्तो- भानुले भट्ट्याएको समेत मैले सुनेको छु भन्ला जस्तो । भव्य । अझ बिर्सी नसक्नु थियो सुन्नेहरूको तन्मयता ।

"गरिकाव्य सुधा रस-पान- अरे
गर मानव जीवन सार्थक रे"

भनेको धरणीधरले यस्तै श्रोताहरूलाई देखेर त होइन ? जस्तो लाग्ने । अझ अर्को कुरा, त्यहाँ सुन्न बसेकाहरूमा लोग्नेमान्छेभन्दा आइमाई बेसी थिए । आए होलान् तमासा हेर्न भन्ने लागेको थियो । होइन रहेछ । काव्यसुधारसप्रेमी नै रहेछन् उनीहरू पनि । भरे पुरस्कार पाउने पाँच जनामा दुई जना त उनै- एक जना सुश्री एक जना श्रीमती- अस्थानीय जाँचकीहरूले निर्यौलि गरी छानेका ।

अनि भन्न मन लाग्यो, रम्घा यो तिम्रै काम हो, तिम्रै करामत । माथि भानुभक्तले रम्घाको हावामा कविताको मन्त्रदान गरेछन् भनेको पनि उल्टै भएछ । यो रम्घाको हावामा, चुँदीको माटामा त उहिल्यैदेखि कविता रहेछ । यही हावा खाएर यही माटोमा टेकेर पो भानु, भानु भएका रहेछन् । त्यहाँको माटामा उभिएपछि भानुले कवि नभई सुख पाउँथे र ? यहाँ जो पनि कवि, जे पनि कविता । यो ज्ञान फुऱ्यो मलाई पनि त्यस वटवृक्ष मनि ।

त्यही जरोले समाएर होला, त्यहाँ उभिएर मैले पनि सिलोक हालें, भानुभक्तकै पारामा-

"यति दिन पछि मैले आज रम्घाजि देख्याँ
पृथिवीतलभरिमा स्वर्ग हो जानी लेख्याँ"

त्यसैले शिरानी हाल्ने कुरो नपाए पनि केही भएन, कवि बनेरै फर्कें रम्घाबाट म । अब यो रम्घाली पालिस नजाउन्जेल म सबैलाई स्वर्गे देख्नेछु- "पृथिवी तलभरिमा ..... ।"

(कमल दीक्षित)

अभ्यास

अप्ठ्यारा शब्दहरू

शिरानी	– सुता शिरमुनि राखिने नरम वस्तु, सिरानी, सिह्रानी, तकिया
डुम्रे	– पोखरा र काठमाडौंका बीचको मूल मोटरसडकमा पर्ने तनहुँको एक बजार
जँगार	– जँघार, जाँघसम्म पानी आए पनि तर्न सकिने नदीको ठाउँ
रह	– पानीको दह, ताल
चुँदी	– एउटा खोलाको नाउँ (यो रम्घा गाउँको फेदतिर पर्छ)
रम्घा	– तनहुँको गाउँ जहाँ भानुभक्त आचार्य जन्मेका थिए
अञ्चलाधीश	– पुरानो शासन व्यवस्थामा अञ्चलको मुख्य प्रशासक
बेंसी	– ब्याँसी, उपत्यका, पहाडका फेदको मलिलो फाँट, बिसी, बेसी
आली	– खेतका गरा छुट्याउन अग्लो पारिएको माटाको डिल
सिनित्तै	– जम्मै सकेर, खर्ल्यापखुर्लुप, खर्लप्पै, रिङ्गै, सप्पैतिर
कान्ला	– खेत वा बारीको अग्लो डिल
अर्धचन्द्राकार	– आधा बाटुलो, आधा चन्द्रमाका आकारको, आधा जून जस्तो
ताती गर्दै	– बालकको जस्तै बिस्तारी र ढुन्मुनाउँदै हिंड्दै
पाताल भएका	– खँडहर भएका, भत्केर बिजोक भएका
प्रादुर्भाव	– उत्पत्ति, उद्भव, देखा पर्ने काम
रोजिन्दै	– दिनहुँ, दिनका दिन, नित्य
रैथाने	– पुरानो बासिन्दा, आदिवासी, स्थानीय व्यक्ति
धराप थाप्नु	– पासो थाप्नु, अप्ठ्यारो पार्नु
बाउले	– बाबुले
अरे	– रे
राप	– ताप, आँच, तातो
प्रभातफेरि	– प्रभातफेरी, कुनै उत्सवमा बिहानै उठेर नारा लगाउँदै धेरै जनाले सँगसँगै रमाइलो गरेर फन्का लगाउने वा सहर-गाउँ घुम्ने काम
पर्म	– कामको साटो काम गर्ने चलन
अर्नी	– जलपान, खाजा, दोपहरे
नाई	– होइन
चरेस	– झर्के, काँसाको
ढिम्कनै दिएनन्	– आउनै दिएनन्, उपस्थित हुनै दिएनन्
गोपाल पाण्डे	– प्रसिद्ध नेपाली भाषासेवी
अतिथि कक्ष	– पाहुना कोठो
लिस्नो	– एकखुट्टे भऱ्याङ, बाँस वा काठ कपेर बनाएको भऱ्याङ
सूर	– छेउ, कुनो, कोण

सुर	– ताल, पारा, आशय, आँट
सत्रन्जा	– सतरन्जा, दरी, रङ्गीन मोटो ओछ्याउने
माननीय	– संसदका सदस्यलाई सम्बोधन गर्ने शब्द, मान्य, पुरानो पद्धतिमा राष्ट्रिय पञ्चायतको सदस्य
रसिक	– पारख गर्न जान्ने, साहित्यमा चाख भएको, भावुक
दोहरी खेल्नु	– जुहारी खेल्नु, गीतमा सवालजबाफ गर्नु
फुर्किनु	– फुरूक्क हुनु, मक्ख पर्नु; घमन्डले फुल्नु
बास्ना	– सुगन्ध, मीठो बास
जनकविकेसरी	– धर्मराज थापा
भी. आई. पी.	– (अङ्ग्रेजी 'भेरी इम्पोर्टन्ट् पर्सन' को छोटकरी), उच्च पदको मान्छे
भरतराज पन्त	– काठमाडौंवासी एक प्रसिद्ध नेपाली पद्यकार-कवि
भरतराज मन्थलीय	– पूर्वी पहाडमा जन्मेका एक प्रसिद्ध नेपाली पद्यकार-कवि
स्मरणशक्ति	– सम्झने शक्ति, कुनै कुरालाई नबिर्सी मनमा राखिरहने शक्ति
कण्ठस्थ	– कण्ठाग्र, मुखाग्र, आउँदो, कण्ठ आउने, कण्ठ भएको
कविशिरोमणि	– कविहरूमा श्रेष्ठ, लेखनाथ पौड्याल
महाकवि	– लक्ष्मीप्रसाद देवकोटा
सम	– बालकृष्ण सम
घिमिरे	– कविवर माधवप्रसाद घिमिरे
मोतीराम	– भानुभक्त आचार्यको जीवनी लेख्ने प्रसिद्ध कवि मोतीराम भट्ट
लक्ष्मीदत्त	– मोतीराम भट्टका पालामा राम्रा गजल लेख्ने लक्ष्मीदत्त पन्त
शम्भुप्रसाद	– आशुकवि शम्भुप्रसाद ढुङ्गेल
हरिभक्त	– आसाममा जन्मेका हाल दिवंगत हरिभक्त कटुवाल नामक कवि
भीमनिधि	– प्रसिद्ध कथाकार, नाटककार, कवि भीमनिधि तिवारी
भूपी	– कवि भूपि शेरचन
नयराज	– इतिहासकार नयराज पन्त
पिनाकीप्रसाद	– विराटनगरनिवासी हाल दिवंगत पिनाकीप्रसाद आचार्य
मुखाग्र	– कण्ठस्थ, आउँदो, कण्ठ भएको
रद्द	– मुग्ध, मक्ख, फुरुङ्ग, प्रसन्न, प्रफुल्ल
अजङ्ग अजङ्गका	– औघि ठूला, विशाल, बडेमानका
वटवृक्ष	– वरको रूख
सुधा	– अमृत, पीयूष
धरणीधर	– कविवर धरणीधर कोइराला
काव्यसुधारसप्रेमी	– कवितारूपी अमृत रुचाउने व्यक्ति, कविताप्रेमी
अस्थानीय	– परदेशी, टाढाको, बाहिरको
करामत	– चमत्कार, पुरुषार्थ, बहादुरी

लेखकको चिनारी- मोतीराम भट्ट जन्मेकै कुशे औंसीका दिन १९८६ सालमा काठमाडौंमा जन्मने कमल दीक्षितले मोतीराम भट्टको बिंडो थामेका छन् । मदन पुरस्कार गुठी र मदन स्मारक पुस्तकालयका माध्यमबाट नेपाली भाषा र साहित्यको सेवामा निरन्तर लागेका दीक्षितले अनेकौं ग्रन्थहरूको रचना, यथेष्ट संकलनहरूको सम्पादन र अनगन्ती कृतिहरूका व्याख्या र विश्लेषण गरेका छन् । 'उखान मिलेन' शीर्षक ग्रन्थमा उनका निबन्धहरू पाइन्छन् भने 'कागतीको सिरप', 'कालो अक्षर', 'बाघपञ्जा' आदि खोजपूर्ण रमाइला कृतिहरूमा उनका साहित्यिक व्याख्याहरू भेटिन्छन् । 'पृथिवीतल भरिमा' भन्ने यात्रावर्णन 'बाघपञ्जा' बाट झिकिएको हो । यसमा लेखकले भानुभक्त आचार्यका जन्मस्थलको बयान अति रोचक पाराले गरेका छन् । जातीय कवि भानुभक्त आचार्य जन्मेको रम्घा गाउँ र उनी हुर्केबढेको चुँदी बेंसीका पृष्ठभूमिमा नेपाली भाषा र साहित्यप्रतिको श्रद्धा प्रकट गर्नु उनको विशेषता हो । छोटा वाक्य, सजिलो र रसिलो भाषा र निष्पक्ष र निडर भनाइले गर्दा कमल दीक्षित औधि जनप्रिय छन् ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूका छोटा उत्तर एक वा दुई वाक्यमा नबढाई दिनुहोस् :

१. लेखकलाई शिरानी कस्तो चाहिन्थ्यो र किन ?

२. निद्रा ठूलो कि बिछ्यौना ? किन ?

३. रम्घालाई प्राप्त गर्न कसलाई कति चोटि पछार्नुपर्दो रहेछ ?

४. चुँदीले कसको भेद कसरी राख्तो रहेनछ ?

५. साराका सारा सन्तान बेंसीतिर झरिसक्ता पनि भानुभक्त बाजेचाहिं किन माथि रम्घा गाउँमै अड्डी कसेर (= जिद्दी गरेर) बसिरहेका नि ?

६. कसकसलाई, किन र के धराप थापे जस्तै रहेछ ?

७. राममणि रिसालले जिल्ल पर्नुपर्ने कारण के परेछ नि ?

८. रम्घामा निर्मित भानुस्मृति भवनको अतिथि कक्षको अवस्था कस्तो रहेछ ?

९. कसको स्मरणशक्ति अचम्मकै रहेछ ?

१०. सारा रम्घालीहरू कविसम्मेलनमा किन भेला भएका रहेछन् र त्यसमा कसको करामत रहेछ ?

(ख) भानुभक्त आचार्यले पहिलो पल्ट काठमाडौं उपत्यका टेक्ता बालाजी पुगेपछि अत्यन्त हर्षित हुँदै

यति दिन पछि मैले आज बालाजि देख्याँ
पृथिवितल भरीमा स्वर्ग हो जानि लेख्याँ

भनेर लेखेका थिए । उसरी नै भानुभक्त आचार्य जन्मेको ठाउँमा पुग्दा कमल दीक्षित पनि रमाउँदै रम्घाको वर्णन गर्न पुगेका छन् । दीक्षितले बयान गरेका तथ्य र अनुभवलाई आधार मानी तपाईं आफैं रम्घा पुगेको जस्तो एउटा रमाइलो निबन्ध लेख्नुहोस् ।

(ग) तलका भनाइहरूको सप्रसङ्ग व्याख्या गर्नुहोस् :

१. बिना ओढ्ने, बिना ओछ्यान, राडीकै भरमा निदाउन सकिंदो रहेछ – मेहनत गरेको छ भने ।

२. पचास हात बाटो पार गर्नलाई तीनोटा अर्ध चन्द्राकार आली ताती गर्दै छिचोल्नुपर्ने– झन्त्रै सय हात चिप्लो डाकेर ।

३. सबै आफ्ना सन्तान तल बेंसीमा झरेपछि बाजेले मलाई पनि तलै लैजाओ भनेर कराएका थिए रे । तपाईंलाई लगे त यो गाउँ मरिहाल्छ नि भनेर नातिहरू मानेनछन् । बाजे माथि नै छन् ।

४. बटवृक्ष आफैं पनि बोल्ला जस्तो– भानुले भट्याएको समेत मैले सुनेको छु भन्ला जस्तो ।

(घ) "आदिकविले मन्त्रदान गरेको त्यहाँको हावा नै कवितामय लागेको थियो, माटामा पनि कविताकै बास्ना आएको थियो ।"

माथिको भनाइलाई विस्तार गरी एउटा प्रबन्ध लेख्नुहोस् ।

अथवा

तलको उखानको पुष्टि हुने गरी आफूले अनुभव गरेको कुनै घटनाको बयान गर्दै एउटा प्रबन्ध तयार गर्नुहोस् :

बाउले गाली गरेको र हिलोमा लडेको के लाज ?

व्याकरण

वाक्यका किसिमः– क्रियाहरू मुख्य रूपले दुई रूपमा देखा पर्छन्– **समापक** रूपमा र **असमापक** रूपमा । **समापक** रूपहरू वचन, लिङ्ग, पुरुष र काल अनुसार विभिन्न अनुहारमा फेरिन्छन् । वाक्यलाई पूरा गर्न एउटा **समापक** क्रिया नभई हुँदै हुँदैन । **असमापक** क्रियाले भने वाक्यलाई पूर्णता दिन सक्दैनन् ।

असमापक क्रियाका रूपहरू– खाई (ऽखाएर' भन्ने अर्थमा), खाएर, खाँदा, खाँदो, खाँदै, खाने, खानु, खान, खाएको, खाए ('खाएमा' भन्ने अर्थमा)

वाक्य तीन प्रकारका हुन्छन्– **सरल, मिश्र** र **संयुक्त** ।

जुन वाक्यमा एउटा मात्रै समापक क्रिया छ त्यो **सरल वाक्य** भनिन्छ । जस्तै,

म भात खाएर घर **गएँ** ।

सीता नाच्तानाच्तै **अघाई** ।

सरल वाक्यमा एउटा समापक क्रिया हुनैपर्ने भए झैं त्यस क्रियासित वचन, पुरुष र लिङ्ग मिलेको **कर्ता** पनि हुनैपर्छ । माथिका वाक्यहरूमा **गएँ** को कर्ता **म** हो भने **अघाई** को कर्ता **सीता** हो ।

मिश्र वाक्य त्यसलाई भनिन्छ जसमा एउटा पूर्ण रूपले आफ्नो खुट्टामा उभिन सक्ने वाक्य र त्यसका आधारमा उभिने अरू एक वा बढी **पराधीन वाक्य**हरू हुन्छन् । **संयुक्त वाक्य**मा भने दुई वा दुई भन्दा बढी आफ्ना खुट्टामा उभिन सक्ने **र, अनि, तथा, वा** जस्ता संयोजकद्वारा जोल्ठ्याइएका वाक्यहरू हुन्छन् र तिनमा **पराधीन वाक्य**हरू पनि झुन्डिनै पर्छ भन्ने केही छैन ।

(अ) राम धेरै बेर **रोयो** र घर **गयो** ।
(आ) म प्रथम श्रेणीमा उत्तीर्ण **भएँ** तर दाजु खुशी **हुनुभएन** ।

माथिका वाक्यहरूमा दुई दुई समापक क्रियाहरू छन् । वाक्य (अ) मा **रोयो** र **गयो** समापक क्रिया हुन् र ती दुवैको कर्ता **राम** हो । त्यसो भए तापनि ती दुई **समापक** क्रियाले दुई स्वतन्त्र सरल वाक्यलाई प्रतिनिधित्व गरेका छन् अनि **रले** ती दुई वाक्यलाई जोडेको छ :

अ १. राम धेरै बेर **रोयो** ।
अ २. राम घर **गयो** ।

यी दुई वाक्य एकाअर्कामा आधारित छैनन्, स्वतन्त्र छन् । यसरी नै (आ) मा पनि दुई सरल वाक्य छन् जसलाई **तरले** जोडेको छ :

आ १. म प्रथम श्रेणीमा उत्तीर्ण **भएँ** ।
आ २. दाजु खुशी **हुनुभएन** ।

(आ) का दुवै वाक्य स्वतन्त्र छन् । यस्ता स्वतन्त्र वाक्य दुई वा दुई भन्दा बढी जति भए पनि र पराधीन वाक्य यस्ता वाक्यमा भए पनि वा नभए पनि **संयुक्त वाक्य** हुन्छन् । (अ) र (आ) मा पराधीन वाक्य छैन तर (इ) र (ई) मा भने पराधीन वाक्यहरू जोडिएका छन्-

(इ) राम, जो मेरो साथी **हो**, धेरै बेर **रोयो** र घर **गयो** ।
(ई) पोहोर साल राम र हरि जसरी उत्तीर्ण **भए** म प्रथम श्रेणीमा उत्तीर्ण **भएँ** तर जसरी उनीहरूका दाजु खुशी **हुनुभएको थियो** मेरा दाजु खुशी **हुनुभएन** ।

(इ) को 'जो मेरो साथी हो' र (ई) का 'पोहोर साल राम र हरि जसरी उत्तीर्ण भए' र 'जसरी उनीहरूका दाजु खुशी हुनुभएको थियो' पराधीन वाक्य हुन् । त्यसो भए तापनि (इ) र (ई) भने **संयुक्त वाक्य** मानिन्छन् ।

पराधीन वाक्यमा समापक क्रिया र त्यसको कर्ता हुनैपर्छ, तापनि त्यस्तो वाक्यमा अर्थ पूरा हुँदैन । अर्थ पूरा गर्नलाई त्यस्ता **पराधीन वाक्यले** अर्कै स्वतन्त्र वाक्यको शरण लिनुपर्ने हुन्छ । त्यसैले **पराधीन वाक्य** अर्को वाक्यसित जोल्टिनुपरेको हो । **पराधीन वाक्यका** केही नमूना :

(१) **म** घर **गएँ** भने (२) किनभने **पानी पर्दैछ**
(३) जहाँजहाँ **असिना पऱ्यो** (४) **तिमी** जे **भन्छौ**

माथिका **पराधीन वाक्यहरूलाई** पूरा गर्ने हो भने आफ्ना खुट्टामा उभिन सक्ने अर्कै एक एक वाक्य तिनमा मिसाउनुपर्छ । जस्तैः-

(१) म घर गएँ भने **आमा खुशी हुनुहुन्छ** ।
(२) **आज म बाहिर निस्कन्नँ**, किनभने पानी पर्दै छ ।
(३) जहाँ जहाँ असिना पऱ्यो, **सम्पूर्ण बाली सखाप भयो** ।
(४) तिमी जे भन्छौ, **मैले मानेकै छु** ।

यसरी मिसाइएका वाक्यहरूलाई **मिश्र वाक्य** भन्ने चलन छ । माथिका नमूनामा मोटा अक्षरमा छापिएका अंश आफैंमा पूर्ण छन् र तिनलाई अर्थ पूरा गर्न पातला अक्षरमा दिइएका अंशको कुनै आवश्यकता छैन । तर पातला अक्षरका अंशहरू भने आफैंमा पूर्ण स्वतन्त्र छैनन् ।

(ङ) तलका उखानहरू मध्ये हरेकलाई दुई चार दुई चार वाक्यहरूमा अर्थ खुल्ने गरी व्याख्या गर्नुहोस् :

(१) कानो गोरुलाई औंसी न पूर्ने (केही छ्यानविचार नभएको)
(२) रातभरि करायो, दच्छिना हरायो (मरीमरी काम गर्दा पनि जश नपाउनु)
(३) ताक परे तिवारी नत्र गोतामे (मौका छोप्ने, ताकछोपुवा)
(४) जुन जोगी आए पनि कानै चिरेको (सबै जना उस्तै हुन्)

(च) तलका जोडी वाक्यहरूलाई एउटै पारेर गाँसी दुई दुई वाक्यहरू तल नमूनामा देखाए झैं बनाउनुहोस् यसरी **वाक्य संश्लेषण** गर्दा (अर्थात् वाक्यहरूलाई जोडेर एउटै पार्दा) मुख्य क्रियालाई **दा** मा टुङ्गिने **असमापक** क्रिया बनाउनुहोला ।

नमूनाः- दुई वाक्य : अमर घर **पुग्यो** । साँझ **पऱ्यो** ।
संश्लेषण : (अ) अमर घर **पुग्दा** साँझ पऱ्यो ।
(आ) साँझ **पर्दा** अमर घर पुग्यो ।

(१) रीता स्कूल **पुगी** । पानी **पऱ्यो** ।
(२) हरिप्रसाद **रोए** । माधुरी **हाँसिन्** ।

(३) शंकरले मासु **खाए** । बाह **बज्यो** ।
(४) जनताले असाध्य दुःख **पाए** । मुलुकले उन्नति **गरेन** ।
(५) डरलाग्दो बतास **चल्यो** । भयङ्कर आगो **लाग्यो** ।

(छ) तलका जोडी वाक्यहरूलाई पहिला वाक्यका मुख्य क्रियाको धातुमा **एर** प्रत्यय जोडी तल नमूनामा देखाए झैं **संश्लेषण** गर्नुहोस् (अर्थात् जोल्ट्याउनुहोस्) । यसरी वाक्य जोल्ट्याउँदा दुवै वाक्यका क्रियाका कर्ता एकै भएमा संश्लेषण गरिएका वाक्यमा त्यो कर्ता एकै पल्ट मात्र लेखिन्छ र त्यसमा अन्तिम मुख्य क्रियाले चाहेमा मात्र **ले** लाग्छ, नत्र लाग्दैन ।

नमूनाः- दुई वाक्य : गीता **हाँसिन्** । गीताले कथा भनिन् ।
संश्लेषण : गीताले **हाँसेर** कथा भनिन् ।
दुई वाक्य : गीताले कथा **भनिन्** । गीता हाँसिन् ।
संश्लेषण : गीता कथा **भनेर** हाँसिन् ।

(१) हामीले गीत गायौं । हामीले रामायण पढ्यौं ।
(२) म रोएँ । मैले कविता पढें ।
(३) सीताले मासु खाइन् । सीता मोटाइन् ।
(४) तपाईंले प्रयत्न गर्नुभयो । तपाईंले पैसा कमाउनुभयो ।
(५) तिनले सिके । तिनले गाडी हाँके ।
(६) नेपालको सम्पूर्ण पहाडी क्षेत्रमा पैराहरू गए । धेरै धन र जनको नोक्सानी भयो ।
(७) उनले नेपाली पढाए । उनी बूढा भए ।
(८) चम्पाले सारी लाइन् । चम्पा ठूली भइन् ।
(९) उनीहरूले घर-घरमा चन्दा बटुले । उनीहरूले स्कूल बनाए ।
(१०) कवि ठिङ्ग उभिए । कविले राम्रा कविता सुनाए ।

(ज) माथि (छ) का जोडी वाक्यहरूलाई तल देखाए बमोजिम फेरि संश्लेषण गर्नुहोस्

नमूना- दुई वाक्य : गीता **हाँसिन्** । गीताले कथा भनिन् ।
संश्लेषण : गीताले **हाँसी हाँसी** कथा भनिन् ।
दुई वाक्य : गीताले कथा **भनिन्** । गीता हाँसिन् ।
संश्लेषण : गीता कथा **भनी भनी** हाँसिन् ।

(झ) तलका वाक्यहरू मध्ये कुन कुन **सरल**, कुन कुन **मिश्र** र कुन कुन **संयुक्त** हुन् ? छुट्याउनुहोस् ।

(१) ठूलो बसमा चढ्दा रमाइलोसित कुरा गरेर स्कूल पुगिन्छ ।

(२) जहाँ इच्छा हुन्छ त्यहाँ उपाय पनि हुन्छ ।

(३) गड्याङगुडुङ गर्दै सम्पूर्ण आकाश थर्क्यो र दररर पानी पऱ्यो ।

(४) गड्याङगुडुङ गरेर सम्पूर्ण आकाश थर्की दररर पानी पऱ्यो ।

(५) जब गड्याङगुडुङ गरेर सम्पूर्ण आकाश थर्क्यो, दररर पानी पऱ्यो ।

(६) म टन्न भात खान्छु र झुला घाटतिर झर्छु ।

३२. अन्तिम भोज

अन्धकार, निर्जन, डरलाग्दो एकलासे जङ्गलबाट पार गर्दा गर्दै अकस्मात् म यस्तो ठाउँमा पुगें जहाँ उज्यालो नै उज्यालो थियो । म आनन्दले एकदम प्रफुल्लित भएँ । अघि भर्खरका दुःख कष्टहरू सबलाई बिर्सेर म दुगुर्दै हुत्तिंदै त्यस ठाउँमा पुगें, जहाँ मनुष्यको न्यानो माया मलाई पर्खिरहेको थियो । मैले मनुष्यको अनुहार नदेखेको धेरै दिन भइसकेको थियो । त्यसैले म व्यग्र थिएँ ।

त्यो ठाउँ अत्यन्त रमणीय थियो । एउटा ठूलो भोज त्यहाँ भइरहेको रहेछ, जताततै रङ्गीचङ्गी, नीला, राता, पहेंला, हरिया, सेता बत्तीहरू बलिरहेका रहेछन् । ठूलो चौरका चारैतिर कलापूर्ण बगैंचा उज्यालोमा जग्मगाइरहेको छ, विभिन्न प्रकारका रङ्गीबिरङ्गी फूलहरू सुगन्ध छरेर बिउँझिरहेका छन्, र त्यसभन्दा पनि बढी विभिन्न रङका पोषाकहरूमा लोग्नेमानिस र स्वास्नीमानिसहरूका ठूला जमात नै त्यस ठाउँमा जम्मा भएर यताउति गरिरहेका छन् । ती सुगन्धित फूलहरू भन्दा पनि ती अति आकर्षक थिए । मलाई यस्तो लाग्यो- स्वर्गको एक टुक्रा त्यस ठाउँमा खसेको हो । म विमोहित भएर नजिकै गएँ ।

हरियो कोमल दुबो भरिएको ठूलो फाँटमा श्रेणीबद्ध रूपले टेबल कुर्सीहरू लगाइएका छन् र हरेक टेबलका मध्य भागमा फूलदानमा फूलहरू मुस्काइरहेका छन् । प्रत्येक टेबलमा एक दुई सेता पोषाक लगाएका केटाहरू खाने कुराहरू किस्तीमा बोकेर उभिएका छन्, कोही यताउति किस्ती बोकेर घुमिरहेका छन् । मलाई अत्यन्त भोक लागेको थियो ।

त्यसैले भोज भन्ने थाहा पाउँदा पाउँदै लाजै पचाएर म त्यस भित्र पसें । नजिकै पुगेपछि मैले चाल पाएँ, ती व्यक्तिहरूका लवाइ, बोलाइ र रूपरङ एकै प्रकारका रहेनछन् । कोही अमेरिकाली जस्तो लाग्यो, कोही रूसी जस्तो, कोही जर्मनेली, कोही चिनियाँ, कोही भारतीय जस्तो, कोही अफ्रिकाली, कोही इजिप्टवासी, इरानी, कोही बेलाइती जस्तो । सारा संसारभरिका जातिहरू सङ्ग्रहालयमा सिंगारिएर थपक्क राखे झैं ती मानिसहरू थिए । मैले उनीहरूलाई सर्सर्ती हेरें, र खुशीले आफू दङ्ग हुँदै उनीहरूका माझमा पुगें ।। विश्वका सम्पूर्ण राष्ट्रका मानिसहरू जमघट भएको ठाउँमा पुग्नु मात्र म जस्ताका लागि ठूलो पर्व थियो । त्यसैले भोजको निम्तो आफूसँग नभएकामा मैले संकोच पनि मानिनँ र म त्यसै पसिदिएँ ।

तैपनि पाहुनाहरूका हुलमा मिसिन मलाई अप्ठ्यारो लाग्दै थियो । एउटी अत्यन्त राम्री आइमाईले मलाई हात समाएर अरूसँग तान्दै अङ्ग्रेजी भाषामा भनी "लौ, एक नव आगन्तुक आइप्ग्यो, नयाँ देशबाट" र मलाई सोधी, "कुन देशका हौ ?"

मैले भनें, "नेपाल !"

त्यसले मलाई टेबल टेबलमा लगेर विभिन्न भाषहरूमा बोल्दै चिनाई । मैले सबैसँग हात मिलाएर अभिवादन गरें । त्यहाँ नभन्दै संसारभरिका विशिष्ट र प्रसिद्ध मानिसहरू जम्मा भएका रहेछन्, ठूला ठूला नेता, राष्ट्रपति, प्रधान मन्त्री, कवि, लेखक, गायक, नर्तकी, कुलपति, वैज्ञानिक, प्राध्यापक, उद्योगपति, प्रबन्धक आदि आदि । उनीहरूका माझमा मलाई आफू अत्यन्त होचो र सानो जस्तो अनुभव भयो, तैपनि ठाडो भएर उभिइरहें । त्यसले मलाई जता जता तान्दै लगी त्यतै त्यतै म लाग्दै रहें ।

आखिर तीन चार जना मात्र भएको टेबलमा उभ्याएर त्यसले मलाई भनी, "यही टेबलमा बसेर आजको अन्तिम भोज मनाऔं, हुन्न ?"

"लौ लेऊ यो ब्रान्डीको गिलास ।" गिलास हातमा लिंदै आफ्नो आत्मीय झैं सम्झेर मैले ऊसँग लाज नमानी सोधें, "आज साँच्ची यो के को भोज ? भन्नोस् ।"

आश्चर्य मान्दै त्यसले मतिर विस्फारित लोचनले हेरेर अरूसँग हाँस्तै भनी, "हेर, यो कस्तो अनौठो मानिस, आज केको भोज भनेर पो सोध्छ !"

मतिर हेरेर नपत्याए झैं गरी फेरि त्यसले सोधी, "साँच्ची, आज केको भोज तिमीलाई थाहा छैन ?"

मैले लजाएर उत्तर दिएँ, "म त घुम्दै आएको, यहाँ आइपुगें, मलाई अत्यन्त भोक लागेकाले यहाँ पसेको, मसँग निम्तो पनि छैन । के गरूँ, म जाऊँ कि ?"

म लाजले मरेतुल्य भएको थिएँ । म चोर पक्रा परिहालें ।

त्यसले हतारिएर झटपट भनी, "होइन, होइन, बस । तिमीलाई थाहा रहेनछ त के भयो ? बरु सुन, म तिमीलाई बताउँछु- आज यो विश्वमा नै अन्तिम भोज हो । यस्तो भोज यो पृथ्वीमा कहिल्यै हुन पाउनेछैन । यो रातपछि पृथ्वीमा कहिल्यै रात पर्दैन । थाहा पायौ ?"

मैले थाहा पाए झैं टाउको हल्लाएँ मेरो मगजमा निम्तो काई मात्र घुमिरहेको थियो । निम्तो काई भएको भए मलाई यसरी लज्जित हुनुपर्ने नै थिएन ।

तर ऊ उल्लसित हुँदै भन्दै गई, "यो पृथ्वीमा कहिल्यै रात पर्दैन; यही अन्तिम रात हो । यहाँ संसारका सम्पूर्ण राष्ट्रका उच्च पदाधिकारीदेखि लिएर महान् व्यक्तिहरू सबै जना जम्मा भएका छन् एउटा उद्देश्यले, एउटा अभिलाषाले । यस्तो एक मत अहिलेसम्म विश्वका राष्ट्रहरूमा कहिल्यै देखिएको थिएन । यो एउटा अनुपम घटना हो । यो अनुपम घटना यस पृथ्वीमा फेरि कहिल्यै दोहोरिने पनि छैन । सुन, झिसमिसे बिहान हुन नपाउँदै यहाँका ठूला ठूला राष्ट्रका राष्ट्रपति, प्रधान मन्त्रीहरूले आफ्ना देशमा कस्ता परमादेश पठाउनेछन् भने उनीहरूका देशमा रहेका सम्पूर्ण आणविक

अस्त्रहरू तथा ठूला ठूला अणुबमहरू एकै चोटि एकै समयमा विस्फोट गरिनेछन् र पृथ्वीलाई टुक्रा टुक्रा पारेर ब्रह्माण्डमा हुर्‍याएर मिलाइनेछ, पृथ्वीको अन्त्य गरिनेछ । मनुष्यको पृथ्वीमाथि ठूलो विजय हुनेछ । त्यसैले आजको एकमात्र अन्तिम रातमा यसरी यो प्रीति भोज मनाइँदै छ । आज तिमी हामी पनि मनुष्यको यस महान् विजयमा विजयोत्सव मनाऔं !"

त्यसले रक्सीको गिलास गर्वपूर्वक ओठसम्म उठाई, अरूहरूले पनि गम्भीरतापूर्वक त्यसै गरे ।

तर मैले गिलास उठाउन सकिनँ कसरी म पृथ्वीको अन्त्यमा विजयोत्सव मनाउन सक्छु ? आखिर गिलास त्यसै मिल्काएर म त्यहाँबाट भाग्न थालें । भोलि बिहान सूर्योदय नहुँदै पृथ्वीको सर्वनास हुनेछ– म यसै कुराले लखेटिदै भोकै भाग्दै छु, दुगुर्दै छु । मेरो प्यारो पृथ्वी, मेरो प्यारो धर्ती भोलि रहन्न ! उफ् ! भोलि रहन्न ! मेरो माटो सुँगेर म भाग्दै छु ।

(विजय मल्ल)

अभ्यास

अप्ठ्यारा शब्दहरू

निर्जन	– मान्छे नभएको, एकान्त
प्रफुल्लित	– खुशी
व्यग्र	– उत्सुक
आकर्षक	– मन तान्ने
विमोहित	– मुग्ध, मख्ख
श्रेणीबद्ध	– राम्ररी लहर मिलाएको
सङ्ग्रहालय	– पुराना र दामी कुराहरू सुरक्षित राख्ने घर, कलाहरू राख्नेको घर
पर्व	– मेला, चाड
संकोच	– अप्ठ्यारो, लाज
नव-आगन्तुक	– नयाँ पाहुना, नौलो मान्छे
अभिवादन	– स्वागत, नमस्कार
विशिष्ट	– विशेष, खास

ब्रान्डी	– एक खालको कडा रक्सी
आत्मीय	– स्नेही, आफू जस्तै प्यारो
विस्फारित लोचन	– ठूलठूला पारेर च्यातेका आँखा
उल्लसित	– खुशी, आनन्दित
पदाधिकारी	– पदको मालिक, ओहदावाला
महान्	– ठूलो
अभिलाषा	– इच्छा
अनुपम	– अत्यन्त राम्रो
परमादेश	– ठूलो आदेश, अन्तिम आदेश
आणविक	– अणुबाट बनेको
अस्त्र	– हतियार
विस्फोट गर्नु	– पड्काउनु, फुटाउनु
ब्रह्माण्ड	– अन्तरिक्ष, आकाश पारिको विशाल खाल्डो
विजय	– जीत
प्रीति भोज	– स्नेहको भतेर, बिदाइमा दिने भोज
विजयोत्सव	– जीतको रमाइलो

लेखकको चिनारी– विजय मल्लको जन्म १९८२ सालमा काठमाडौंमा भएको हो । उनका पिता ऋद्धिबहादुर मल्लले १९९१ सालमा 'शारदा' पत्रिका निकालेका थिए । त्यसै पत्रिकामा लेख्दै विजय मल्लले राम्रो नाउँ कमाए । उनी नयाँ नयाँ किसिमका कथाहरूका साथै राम्रा राम्रा कविता, उपन्यास र नाटक पनि लेख्छन् । उनी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका पहिले सदस्य र पछि उपकुलपति भएका थिए ।

यस कथामा लेखकले राम्रो र तीखो छेड हानेका छन् । विश्वमा शान्ति, मेलमिलाप, र मित्रता हुनुपर्छ र युद्धलाई हटाउनुपर्छ भन्ने इच्छा लेखकमा छ । यस्तो राम्रो इच्छा हुँदा हुँदै पनि संसारमा डरलाग्दा डरलाग्दा वैज्ञानिक हतियारहरू बनेको र को सबै भन्दा डरलाग्दा हतियारहरू बनाउन बढी सफल हुँदो रहेछ भन्ने होड चलेको देख्ता विजय मल्ल यस्तो छेड हान्न पुगेका छन् ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूको सर्सर्ती जवाफ दिनुहोस्–

(१) लेखकलाई भोजमा भेला भएका मानिसहरूका माझमा किन आफूलाई अत्यन्त होचो र सानो जस्तो अनुभव भयो ?

(२) भोजको निम्तो आफूसित नभए तापनि भोजमा सामेल हुन लेखकलाई किन संकोच भएन ?

(३) लेखकले मनुष्यहरूको अनुहार नदेखेको कति भइसकेको थियो ?

(४) भोज खान बोलाएको ठाउँ कस्तो थियो ?
(५) सुगन्धित फूलहरू भन्दा पनि आकर्षक को थियो ?
(६) त्यो कुन भोज थियो ?
(७) लेखकलाई चोर पक्रा परें भन्ने कति वेला पऱ्यो ?
(८) ठूलठूला राष्ट्रका नेताहरूले कस्ता परमादेश पठाउँदै थिए ?
(९) लेखकले रक्सीको गिलास किन उठाउन सकेनन् ?
(१०) भोजबाट लेखक कतातिर गए ?

(ख) लेखकलाई स्वागत गर्ने महिला त्यस भोजलाई मनुष्यको महान् विजयको विजयोत्सव भन्छे भने लेखक त्यसबाट एकदम तर्सेर भोकै भाग्छन् । किन ?

(ग) के आजको विश्वका ठूलठूला नेताहरू लेखकले त्यस भोजमा देखाए जस्तै खालका छन् ? आफ्नो विचार पोख्नुहोस् ।

(घ) लेखकले त्यस भोजमा किन विभिन्न जातिका मान्छेहरूलाई भेला पार्नुपरेछ ? के नेपालीहरूमात्रै भेला भएर त्यस्तो रमाइलो भोज गर्न सक्तैनन् ? व्याख्या गर्नुहोस् ।

व्याकरण

क्रियाका छोटकरी रूप- विशेष गरी बोलचालका रूपमा प्रयोग हुँदा तलका जस्ता क्रियाहरू छोट्याइन्छन्-

खानुभयो	- खानुभो
भन्नुभयो	- भन्नुभो
खानुहोस्	- खानोस्, खानुस्
जानुहोस्	- जानोस्, जानुस्
लिएर आयो	- लेराय्यो
खाइबक्सियो	- खाइस्स्यो
खाइबक्सियोस्	- खाइस्स्योस्
रहेछ	- रछ, रेछ, रैछ
भएको	- भको, भाको, भेको
भयो	- भो
भई	- भै

गरिदिनु	- गर्दिनु
भनिदिनु	- भन्दिनु
भनिठान्नु	- भन्ठान्नु

बोलचालमा तलका जस्ता छोटकरी रूपहरू पनि मनगे सुनिन्छन्-

उसले	- उल्ले
उसलाई	- उल्लाई
यसले	- यल्ले, एल्ले
यसलाई	- यल्लाई, एल्लाई
यहाँ	- याँ
यहीं	- यैं, यीं
यही	- यै
त्यसले	- त्यल्ले, तेल्ले
त्यसलाई	- त्यल्लाई, तेल्लाई
त्यहाँ	- त्याँ
त्यहीं	- त्यैं, तीं
त्यही	- त्यै
वहाँ	- वाँ
वहीं	- उइँ
वही	- उइ
कसले	- कल्ले
कसलाई	- कल्लाई
कहाँ	- काँ
कहीं	- कैं
जसले	- जल्ले
जसलाई	- जल्लाई
जहाँ	- जाँ
जहीं	- जैं
ले नै	- ल्यै
कहिले नै	- कहिल्यै, कैल्यै
अहिले	- ऐले
जहिले	- जैले
तहिले	- तैले

कहिले - कैले
दिदीज्यू - दीज्यू
फुपूज्यू - फुज्यू

कसै कसैका बोलीमा 'त्यो' को उच्चारण 'तो' पनि सुनिन्छ ।

(ङ) तलका वाक्यहरूमा कर्ता खुट्याउनुहोस्-

[ध्यान दिनुपर्ने कुरा :

अ. १. प्रत्येक वाक्यमा एउटा कर्ता हुनैपर्छ ।

२. प्रत्येक वाक्यमा एउटा मुख्यक्रियाको समापक रूप हुनैपर्छ ।

३. समापक क्रिया र कर्ताको **संगति** (अर्थात् कर्ता र समापक क्रियाका लिङ्ग, वचन, पुरुष र कालको मेल) हुनैपर्छ ।

४. उदाहरणका लागि तलको 'मलाई अत्यन्त भोक लागेको छ' भन्ने वाक्यमा व्याकरणका नियम अनुसार 'भोक' कर्ता हो किनभने त्यसको **संगति** 'लागेको छ' भन्ने समापक क्रियासित छ ।

आ. यसरी व्याकरणका हेराइले खुटिने **कर्ता** 'व्याकरणले मान्नुपर्ने कर्ता' हो, तर अर्थका हेराइले भने 'भोक लाग्नु' भन्ने कुराको चोट 'मलाई' परेको छ र 'म' भित्री कर्ता हो । यस्तो उदासीन कर्तालाई भाषाविज्ञानमा 'अभिकर्ता' भन्ने चलन छ । तर यहाँ यस्तो रौंचिरा भाषा वैज्ञानिक तर्कमा पस्नु हाम्रा निम्ति अहिले आवश्यक छैन ।]

(१) मलाई अत्यन्त भोक लागेको छ ।
(२) मबाट चोरीको काम कुनै अवस्थामा पनि हुन सक्तैन ।
(३) मलाई हजुरको औधि नै माया लाग्छ ।
(४) मसित पैसा नभएको होइन ।
(५) मेरो प्रशस्त जमीन पनि छ ।
(६) मबाट भात खाइएन ।
(७) मर्नु नै बेस हो ।
(८) तिमीले खसीको मासु खानु हुन्छ ।
(९) मलाई आज स्याङ्जा जानुपर्छ ।
(१०) मबाट पुस्तकहरू सम्पूर्ण पढिए ।

(च) तलका शब्दहरूबाट समास गरेर शब्द बनाई वाक्यमा प्रयोग गर्नुहोस्-

बाघको जस्तो जुँगा भएको
बाउन्न कोठाहरू भएको
आमालाई पिर्ने
मासुको आहार रुचाउने
राजाको कर्मचारी

३३. जीउँदो मान्छे

एक दिन नरकका राजा यमराज मरेका मान्छेहरूसित व्यवहार गर्दा-गर्दा वाक्क भएछन् । उनलाई जीउँदा मान्छेहरू के गर्दा रहेछन् भनेर हेर्नें जङ चलेछ।त्यसै हुनाले मरेका मान्छेहरूका धर्म र पापको ठीक-ठीक हिसाब गरेर दिनुपर्ने न्यायको फैसला आफ्ना विश्वासी कर्मचारी चण्ड, अचण्ड र प्रचण्डका जिम्मामा केही समयका लागि छाडेर उनी मर्त्यलोकतिर उक्लेछन् ।

लहलह झुलिरहेका धानका फाँटहरू हावामा नाचिरहेका कलिला मकैका टार बारीहरू र तिनमा आनन्दको माथिल्लो टुङ्गामा पुगेर चिर्बिर चिर्बिर गाइरहेका रङ्गीबिरङ्गी चराहरू देख्दा यमराज साह्रै मख्ख परेछन् । मुर्दाहरूलाई मनपरी हकारेर र तिनलाई अनेक यातना दिएर ढुङ्गा जस्तै कठोर भइसकेका यमराज यस्तो रमाइलो संसार देख्दा थुक घुटघुट निल्दै जता गोडाले लग्यो उतै भौंतारिएछन् । नौरङ्गी पुतलीको पछि दुगुर्ने बालकजस्तै यसरी बरालिंदै जाँदा उनले एउटा पहाड जत्रो हात्ती लमकलमक आफूतिर लम्कँदै आइरहेको देखेछन् । तर त्यो हात्ती छेउमा आइपुग्दा भने उनी ट्वाल्ल परेछन् । एउटा सस्यानो सुइखुट्टे जीउँदो मान्छे त्यस बडेमानको हात्तीको घिन्नामा चढेर चपक्क खुट्टा टाँसी बसेको रहेछ । त्यस च्याक्से मान्छेले जता लग्यो त्यो विशाल जनावर त्यतै जाँदो रहेछ ।

यस्तो पत्याउनै नसकिने दृश्य देखेपछि यमराजले हात्तीको कानैको छेउमा गएर सोधेछन्, "तिमी यत्रो ठूलो जीउ भएका जनावर छौ । किन त्यस जावो फिस्टे मान्छेले जता हाँक्छ उतै हाँकिन्छौ ? फुत्त फालिंदेऊ न त्यस मरन्च्याँसेलाई !"

हात्तीले आफ्नो लामो सुँड यसो बाङ्गो पारेर यमराजले मात्र सुन्नेगरी सुटुक्क भनेछ, "महाराज यमराज, तपाईं आजसम्म जीउँदो मान्छेको फेला पर्नुभएको रहेनछ । मरेका मान्छेहरूलाई जथाभावी लछारपछार गरे जस्तो ठान्नुभएको होला, जीउँदो मान्छे त ज्यादै ज्याद्रो पो हुन्छ त । त्यसलाई नजिस्क्याउनुहोला- तपाईंलाई सिध्याउला !"

हात्तीको यस्तो डरछेरुवा भनाइलाई यमराजले एक कानले सुनेर अर्को कानले उडाइदिएछन् ।

मर्त्यलोकको सौन्दर्यमा आफूलाई डुबाएर रमाइलो मान्दै जाँदा उनी एउटा वनमा पुगेछन् । त्यहाँ बन्चराको आवाज एकोहोरो धन्किरहेको सुन्दा के रहेछ भनी उनी त्यतै लागेछन् । त्यहाँ एउटा आकाशै छेडुँला जस्तो अग्लो न अग्लो रूखको मोटो न मोटो फेदलाई एउटा जीउँदो मान्छे लगातार

बन्चराले हिर्काएर छिनाल्दै रहेछ । यमराज त्यहाँ पुग्नु पनि त्यो रूख कऱ्याक्ऱ्याक गर्दै डरलाग्दो स्वरमा वनै थर्काएर सस्याना रूखहरूलाई मऱ्याकमुरुक पार्दै गड्याम्म ढल्यो र एउटा हाँगो यमराजको पिंडालुलाई पनि निकै दर्फराउन पुग्यो । जीउँदो मान्छे साँच्चै नै पत्याई नसक्नुको हुँदो रहेछ भन्ठान्दै र आफ्ना पिंडुला सुम्सुम्याउँदै यमराज नरकतिर चाँच्चाँडो झरेछन् ।

नरक पुगेपछि उनले चण्ड, अडण्ड र प्रण्डलाई बोलाएर आज्ञा गरेछन्, "ए केटा हो ! मर्त्यलोक गएर एउटा जीउँदो मान्छेलाई समातेर झट्ट यहाँ मेरा अगाडि दाखिल गर !"

चण्ड, अचण्ड र प्रचण्डले उनका मालिकबाट यस्तो आज्ञा कहिल्यै पाएका थिएनन् । उनीहरू तीन छक पर्दै एक अर्काका मुखमा हेर्न थालेछन् । नखाऊँ त दिनभरिको शिकार खाऊँ त कान्छा बाबुको अनुहार भने जस्तो भएछ । आज्ञा पालन गरून् त सृष्टिको त्यस्तो नियमविरुद्ध मानिसलाई जीउँदै नरक ल्याउने काम कसरी गरून् र नगरून त महाराज यमराजबाट स्पष्ट शब्दमा जीउँदो मान्छेलाई नै ल्याउनू भन्ने आज्ञा भएकै हो ।

बिजुली चम्केको गतिमा आफ्नो हुकुम तामेल गर्न सधैं तयार रहने आफ्ना कर्मचारीहरूलाई यसरी पहिलो चोटि अलमल्ल परेको देखेर यमराजले फेरि भनेछन्, "तिमीहरूले सुनेनौ केटा हो ? तुरुन्तै मर्त्यलोकतिर जाओ र जोसुकै भए पनि एउटा जीउँदो मान्छेलाई मुन्ट्याएर यहाँ हाजिर गर ।"

"जो आज्ञा, महाराज !" भन्दै तीनै जना यमदूतहरू मर्त्यलोकतर्फ उकालो लागेछन् ।

पृथ्वीतल माथि आइपुगेपछि चण्ड, अचण्ड र प्रचण्डलाई फसाँद परेछ । कुन मान्छेलाई लाने भनी तिनले कुनै निर्क्योल निकाल्न सकेनछन् । हुन पनि मरेका मान्छेहरूलाई गएर घिसार्दै नरकतिर ओह्रालो झार्ने बानी परेका ती यमदूतहरूलाई जीउँदो मान्छे कसरी लाने हो कुनै ज्ञान पनि थिएन । जीउँदो मान्छेले जात्र भनेर अड्डी कस्यो भने के गर्ने ?

उपयुक्त जीउँदो मान्छे खोज्दा खोज्दै झमक्क रात पऱ्यो । यस्तैमा तिनले एउटा दोहोरो जीउको जुँगामुठे मान्छेलाई आफ्नो कोठामा मस्त निधाइरहेको भेटे । बिउँझो अवस्थामा जीउँदो मान्छेलाई नरकतर्फ लान गाह्रो भए पनि निधाएको मौकामा लान पाएमा भने सजिलो होला भन्ठानी तिनले त्यसैलाई गमर्क्याउने सूर कसे ।

तर चण्डले भन्यो, "उचाल्दा उचाल्दै बिउँझ्यो भने के गर्ने नि ?"

अचण्डले उपाय निकाल्यो, "यसको खाटै उचालेर लैजाऔं न, भइहाल्छ नि !"

चण्डले शंका झिक्यो, "खाटमा झ्याइँकुटी पार्दापार्दै त्यसका आँखा उघ्रे भने बित्याँस पर्दैन ?"

प्रचण्डले समस्याको समाधान गऱ्यो, "यसको कोठै उप्काएर लग्यौं भने साँप पनि मर्छ र लट्ठी पनि भाँचिदैन, कसो ?"

तीनै जनाको राय मिल्यो । तिनले त्यस मान्छेको कोठै जुरुक्क उचालेर नरकमा पुऱ्याई आफ्ना मालिक यमराजका अगाडि थुपुक्क राखिदिए ।

चण्ड, अचण्ड र प्रचण्डको बुद्धिमानी देखेर यमराज औधि प्रसन्न भए । उनले तिनलाई धाप दिंदै भने, "श्याबास केटा हो ! तिमीहरूले यसलाई निधाएको बेलैमा फेला पारेर ल्याएछौ । अब बिउँझेपछि यसले के गर्दो रहेछ, हेर्नुपर्छ बुझ्यौ ?"

यति भनेपछि यमराज आफ्ना कर्मचारीहरू लिएर त्यस मान्छेका कोठाको ढोका अगाडि जीउँदो मान्छे कति बेला बिउँझिन्छ र त्यसको चर्तिकला हेर्न पाइएला भनी उत्सुकतासाथ कुरेर बसेछन् ।

कोठाभित्र सुतेको मान्छेलाई भने आफू जीउँदै नर्क पुगेको पत्तोफाँट थिएन । ऊ ता आफ्नै न्यानो ओछ्यानमा निधाइरहेको थियो । तर नर्कमा कष्ट भोगिरहेका पापीहरूका हृदय हल्लाउने चित्कारले उसको निद्रा खुल्यो । आँखा उघार्दा उसले झ्यालका कापकापबाट हुर्रुहुर्रु आगो दन्केको देख्यो ।

चार पाँच जना मान्छे अटाउने कराईमा भकभक उम्लिरहेको तेललाई तलतिरबाट बलेका आगाका लप्काहरूले भेट्दा ज्वालाहरू आकाशतिर उफ्रन्थे । पापीहरू तेलमा पाक्दै थिए र चिच्याउँदै पनि थिए । तर त्यस मान्छेलाई यो कुरो थाहा थिएन । हो न हो, उसकै अगेनामा ठूलठूलो आगो दन्काएर यमबहादुर भन्ने नोकर यति रातिसम्म दाउरा खर्च गरिरहेको रहेछ भन्ने उसलाई पऱ्यो । उसले ठूलठूलो स्वर पारेर ओछ्यानैबाट हकाऱ्यो, "यो यमे त साह्रै मात्तिएछ ए, यतिका बेरसम्म त्यत्रो ठूलो आगो बालेर दाउरा भुसुक्कै सिध्याइस् होइन, तँलाई पांता फर्काएर कोर्रा नलगाई अब म कहाँ छोड्छु र !"

यमे भनेर त्यस मान्छेले सम्बोधन गरेको आफैंलाई हो भन्ठान्दै लौ, जीउँदो मान्छे त मापाको पो हुँदोरहेछ भन्ने भावनाले यमराज पीपलको पात कामे झैं काम्न थाले ।

भित्रबाट जुँगेले उखर्माउलो मच्चाउन छोडेन , "खोइ जवाफ दिएको हँ ? यमे, ए यमे ! चाख्लास्, भतुवा, तेरा गाला चड्काइदिउँ कि निभाउँछस् आगो ?"

यमराजलाई आजसम्म त्यसरी कसैले पनि हकार्ने आँट गरेको थिएन । जीउँदो मान्छेले त्यसरी मच्ची मच्ची आफूलाई गाली गरेको सुनेर उनको सातोपुल्लो गयो ।

जुँगेले चाहिं झन् झन् उच्च स्वरमा उसको छोरालाई बोलायो, " ए प्रचण्ड, कता गई हँ तेरी आमा ? के भयो हँ तिमीहरू सबलाई आज ? केको हल्ला गरिरहेका ? एक निद्रा राम्ररी सुत्न पनि पाइनँ । यमे, ए यमे !"

कोठा भित्रैबाट यमराज र उनका दूत प्रचण्ड समेतलाई त्यसरी सम्बोधन गर्न सक्ने त्यस मान्छेको शक्ति देखेर नरकका सम्पूर्ण कर्मचारीहरू आफ्ना सारा काम छाडेर त्यस कोठाको ढोका अगाडि बटुलिएछन् ।

कसैले जवाफ नदिएकाले रिसले आगो हुँदै त्यस मान्छेले फड्लङ्ग आफ्नो ढोका खोलेछ । मेरी बास्सै ! ऊ ता आफ्नो घरमा कहाँ रहेछ र ! घिनलाग्दो र कहालीलाग्दो नरकलोकमा पो ऊ पुगेको रहेछ ।

उसका अगाडि डरलाग्दा यमराज आफ्ना सारा पछौटेहरू सहित उभिएका रहेछन् । तर त्यस मान्छेले यमराज बिलखबन्दमा परेका रहेछन् र उनका सबै दूतहरू र नोकरहरू अन्योलमा रन्थनिएका रहेछन् भन्ने लख तुरुन्तै काटिहाल्यो । त्यसैले बनावटी शान देखाउँदै अघिदेखि सबै कुरा थाहा पाएको स्वाङ पारेर उसले यमराजलाई लक्ष्य गरेर भन्यो, "तिमी रिठ्टो नबिराई नियाँ निसाफ गर्ने देवता हौ भनेर मैले सुनेको थिएँ । मिति पुगेपछि मात्रै मान्छेलाई टपक्क टिपेर यतातिर झार्थ्यौ र सजाय दिनुपर्ने सुहाउँदो किसिमले दिन्थ्यौ भन्ने मलाई लागेको थियो । तर तिमी त सृष्टिको नियम समेत खल्बल्याउन खोज्ने चकचके र उरन्ठेउला ठिटा जस्तै डुकुलट्ठक पो रहेछौ । मेरो कालै नआइपुगी किन मलाई तिमीले यहाँ ल्याउन अह्रायौ हँ ? तिम्रा पिंडुलाका मासु आज म झारेरै मात्र तिमीलाई छाड्नेछु ।"

यमराजको बक बल्ल फुट्यो, "बिराएँ ।"

"बिराएँ भन्दैमा मनपरी गर्नेलाई त्यसै छाड्न मिल्दैन, बुझ्यौ यमराज ! तिमीलाई निसाफ कसरी गर्ने भन्ने ख्यालै रहेनछ । म सिकाइदिन्छु ।" यति भनेर त्यो जीउँदो मान्छे कुदेर यमराजको राजसिंहासननिर पुगेछ र त्यहाँ बसेछ ।

ऊ नरकलोकको राजसिंहासनमा बस्ने बित्तिकै उसका अगाडि यमराज लगायत सम्पूर्ण कर्मचारीहरू आएर चूपचाप झुकेर उभिएछन् ।

उसले सोधेछ, "कुन-कुन दूतले मर्त्यलोक गएर मलाई जीउँदै यहाँ ल्याएका हुन् ? तिनलाई यहाँ मेरा हजुरमा पेश गर ।"

यमराजले अघि सरेर भनेछन्, "तपाईंलाई तपाईंको कोठा सहित उचालेर यहाँ ल्याइपुऱ्याउने दूतहरू चण्ड, अचण्ड र प्रचण्ड हुन् तापनि तिनले आफैं त्यसो गरेका होइनन् । मैले नै उनीहरूलाई अह्राएको थिएँ ।"

त्यस मान्छेले गर्जन गर्दै प्रचण्डलाई अह्राएछ, "प्रचण्ड ! पचास कोर्रा यस यमराजका डँडाल्नामा बर्सा । विधिको विधानलाई नटेर्ने यस्ता पाजीलाई सजाय दिनैपर्छ ।"

प्रचण्डले यमराजलाई त्यस मान्छेका आज्ञामुताबिक पचास कोर्रा हिर्काएछ ।

त्यसपछि त्यस मान्छेले आफू पाल्कीमा बसी चण्ड, अचण्ड, प्रचण्ड र यमराजलाई बोकाएर मर्त्यलोकमा फर्काएर लाने आज्ञा दिएछ । ठसठस कन्दै यमराज आफ्ना दूतहरूसित त्यस जीउँदो मान्छेलाई बोकी उसको घर छेउमा पुग्दा अघिको हात्ती पीपलका पात खान सूँढले हाँगाहरू भाँच्दै रहेछ । हात्तीले यमराजलाई असीनपसीन भएको देखेर भनेछ, "देख्नुभयो त. महाराज यमराज, जीउँदो मानिस कस्तो हुँदो रहेछ !"

यमराज त्यति बेला पो झसङ्ग भएछन् र त्यस मान्छेलाई त्यहीं छाडेर आफ्ना दूतहरू लिई नरकलोकतिर अलप भएछन् ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

जङ्ग चल्नु	- रिस उठ्नु, एक्कासि मनमा लाग्नु
यातना	- कष्ट, सजाय
भौंतारिनु	- विना कुनै लक्ष्य हिंड्नु, बरालिनु
लस्कनु	- हात्ती जस्तै मस्त चालले लमकलमक हिंड्नु
ट्वाल्ल पर्नु	- तीन छक पर्नु, अचम्म मान्नु

सुइखुट्टे	- साना र पातला खुट्टा भएको
च्याक्से	- सिकुटे, दुब्लो, च्याँसे
जाबो	- नाथे, मामुली
फिस्टे	- फिस्टो भन्ने चरा जस्तो, असाध्यै सानो
हाँक्नु	- धपाउनु, जोलु
मरन्च्याँसे	- अहिल्यै मर्ला जस्तो, औधि दुब्लो
ज्याद्रो	- भित्री किसिमले बलियो, हठी
दाखिल गर्नु	- हाजिर गराउनु
मुन्ट्याउनु	- घोक्न्याउनु .जबर्जस्ती ठेलेर हिंडाउनु
पृथ्वीतल	- पृथ्वीको सतह
अड्डी कस्नु	- जिद्दी गर्नु
दोहोरो जीउको	- डम्म परेको, मोटोघाटो
जुँगामुठे	- झ्याप्प जुँगा भएको
बिउँझो	- बिउँझेको, जागा
गमर्क्याउनु	- च्याप्प समालु, पक्रनु
सूर कस्नु	- विचार गर्नु
झ्याइँकुटी पार्नु	- हल्लाउँदै लानु, पीङ खेलाए जस्तो हल्लाउनु
उघ्रनु	- खोलिनु
बित्याँस पर्नु	- आपद ओइरनु, अप्ठ्यारो हुनु
चर्तिकला	- राइँदाइँ, फुर्ती
चित्कार	- दुःखको आवाज
पाता फर्काउनु	- दुवै पाखुरालाई पछाडिपट्टि बाँध्नु
सम्बोधन गर्नु	- बोलाउनु
मापाको	- छोई नसक्नु, अटेरी, डरलाग्दो
भतुवा	- भात खाएर बलियो भएको, अर्काको भरमा खान पल्केको
बिलखबन्द	- छक्क, अचम्म, अन्योल
लख काट्नु	- अड्कल गर्नु, अन्दाज लगाउनु
रिट्ठो नबिराई	- साह्रै राम्ररी, एउटा बुँदा पनि नछाडी
नियाँ निसाफ	- न्यायको फैसला
डुकुलट्ठक	- मूर्ख
बक	- बोली
राजसिंहासन	- राजाको आसन
लगायतै	- समेत
मेरा हजुरमा	- मेरा अगाडि, मेरा समक्षमा

पेश गर्नु	– हाजिर गराउनु, ल्याउनु
विधि	– दैव, भगवान्
विधान	– दैवको नियम
असीनपसीन हुनु	– थाकेर पसीनै पसीना हुनु
अलप हुनु	– बिलाउनु, नदेखिने हुनु

प्रश्नहरू

(क) यस लोककथामा लेखिएका आधारलाई पटकै नछाडी तलका खाली ठाउँमा उपयुक्त उत्तर छान्नेर प्रयोग गर्नुहोस् :

(१) त्यस .... **(च्यावसे, चलाक, धूर्त)** मान्छेले जता लग्यो त्यो विशाल जनावर त्यतै जाँदो रहेछ ।

(२) जीउँदो मान्छे त ज्यादै .... **(ज्याद्रो, एकोहोरो, डरछेरुवा)** पो हुन्छ त ।

(३) जीउँदो मान्छेले जात्रँ भनेर .... **(विरोध गऱ्यो, अड्डी कस्यो, रोयो)** भने के गर्ने ?

(४) .... **(बिउँझो, सुतेको, निधाएको)** अवस्थामा जीउँदो मान्छेलाई नरकतर्फ लान गाह्रो हुन्छ ।

(५) कोठाभित्र सुतेका मान्छेलाई भने आफू .... **(मरेर, सोझै, जीउँदै)** नर्क पुगेको पत्तोफाँट थिएन ।

(६) पापीहरू .... **(नर्कमा, पानीमा, तेलमा)** पाक्दै थिए र चिच्याउँदै पनि थिए ।

(७) यमराजलाई आजसम्म त्यसरी कसैले पनि .... **(हकार्ने, बोलाउने, बोकाउने)** आँट गरेको थिएन ।

(८) बिराएँ भन्दैमा .... **(मनपरी, अन्याय, पाप)** गर्नेलाई त्यसै छाड्न मिल्दैन । बुझ्यौ यमराज !

(९) विधिको .... **(कानून, विधान, आज्ञा)** नटेर्ने यस्ता पाजीलाई सजाय दिनै पर्छ ।

(१०) हात्तीले यमराजलाई .... **(असीनपसीन भएको, ठसठस कनेको, चुँइक्क नबोलेको)** देखेर भनेछ, "देख्नुभयो त महाराज यमराज, जीउँदो मानिस कस्तो हुँदो रहेछ !"

(ख) एक एक वाक्यमा उत्तर लेख्नुहोस् :

(१) एक दिन नरकका राजा के गर्दा गर्दा वाक्क भएछन् ?

(२) यमराजलाई केको जङ चलेछ ?

(३) यमराज के देखेर मक्ख परेछन् ?

(४) यमराज के देखेर ट्वाल्ल परेछन् ?

(५) यमराजले आफ्ना विश्वासी कर्मचारीहरूलाई केको आज्ञा दिएछन् ?

(६) यमराजका कर्मचारीलाई के बानी परेको थियो ?
(७) के कुरामा तीनै जना यमदूतहरूको राय मिल्यो ?
(८) जुँगामुठेको निद्रा केले खुल्यो ?
(९) जुँगामुठे उसको नोकर यमबहादुरसित किन रिसायो ?
(१०) यमराजलाई न्याय गर्न सिकाउनुपर्‍यो भनेर भनेपछि जुँगामुठेले गरेको पहिलो कुरा के हो ?

(ग) यमराजले पृथ्वीमा घुम्दा कस्तो अनुभव गरे ? त्यस विषयमा आफ्ना दस वाक्यहरू लेख्नुहोस् ।

(घ) जीउँदो मान्छेले यमराजलाई कस्तो शिक्षा दियो ? हात्तीको भनाइ कतिसम्म पुग्यो ? छलफल गर्नुहोस् ।

व्याकरण

(ङ) यस पाठमा परेका यी चल्तीका **वाक्यद्धति**लाई अर्थ खुल्ने गरी आफ्ना वाक्यहरूमा लगाउनुहोस् :
पिंडुलाको मासु झार्नु, अड्डी कस्नु, झ्याइँकुटी पार्नु, बित्याँस पर्नु, तीन छक्क पर्नु, ट्वाल्ल पर्नु, जङ चल्नु, मक्ख पर्नु, थुक घुटघुट निल्नु, एक कानले सुनेर अर्को कानले उड़ाउनु, रिसले आगो हुनु, सातोपुल्लो जानु, पीपलको पात कामे झैं काम्नु, रिट्ठो नबिराई, बिलखबन्दमा पर्नु, लख काट्नु, मिति पुग्नु, असीनपसीन हुनु ।

(च) यस लोककथामा लगाइएका तलका दुई उखानहरूका अर्थ लेख्नुहोस् र तिनलाई आफ्नै वाक्यहरूमा प्रयोग गरेर देखाउनुहोस् :
(१) नखाऊँ त दिनभरिको शिकार, खाऊँ त कान्छा बाबुको अनुहार ।
(२) साप पनि मर्छ र लट्ठी पनि भाँचिदैन ।

वाक्य संश्लेषणः- असमापक क्रियाले वाक्य जोड्ने संयोजकको जस्तो काम गर्छन्, तर ती आफैं क्रिया भएकाले तिनले क्रियाको अर्थ पनि दिन्छन् । जतिसुकै **असमापक** क्रियाहरू भए पनि एउटा मात्र **समापक** क्रिया भएको वाक्य **सरल वाक्य** नै हो । दुईभन्दा **बढी सरल वाक्य**हरूलाई पनि मुख्य क्रियालाई **असमापक** पारेर एउटै **सरल वाक्य** बनाउन सकिन्छ । जस्तै,

दिइएका सरल वाक्यहरू :
(१) रामबहादुर बिहानै **उठ्छ** ।
(२) रामबहादुर हातमुख **धुन्छ** ।
(३) रामबहादुरलाई चिया खाने इच्छा **हुन्छ** ।
(४) रामबहादुर चिया **पकाउँछ** ।
(५) रामबहादुर चिया **खान्छ** ।
(६) रामबहादुर सफा लुगा **फेर्छ** ।
(७) रामबहादुर बाहिर **निस्कन्छ** ।
(८) रामबहादुर फटाफट स्कूल **जान्छ** ।

संश्लेषण गरिएको **सरल वाक्य**- रामबहादुर बिहानै उठेर हातमुख **धोई** चिया खाने इच्छा **भएका**ले चिया **पकाई खाएर** सफा लुगा **फेरी** बाहिर **निस्केर** फटाफट स्कूल **जान्छ** ।

माथिका आठ वटा **सरल वाक्य**लाई संश्लेषण गरेर **संयुक्त वाक्य** बनाउँदा यस्तो हुन सक्छ : रामबहादुर बिहानै **उठ्छ**, हातमुख **धुन्छ**, चिया खाने इच्छा भएकाले चिया **पकाउँछ**, **खान्छ**, सफा लुगा **फेर्छ**, बाहिर **निस्कन्छ** र फटाफट स्कूल **जान्छ** । (यस संयुक्त वाक्यमा सात वटा **समापक** क्रिया छन् र यी सातै वटा क्रियाको कर्ता **रामबहादुर** हो र यी सातै वटा स्वतन्त्र वाक्य हुन सक्छन् ।)

मिश्र वाक्यलाई **सरल वाक्य** बनाउँदा पनि पराधीन वाक्यका मुख्य क्रिया अर्थात् **समापक** क्रियालाई **असमापक** बनाउनुपर्छ । जस्तै,

मिश्र वाक्य- जहाँ राम **जान्छन्**, सीता वहीं जान्छिन् ।

सरल वाक्य- राम **जाने** ठाउँमा सीता जान्छिन् ।

विश्लेषण- वाक्यको **संश्लेषण** गर्नुपर्दा दुई वा बढी वाक्यहरूलाई जोल्ट्याएर एक बनाइन्छ भने **विश्लेषण** गर्दा एउटा वाक्यलाई फोरेर दुई वा बढी स्वतन्त्र वाक्यहरू बनाइन्छ ।

(छ) तलका वाक्यहरूको संश्लेषण गरेर सरल वाक्य बनाउनुहोस् :

(१) जब म भारत जान्छु म ताजमहल हेर्छु ।

(२) जति बेला म रक्सी खाउँला तिमीलाई भनूँला ।

(३) जति बेला श्यामले मन लगाएर काम गरे उनले ठूलठूलो इनाम पाए ।

(४) जुन ठाउँमा तिमी घुम्न गएका थियौ म त्यस ठाउँमा घर बनाउँदैछु ।

(५) जहाँ सूर्य पुग्दैनन्, त्यहाँ कविहरू पुग्छन् ।

(६) म नुहाउँछु, दाह्री काट्छु र लुगा फेर्छु ।

(७) म अमेरिका जान्छु र धेरै पढ्छु ।

(८) म मन लगाएर पढ्छु किनभने मलाई ठूलो मान्छे हुनु छ ।

(९) तपाईं जति सिक्नुहुन्छ उति नै जान्नुहुन्छ ।

(१०) जसरी यस देशले वीर पुत्रहरू जन्मायो उसरी नै यसले विद्वान्हरू पनि जन्माउनेछ ।

(ज) तलका वाक्यहरूको विश्लेषण गरेर छोटा सरल वाक्यहरू बनाउनुहोस् :

(१) जसलाई माछा खाने इच्छा छ उसले जलेश्वर जानुपर्छ, किनभने त्यहाँ प्रशस्त राम्रा माछाहरू पाइन्छन् भन्ने भनाइ छ ।

(२) हिमाल चढ्ने इच्छा भएकाले दुई जना शेर्पाहरूलाई लिएर टन्न सामान लदाइएका भरियाहरू बन्दोबस्त गरी डेभिड हार्टम्यान सोलुखुम्बुतिर लागे भनी 'गोरखापत्रमा' छापिएको छ ।

(३) मलाई मारे काटे पनि म अब त्यस कार्यालयमा पाइलो हाल्दिन भनेर फत्फताउँदै नरबहादुर श्रेष्ठ त्यस भोजनालयबाट हिंडे जहाँ उनी भोक लागेकाले पेट फुटुन्जेल खान्छु भनी पसेका थिए ।

३४. वैशाख

डाँडाकाँडा चहुर हरिया देखिए पालुवाले
बोकी ल्यायो बकुल वनको वास मीठो हवाले
डाकी मौरी मधुर रसमा लेक पाक्यो गुहेंली
गोठालाले वनवन डुली हाल्न थाल्यो सुसेली

लाऊँ कानैतिर भनि टिपिन् गुर्सिनीले गुराँस
नेवार्नीले मधुसुमनले जेल्दिइन् केशपाश
भोटेनीले मगमग बुकीफूल बाँधिन् तुनामा
क्वैली बोल्यो वनवन नयाँ प्रीतिको सम्झनामा

आए पाखा वन चहुरमा फूल लाखौं पलाई
को भन्देला सकल यिनको नाम मीठो मलाई
मेरै धौलागिरि शिखरमा छैनँ मैले पुगेको
नेपालीको दिल छुन अझै छैन मैले सकेको

मीठो वास्ना मधुपवनमा आज आइरहेछ
यौटा थुङ्गा वनतिर कतै मुस्कुराईरहेछ
कोहो कोहो भनी वनवनै क्वैलि गाईरहेछ
नौलो मान्छे कुसुमपथमा हेरि आईरहेछ

चौतारीमा वरपिपलको बोट नौलो लगाऊँ
छाहारीको तलतिर बसी गीत यौटा म गाऊँ-
आई कैल्यै पनि नसकिने चैतवैशाख मेरा
लाई कैल्यै पनि नसकिने प्रीति नौलाख मेरा

वैली जान्छन् कुसुमहरू यी जेठको घाम ओढी
क्वैली जान्छे कुन विरहमा माइती देश छोडी
हाँसी खेली दुइदिन, कहाँ जान्छ यो जिन्दगानी
को लैजाला अमर पुरमा फूलको यो जवानी

बोक्रा फेरीकन समयले घाउ सारा पुरिन्छन्
मौरी आई मधुपवनमा सुन्तलामा धुरिन्छन्
कस्तूरीले गिरिवन घुमी खोज्छ आफ्नै सुगन्ध
हुन्नन् कैल्यै कुसुम वनमा प्रीतिका गीत बन्द

(माधवप्रसाद घिमिरे)

अभ्यास

अप्ठ्यारा शब्दहरू

डाँडाकाँडा	– पहाडपर्वत, डाँडैडाँडाहरू
चहुर	– चौर, चउर, दूबो वा घाँस उम्रेको मैदान
पालुवा	– मुना, रूखमा पलाएका नयाँ पात
बकुल	– मौलसिरी, साना साना पात हुने हावामा उड्ने सेतो सेतो नीलो नीलो सुगन्धी फूल
मधुर रस	– मीठो वा गुलियो रस, स्वादिलो रस
लेक पाक्यो	– लेकमा पाक्यो
गुहेंली	– एक प्रकारको सस्यानो मीठो वनफल
सुसेली हाल्नु	– सुसेल्नु, गीतको लय निकाल्नु, गाउनु
कानैतिर	– कानमा (कोमलतादेखाउन नै 'कानैतिर' प्रयोग भएको हो)
गुर्सिनी	– गुरुङसेनी, गुरुङकी पत्नी, गुरुङ जातिकी महिला
मधुसुमन	– चैतवैशाखको सुमन, वसन्त ऋतुको फूल, मह जस्तै मीठो फूल (नेवारी भाषामा प्रयोग हुने 'मूस्वाँ' नामक फूलको झझल्को दिन नै 'मधुसुमन' रोजिएको हो)
जेल्दिइन्	– बाँधेर सजाइन्, बेरेर चिटिक्क पारिन् ('जेलिदिइन्' को छोटकरी रूप)
केशपाश	– चुल्ठो, कपालको बिटो
बुकीफूल	– हिमाली पाखामा पाइने सेतो नरम फूल
शिखर	– चुली, चुचुरो, धुरो, पर्वतको टुप्पो, टाकुरो
मधुपवन	– चैतवैशाखको पवन, वसन्तको हावा
कुसुमपथ	– फूलैफूलले ढाकेको बाटो
दुइदिन	– थोरै दिन, दुई चार दिन

अमर पुर	– स्वर्ग
फूलको यो जवानी	– फूल जस्तै छोटो तन्नेरी काल, फूल जस्तै चाँडै ओइलाएर र बितेर जाने यौवन
सुन्तला	– सुन्तलाको फूल
सुगन्ध	– मीठो बास्ना, राम्रो गन्ध
कुसुमवन	– फूलबारी, फूलैफूलको वन

नेपाली भाषामा विशेष गरी संस्कृतका वार्णिक छन्दको प्रयोग गर्दा वर्ण वा अक्षरहरू गन्नुपर्ने, ह्रस्वलाई दीर्घ वा दीर्घलाई ह्रस्व बनाउनुपर्ने र शब्दलाई छोट्याउनु वा बढाउनुपर्ने हुन्छ। त्यसो नगर्दा छन्द वा लय मिल्दैन । यस कवितामा पनि छन्दकै कारणले तलका शब्दहरूका हिज्जेमा केही फरक परेको छ :

कवितामा भएको हिज्जे	**गद्यमा हुने शुद्ध रूप**
हवाले	– हावाले
भनि	– भनी
गुर्सिनी	– 'गुरुङ्सेनी' को छोटो रूप
क्वैली	– 'कोइली' को छोटो रूप
चहुर	– चौर, चउर
थुङ्गा	– थुँगा
आईरहेछ	– आइरहेछ
मुस्कुराईरहेछ	– मुस्कुराइरहेछ (वास्तवमा 'मुस्कुराउनु' हिन्दी 'मुस्कुराना' को प्रभाव हो । नेपाली शुद्ध रूप 'मुस्काउनु' हो ।)
गाईरहेछ	– गाइरहेछ
यौटा	– 'एउटा' को छोटो रूप
कैल्यै	– 'कहिल्यै' को छोटो रूप
वैली	– 'ओइली' को छोटो रूप
दुइदिन	– दुई दिन
हुन्नन्	– 'हुँदैनन्' को छोटो रूप

कविको चिनारी– कविवर माधवप्रसाद घिमिरेको जन्म १९७६ सालमा लमजुङ जिल्लाको पुस्तुन भन्ने गाउँमा भएको हो । उनकी प्रथम पत्नीको मृत्युपछि २००४ सालमा रचिएको 'गौरी' नामक शोककाव्य उनको अत्यन्त जनप्रिय कविता हो । उनका अरू कृतिहरूमा 'राजेश्वरी' भन्ने ऐतिहासिक खण्डकाव्य, 'पापिनी आमा' भन्ने वेदनात्मक कविता, 'राष्ट्रनिर्माता' भन्ने खण्डकाव्य, 'किन्नरकिन्नरी' नामक

गीतिकविताको संग्रह, 'घामपानी' नामक बालकविताको संग्रह, 'बालालहरी', 'शकुन्तला' भन्ने पद्यात्मक नाटिका र 'मालतीमङ्गले' शीर्षक पद्यात्मक नाटक स्मरणीय छन् । संस्कृत छन्दमा मन हर्ने कविता रचेर तथा लोकलयका सुन्दर गीतिकविता लेखेर कवि घिमिरेले नेपाली साहित्यलाई ठूलो योगदान गरेका छन् ।

'वैशाख' मन्दाक्रान्ता छन्दमा लेखिएको कविता हो । संस्कृत छन्दमा लेखिए तापनि लोकभाषा र लोकलयबाट घिमिरेका रचना प्रभावित हुन्छन् । यस कवितामा वैशाख महिनामा हुने प्राकृतिक सौन्दर्यबाट उठान गरी कविले जीवनमा नित्य भइरहने परिवर्तनको राम्रो बयान गरेका छन् । हाम्रो जीवन र प्रकृतिको सम्बन्ध हाड र मासुको जस्तो हुन्छ र जसरी प्रकृतिमा ऋतु परिवर्तन हुँदै जाँदा पुराना कुराहरूको अन्त्य भई नयाँ पालुवाहरू पलाउँछन् उसरी नै मानिसको जीवनमा पनि पुराना घाउहरू निको हुँदै गएर नयाँ उत्साह, नौलो आशा र नवीन प्रेमको प्रादुर्भाव हुन्छ भन्ने कविको भनाइ छ ।

हो, वसन्त सकिने बित्तिकै जेठको घाम आउँछ र सारा फूलहरू ओइलाउँछन् । कोइलीको जस्तो मीठो स्वर हुने युवती पनि आफ्नो माइती छाडेर विरहसाथ टाढा जान वाध्य हुन्छे । फूल जस्तै सुगन्धमय, राम्रो र छोटो यौवन यहीं पृथ्वीमै मात्र संभव छ । तर जतिसुकै क्षणिक भए पनि र यहीं छाडेर जानुपर्ने भए पनि हाम्रा डाँडाकाँडा, पाखापर्वत र लेकब्याँसीको स्वाभाविक जीवन प्रकृतिका सौन्दर्य सँगसँगै नित्य परिवर्तित हुँदै चालू भई नै रहन्छ । मानवमानव बीचको प्रेम अनन्त छ । वसन्तको आगमनले कविका हृदयमा कहिल्यै नरित्तिने सुन्दरता, नवीनता र प्रेमको बोध गराउँछ ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूको एक एक वाक्यमा उत्तर दिनुहोस्-

(१) वनको मीठो वास केले बोकी ल्यायो ?
(२) कुसुमपथमा को आइरहेछ ?
(३) कहिल्यै पनि आई नसकिने के हुन् ?
(४) कविका प्रीति कति छन् ?
(५) कुसुमहरू केले ओइलिन्छन् ?
(६) हाम्रा घाउ केले पुरिदिन्छ ?
(७) सुन्तलाका फूलमा को को घुरिन्छन् ?

(ख) तलका पङ्क्तिहरूमा कविका के के कमजोरी देखिन्छन् र किन ?

आए पाखा वन चहुरमा फूल लाखौं पलाई
को भन्देला सकल यिनको नाम मीठो मलाई
मेरै धौलागिरि शिखरमा छैनँ मैले पुगेको
नेपालीको दिल छुन अझै छैन मैले सकेको

(ग) सप्रसङ्ग व्याख्या गर्नुहोस्-

आई कैल्यै पनि नसकिने चैतवैशाख मेरा
लाई कैल्यै पनि नसकिने प्रीति नौलाख मेरा

(घ) तल दिइएका पङ्क्तिहरूका आधारमा एउटा लेख लेख्नुहोस्-

वैली जान्छन् कुसुमहरू यी जेठको घाम ओढी
क्वैली जान्छे कुन विरहमा माइती देश छोडी
हाँसीखेली दुइदिन, कहाँ जान्छ यो जिन्दगानी
को लैजाला अमर पुरमा फूलको यो जवानी

(ङ) तलका हरफमा कविले भन्न खोजेको भित्री कुरो के हो ? दस वाक्यमा नघटाई आफ्नो विचार पोख्नुहोस्-

बोक्रा फेरीकन समयले घाउ सारा पुरिन्छन्
मौरी आई मधुपवनमा सुन्तलामा घुरिन्छन्

(च) 'वैशाख' कवितामा प्रकट भएका कुनै पनि विचारलाई नछाडी सरल गद्यमा भावार्थ लेखेर देखाउनुहोस् ।

व्याकरण

वाच्य- नेपालीमा वाच्य तीन प्रकारका छन्- **कर्तृवाच्य**, **कर्मवाच्य** र **भाववाच्य** । कर्ता र मुख्य क्रिया एउटै पुरुष, लिङ्ग र वचनमा हुने वाक्य **कर्तृवाच्य** हो । **सकर्मक** र **अकर्मक** दुवै खालका क्रियाहरू **कर्तृवाच्य**मा प्रयोग हुन्छन् । जस्तै,

म भात खान्छु (सकर्मक)
म बेस्मारी हाँस्छु (अकर्मक)

कर्मवाच्यमा भने कर्मसित पुरुष, लिङ्ग र वचनमा क्रियाको मेल हुन्छ । **कर्मवाच्य**को क्रिया जहिले पनि **सकर्मक** हुन्छ ।

मबाट पुस्तक **पढिन्छ** । (**पढ्नु** सकर्मक क्रिया हो)
हामीबाट सिनेमा **हेरियो** । (**हेर्नु** सकर्मक क्रिया हो)

भाववाच्यमा कर्तालाई महत्त्व दिइएको हुँदैन । यसमा **काल** र **क्रिया**लाई मात्र महत्त्व दिइएको हुन्छ । **भाववाच्य**को क्रिया सधैं नै **अकर्मक** हुन्छ, जो तेस्रो पुरुषको अनादरवाची पुलिङ्गी एकवचनमा हुन्छ । जस्तै,

भइन्छ, होइन्छ, भइयो, होइएला, भइएला, सुतिन्छ, गइन्छ, जाइन्छ, जाइएला, गइएला

कर्मवाच्य र **भाववाच्य**का धातुहरू आधारभूत धातुमा **इ** थपिएर बनेका हुन्छन् । जस्तै,

खानु	खाइनु	हाँस्नु	हाँसिनु
ब्याउनु	ब्याइनु	बाँड्नु	बाँडिनु
जानु	गइनु	पाउनु	पाइनु

(छ) तलका क्रियामूललाई धातुमा **इ** थपेर **सकर्मक** भए **कर्मवाच्य**का र **अकर्मक** भए **भाववाच्य**का वाक्यमा प्रयोग गर्नुहोस्-

छाड्नु, बस्नु, बाँध्नु, बोक्नु, पुग्नु, बन्नु, दिनु, धुनु, रुनु, सुत्नु, हाँस्नु, माग्नु, हेर्नु, देख्नु, बुन्नु, सुन्नु, हुनु, पर्नु, गर्नु, मर्नु

(ज) तलका वाक्यहरूको वाच्य परिवर्तन गर्नुहोस्-

(१) भरियाहरूबाट भात प्रशस्त खाइन्छ ।
(२) उनीहरूलाई त्यो रुच्छ पनि ।
(३) आफू त गरीब भइयो भइयो, छोराछोरीहरूको समेत बिजोग पारियो ।
(४) अचेल काठमाडौंका प्रसिद्ध गायक देखिंदैनन् नि ?
(५) हाम्रा गायकहरूले राम्रा राम्रा गीत गाएका छन् ।
(६) प्रेमले डाँडाकाँडाहरू ढाकियून् ।
(७) टुँडिखेल ढ्याम्मै ढाकेर क्रिकेट खेलिंदै थियो ।
(८) म त अब शिक्षामन्त्रालय दिनहुँ धाउँदिनँ ।
(९) हामीबाट पुस्तकालय निरीक्षण गरियो ।
(१०) शेखरले गङ्गालाई माया गरेनन् ।

(झ) तलका **मिश्र** वाक्यहरूलाई नमूनामा देखाएबमोजिम **सरल** बनाउनुहोस्-

नमूना- मिश्र : जहाँ जहाँ पानी पर्छ त्यहाँ बाली सप्रन्छ ।
सरल : पानी परेको ठाउँमा बाली सप्रन्छ ।

(१) जुन गोरुको सिंङ छैन उसैको नाउँ तीखे हुन्छ ।
(२) जसले अङ्ग्रेजी जानेको छैन उसले अङ्ग्रेजी शब्द प्रयोग गर्नु हुँदैन ।
(३) जसले अङ्ग्रेजी पढेको छ ऊ अङ्ग्रेजी शब्दहरू बोल्न खोज्छ ।
(४) जति वेला पानी पऱ्यो त्यति वेला घाम लागेन ।

(५) जहिले रामले वाण चलाए त्यस वेला रावण मऱ्यो ।
(६) जो नाच्न जान्दैन ऊ आँगन टेढो छ मात्र भन्छ ।
(७) जसको घरमा बिजुली छैन उसले राति धेरै बेर बस्नु हुँदैन ।
(८) जता खोलो बग्छ उतै बाटो बनाउनुपर्छ ।
(९) जसरी अमरसिंह थापाले राष्ट्रलाई माया गरे उसरी नै तिमी पनि गर ।
(१०) जसले मह काढ्छ उसैले हात चाट्छ ।

(ञ) तलका क्रियामूलहरूलाई **समापक** र **असमापक** दुवै रूपमा प्रयोग गरी बेग्ला बेग्लै वाक्यहरू बनाउनुहोस्–

जानु, जान्नु, खन्नु, खानु, हुनु, धुनु, नुहाउनु, रहनु, कुहुनु, चल्नु, मर्नु, मार्नु, हेर्नु, हेराउनु, बुझाउनु

(ट) 'वैशाख' लाई पहिले गद्यमा ढाल्नुहोस् अनि त्यसपछि कुन कुन वाक्य **सरल** वा **मिश्र** वा **संयुक्त** हुन् छुट्याई देखाउनुहोस् ।

३५. जय भोलि !

पर्सिको हिजो र हिजोको पर्सिलाई 'भोलि' भन्दछन् । समयको अनन्त गतिमा यसरी भूत र भविष्य दुवैतिर उस्तै सन्धि-नातो लाउने हुनाले आजभन्दा भोलि ज्यादै जनप्रिय छ । भोलानाथको झोली जस्तो भोलिको आशामा मानिस बाँच्छ, केही गर्छ र भोलिको निम्ति केही साँचेर मात्र मर्न चाहन्छ । आज थाकेको मानिस अनेक थरी सपना तुन्दै भोलिको निम्ति निदाउँछ, तर भोलिपल्ट ब्यूँझदा उसको भोलि आज बनेको हुन्छ, फेरि ऊ अर्को भोलिको निम्ति दुगुर्छ । मानिस जति जति दिनका पत्र पल्टाउँछ, उति उति उसको भोलि सर्दै सर्दै पर जान्छ र आखिर भोलिलाई नभेट्तै मानिस मर्छ । त्यसैले भोलि साँच्ची एउटा ईश्वर हो, जसलाई मान्छे पछ्याउँदै जान्छ, ऊचाहिं परपर तर्कंदै जान्छ तर ऊ जतिसुकै पन्छिए पनि मानिस भोलिको भक्त छ । उसको मुखमा 'राम राम' झैं सधैं झुन्डिइरहेको हुन्छ- भोलि । त्यसैले आजको काम भोलिलाई थाँती राख्नु हाम्रो संस्कृति हो । आफ्नो संस्कृतिलाई उल्लङ्घन गर्न कसले सक्छ ?

साँच्ची भनूँ भने पूर्वीय दर्शनको सबभन्दा ठूलो विशेषता हो भोलिवाद । हाम्रो दर्शन आज (बाँचुन्जेल) दुःख गर, भोलि (मरेपछि) मुक्ति पाउँछौ भन्छ । तर दर्शनको भनाइ र मानिसको गराइमा कहाँनिर फरक पर्छ भने दर्शन भोलिको निम्ति आज गर भन्छ, मानिस डेढ अक्कल लगाइदिन्छ- भोलिको निम्ति गर्ने भएपछि आज किन गरिरहनु, भोलि नै गरे भैहाल्छ नि । अनि निस्कन्छ- आधुनिक भोलिवाद, जसका अनुयायी तपाईं हामी सबै छौं ।

भोलिवादको श्रीगणेश कुन वेला कसको पालादेखि कसले शुरु गऱ्यो त्यो किट्न सकिन्न, तर हेरी ल्याउँदा नेपाली समाजमा भानुभक्तभन्दा अघिदेखि नै यसले खुट्टो घुमाएको बुझिन्छ । उनले एक पटक साह्रै दिक्दारिएर भनेका थिए- 'भोलि भोलि हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ।' कसो हामी भाग्यमानी रहेछौं र हाम्रा आदिकविलाई झोली बोकेर वनतिर पस्नु परेनछ । उनको यो घुर्कीबाट हामी बुझ्न सक्छौं- भोलिवादी सिद्धान्तको प्रणेता कुनै महर्षि वा आचार्य थिएनन् । यो त निसापको ठूलो घरमा बसेर बेहिसाप गर्न खोज्ने उहिलेका जरसाहेब, काजीसाहेब, हजुरियासाहेब जस्तै कुनै फर्सीटाउकेसाहेब साहेबनीहरू हुँदा हुन्, हुन सक्छ, सरस्वतीको तानाबाना बोकेर दक्षिणा फर्काउँदै दुनियाँ छकाउने गुरुजी, पण्डितजी, वैद्यजी इत्यादि 'जी' हरू मध्ये नै कुनै थिए कि ?

हाम्रा जीबा भन्नुहुन्थ्यो- उहिल्यै राजर्षि महाराजको पालामा कुन्नि कता हो आगो लाग्यो रे । लाग्नासाथ घरपेटीले थरीलाई पुकारेछ । थरी ससुरालीमा श्राद्ध खान निस्किसकेकोले थरिनीले भनिछिन्- "भोलि उहाँ आउनेबित्तिकै म भनिदिउँला ।" भोलिपल्ट बिहान एक चिलिम तमाखु पनि राम्रो ननिखारीकन थरीजी पुलीस चौकीमा पुगेछन् । तर चौकीका हवलदार छुट्टी लिएर हिंडिसकेछन् ।

घरतिर सिपाहीले सोही बेहोरा बताई थरीलाई भोलि आउने आज्ञा दियो । भोलिपल्ट चौकीले खबर दियो र त्यसको भोलिपल्ट ठानामा खबर पुग्यो । ठानाले गोस्वारालाई, गोस्वाराले हजुरियालाई खबर गर्दागर्दै श्री ३ महाराजकहाँ तीन महिना तीन दिनपछि तात्तातो बिन्ती चढ्यो- फलाना ठाउँमा आगो लाग्यो । तेह्र जना सुसारेहरूबाट घेरिएका श्री ३ ज्यूले 'लौ भोलि सम्झाउनु' भन्ने हुकुम दिए । भोलिपल्ट मुखारीको मौका पारी हजुरियाले डराई डराई बिन्ती बिसायो- सरकार फलाना ठाउँमा आगाले सिध्याएछ । काखीमा अत्तर छर्कन लगाउँदै श्री ३ बाट तात्तातो हुकुम बक्स्यो- लौ भोलि नै निभाउन लगाइदिनू ।

हिजोआज जस्तो टेलिफोनको व्यवस्था त्यतिखेर पनि भएको भए त्यस्तो हुँदैनथ्यो कि भन्नुहोला, तर मानिसलाई भोलिवादले छोएपछि टेलिफोनका बाबुको पनि केही लाग्दो रहेनछ । अस्तिमात्रको एउटा कुरो सुन्नोस् । मेरी एउटी नातेदार महिलाज्यूलाई हिक्का छुट्ने व्यथाले अँठ्याएछ । तपाईंलाई थाहा होला नि, त्यस्ता मान्छेलाई समयमै उपचार पुगेन भने सोझै परमधाम पुग्छन् भन्ने कुरो । त्यसमाथि पनि यिनी त थिइन् ज्यादै दुब्ली । त्यसैले अस्पताल नपुऱ्याई त कुरै थिएन । हत्त न पत्त छिमेकीको टेलिफोनमा गएर हलो हलो गरेको त रिसिभरको तारमात्र तन्द्रङतुन्द्रुङ हल्लियो, कतैबाट कोही बोलेन ! फोन घनीले भने लाइन बिग्रेको तीन दिन भयो, भोलि भन्दा भन्दै बनिसकेको छैन, कृपया भोलि एकपल्ट पाल्नुहोस् न । लौ लौ भन्दै कुर्दै अस्पतालतिर ।

अस्पतालमा एउटी युवती नर्सले सबै बेलिबिस्तार सुनिन् र मधुर मुस्कानसाथ भनिन्- आज सीट पनि खाली छैन, सुपरिटेन्डेन्ट साहेब बाहिर जानुभा'छ, कृपया भोलि पाल्नुहोस्, याम्बुलेन्स कारको ब्रेक पनि भोलि बनिसक्छ । हुन्न भनेर पो के गर्नु र ? दसतिर हल्लिएपछि लुत्रे कान लगाएर दुईतीन घन्टापछि उनकाँ पुगें, धन्न उनको हिक्का बन्द भएछ र बोल्न सक्ने भइछिन् । अब तपाईं नै भन्नोस्, भोलिवाद हटाउन फोनका बाबुको तागत चल्दोरहेछ त ! काम छिटो होस् भनेर दिन प्रतिदिन वैज्ञानिक चमत्कारहरू बढ्दैछन् । न्यूयोर्कमा बोलेका कुरा न्यूरोडमा सुनिने भयो । प्यारिसमा हात चलाए काठमाडौंमा टेलिप्रिन्ट हुने भयो, तर भोलिवादमा कुनै प्रभाव परेको देखिंदैन । राजर्षि महाराजका पालादेखि झन्नै आजसम्म मैले हाम्रो सिंहदरबारलाई 'भोलि दरबार' भन्ने नाम राखेको छु, किनभने त्यहाँका एक एक तला, एक एक कोठा, एक एक कुना, एक एक टेबुल, तपाईं जहाँ जस्तो काम लिएर पुग्नुहोस्, भोलिको निम्तो नपाई छाड्नुहुन्न । जागीर माग्नेदेखि लिएर तारीख माग्नेसम्म सबै भोलि ! सिंहदरबार होस् कि श्यालदरबार भोलिवादलाई शिरोधार्य नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेट्टाउनु जस्तै गाह्रो भइसक्यो अब ।

सरकारी क्षेत्रको मात्रै हो र, असरकारी क्षेत्रको पनि गति उही हो । भोलि दिउँला भनी पैंचो लगेको पैसाले ५०० भोलि भुत्त्याइदिन्छ । 'पसलेहरू आज नगद भोलि उधारो' भनिरहून् उधारो नदिई उनीहरूले सुखै पाउँदैनन् । ग्राहकलाई उधारो तिर्नेंचाहि भोलि आउँदै आउँदैन । कुनै मालिकले नोकरलाई पचास रुपैयाँ तलबका निम्ति ५० भोलि कुदाउँछन् । कुनै हितैषीले तीन मिनेटको कुरालाई

तीन वर्षसम्म भोलि भोलि भनी गह्राउने चोक कुराउँछन् । ऋण लिन जाँदा साहू भन्छ– भोलि, लेख लिन जाँदा लेखक भन्छ– भोलि, तारीख लिन जाँदा बहिदार भन्छ– भोलि, तलब लिन जाँदा तहबीलदार भन्छ– भोलि । 'लुगा सिइसकियो ?' भन्दा सूचीकार भन्छ– भोलि, चोक बढारीदे न भन्दा कुचीकार भन्छ– भोलि । हुँदा हुँदा लोग्नेस्वास्त्रीमा पनि भोलिवादी भाकाले एक अर्कालाई पर्खाउने बानी बसिसकेको छ अचेल । लोग्नेले टोपी धोइदेऊ न भन्यो भने स्वास्त्री भोलि धोइदिउँला भन्दा भन्दै सात दिन बिताइदिन्छे । स्वास्त्रीले नून खाँचै छ भनी भने भोलि ल्याइदिउँला भन्दाभन्दै लोग्नेले पर्खाइदिन्छ छसात दिन ।

वातावरण नै सबै भोलिवादी भएपछि मान्छेको मनोवृत्ति ससाना कुरामा पनि भोलिवादी नभई छाड्दो रहेनछ । ईमान जमान नछाडीकन भनिदिऊँ भने भोलि-भोलि भनेर मानिसले अरूलाई मात्र होइन, आफूलाई पनि झुलाइरहेको हुन्छ । अर्को शब्दमा भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत निष्क्रियतातिर घचेटिरहेको हुन्छ । पढ्नु थियो भोलि पढुँला, जानु थियो भोलि जाउँला, गर्नु थियो भोलि गरूँला भन्दाभन्दै कहिलेकाहीँ राति दिसा लाग्यो भने पनि निस्कनाका गाह्राले भोलि गरौँला भनी सुतिदिन्छन् कैयौं ठिटाठिटीहरू । भोलिवादको अपवाद के छ भने खानलाई चाहिं मान्छे सकेसम्म भोलिको भाका राख्तैन । भोलि दुःख परे 'रात रहे अग्राख पलाउँछ' भन्दै भएभरको आजै बुत्याउनुपरे पनि ऊ तम्सन्छ । उदाहरणको निम्ति एउटा छोटो कुरा सुनाइहालूँ ।

एक पटक काठमाडौंको ठूलो होटलमा 'बफे डिनर' थियो । त्यहाँ कहिल्यै कतै नहिंड्ने एक जना जरसाहेब पनि आएका रहेछन् । उनले खाएपिएको देख्ता म छकै परें, झन्नै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एकै जनाले बुत्याइदिए । आखिरी पटक खसखस थाम्न नसकेर मैले सोधें– होइन जरसाहेबलाई आराम नहोला नि । उनले सजिलैसित भने– आराम नभए भोलि औषधि खाउँला । उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ– मान्छे सबै कुरामा भोलिवादको अनुसरण गरे पनि खान भने भोलिलाई पर्खँदैन, यो उसको ठूलो गुन हो ।

यसबाहेक अरू सबै क्रियाकलापहरू हाम्रा भोलिवादी छन् । भोलिवाद हाम्रो संस्कृति हो,दर्शन हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो । तै पनि मेरो थोत्रो मगज यही शङ्कामा सधैं जेलिइरहन्छ । हरेक कामकुरामा भोलि भन्दाभन्दै भानुभक्तले भने झैं पर्सि हामी सबैले झोली बोकेर 'बम भोलानाथको जय' भन्दै डाँडैडाँडा कुद्नु त परोइन ? के बेर ? आज गरे हुने कामलाई भोलि पर्खेंपछि त्यही हिसाबले यस पालिका सारा काम आघौंलाई पन्छन के बेर ? यस दशकका काम अर्को दशकलाई थन्कन के बेर ? अनि बीसौं शताब्दीका सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एक्काईसौं शताब्दीका लागि 'डिपोजिट' रहन के बेर ? यसो हुँदा हुँदै कतै पृथ्वी भोलि घुमौंला भनेर आराम नगरिदेओस्, हावाले भोलि डुलौंला भनेर विश्राम नगरिदेओस्, जय भोलि !

(भैरव अर्याल)

अभ्यास

अप्ठ्यारा शब्दहरू

सन्धि	– सम्झौता, मित्रता; जोर्नी, गाँस
नातो	– नाता, साइनु, सम्बन्ध
भोलानाथ	– शिव, शङ्कर
तुन्नु	– टालेर सिउनु; जोडजाड गर्नु
तर्कनु	– पन्छनु, टेढिनु, देखेको नदेख्यै गर्नु, छल्नु
पन्छिनु	– सम्बन्ध नराख्नु, भाग नलिनु, पर सर्नु
थाँती राख्नु	– पछिलाई राख्नु, साँच्नु, बाँकी राख्नु
उल्लङ्घन गर्नु	– नाघ्नु, नमान्नु, नियम नटेर्नु
डेढ अक्कल	– अनावश्यक अक्कल, असुहाउँदो बुद्धि
अनुयायी	– पछौटे, पछि पछि हिंड्ने, समर्थक, अनुगामी
श्रीगणेश	– थालनी, प्रारम्भ, सुरु
किट्नु	– निघो गर्नु, तोक्नु
दिक्दारिनु	– खिन्न हुनु, दिग्दार मान्नु, दिक्क हुनु
प्रणेता	– निर्माता, प्रवर्तक
जीबा	– हजुरबा, बूढी बा, बाजे
राजर्षि महाराज	– राजपाठ त्यागेको राजा, प्रधान मन्त्री जुद्धशमशेर
घरपेटी	– घरपट्टी, घरको मालिक, घरधनी
थरी	– मुखिया, गाउँको मुख्य मान्छे
पुकार्नु	– गुहार्नु, बोलाउनु, सुनाउनु
निखार्नु	– सिध्याउनु, सक्नु, तुर्नु, रित्तो पार्नु
गोस्वारा	– जिल्लाको मुख्य अड्डा, बडाहाकिमको कार्यालय
हजुरिया	– राजामहाराजाका ज्यादै छेउको नोकर
श्री ३ महाराज	– २००७ साल अघि राणा प्रधान मन्त्रीको पद
तात्तातो	– तत्कालै, तुरुन्तै, लगत्तै
सुसारे	– सेविका, नोकर्नी
मुखारी	– मुख धुने काम
परमधाम पुग्नु	– मर्नु, स्वर्ग पुग्नु
न्यूरोड	– (अङ्ग्रेजी शब्द) काठमाडौंको 'नयाँ सडक'
टेलिप्रिन्ट्	– (अङ्ग्रेजी शब्द) दूरमुद्रण, विना तार आएको टाइप
सूचीकार	– दर्जी, लुगासिउने, दमाई
कूचीकार	– बढार्ने, कूचो समाउने

महेन्द्र मार्ला १।१०

शिरोधार्य	- स्वीकार्य, मान्न सुहाउँदो
याम्बुलेन्स	- (अङ्ग्रेजी शब्द) रोगी वा घाइते ओसार्ने गाडी
भाका	- लय, स्वर; म्याद
मनोवृत्ति	- चित्तवृत्ति, स्वभाव, प्रवृत्ति
निष्क्रियता	- अकर्मण्यता, काम नगर्ने पना
बुत्याउनु	- घिच्नु, हसुर्नु, बेस्मारी खानु
बफे डिनर	- (अङ्ग्रेजी शब्द) भाँडामा राखिएका खानेकुरा आफूलाई रुच्ने किसिमले आफैं पस्केर लिने खालको भोज
खसखस	- तुल्बुल, कुतुहल, उत्सुकता, चिउचिउ
अनुसरण गर्नु	- पछ्याउनु, पछि लाग्नु, अनुकरण गर्नु
आघौं	- आगामी साल, आउँदो वर्ष
डिपोजिट	- (अङ्ग्रेजी शब्द) संचय, जोहो, बटुलेर राख्ने पारा
अग्राख	- सालको काठ, बलियो र टिकाउ रूख

लेखकको चिनारी- भैरव अर्यालको जन्म ललितपुर जिल्लाको कुपन्डोल भन्ने ठाउँमा १९९३ सालमा भएको थियो र उनको देहान्त चाहिं काठमाडौं जिल्लाको गोकर्ण भन्ने ठाउँमा २०३३ सालमा भयो ।

धेरै वर्षसम्म **गोरखापत्र**मा काम गर्ने अर्याल असाध्यै राम्रा हास्यव्यङ्ग्य निबन्धहरू लेख्थे । उनका **काउकुति, जयभूँडी, गलबन्दी, इतिश्री** र **दस औतार** जस्ता हास्यव्यङ्ग्यका सङ्ग्रहहरू छापिएका छन् । अत्यन्त रमाइलो र रसिलो भाषामा लेखिएका उनका निबन्धहरूले हँसाउनसम्म हँसाउँछन् अनि अन्धविश्वास, अन्याय र कुसंस्कारलाई तीखो घोचपेच र छेडछाड गर्छन् ।

यस निबन्धमा 'भोलि भोलि' भनेर टार्ने छल्ने र छक्याउने हाम्रो बानीको झाँको लेखकले झारेका छन् । जेकाम तुरुन्तै गर्न सकिन्छ त्यसलाई गरिहाल्नु सभ्यता र उन्नतिको सूचक हो । उत्तरदायित्व पन्छाउनु, अल्छे हुनु र मुखले मात्र ठीक पार्नु पछि पर्ने जातिको लक्षण हो । हाम्रा जातीय कवि भानुभक्त आचार्यले झन्नै डेढ सय वर्ष अघि नै यस बानीप्रति तीखो व्यङ्ग्य गर्दै लेखिसकेका थिए :

विन्ती डिट्ठाविचारीसित म कति गरूँ चूप् रहन्छन् नबोली
बोल्छन् ता ख्याल् गऱ्या झैं अनि पछि दिनदिन् भन्दछन् भोलिभोलि
की तां सक्तीनैं भन्नू कि त छिनिदिनू क्यान भन्छन् यि भोलि
भोलीभोली हुँदैमा सब घरबितिगो बक्सियोस् आज झोली

तर भोलिवाद (अर्थात् भोलि भनेर टार्ने बानी) हाम्रा समाजबाट हटेन, हटेको छैन । भैरव अर्यालको प्रतिभाले यसै राष्ट्रिय रोगलाई यस निबन्धमा राम्ररी विश्लेषण गरेको छ ।

प्रश्नहरू

(क) 'रात रहे अग्राख पलाउँछ' भन्ने उखान प्रयोग गर्नाको अर्थ के हो ? भैरव अर्यालले यस उखानको प्रयोगबाट के सिद्ध गर्न खोजेका छन् ?

(ख) तलका प्रश्नहरूको छोटकरी उत्तर लेख्नुहोस्-

१. मानिस केको आशामा बाँच्छ ?
२. भोलि साँच्चैको ईश्वर कसरी हो ?
३. 'आफ्नो संस्कृतिलाई उल्लङ्घन गर्न कसले सक्छ ?' भनी भैरव अर्यालले के भनेको ?
४. आधुनिक भोलिवादका अनुयायी को र किन छन् ?
५. नेपाली समाजमा भानुभक्तभन्दा अघिदेखि नै खुट्टो घुमाउने वस्तु के हो ?
६. टेलिफोन नभएका युगमा गाउँमा आगो लाग्दा केन्द्रबाट आगो निभाउने आदेश कतिन्जेलमा पुग्थ्यो ?
७. लोग्ने र स्वास्नीमा भोलिवादले कस्तो प्रभाव कसरी पारेको छ त ?
८. बफे डिनरमा जरसाहेबले किन धेरै खानुपरेको ?
९. यस पालाका कामलाई अर्को साल किन पन्छाउनुपरेको ?
१०. पृथ्वीले घुम्न छाड्दा र हावाले डुल्न बिर्सँदा के हुन्छ ?

(ग) यस निबन्धमा भैरव अर्यालले भन्न खोजेको मुख्य कुरो के हो ? एउटा विवेचनात्मक लेख तयार पार्नुहोस् ।

(घ) सप्रसङ्ग व्याख्या गर्नुहोस्-

१. भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत निष्क्रियतातिर घचेटिरहेको हुन्छ ।
२. सिंहदरबार होस् कि श्यालदरबार भोलिवादलाई शिरोधार्य नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेट्टाउनु जस्तै गाह्रो भैसक्यो अब ।

व्याकरण

(ङ) 'जय भोलि !' मा तल लेखिएका **तुक्काहरू** लागेका छन् । तिनको अर्थ स्पष्ट हुने गरी आफ्ना वाक्यमा प्रयोग गर्नुहोस् :

खुट्टो घुमाउनु, सपना तुन्नु, बिन्ती बिसाउनु, शिरोधार्य गर्नु, डेढ अक्कल लगाउनु, लुत्रे कान लगाउनु, डाँको छोड्नु

(च) तलका उखानहरूलाई दिइएका मानेका सहायताले आफ्ना छोटा छोटा अनुच्छेदहरू लेखेर प्रयोग गर्नुहोस् :

१. आग लागी झुपडी, डेढ घडी भद्रा (तुरुन्तै गर्नुपर्ने काम नगरेमा जे विपत पनि आइपर्न सक्छ)
२. काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर (मुख्य काम छोडेर मामुली कुरामा लाग्नु)
३. जसले मह काढ्छ उसैले हात चाट्छ (जसले परिश्रम गर्छ उसैले फल पाउनुपर्छ)
४. रातभरि करायो दच्छिना हरायो (काम गरिसकेपछि फल पाइएन)
५. अनिकालमा बीउ जोगाउनु, हुलमुलमा जीउ जोगाउनु (झगडा पर्दा आफू जोगिनु)

(छ) मानिलिनुहोस् तपाईं आफ्नो जिल्ला छाडेर जागीरको खोजमा राजधानी जानुभएको छ । तीन महिना दसतिर धाउँदा र तीसौंसित प्रार्थना गर्दा पनि कतै काम पाउन तपाईं सफल हुनुभएको छैन । भोलिवादको रोग नै यस असफलताको कारण हो भन्ने खुलाई घरमा आमालाई चिठी लेख्नुहोस् ।

(ज) तलका वाक्यहरूको वाच्य परिवर्तन गर्नुहोस् :

१. म अब किताप पढ्छु ।
२. म अब हाँस्छु ।
३. बाघले मलाई खान्छ ।
४. हामी परीक्षा दिन्छौं ।
५. हामी असफलतामा रुन्छौं ।
६. चोरहरू हामीलाई पिट्छन् ।
७. तिमी आँसु झार्छ्यौं ।
८. तिमी सुन्तला खान्छ्यौं ।
९. तिमी हलल्ल हाँस्छौ ।
१०. तिमी कसिंगर फाल्छौ ।
११. छोराले तिमी (पुलिङ्ग) लाई माया गर्छ ।
१२. छोरीले तिमी (पुलिङ्ग) लाई माया गर्छें ।
१३. छोराले तिमी (स्त्रीलिङ्ग) लाई माया गर्छ ।
१४. छोरीले तिमी (स्त्रीलिङ्ग) लाई माया गर्छें ।
१५. तँ बाठी हुन्छेस् ।
१६. तँ नाना लाउँछेस् ।
१७. तँ मन्त्री हुन्छस् ।
१८ तँ खाजा खान्छस् ।
१९. दाजुले तँ (पुलिङ्ग) लाई कुट्छन् ।
२०. भाइले तँ (पुलिङ्ग) लाई कुट्छ ।

२१. दिदीले तँ (पुलिङ्ग) लाई कुट्छिन् ।
२२. सरिताले तँ (पुलिङ्ग) लाई कुट्छे ।
२३. दाजुले तँ (स्त्रीलिङ्ग) लाई हकार्छन् ।
२४. भाइले तँ (स्त्रीलिङ्ग) लाई हकार्छ ।
२५. दिदीले तँ (स्त्रीलिङ्ग) लाई हकार्छिन् ।
२६. सविताले तँ (स्त्रीलिङ्ग) लाई हकार्छें ।
२७. तिमीहरू आलु रोप्छौ ।
२८. भालूले तिमीहरूलाई चिथोर्छ र खान्छ ।
२९. तपाईंहरू बयलपाटा जानुहुन्छ ।
३०. रिडीकोटले तपाईंहरूलाई स्वागत गर्छ ।
३१. भालूले तपाईंहरूलाई लखेट्छ ।
३२. ऊ मकै खान्छ ।
३३. ऊ काँक्रो काट्छे ।
३४. ऊ लुरुलुरु हिंड्छ ।
३५. ऊ समसम आउँछे ।
३६. म उस (पुलिङ्ग) लाई चिन्छु ।
३७. म उस (स्त्रीलिङ्ग) लाई चिन्छु ।
३८. उनी बाँदर लखेट्छन् ।
३९. उनी दूध खान्छिन् ।
४०. राम उन (पुलिङ्ग) लाई हेर्छ ।
४१. राम उन (स्त्रीलिङ्ग) लाई भेट्छ ।
४२. उनीहरू काम गर्छन् ।
४३. भालू उनीहरूलाई खेद्छ ।
४४. म आमालाई ढोग्छु ।

(झ) माथिका चवालीस वाक्यहरूलाई अकरणमा फेर्नुहोस् ।

(ञ) तलका वाक्यहरूको वाच्य परिवर्तन गर्नुहोस्-

१. मैले मोटर चलाएँ ।
२. म बेस्मारी हाँसें ।
३. बाघले मलाई खायो ।
४. हामी हेटौंडा गयौं ।
५. हामीले आलु किन्यौं ।
६. भालुले हामीलाई देख्यो ।
७. तँ फिक्कल गइस् ।
८. तैंले वरबोटेमा अलैंची खाइस्
९. फिदिमले तँलाई स्वागत गऱ्यो
१०. भालूले तँलाई खायो ।
११. तिमी बैतडी पुग्यौ ।
१२. तिमीले फर्सी खायौ ।
१३. साँपले तिमीलाई टोक्यो ।
१४. तिमीहरू हाऱ्यौ ।
१५. तिमीहरूले बाघ माऱ्यौ ।
१६. ऊ दिक्तेल गयो ।
१७. उसले तुम्लिङटार रुचायो ।
१८. ऊ पाल्पा गई ।
१९. उसले पोखरा कुल्ची
२०. उसले इलाममा बम्बइसन मिठाई खाई ।
२१. मैले उस (पुलिङ्ग) लाई भेटें ।
२२. मैले उस (स्त्रीलिङ्ग) लाई बाग्लुङमा भेटें ।
२३. उनी दार्चुला पुगे ।
२४. उनले दिपायलमा भोजन गरे ।
२५. उनी धुरुधुरु रोइन् ।
२६. उनले धरानमा खाजा खाइन् ।
२७. मैले उन (पुलिङ्ग) लाई ढल्केवरमा देखें ।
२८. मैले उन (स्त्रीलिङ्ग) लाई बिर्तामोडमा भेटें ।
२९. तपाईंहरूले घैलाडुब्बामा घर बनाउनुभयो ।
३०. हात्तीले तपाईंहरूलाई सतायो ।
३१. उनीहरूले करफोक हेरे ।
३२. बौद्धधामले उनीहरूलाई चिन्यो ।

(ट) माथिका बत्तीस वाक्यहरूलाई अकरणमा फेर्नुहोस् ।

३६. विलक्षण प्रतिभाका प्रतिमूर्ति लिओनार्दो दा भिन्ची

फ्रान्सको राजधानी प्यारिसको ठीक बीचमा एउटा मध्ययुगीय शैलीको विशाल दरबार छ । त्यो लुभ्र दरबार हो जो सुन्दर सेन नदीको किनारमा उभिएको छ । लुभ्र दरबार कलाकृतिहरूको साह्रै प्रसिद्ध संग्रहालय हो । त्यस संग्रहालयभित्र बीचको कोठामा सबैभन्दा बढी महत्त्व दिएर एउटा चित्र टाँगिएको छ । त्यो एउटी आइमाईको चित्र हो जुन **मोनालिसा** नाउँले विश्वविख्यात छ । पच्चीस तीस वर्ष अघि त्यो चित्र एक्कासि लुभ्र दरबारबाट हराउँदा फ्रान्समा मात्र होइन सम्पूर्ण विश्वभरि नै खैलाबैला मच्चिएको थियो । तर चाँडै नै सन्काहा चोरबाट राम्रो अवस्थामा खोसेर ल्याउन सकिएकाले लुभ्र दरबारको संग्रहालयलाई त्यसले आजसम्म पनि सिंगार्न पाएकै छ ।

त्यस चित्रका निर्माता कुनै फ्रान्सेली चित्रकार होइनन् । त्यसलाई बनाएका थिए एक जना इटालेली चित्रकारले । तिनको नाउँ लिओनार्दो दा भिन्ची हो ।

इटालीका चित्रकारले बनाएको **मोनालिसा** जस्तो बहुमूल्य चित्र रोमको कुनै संग्रहालयमा नभएर किन प्यारिस पुग्यो भन्ने बारेमा आश्चर्य उब्जन सक्छ । कुरो के हो भने लिओनार्दो आफ्नो अन्तिम अवस्थामा फ्रान्समै थिए र उनको **मोनालिसा** पनि त्यहींको राजधानीमा सधैंका लागि बस्न पुगेको हो ।

मोनालिसा जति नाउँ चलेको र चर्चा भएको चित्र संसारमा अरू कुनै पनि छैन । यस चित्रका जति प्रतिलिपि अरू कुनै चित्रका पनि बनेका छैनन् । त्यति भएर पनि लिओनार्दो दा भिन्चीको सर्वश्रेष्ठ कलाकृति भने **मोनालिसा** नभएर **अन्तिम रात्रीभोज** हो जो मिलान भन्ने नगरको सान्ता मारिया देल्ले ग्रात्सिए भन्ने गिर्जाघरको भितामा उनले बनाएका थिए । **अन्तिम रात्रीभोज** भन्ने चित्रकला कति राम्रो छ भने फ्रान्सका त्यस बेलाका राजाले मिलानमा त्यस चित्रलाई देख्ता भित्तै काटेर भए पनि प्यारिस लान खोजेका थिए ।

अन्तिम रात्रिभोजमा आफू झुन्ड्याइनु भन्दा अघिल्लो रात जीसस क्राइस्ट्ले आफ्ना चेलाहरूसित बसेर भोजन गरेका बेलाको दृश्य बनाइएको छ । त्यस भोजमा भेला भएका व्यक्तिहरूको प्रभावकारी चित्र बनाउन दा भिन्चीले अनेकौं मान्छेहरूको अनुहारको अध्ययन गरे ।

खास गरेर जुडास भन्ने चेलाको अनुहार उनले कुनै व्यक्तिमा पनि पाएनन् । अपराधीहरू थुनिएका ठाउँमा गएर उनले गनी नभ्याइँदा मान्छेहरूका अनुहार हेरे, तर कुनै अनुहारले पनि उनका घैंटामा घाम लगाउन सकेन । यसरी महिनौंको प्रयत्नपछि बल्ल उनले सडकमा भौंतारिदा भौंतारिदै एक जना युवकलाई भेटे जसको अनुहार उनले सोचेको जुडासको अनुहारसित मिल्थ्यो । त्यसलाई नक्कल गरेर उनले **अन्तिम रात्रिभोज**मा जुडास बनाए । उनी जुन व्यक्तिको चित्र बनाउँथे त्यस व्यक्तिका अनुहारबाट झल्कने भावबाट त्यसको चरित्र छर्लङ्ग होस् भनी चाहन्थे ! जुडासले आफ्ना धर्मगुरु जीसस क्राइस्ट् बसेको गोप्य ठाउँ तीस वटा चाँदीका सिक्काको लोभमा शासकहरूलाई देखाएर विश्वासघात गरेका थिए । विश्वासघातीको अनुहार देखाउन लिओनार्दोंदा भिन्चीलाई साह्रै गाह्रो परेको थियो ।

मान्छेका अनुहार, हाउभाउ र लुगाफाटा मात्र होइन जुनसुकै जनावर वा वस्तुको चित्र बनाउँदा पनि लिओनार्दो दा भिन्ची वास्तविकताको धेरै निरीक्षण गरेर मात्र अघि सर्थे । **मोनालिसा** बनाउन उनले धेरै महिना लगाएका थिए । **मोनालिसा** देला गिओकोन्दो एक जना धनी बेपारीकी पत्नी थिइन् । **मोनालिसा**लाई धेरै दिनसम्म उनका अगाडि कुर्सीमा उनले भने झैं मुस्काएर घन्टौं बसिरहनुपर्थ्यो । उनी **मोनालिसा**लाई हेरेर आफ्ना चित्रमा अङ्कित गर्थे । **मोनालिसा** थाक्लिन् भनेर उनी संगीतकारहरूलाई पैसा दिएर बाजा बजाउन लगाउँथे । नजिकैबाट संगीतका ध्वनिहरू गुन्जिरहन्थे र लिओनार्दो चाहिं **मोनालिसा** देला गिओकोन्दोलाई आफ्नो चित्रमा सारिरहन्थे ।

मोनालिसा कुनै विल्पात राम्री आइमाई थिइनन् । उनी धेरै बुद्धिमती पनि थिइनन् । लिओनार्दो उनसित प्रेममा फसेका पनि थिएनन्, तापनि उनले तिनै आइमाईको चित्र असाध्यै परिश्रम गरेर बनाइछाडे । **मोनालिसा**का ओठबाट फुस्कन लागेको मुस्कान कस्तो लोभलाग्दो र रहस्यले भरिएको छ भने त्यसलाई हेरेर आजसम्म संसारभरिका कवि लेखकहरूले अनेकौं कविता र लेखहरू लेखेका छन् ।

लिओनार्दो चित्रकार मात्र थिएनन् । उनी साँचो अर्थमा बहुमुखी प्रतिभा थिए । उनी मूर्तिकला, संगीत र साहित्य जस्ता कुराहरूदेखि लिएर शरीरविज्ञान, जीवविज्ञान, भौतिक विज्ञान र रसायनविज्ञान जस्ता विषयमा पनि असाधारण प्रतिभा देखाउँथे । उनी भूगोलका पनि उत्तिकै निपुण ज्ञाता थिए र नहरहरूको निर्माण गर्ने, नगरहरू नयाँ पाराले बसाउने र युद्धलाई बढी प्रभावकारी पार्न नयाँ नयाँ हतियार बनाउने काममा पनि लागिरहन्थे । यी सबै मध्ये उनलाई हृदयदेखि मनपर्ने विषय चाहिं मानिसलाई उडाउने यन्त्र बनाउनु थियो । यसका लागि उनले चराहरू कसरी उड्दारहेछन् भनी वर्षौंसम्म गहिरो अध्ययन गरे ।

लिओनार्दो जे विषयमा अध्ययन गरे पनि आफूले थाहा पाएका र ठीक हुन् भनी ठहराएका कुरालाई लेख्ने गर्थे । ती लेखोटका साथमा चित्रहरू पनि कोरेर उनी व्याख्या गर्थे । तीन चार सय वर्षसम्म उनका लेखोटहरूलाई कसैले पनि वास्ता गरेन । अचेल उनले लेखेका कुराहरू पढ्दा

उनी समयभन्दा धेरै अगाडि बढेका रहेछन् भन्ने बुझ्न सकिन्छ । उनले सोचेका, बुझेका, बयान गरेका र बाटो देखाएका कुराहरूलाई त्यति बेलैदेखि पछ्याइएको भए आजको विज्ञानले ल्याएको सभ्यतालाई तीन चार सय वर्ष अगि नै संसारमा ल्याउन सकिने थियो ।

यस्ता विलक्षण प्रतिभा भएका मान्छे संसारमा अरू कहिल्यै पनि जन्मेका थिएनन् । उनी ठूलो मगज भएका व्यक्ति मात्र थिएनन्, साहै राम्रा पनि थिए । उनको चिटिक्क परेको जीउ, उज्यालो अनुहार र मिलनसार स्वभावलाई देख्दा मानिसहरू उनीप्रति भुतुक्क हुन्थे । त्यति मात्र होइन, उनी फलामको डन्ठालाई हातले बङ्ग्याउन सक्ने खालका असाध्यै बलिया मान्छे थिए । त्यसो भए तापनि उनी कुनै आइमाईप्रति कहिल्यै पनि भुतुक्क भएनन् । उनले बिहे पनि गरेनन् । वास्तवमा उनलाई आफ्नो ज्ञान, विज्ञान र कलाका अनुसन्धानमा डुब्दैमा फुर्सत हुँदैनथ्यो ।

उनको जन्म विक्रमाब्द १५०९ सालमा इटाली देशको फ्लोरेन्स् भन्ने अति सुन्दर नगरको छेवैमा पर्ने भिन्ची नाउँको गाउँमा भएको थियो । लिओनार्दोलाई जन्माइसकेपछि उनकी आमा अर्कैसित पोइल गएकीले र उनका बाबु पिएरो दा भिन्चीले अर्कै पत्नी बिहे गरेकाले लिओनार्दोको बालककाल त्यति सुखद थिएन । गाउँको स्कूलमा पढाइने ल्याटिन भाषा, गणित र साहित्यबाट झर्को लागेर उनी सुटुक्क कक्षाबाट बाहिर निस्की छेवैका पहाडतिर घुमिहिंड्थे । उनी आफ्नै गतिमा आफैं वस्तुहरूको निरीक्षण गरेर सिक्थे । उनी माछाहरू पक्रन्थे, सस्याना जनावरहरू भेला पार्थे र नदीहरू कसरी बग्छन् भनेर घन्टौं हेरिरहन्थे ।

यसरी नै उनी तेह्र वर्षका भइसकेका थिए । एक दिन उनले आफ्ना पितालाई कोठामा बोलाएर ल्याए । सास फेर्दा मुखबाट ह्वार्रर आगो निकाल्ने डरलाग्दो अजिंगर जस्तो जनावरलाई लिओनार्दोको कोठामा देखेर उनका बाबु तर्से । यस्तो जनावर छोराको कोठामा कहाँबाट र कसरी आइपुगेछ भनेर चिच्याउँदै उनी भाग्न थाले । छोराले सबै झ्याल ढोका थुनेर एउटा सस्याना प्वालबाट उज्यालो छिराई त्यस जनावरमा मात्र पर्ने गरी व्यवस्था मिलाएकाले काठमा रङले पोतेर बनाएको त्यो चित्र जीउँदो जस्तै देखिएको थियो । उनले जीउँदा भ्यागुता, गँगटा, सर्प र छेपाराहरूको अध्ययन गरेर तिनै जनावरहरूलाई मिसाई त्यस अनौठो जनावरको चित्र बनाएका थिए ।

पिएरो आफ्नो छोरो प्रतिभाशाली भएकोमा प्रसन्न भए र उनले गाउँ छाडेर परिवारलाई फ्लोरेन्स् लगे अनि त्यहीं लिओनार्दोलाई एक जना कलाकारसित कला सिक्ने चेला बनाइदिए ।

लिओनार्दोले नै प्रकृतिको निरीक्षण गरेर चित्र बनाउने प्रथा चलाएका हुन् । उनले नै चित्रकलामा उज्याला र अँध्याराको दोछाया पार्ने कुराको आविष्कार गरेका हुन् । उनी भन्दा अघिका चित्रकारहरू चाहे टाढाका हुन् वा चाहे नजिकका हुन् सबै मानिस र वस्तुलाई उत्रै आकारमा रँगाउँथे । लिओनार्दोले त्यस प्रकारको शैलीलाई त्यागे र वास्तविक संसारमा टाढाका वस्तु साना देखिने र छेउका वस्तु ठूला देखिने हुनाले त्यसरी नै चित्रमा प्रतिनिधित्व गर्ने शैलीको प्रारम्भ गरे ।

यति ठूला र प्रतिभाशाली चित्रकारका धेरैजसो चित्रहरू कि त अपूर्ण नै रहे कि त हराएर गए । कुनै पनि चित्रलाई सम्पूर्ण रूपले सफल नमानेसम्म उनको चित्तै बुझ्दैनथ्यो । एउटै कलामा उनी वर्षौं भोकतीर्खा बिर्सेर लागिरहन्थे । यसरी कुनै कलामा लागिरहेकै बेलामा उनको ध्यान अकस्मात् गणितले, नहर बनाउने प्रेरणाले अथवा वायुयान बनाउने इच्छाले तानिदिने हुनाले त्यो अधुरो रहन्थ्यो । एक ताक विक्रमाब्द १५६० तिर फ्लोरेन्स्को एउटा गिर्जाघरमा उनले भित्तो सिंगार्ने काम पाए । एकापट्टि मिकलान्जेलो भन्ने युवक कलाकारले चित्र बनाउने र अर्कापट्टि लिओनार्दोले चित्र बनाउने होड जस्तो चल्यो । मिकलान्जेलो झनक्क रिसाउने खालका र अर्कालाई खिसी गर्ने बानीका मान्छे थिए र उनले लिओनार्दोलाई जताततै खसालेर मात्रै कुरा गरेको सुनिन्थ्यो । मिकलान्जेलो आफ्ना मान्छेका चित्र बनाउँदा बटारिएका पाँसुलाहरूमा ध्यान एकोहोऱ्याउँथे । लिओनार्दो भने पाँसुलाहरूमा मात्र ध्यान दिंदैनथे । ती भित्तामा युद्धको चित्र अंकित गर्नुपर्ने हुनाले र बलियाबाङ्गा योद्धाहरूको चित्र त मिकलान्जेलोको विषय हुनाले लिओनार्दो त्यस होडमा हार्लान् भनी संबैले सोचेका थिए, तर प्रतिभाका साक्षात् प्रतिमूर्ति लिओनार्दोले सारालाई चकित पारे । हो, उनी साहै ढिलो चित्र बनाउँथे, तर जुन घोडा र योद्धाहरूका आकृति त्यस भित्तामा तिनले बनाए तिनलाई देख्दा मानिसहरू मक्ख परे । चित्र कोर्नु र रँगाउनु भन्दा अघि खस्तो भित्ताको लिउन तलतिर आगो बालेर लिओनार्दोले सफलतासाथै सुकाएका थिए । चित्र बनाइसकेपछि जब रङहरू सुकेनन् र चीसो रङमा कीरा फट्याङग्रा र धूलाका कणहरू उडेर टाँसिई चित्र बिग्रने डर भयो उनले तलतिर दनदन आगो बालेर सुकाउने निधो गरे । तर संसारकै दुर्भाग्यले गर्दा त्यस्तो राम्रो भित्ते चित्रमा आगाको रापले गर्दा रङहरू जम्मै पग्लेर फुतुफुतु सारा जनताले हेर्दा हेर्दै खसेर हुनसम्म नराम्रो दृश्य खडा भयो ।

लिओनार्दोको अर्को विराट् कला पनि त्यसरी नै ध्वस्त भएको थियो । मिलान नगरका लोदोभिको भन्ने शासकका पिताको विशाल सालिक बनाउन भनी उनले माटाको उत्रै आकारको प्रतिकृति महिनौं लगाएर बनाएका थिए । हारेका शत्रुको जीउमाथि कुल्चेका घोडामाथि बसेको त्यस माटाको सालिकलाई देख्दा दर्शकहरू छक्क पर्थे । तर त्यस सालिकलाई पित्तलमा ढाल्नु अगावै लोदोभिकोले फ्रान्सेली सेनासित हार्नुपऱ्यो र विजयी सेनाका निठुरी सिपाहीहरूले त्यस माटाको सालिकलाई धनुकाँड अभ्यास गर्ने तारो बनाएर चकनाचुर पारिदिए ।

लिओनार्दो त्यस युगमा जन्मेका थिए जुन बेला क्रिस्टोफर कोलम्बस जस्ता साहसी अन्वेषक, मार्टिन लुथर जस्ता धर्मसुधारक, सेजारे बोर्गिआस जस्ता निरङ्कुश षड्यन्त्रकारी र मिकलान्जेलो जस्ता कलाकार पनि जन्मेका थिए ।

लिओनार्दो निकै वर्षसम्म बोर्गिआसको पछि लागे । बोर्गिआस धूर्त शासक र डरलाग्दा षड्यन्त्रकारी थिए । आफ्नो स्वार्थ पूरा गर्ने काममा जसलाई धोका दिनुपरे पनि, जुनसुकै सिद्धान्तलाई छाड्न र लिनुपरे पनि र जससुकैको हत्या गर्नुपरे पनि उनी पछि हट्दैनथे । असाध्यै छाँट परेका लुगा लगाउने बोर्गिआस कतिपय प्रतिद्वन्द्वीहरूलाई भोजमा सुटुक्क विष मिसाएर मार्ने गर्थे । तिनका

नीतिहरूको प्रशंसा गर्दै राज्य शासन भनेको यसरी पो गर्नुपर्छ भनी माकियाभेली भन्ने मान्छेले राजा भन्ने ग्रन्थ पनि लेखेका थिए । तिनै षड्यन्त्रकारी सेजारे बोर्गिआसका सैनिक इन्जिनियर भएर लिओनार्दो यता र उता अनेकौं युद्ध विजयका प्रशंसनीय योजना बनाउँदै हिंडेका थिए ।

ज्यामिति, ज्योतिष र औषधी विज्ञानमा समेत आफ्नै अध्यवसायले निपुणता प्राप्त गर्ने लिओनार्दो फ्रान्सेली राजाका विशेष कलाकार भएर विक्रमाब्द १५७१ मा प्यारिसतर्फ गए र फ्रान्समै पाँच वर्ष बिताएर मैले सोचेको कुरो केही पनि गर्न पाइन भनेर असाध्यै चिन्तित हुँदै उनले बिक्रमाब्द १५७६ मा देहत्याग गरे ।

अभ्यास

अप्ठ्यारा शब्दहरू

विलक्षण	- विछट्ट, अद्वितीय, बयानै गर्न नसकिने
सङ्ग्रहालय	- म्युजियम, पुराना कुरा वा कलाहरू भेला पारेर राख्ने घर
सन्झाहा	- सिल्ली, बौलाहा
बहुमूल्य	- अमूल्य, धेरै धेरै दाम पर्ने
प्रतिलिपि	- नक्सा, जस्ताको त्यस्तै उतार
प्रभावकारी	- असर पार्ने खालको
घैंटामा घाम लगाउनु	- चित्त बुझ्ने तुल्याउनु, मन पर्ने गराउनु
वास्तविकता	- यथार्थता, सत्य
वित्पात	- उत्पात, औधी नै
बुद्धिमती	- बुद्धि भएकी
बहुमुखी	- धेरै विषयको ज्ञान हुने
असाधारण	- अरूसित नमिल्ने
अनुसन्धान	- खोज, अन्वेषण
सुखद	- सुख दिने
प्रतिनिधित्व गर्नु	- उतार्नु, सार्नु
अपूर्ण	- अपूरो
चकित	- छक्क
लिउन	- भित्तो चिल्लो पार्न टाँसेको कुरो
प्रतिकृति	- नक्सा, चित्र, उस्तै बनाइएको नक्सा
अन्वेषक	- खोज गर्ने

षड्यन्त्रकारी	- अर्काको उछित्तो गर्न खप्पिस, भित्र भित्रै अर्कालाई बिगारेर आफू सप्रिन चाहने
धूर्त	- स्वार्थी र बाठो
प्रतिद्वन्द्वी	- विरोधी
अध्यवसाय	- कठोर परिश्रम र अध्ययन

प्रश्नहरू

(क) तलका उत्तरहरू मध्ये हरेक समूहमा एउटा चाहिं नमिल्ता छ । त्यसलाई छुट्याउनुहोस् :

(१) लुभ्र दरबार
अ. सुन्दर सेन नदीको किनारमा उभिएको छ
आ. कलाकृतिहरूको प्रसिद्ध संग्रहालय हो
इ. विशाल छ
ई. मध्ययुगीय शैलीमा छ
उ. मोनालिसाको अर्को नाउँ हो

(२) मोनालिसाका निर्माता
अ. फ्रान्सेली चित्रकार हुन्
आ. फ्रान्सेली चित्रकार होइनन्
इ. लिओनार्दो दा भिन्ची हुन्
ई. इटालेली चित्रकार हुन्
उ. प्यारिसमा जन्मेका होइनन्

(३) अन्तिम रात्रिभोज भन्ने कलाकृति
अ. लिओनार्दो दा भिन्चीले बनाएका हुन्
आ. लुभ्र दरबारमा छैन
इ. संसारमा सबैभन्दा बढी चर्चित छ
ई. यसका निर्माताको सर्वश्रेष्ठ मानिन्छ
उ. गिर्जाघरको भित्तामा अंकित छ

(४) मोनालिसा देला गिओकोन्दो
अ. धनी बेपारीकी पत्नी थिइन्,
आ. धेरै राम्री आइमाई थिइनन्
इ. उति बुद्धिमती थिइनन्
ई. चित्रकारकी प्रेमिका थिइन्
उ. आफ्नो चित्र बनाउन उत्सुक थिइन्

(५) बहुमुखी प्रतिभा लिओनार्दो दा भिन्ची
अ. मूर्तिकार थिए
आ. इन्जिनियर थिए
इ. भूगोलका निपुण ज्ञाता थिए
ई. आइमाई भनेपछि हुरुक्क भएर पछि लाग्थे
उ. मान्छे उड्ने यन्त्र बनाउन चाहन्थे

(ख) दिइएकाबाट सुहाउँदो चाहिं छानेर तलका खाली ठाउँ भर्नुहोस् र वाक्यलाई पूरा गर्नुहोस् :

(१) ती ..... **(कला, लेखोट, मूर्ति)** का साथमा चित्रहरू पनि कोरेर उनी व्याख्या गर्थे ।

(२) उनी ठूलो मगज भएका व्यक्ति मात्र थिएनन्, साहै ..... **(धनी, रिसाहा, राम्रा)** पनि थिए ।

(३) उनी फलामको डन्ठालाई हातले बङ्ग्याउन सक्ने खालका असाध्यै ..... **(बलिया, धमधूस, मापाका)** मान्छे थिए ।

(४) उनी सुटुक्क कक्षाबाट बाहिर निस्की छेवैको ..... **(पहाडतिर, नदीतिर, चारैतिर)** घुमिहिंड्थे ।

(५) उनी ..... **(पुतलीहरू, माछाहरू, चराहरू)** पक्रन्थे, सस्याना जनावरहरू भेला पार्थे र नदीहरू कसरी बग्छन् भनेर घण्टौं हेरिरहन्थे ।

(६) उनले ..... **(जिउँदा, मरेका, घिनलाग्दा)** भ्यागुता, गँगटा, सर्प र छेपाराहरूको अध्ययन गरेर तिनलाई मिसाई त्यस अनौठो जनावरको चित्र बनाएका थिए ।

(७) निठुरी सिपाहीहरूले त्यस माटाको ..... **(मूर्ति, सालिक घोडा)** लाई धनुकाँड अभ्यास गर्ने तारो बनाएर चकनाचुर पारिदिए ।

(८) बोर्गिआस धूर्त शासक र डरलाग्दा ..... **(विजेता, योद्धा, षड्यन्त्रकारी)** थिए ।

(ग) **मोनालिसा**का बारेमा आफूले थाहा पाए जति कुरा लेख्नुहोस् ।

(घ) यस लेखका आधारमा **मोनालिसा** र **अन्तिम रात्रिभोज**का आपस्तमा मिल्दा र अमिल्दा कुराहरू केलाएर राम्रो तुलना गर्नुहोस् ।

(ङ) लिओनार्दो दा भिन्चीको बालककालका बारेमा एउटा सस्यानो लेख तयार पार्नुहोस् ।

(च) लिओनार्दो दा भिन्चीलाई किन बहुमुखी प्रतिभा भनेको ? बहुमुखी प्रतिभा भनेको के हो ? के उनी साँच्चै बहुमुखी प्रतिभा थिए ? प्रमाण दिनुहोस् ।

व्याकरण

(छ) तलका वाक्यहरूमा कुन कुन क्रिया **सकर्मक** हुन् र कुन कुन चाहिं **अकर्मक** हुन् ? छुट्याएर कारण दिनुहोस् :

(१) सम्पूर्ण विश्वभरि नै खैलाबैला **मच्चिएको थियो** ।

(२) **मोनालिसा** किन प्यारिस **पुग्यो** ?

(३) जुडासको अनुहार उनले कुनै व्यक्तिमा पनि **पाएनन्** ।

(४) उनी माछाहरू **पक्रन्थे** र मक्ख **पर्थे**, पौडी **खेल्थे** र सुटुक्क घुम्न **निस्कन्थे** ।

(५) धेरैजसो चित्रहरू अपूर्ण नै **रहे** कि त हराएर **गए** ।

(६) लिओनार्दोको अर्को विराट् कला पनि त्यसरी नै ध्वस्त **भएको थियो** ।

(ज) यस पाठबाट यस्ता दस वाक्यहरू झिक्नुहोस् जसमा **असमापक** क्रियाहरूले **संयोजक**को काम गरेका छन् । नमुनाका लागि एउटा वाक्य यस्तो छ :

असाध्यै छाँट परेका लुगा **लाउने** बोर्गिआस कतिपय प्रतिद्वन्द्वीहरूलाई भोजमा सुटुक्क विष **मिसाएर मार्ने गर्थे** ।

(झ) अघिल्लो पाठमा **साधारण वर्तमान** कालका चवालीस वाक्यहरूलाई वाच्य परिवर्तन गर्ने र **अकरण**मा फेर्ने अभ्यास दिइएको थियो । तिनका **अकरण** रूप तल दिइएका छन् । अघिल्लो पाठमा तपाईंले करणलाई वाच्य परिवर्तन गरेर देखाउनुभएको थियो । यहाँ अब तलका अकरण रूपहरूको वाच्य परिवर्तन गर्नुहोस्-

१. म अब किताप पढ्दिनँ ।
२. म अब हाँस्तिनँ ।
३. बाघले मलाई खाँदैन ।
४. हामी परीक्षा दिंदैनौं ।
५. हामी असफलतामा रुँदैनौं ।
६. चोरहरू हामीलाई पिट्तैनन् ।
७. तिमी आँसु झार्दिनौ ।
८. तिमी सुत्तला खात्रौ ।
९. तिमी हलल्ल हाँस्तैनौ ।
१०. तिमी कसिंगर फाल्दैनौ ।
११. छोराले तिमी (पुलिङ्ग) लाई माया गर्दैन ।
१२. छोरीले तिमी (पुलिङ्ग) लाई माया गर्दिन ।
१३. छोराले तिमी (स्त्रीलिङ्ग) लाई माया गर्दैन ।
१४. छोरीले तिमी (स्त्रीलिङ्ग) लाई माया गर्दिन ।
१५. तँ बाठी हुन्नस् ।
१६. तँ नाना लाउँदिनस् ।
१७. तँ मन्त्री हुँदैनस् ।
१८. तँ खाजा खाँदैनस् ।
१९. दाजुले तँ (पुलिङ्ग) लाई कुट्तैनन् ।
२०. भाइले तँ (पुलिङ्ग) लाई कुट्तैन ।
२१. दिदीले तँ (पुलिङ्ग) लाई कुट्तिनन् ।
२२. सरिताले तँ (पुलङ्गि) लाई कुट्तिन ।
२३. दाजुले तँ (स्त्रीलिङ्ग) लाई हकार्दैनन् ।
२४. भाइले तँ (स्त्रीलिङ्ग) लाई हकार्दैन ।

२५. दिदीले तँ (स्त्रीलिङ्ग) लाई हकार्दिनन् ।
२६. सविताले तँ (स्त्रीलिङ्ग) लाई हकार्दिन ।
२७. तिमीहरू आलु रोप्तैनौ ।
२८. भालूले तिमीहरूलाई चिथोर्दैन र खाँदैन ।
२९. तपाईंहरू बयल्पाटा जानुहुन्न ।
३०. रिडीकोटले तपाईंहरूलाई स्वागत गर्दैन ।
३१. भालूले तपाईंहरूलाई लखेट्तैन ।
३२. ऊ मकै खाँदैन ।
३३. ऊ काँक्रो काट्तिन ।
३४. ऊ लुरुलुरु हिंड्दैन ।
३५. ऊ समसम आउँदिन ।
३६. म उस (पुलिङ्ग) लाई चिन्दिन ।
३७. म उस (स्त्रीलिङ्ग) लाई चिन्दिन ।
३८. उनी बाँदर लखेट्तैनन् ।
३९. उनी दूध खान्नन् ।
४०. राम उन (पुलिङ्ग) लाई हेर्दैन ।
४१. राम उन (स्त्रीलिङ्ग) लाई भेट्तैन ।
४२. उनीहरू काम गर्दैनन् ।
४३. भालू उनीहरूलाई खेद्दैन ।
४४. म आमालाई ढोग्दिनँ ।

२२ जिल्ड्ती
५११९२७

(ञ) अघिल्लो पाठमा बत्तीस वाक्यहरू **साधारण भूत**मा दिइएका थिए र तिनलाई **अकरण**मा फेर्न लगाइएको थियो । तिनका **अकरण** रूप तल लेखे बमोजिम हुन्छन् । अब तपाईं यी **अकरण रूप**को पनि वाच्य परिवर्तन गर्नुहोस्-

१. मैले मोटर चलाइनँ ।
२. म बेस्मारी हाँसिनँ ।
३. बाघले मलाई खाएन ।
४. हामी हेटौंडा गएनौं ।
५. हामीले आलु किनेनौं ।
६. भालूले हामीलाई देखेन ।
७. तँ फिक्कल गइनस् ।
८. तैंले वरबोटेमा अलैंची खाइनस् ।
९. फिदिमले तँलाई स्वागत गरेन ।
१०. भालूले तँलाई खाएन ।

११. तिमी बैतडी पुगेनौ (पुलिङ्ग) । तिमी बैतडी पुगिनौ (स्त्रीलिङ्ग) ।
१२. तिमीले फर्सी खाएनौ (पुलिङ्ग) । तिमीले फर्सी खाइनौ (स्त्रीलिङ्ग) ।
१३. साँपले तिमीलाई टोकेन । (पुलिङ्ग र स्त्रीलिङ्ग दुवै बनाउनुहोस् ।)
१४. तिमीहरू हारेनौ ।
१५. तिमीहरूले बाघ मारेनौ ।
१६. ऊ दिक्तेल गएन ।
१७. उसले तुम्लिङटार रुचाएन ।
१८. ऊ पाल्पा गइन ।
१९. उसले पोखरा कुल्चिन ।
२०. उसले इलाममा बम्बइसन मिठाई खाइन ।
२१. मैले उस (पुलिङ्ग) लाई भेटिनँ ।
२२. मैले उस (स्त्रीलिङग) लाई बाग्लुङमा भेटिनँ ।
२३. उनी दार्चुला पुगेनन् ।
२४. उनले दिपायलमा भोजन गरेनन् ।
२५. उनी धुरुधुरु रोइनन् ।
२६. उनले धरानमा खाजा खाइनन् ।
२७. मैले उन (पुलिङ्ग) लाई ढल्केवरमा देखिनँ ।
२८. मैले उन (स्त्रीलिङ्ग) लाई बिर्तामोडमा भेटें ।
२९. तपाईंहरूले घैलाडुब्बामा घर बनाउनुभएन ।
३०. हात्तीले तपाईंहरूलाई सताएन ।
३१. उनीहरूले करफोक हेरेनन् ।
३२. बौद्धधामले उनीहरूलाई चिनेन ।

(ट) तलका वाक्यहरूको वाच्य परिवर्तन गर्नुहोस्-

१. म श्यामबाट पिटिएको छैनँ ।
२. सीता बाघबाट खाइई ।
३. म परीक्षा दिंदै छु ।
४. मबाट भुजा खाइँदै थियो ।
५. आमाबाट दिदी पिटिएकी थिइन् ।
६. लताले राधालाई चिनेकी छे ।
७. सीताले गीतालाई भेटेकी छिन् ।
८. उनीहरू फुटबल खेल्दै थिए ।
९. गोठालाबाट गाईबस्तुहरू खेदिंदा थिए ।
१०. मेरी छोरी आमाबाट पढाइइरहेकी थिई ।
११. मेरो अनुहार हेरियोस् ।
१२. बाटामा थुप्रै केटीहरू देखिए ।
१३. आफू त गर्वसाथ गइयो, खाइयो र फर्कियो ।
१४. हामी उनीहरूलाई भेटौंला ।
१५. आज बजारमा काँक्रा र फर्सी प्रशस्त पाइएलान् ।

३७. कक्षागत गीत

जय जय काली, जय जय गोरख
जय जय काली, जय जय गोरख
हाम्रो रगतले कोरिएका सीमारेखा मेटेर मेटिन्नन्
हाम्रो किल्लामा गाडिएका खाँबाहरू भाँचेर भाँचिन्नन्
हामी नेपाली जन्मैदेखि स्वतन्त्र छौं
हामीलाई कसैको परतन्त्रता स्वीकार छैन
हामीलाई कसैको दासत्व स्वीकार छैन
हामी नेपाली जन्मैदेखि स्वतन्त्र छौं
हामी आफ्नो स्वाधीनतालाई मुटु भन्दा प्यारो ठान्छौं
हामी आफ्नो देशको माटो प्राण भन्दा प्यारो ठान्छौं
कसैले हामीलाई हाँक दिएमा पहाड भएर आँधी सहन्छौं
देशको सीमा छेक्नुपरेमा ढाल भएर बज्र सहन्छौं
हामी आफ्नै पाखुराले विकासको मूल फुटाउन सक्छौं
रोग, भोक, शोकसित हामी पनि लड्न सक्छौं
सगरमाथा भई उठेको शिर झुक्न कहिल्यै जानेको छैन
जय काली भन्दै बढ्ने नेपाली लुक्न कहिल्यै जानेको छैन

अभ्यास

अप्ठ्यारा शब्दहरू

काली	– कालिका देवी, दुर्गा, चण्डी
गोरखा	– गोरखनाथ, कनफट्टा मत चलाउने प्रसिद्ध नेपाली योगी
सीमारेखा	– साँध छुट्याएको ठाउँ, सिमाना
किल्ला	– गढी, गढ, दुर्ग, खाँबा
स्वतन्त्र	– स्वाधीन, कसैको अधीनमा नरहेको, फुक्का, मुक्त, अमलेख
परतन्त्रता	– अर्काको अधीनमा रहेको स्थिति, गुलामी
दासत्व	– दासता, गुलामी, कमारोपना

स्वाधीनता	- स्वतन्त्रता, आफ्नै अधीन हुने भाव, कसैको दबाउ नभएको स्थिति
हाँक	- ललकार, हुङ्कार
पहाड हुनु	- पहाड जस्तै बलियो हुनु, अचल र अडिग बस्नु
आँधी	- हुरी, पानी मिसिएको डरलाग्दो बतास
सीमा छेक्नु	- साँध रक्षा गर्नु, सिमाना बचाउनु
ढाल	- लडाइँमा हतियारको चोट रोक्ने गैंडाको छाला वा फलामको साधन, छातीमा भिर्ने सुरक्षाको साधन
बज्र	- चट्याङ्ग, इन्द्रको मुख्य हतियार
मूल	- मुहान, पैदा भएको ठाउँ, जम्मा भएर रहेको ठाउँ

रचनाको चिनारी- यो कक्षागत गीत हो । यस गीतमा काली र गोरखनाथको जयगानका साथै नेपाली जातिको स्वतन्त्रताको गुणगान गरिएको छ । राष्ट्रप्रेम स्वाभिमानी जातिमा हुनैपर्ने गुण हो । हामीलाई काली माता र गोरखनाथ बाबाले सधैं नै रक्षा गर्दै आएका छन् र देशरक्षाका लागि वीरतासाथ अघि बढ्ने प्रेरणा दिंदै आएका छन् । रोग, भोक र शोकसित युद्ध गरी सगरमाथा जस्तै उच्च शिर पारेर हामी नेपालीहरूले अघि बढ्नुपर्छ भन्ने उत्साह यस गीतले दिएको छ ।

प्रश्नहरू

(क) तलका प्रश्नहरूका छोटकरीमा उत्तर लेख्नुहोस् :

(१) सीमा रेखा केले कोरिएका छन् ?
(२) हामी नेपाली कहिलेदेखि स्वतन्त्र छौं ?
(३) हामीलाई के के कुरा स्वीकार छैनन् ?
(४) हामीलाई मुटुभन्दा के प्यारो छ ?
(५) हामी केलाई प्राणभन्दा प्रिय ठान्छौं ?
(६) ढाल भएर हामी कुन कुन समयमा बज्र सहन्छौं ?
(७) विकासको मूल फुटाउन के गर्नुपर्छ ?
(८) हाम्रो शिरलाई सगरमाथा किन भनेको ?
(९) नेपाली कहिल्यै रोकिन्छ त ?
(१०) जयकाली भन्नाले के बुझिन्छ ?

(ख) तलका पंक्तिहरूको विचारलाई बढाएर बीस वाक्य लेख्नुहोस् :

हामी आफ्नो स्वाधीनतालाई मुटुभन्दा प्यारो ठान्छौं
हामी आफ्नो देशको माटो प्राणभन्दा प्यारो ठान्छौं

(ग) यस गीतको भावलाई आफ्नै भाषामा पच्चीस वाक्यमा नघटाई प्रकट गर्नुहोस् ।

व्याकरण

(घ) तलका वाक्यहरूलाई निर्देशन अनुसार परिवर्तन गर्नुहोस्-

१. मेरा तालुमा आलु फलेको छ । (भूतकालमा)
२. मेरा बुवा गाउँ विकास समितिका अध्यक्ष हुनुभयो । (स्त्रीलिङ्गमा)
३. मेरो छोरो रुँदैन । (करणमा)

४. आमाले माछा खुवाउनुभयो । (कर्मवाच्यमा)
५. आमा र मामाले लामालाई जामा दिए । (भविष्य कालमा)

(ङ) एस. एल. सी. को पढाइ सफलतासाथ सम्पन्न गरेको प्रसन्नतामा धरान घर हुने आफ्नी **ठुल्दिदीलाई चिठी** लेख्नुहोस् ।

(च) तपाईं कविता प्रतियोगितामा प्रथम हुनुभएछ । यो खबर निर्णायक समितिका सदस्य तपाईंका ठूलाबुवाले सुटुक्क तपाईंलाई अघिल्लो साँझ सुनाउनुभयो । भोलिपल्ट सो कुराको घोषणा सभामा हुने र तपाईंले आफ्नो कविता त्यहाँ पाठ गर्ने भन्ने कुरो छ । यस विषयले तपाईंका मनमा उठेका खुशी, उकुसमुकुस र अप्ठ्याराका विषयमा एउटा **मनोवाद** लेख्नुहोस् ।

(छ) तपाईंको साह्रै मिल्ने साथी तेस्रो श्रेणी पास गरेपछि बूढानीलकण्ठ माध्यमिक विद्यालयमा छानिई पढ्न गएको थियो । आज एस. एल. सी. परीक्षाको प्रथम पत्र सकिएर बाहिर निस्कँदा तपाईंको उससित भेट भयो । यतिका वर्षसम्म चिठीहरूबाट मात्र तपाईंहरूको सम्पर्क हुँदै आएको थियो । यस आकस्मिक भेटमा दुवै जना अत्यन्त प्रसन्न हुनुभयो । अब दुई जनाका बीचको **संवाद** लेखेर देखाउनुहोस् ।

(ज) १. तपाईंहरू अर्थात् बूढानीलकण्ठ स्कूलको साथी र तपाईं एस. एल. सी. पछि कुन क्षेत्रमा जाने भन्ने विषयमा कुरा गर्दागर्दै तपाईंहरूको मत बाझ्यो । तपाईं डाक्टर भएर देशको सेवा गर्न चाहनुहुन्छ, तर इन्जिनियर हुन चाहने तपाईंको बूढानीलकण्ठे मित्र भने आधुनिक औषधि विज्ञानको विरोधी रहेछ । उसका विचारमा प्राकृतिक उपचार नै असल हो । हद्द भए आयुर्वेदसम्म राम्रो हो भनी उसले डाक्टरी पेशाको विरोध गऱ्यो । यस विषयमा एउटा **वादविवाद** तयार पानुहोस् ।

२. 'गुरु ठूलो कि बाबु ठूलो ?' भन्ने विषयमा दुई मानिसहरूले **वादविवाद** गरेको लेखेर देखाउनुहोस् ।

३. 'घनघस्याको उकालो काट्ता' मा अप्ठ्यारो उकालो चढ्नुपर्दा लेखकले खपेका कष्टको बयान गरिएको छ । त्यस उकालामा बिजुलीले चल्ने घिर्लिङ भइदिएको भए त्यसमा बसेर अघि राम्रो र फराकिलो बाटो भइदिएको भए मोटरमा चढेर माथि पुग्न सकिन्थ्यो भन्ने भित्री इच्छा लेखकमा देखिन्छ । अर्थात् लेखकका विचारमा विज्ञान र प्रविधिले सिंगारेमा मात्र हाम्रा गाउँठाउँहरू रहरलाग्दा र रमाइला हुन्छन् । त्यसको ठीक उल्टो सोचाइ कति मानिसहरूको हुन्छ जो प्रकृतिलाई विज्ञानले बिगार्छ भन्छन् । तिनका विचारमा प्रकृतिलाई सिंगार्नुपर्दैन । विज्ञानले प्रदूषण ल्याउँछ भन्दै ती नेपाललाई प्रकृतिको स्वच्छन्द प्राचीन स्थल राखिराख्न चाहन्छन् । यी दुई विचारहरू बाझेका छन् अर्थात् दुई मतमा विवाद छ । यस **विवाद**लाई आफ्ना वाक्यहरूमा राम्ररी लेखेर देखाउनुहोस् ।

समूह गायनमा गाउने राष्ट्रिय गीत

हटने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिंड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

महेन्द्र माला कक्षा ९ र १०

सामग्री केन्द्र
शिक्षा
शिक्षा
2024
शिक्षा मन्त्रालय